# कमल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### तोपगाँछी, झापा

कोशी प्रदेश

# आवधिक योजना

**(आ.व. २०८२/८३-२०८६/८७)**



## अन्तिम प्रतिवेदन

२०८२

प्राविधिक सहयोग

## स्थानीय विकास सहकार्य केन्द्र

भद्रपुर, झापा

कोशी प्रदेश

# समृद्ध कमल हाम्रो सरोकार”

**कमल गाउँपालिकाको आवधिक योजना (२०८२/८३-२०८६/८७)**

**अन्तिम प्रतिवेदन**

**तयार गर्ने:**

कमल गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
तोपगाछी, झापा
कोशी प्रदेश

**प्राविधिक सहयोग:**

स्थानीय विकास सहकार्य केन्द्र (CDCC)
भद्रपुर, झापा
कोशी प्रदेश

सर्वाधिकार ©: कमल गाउँपालिका, तोपगाछी, झापा

जेष्ठ, २०८२

कभर फोटो: केर्खा बजार

## हार्दिक आभार

कमल गाउँपालिकाको आवधिक योजना तर्जुमाको लागि गाउँपालिका र वडा स्तरमा छलफल तथा अन्तरक्रिया र योजना तर्जुमा कार्यशाला गोष्ठी गरिएको थियो । साथै योजना तर्जुमा टोलीका विज्ञ र प्राविधिकहरुबाट अवलोकन भ्रमण, समुदाय स्तरमा औपचारिक/अनौपचारिक छलफल तथा अन्तरक्रिया गरी समग्र वस्तुस्थितिको अध्ययन समेत गरिएको थियो । यस आवधिक योजना प्रतिवेदनमा कमल गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समिक्षा, समस्या संभावनाहरु, दीर्घकालीन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति र बिषय क्षेत्रगत (आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास) कार्यक्रम तथा आयोजनाहरु पहिचान गरि प्रस्ताव गरिएको छ । गाउँपालिका र वडा तहमा बृहत छलछल र प्राविधिक विश्लेषण गरी गाउँपालिकाको योजना तथा कार्यक्रमहरु प्रस्ताव गरिएकोले गाउँपालिकाको समग्र विकासको लागि यो योजना दस्तावेज निक्कै उपयोगी सावित हुने विश्वास लिइएको छ ।

योजना तर्जुमाले मात्रै कुनैपनि गाउँपालिकाको व्यवस्थित र योजनावद्ध विकास नहुने हुँदा योजना कार्यान्वयनको पक्ष महत्वपूर्ण हुन्छ । तसर्थ, गाउँपालिकाले आफ्नो वार्षिक योजना तर्जुमा गर्दा यस आवधिक योजनामा प्रस्ताव गरिएका क्षेत्रगत कार्यक्रम र योजनाहरुलाई समावेश गरी अगाडि बढ्ने छ र कार्यान्वियनमा विशेष महत्व दिनेछ भन्ने विश्वास समेत लिइएको छ । योजनाले पहिचान र छनौट गरेका कतिपय कार्यक्रम तथा आयोजनाहरु स्थानीय र क्षेत्रिय रणनैतिक महत्वको भएको र गाउँपालिकाबाट मात्रै कार्यान्वयन हुन सम्भव नहुने देखिएकोले यसको लागि प्रदेश र संघीय सरकारको समेत सहकार्य अपरिहार्य हुनजान्छ भने गाउँपालिकाले समेत योजनाहरु कार्यान्वयनको लागि प्रदेश र संघीय सरकारसंग आवश्यक समन्वय र सहकार्य गर्नु जरुरी देखिन्छ । साथै, गाउँपालिकामा कार्यरत स्थानीय विकास निर्माणमा संलग्न संघ संस्थाहरुबाट समेत यस योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न आफ्नो तर्फबाट महत्वपूर्ण पहल हुनेछ भन्ने विश्वास समेत लिइएको छ ।

अन्तमा, योजना तयारीको क्रममा सक्रिय सहयोग पुऱ्याउनुहुने कमल गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री हुकुम सिंह राई, उपाध्यक्ष श्री प्रमिला न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत श्री केशव कुमार ढकाल, गाउँपालिकाका सम्पूर्ण वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, विषयगत समितिका अध्यक्ष र सदस्यहरु, जनप्रतिनिधिहरु, गाउँपालिकाका शाखा प्रमुखहरु, कर्मचारीहरु लगायत स्थानीय राजनैतिक दलका प्रतिनिधिहरु, बुद्धिजीविहरु, समाजसेवीहरु लगायत योजना तर्जुमा कार्यशाला गोष्ठी र छलफलहरुमा उपस्थित सबैप्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै, योजना तर्जुमाको लागि अहोरात्र खटिनुहुने आवधिक योजनाको टोली प्रमुख श्री ऋतु राज भण्डारी, अन्य बिषय विज्ञहरु र प्राविधिहरु प्रति समेत हामी आभारी छौं । उहाँहरुको सक्रिय सहयोग र समन्वयले नै यो योजना प्रतिवेदन यस रुपमा तयार हुन सकेको हुँदा योजना तयारीमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरुप्रति स्थानीय विकास सहकार्य केन्द्र हार्दिक आभार व्यक्त गर्न चाहन्छ ।

स्थानीय विकास सहकार्य केन्द्र (CDCC)
भद्रपुर, झापा
कोशी प्रदेश

जेष्ठ, २०८२

# बिषय सूची


**अध्याय एक: परिचय ........ १**

१.१ पृष्ठभूमि ........ १

१.२ आवधिक योजनाको उद्धेश्यहरु ........ २

१.३ आवधिक योजना तर्जुमा प्रकिया आधारहरु ........ २

१.४ संघीय, प्रादेशिक र स्थानीय तहको दीर्घकालीन सोंच, लक्ष्य र उद्धेश्यहरु ........ ३

१.५ दिगो विकासका लक्ष्यहरु ........ ८

१.६ दिगो विकास लक्ष्यको स्थानीयकरण ........ ९

१.७ योजना तर्जुमाको विधि र प्रकृया ........ १०

**अध्याय दुई: गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समिक्षा ........ १२**

२.१ गाउँपालिकाको परिचय ........ १२

२.१.१ ऐतिहासिक पृष्ठभूमि र नामाकरण ........ १२

२.१.२ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ........ १२

२.१.३ नदी तथा खोलाहरु ........ १४

२.१.४ मुख्य बजार, टोल तथा वस्तीहरु ........ १६

२.१.५ जनसांख्यिकीय अवस्था ........ १६

२.१.६ जनसंख्याको प्रक्षेपण ........ २०

२.१.७ बसाईसराई र वैदेशिक रोजगार ........ २१

२.१.८ जन्म स्थानको आधारमा जनसंख्याको विवरण ........ २४

२.१.९ घटना दर्ताको अवस्था ........ २५

२.१.१० वैवाहिक अवस्था ........ २५

२.१.११ जातजाती ........ २६

२.१.१२ भाषा ........ २७

२.१.१३ धर्म ........ २७

२.१.१४ अपांगको अवस्था ........ २८

२.१.१५ भू-उपयोग ........ २९

२.२ आर्थिक विकासको अवस्था ........ ३०

२.२.१ कृषि तथा खाद्य सुरक्षा ........ ३०

२.२.२ पर्यटन तथा संस्कृति ........ ३४

२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति ........ ३६

२.२.४ आम्दानी, रोजगारी र वित्तिय सेवा ........ ३७

२.२.५ सहकारी ........ ४०

२.३ सामाजिक विकासको अवस्था ........ ४०

२.३.१ स्वास्थ्य तथा पोषण ........ ४०

२.३.२ शिक्षा ........ ४३

२.३.३ खानेपानी तथा सरसफाई ........ ४५

२.३.४ खेकलुद तथा मनोरन्जन ........ ४६

२.३.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण ........ ४८

२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था ........ ४८

२.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ ४८

२.४.२ सडक, पुल तथा यातायात ........ ५२

२.४.३ विद्युत तथा वैकल्पिक उर्जा ..... ५६
२.४.४ सूचना, संचार तथा प्रविधि ..... ५६
२.४.५ घरयासी साधन/सुविधाहरु ..... ५७
२.५ वन, वातावरण तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ..... ५८
२.५.१ वन तथा जैविक विविधता ..... ५८
२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ..... ५९
२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनूकुलन ..... ६०
२.५.४ महामारी तथा विपद व्यवस्थापन ..... ६३
२.६ सुशासन तथा संस्थागत व्यवस्था ..... ६४
२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन ..... ६४
२.६.२ संगठानात्मक विकास ..... ६७
२.६.३ श्रोत परिचालन ..... ७०
२.६.४ योजना व्यवस्थापन ..... ७४

**अध्याय तीनः सोच तथा विकासको अवधारणा ..... ७६**
३.१ पृष्ठभूमि ..... ७६
३.२ गाउँपालिका प्रमुख समस्या तथा चुनौती ..... ७६
३.३ प्रमुख संभावना तथा अवसर ..... ८२
३.४ गाउँपालिकाको समस्या संभावना विश्लेषण (SWOT ANALYSIS) ..... ८५
३.५ निर्देशक सिद्धान्त ..... ८७
३.६ सोच, लक्ष्य तथा उद्धेश्य ..... ९३
३.६.१ दिर्घकालिन सोच ..... ९३
३.६.२ लक्ष्य ..... ९३
३.६.३ उद्धेश्य ..... ९४
३.७ परिमाणात्मक लक्ष्य ..... ९४
३.८ रणनीति तथा प्राथमिकता ..... ९५
३.९ लगानी, स्रोत अनुमान र बाँडफाट ..... ९६
३.१० गाउँपालिकाका समृद्धिका मुख्य संवाहकहरु (LEAD SECTORS) ..... १०१
३.११ बिकासका मुख्य सहयोगी क्षेत्रहरु ..... १०२
३.११.१ ठूला शहरहरुसंगको समिपता ..... १०२
३.११.२ जनसांख्यिक लाभंश ..... १०२
३.११.३ धार्मिक तथा सामाजिक सहिष्णुता ..... १०२

**अध्याय चारः आर्थिक श्रेत्र ..... १०३**
४.१ कृषि ..... १०३
४.१.१ पृष्ठभूमि ..... १०३
४.१.२ समस्या तथा चुनौती ..... १०३
४.१.३ संभावना तथा अवसर ..... १०४
४.१.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ..... १०४
४.१.५ अपेक्षित उपलब्धि ..... १०७
४.१.६ अनुमान तथा जोखिम पक्ष ..... १०७
४.२ पशुपंक्षी ..... १०८
४.२.१ पृष्ठभूमि ..... १०८

४.२.२ समस्या तथा चुनौती ........ १०८
४.२.३ संभावना तथा अवसर ........ १०८
४.२.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ........ १०९
४.२.५ अपेक्षित उपलब्धि ........ १११
४.२.६ अनुमान तथा जोखिम पक्ष ........ ११२
४.३ सिंचाई ........ ११२
४.३.१ पृष्ठभूमि ........ ११२
४.३.२ समस्या तथा चुनौती ........ ११२
४.३.३ संभावना तथा अवसर ........ ११३
४.३.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ........ ११३
४.३.५ अपेक्षित उपलब्धि ........ ११४
४.३.६ अनुमान तथा जोखिम पक्ष ........ ११४
४.४ उद्योग, व्यापार तथा व्यवसाय ........ ११५
४.४.१ पृष्ठभूमि ........ ११५
४.४.२ समस्या तथा चुनौती ........ ११५
४.४.३ संभावना तथा अवसर ........ ११६
४.४.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ........ ११६
४.४.५ अपेक्षित उपलब्धि ........ ११८
४.४.६ अनुमान तथा जोखिम पक्ष ........ ११८
४.५ पर्यटन तथा संस्कृति ........ ११८
४.५.१ पृष्ठभूमि ........ ११८
४.५.२ समस्या तथा चुनौती ........ ११९
४.५.३ संभावना र अवसर ........ ११९
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ........ १२०
४.५.५ अपेक्षित उपलब्धी ........ १२१
४.५.६ अनुमान तथा जोखिम पक्ष ........ १२१
४.६ भूमि व्यवस्था, सहकारी तथा वित्तिय सेवा ........ १२१
४.६.१ पृष्ठभूमि ........ १२१
४.६.२ समस्या तथा चुनौती ........ १२२
४.६.३ संभावना तथा अवसर ........ १२२
४.६.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ........ १२३
४.६.५ अपेक्षित उपलब्धी ........ १२४
४.६.६ अनुमान तथा जोखिम ........ १२५
४.७ श्रम, रोजगारी तथा गरिवी निवारण ........ १२५
४.७.१ पृष्ठभूमि ........ १२५
४.७.२ समस्या तथा चुनौती ........ १२५
४.७.३ संभावना तथा अवसर ........ १२६
४.७.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ........ १२६
४.७.५ अपेक्षित उपलब्धि ........ १२८
४.७.६ अनुमान तथा जोखिम पक्ष ........ १२८

**अध्याय पाँचः सामाजिक क्षेत्र ........ १२९**
५.१ स्वास्थ्य तथा पोषण ........ १२९

५.१.१ पृष्ठभूमि........................................१२९
५.१.२ समस्या तथा चुनौती........................................१२९
५.१.३ संभावना तथा अवसर........................................१३०
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति कार्यक्रम तथा आयोजना........................................१३०
५.१.५ अपेक्षित उपलब्धि........................................१३४
५.१.६ अनुमान तथा जोखिम पक्ष........................................१३४
५.२ शिक्षा, भाषा, कला तथा साहित्य........................................१३५
५.२.१ पृष्ठभूमि........................................१३५
५.२.२ समस्या तथा चुनौती........................................१३५
५.२.३ संभावना तथा अवसर........................................१३६
५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना........................................१३६
५.२.५ अपेक्षित उपलब्धि........................................१३९
५.२.६ अनुमान तथा जोखिम पक्ष........................................१३९
५.३ खानेपानी तथा सरसफाई........................................१३९
५.३.१ पृष्ठभूमि........................................१३९
५.३.२ समस्या तथा चुनौती........................................१४०
५.३.३ संभावना तथा अवसर........................................१४०
५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना........................................१४१
५.३.५ अपेक्षित उपलब्धि........................................१४२
५.३.६ अनुमान तथा जोखिम पक्ष........................................१४३
५.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण........................................१४३
५.४.१ पृष्ठभूमि........................................१४३
५.४.२ समस्या तथा चुनौती........................................१४४
५.४.३ संभावना तथा अवसर........................................१४४
५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना........................................१४५
५.४.५ अपेक्षित उपलब्धि........................................१४८
५.४.६ अनुमान तथा जोखिम पक्ष........................................१४८
५.५ युवा, खेलकुद तथा नवप्रवर्तन........................................१४८
५.५.१ पृष्ठभूमि........................................१४८
५.५.२ समस्या तथा चुनौती........................................१४९
५.५.३ संभावना तथा अवसर........................................१५०
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना........................................१५०
५.५.५ अपेक्षित उपलब्धि........................................१५२
५.५.६ अनुमान तथा जोखिम पक्ष........................................१५३
५.६ सामाजिक सुरक्षा तथा पंजीकरण........................................१५३
५.६.१ पृष्ठभूमि........................................१५३
५.६.२ समस्या तथा चुनौती........................................१५३
५.६.३ संभावना तथा अवसर........................................१५४
५.६.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजना........................................१५५
५.६.५ अपेक्षित उपलब्धी........................................१५६
५.६.६ अनुमान तथा जोखिम........................................१५६

**अध्याय छ: पूर्वाधार क्षेत्र ............ १५८**
६.१ भवन, आवास तथा वस्ती विकास ............ १५८
६.१.१ पृष्ठभूमि ............ १५८
६.१.२ समस्या तथा चुनौती ............ १५८
६.१.३ संभावना तथा अवसर ............ १५९
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति कार्यक्रम तथा आयोजना ............ १५९
६.१.५ अपेक्षित उपलब्धि ............ १६१
६.१.६ अनुमान तथा जोखिम पक्ष ............ १६१
६.२ सडक, पुल तथा यातायात ............ १६२
६.२.१ पृष्ठभूमि ............ १६२
६.२.२ समस्या तथा चुनौती ............ १६२
६.२.३ संभावना तथा अवसर ............ १६३
६.२.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ............ १६३
६.२.५ अपेक्षित उपलब्धि ............ १६६
६.२.६ अनुमान तथा जोखिम पक्ष ............ १६६
६.३ जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा ............ १६७
६.३.१ पृष्ठभूमि ............ १६७
६.३.२ समस्या तथा चुनौती ............ १६७
६.३.३ संभावना तथा अवसर ............ १६८
६.३.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना ............ १६८
६.३.५ अपेक्षित उपलब्धि ............ १६९
६.३.६ अनुमान तथा जोखिम पक्ष ............ १७०
६.४ सूचना तथा संचार प्रविधि ............ १७०
६.४.१ पृष्ठभूमि ............ १७०
६.४.२ समस्या तथा चुनौती ............ १७१
६.४.३ संभावना तथा अवसर ............ १७१
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति कार्यक्रम तथा आयोजना ............ १७२
६.४.५ अपेक्षित उपलब्धि ............ १७३
६.४.६ अनुमान तथा जोखिम पक्ष ............ १७३

**अध्याय सात: वातावरण तथा विपद व्यवस्थापन क्षेत्र ............ १७५**
७.१ वन, भू-संरक्षण तथा जैविक विविधता ............ १७५
७.१.१ पृष्ठभूमि ............ १७५
७.१.२ समस्या तथा चुनौती ............ १७५
७.१.३ संभावना तथा अवसर ............ १७६
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ............ १७६
७.१.५ अपेक्षित उपलब्धि ............ १७८
७.१.६ अनुमान तथा जोखिम पक्ष ............ १७८
७.२ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन ............ १७९
७.२.१ पृष्ठभूमि ............ १७९
७.२.२ समस्या तथा चुनौती ............ १७९
७.२.३ संभावना तथा अवसर ............ १८०
७.२.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ............ १८०

७.२.५ अपेक्षित उपलब्धि ....................................................... १८२
७.२.६ अनुमान तथा जोखिम पक्ष ....................................................... १८३
७.३ विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ....................................................... १८३
७.३.१ पृष्ठभूमि ....................................................... १८३
७.३.२ समस्या तथा चुनौती ....................................................... १८४
७.३.३ संभावना तथा अवसर ....................................................... १८४
७.३.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ....................................................... १८५
७.३.५ अपेक्षित उपलब्धि ....................................................... १८८
७.३.६ अनुमान तथा जोखिम पक्ष ....................................................... १८८

**अध्याय आठः सुशासन तथा संस्थागत विकास क्षेत्र ....................................................... १८९**
८.१ नीति, कानुन, न्याय तथा सुशासन ....................................................... १८९
८.१.१ पृष्ठभूमि ....................................................... १८९
८.१.२ समस्या तथा चुनौती ....................................................... १८९
८.१.३ संभावना तथा अवसर ....................................................... १९०
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ....................................................... १९०
८.१.५ अपेक्षित उपलब्धि ....................................................... १९२
८.१.६ अनुमान तथा जोखिम पक्ष ....................................................... १९३
८.२ संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह् ....................................................... १९३
८.२.१ पृष्ठभूमि ....................................................... १९३
८.२.२ समस्या तथा चुनौती ....................................................... १९४
८.२.३ संभावना तथा अवसर ....................................................... १९४
८.२.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ....................................................... १९५
८.२.५ अपेक्षित उपलब्धि ....................................................... १९७
८.२.६ अनुमान तथा जोखिम ....................................................... १९८
८.३ राजस्व तथा स्रोत परिचालन ....................................................... १९८
८.३.१ पृष्ठभूमि ....................................................... १९८
८.३.२ समस्या तथा चुनौती ....................................................... १९९
८.३.३ संभावना तथा अवसर ....................................................... १९९
८.३.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ....................................................... २००
८.३.५ अपेक्षित उपलब्धि ....................................................... २०३
८.३.६ अनुमान तथा जोखिम ....................................................... २०३
८.४ तथ्याङ्क प्रणाली, योजना र विकास व्यवस्थापन ....................................................... २०४
८.४.१ पृष्ठभूमि ....................................................... २०४
८.४.२ समस्या तथा चुनौती ....................................................... २०४
८.४.३ संभावना तथा अवसर ....................................................... २०५
८.४.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना ....................................................... २०६
८.४.५ अपेक्षित उपलब्धि ....................................................... २०७
८.४.६ अनुमान तथा जोखिम ....................................................... २०७

**अध्याय नौः कार्यान्वयन व्यवस्था ....................................................... २०९**
९.१ पृष्ठभूमि ....................................................... २०९
९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना ....................................................... २१०

९.३ बिषयक्षेत्र अनुसार अनुमानित बजेट ........ २१०
९.४ स्रोत अनुमान तथा प्रक्षेपण ........ २१३
९.५ स्रोत परिचाल रणनीति ........ २१५
९.६ आवधिक योजना कार्यान्वयन ........ २१७
९.७ अनुगमन तथा मूल्याङ्कन योजना ........ २१८
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यक्ता ........ २१८
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ........ २१९
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ........ २१९

**अध्याय दश: नतिजा खाका ........ २२२**
१०.१ पृष्ठभूमि ........ २२२
१०.२ नतिजा खाकामा समावेश गरिएका बिषयहरु ........ २२२
१०.३ नतिजा खाकाको प्रयोग ........ २२२
१०.४ नतिजा खाका ........ २२४

**सन्दर्भ सामाग्री ........ २५०**

**अनुसूचीहरु ........ २५२**
अनुसूची १ - गाउँपालिकाका निर्वाचित जनप्रतिनिधि, कार्यपालिका सदस्य र समितिहरुको विवरण ........ २५२
अनुसूची २ - कमल गाउँपालिकामा कार्यरत कर्मचारीहरुको विवरण ........ २५५
अनुसूची ३ – आवधिक योजना तर्जुमा चरणका फोटोहरु ........ २५७
अनुसूची ४ – गाउँपालिका स्तरिय योजनाहरु ........ २६६
अनुसूची ५ – वडा स्तरिय योजनाहरु ........ २६२
अनुसूची ६ – माईन्यूट ........ २७३

# तालिका सूची


तालिका 1. गाउँपालिकाको वडा विभाजन, जनसंख्या, क्षेत्रफल र जनघनत्व ....१३
तालिका 2. गाउँपालिकामा अवस्थित नदि तथा खोलाहरुको वडागत वितरण र पानीको उपलब्धता...१४
तालिका 3. तालतलैया, पोखरी र सीमसार क्षेत्रको विवरण....१४
तालिका 4. गाउँपालिकाका मुख्य टोल तथा वस्तीहरुको वडागत वितरण....१६
तालिका 5. जनसांख्यिकीय विवरण.... १७
तालिका 6. जनसंख्याको वडागत वितरण, वनावट र घनत्व....१८
तालिका 7. उमेर समुह अनुसार जनसंख्याको बनावट ....१९
तालिका 8. कमल गाउँपालिकाको जनसंख्याको प्रक्षेपण.... २१
तालिका 9. गन्तव्य मुलुकहरुको विवरण.... २२
तालिका 10. अनुपस्थित हुनका कारणहरु.... २३
तालिका 11. जन्म स्थानको आधारमा जनसंख्याको विवरण ....२४
तालिका 12. वैवाहिक अवस्था .... २५
तालिका 13. गाउँपालिकाको जातिगत विवरण.... २६
तालिका 14. भाषाको प्रकार अनुसार जनसंख्या.... २७
तालिका 15: अपांगताको प्रकार अनुसार जनसंख्याको विवरण ....२८
तालिका 16. गाउँपालिकाको वर्तमान भू-उपयोग .... २९
तालिका 17. कृषि वालीहरुको वर्गीकरण .... ३०
तालिका 18. कृषक परिवार संख्या, क्षेत्रफल, कित्ता संख्या र सिंचाई सम्बन्धी विवरण....३१
तालिका 19. सिंचाई सम्बन्धि विवरण ....३१
तालिका २०. कृषि वाली, क्षेत्रफल र उत्पादनको विवरण.... ३२
तालिका 21. तरकारी, फुलफुल र नगदे वाली हुने क्षेत्रफल र उत्पादन.... ३२
तालिका 22. गाईगोरु, रांगाभैसी र सुगुर/वंगुरको संख्या र उत्पादनको विवरण .... ३२
तालिका 23. भेडाबाख्रा/कखुरा/हास र अन्यको संख्या र उत्पादनको विवरण ....३३
तालिका 24. आम्दनीको स्रोत र खाद्य सुरक्षाको अवस्था....३३
तालिका 25. गाउँपालिकामा रहेका ऐतिहासिक स्थलहरुको विवरण ....३४
तालिका 26. गाउँपालिकामा अवस्थित पर्यटकिय स्थलहरुको विवरण.... ३५
तालिका 27. व्यवसाय दर्ताको अवस्था (आर्थिक वर्ष २०८०/८१)....३६
तालिका 28. आयात तथा निर्यात हुने वस्तु तथा सामाग्रीहरु....३६
तालिका 29. स्थानीय हाटबजारहरुको विवरण.... ३७
तालिका 30. आर्थिक रुपले सक्रिय जनसंख्याको मुख्य पेशा अनुसारको विवरण .... ३९
तालिका 31. बैंक तथा वित्तिय संस्थाको विवरण.... ४०
तालिका 32. स्वास्थ्य संस्थाहरुको वडागत वितरण र उपलब्ध सेवाहरु.... ४१

तालिका 33. साक्षरताको तुलनात्मक अवस्था ........ ४३
तालिका 34. ५ बर्ष वा सो भन्दा बढी उमेरका जनसंख्याको साक्षरताको अवस्था ........ ४३
तालिका ३५. शैक्षिक संस्थाहरुको वडागत वितरण........ ४४
तालिका 36. उत्तीर्ण गरेको शैक्षिक तह अनुसार ५ बर्ष माथिको जनसंख्याको विवरण ........ ४५
तालिका 37. खानेपानीको स्रोत अनुसार परिवार संख्या........ ४५
तालिका 38. घरधुरी अनुसार शौचालय प्रयोगको स्थिति........ ४६
तालिका 39. खेल मैदानहरुको विवरण ........ ४६
तालिका 40. युवा/युथ क्लबहरुको वडागत विवरण ........ ४७
तालिका 41. घरको स्वामित्त अनुसार घरपरिवारको संख्या ........ ४९
तालिका 42. परिवारमा महिलाको नाममा भएको घरजग्गा अनुसार परिवार संख्या ........ ५०
तालिका 43. घरको जगको बनावट अनुसार परिवार संख्या ........ ५१
तालिका 44. घरको बाहिरी गाऱ्होको बनावट अनुसार परिवार संख्या ........ ५१
तालिका 45. घरको छानाको बनावट अनुसार परिवार संख्या ........ ५१
तालिका 46. सरकारी र सार्वजनिक भवनहरुको विवरण ........ ५२
तालिका 47. गाउँपालिकामा पर्ने मुख्य राजमार्गहरुको विवरण ........ ५३
तालिका ४८. गाउँपालिकामा कालोपत्रे भएका सडकहरुको विवरण ........ ५३
तालिका 49. सडकहरुको वडागत वितरण ........ ५४
तालिका 50. वत्ती बाल्न प्रयोग गर्ने इन्धन अनुसार परिवार संख्या ........ ५६
तालिका 51. खाना पकाउन प्रयोग गर्ने इन्धन अनुसार परिवार संख्या........ ५६
तालिका 52. सूचना तथा संचारका साधनको प्रयोग गर्ने परिवार संख्या........ ५७
तालिका 53. घरयासी साधन/सुविधा अनुसार परिवार संख्या ........ ५८
तालिका 54. वृक्षारोपणको लागि खाली क्षेत्रहरुको वडागत वितरण........ ५८
तालिका ५५: जलवायु परिवर्तनले निम्त्याएका समस्या, कारण र समुदायमा पारेको प्रभाव........ ६२
तालिका 56. खोला कटान जोखिमयुक्त वस्ती र जोखिममा रहेका घरधुरी संख्या ........ ६३
तालिका 57. गाउँपालिकाबाट तर्जुमा भएका ऐन, नियमावली र कार्यविधिहरुको विवरण ........ ६५
तालिका 58. ऐन कानुन तर्जुमाको समग्र अवस्था........ ६७
तालिका ५९: स्थानीय तहको योजना प्राथमिकीकरणका आधार र अंकभार........ ७४
तालिका 60: गाउँपालिकाको हद्धरू विश्लेषण ........ ८६
तालिका ६१. गाउँपालिकाको समष्टिगत परिमाणात्मक लक्ष्यहरु........ ९४
तालिका 62. लगानीको स्रोत अनुमान र प्रक्षेपण ........ ९९
तालिका 63. विषयगत क्षेत्र अनुसारको बजेट विनियोजन ........ १००
तालिका ६४. बिषय क्षेत्र अनुसार आवधिक योजनाको लागि आगामी ५ बर्षको प्रस्तावित अनुमानित बजेट* ........ २१०
तालिका 65. बियष क्षेत्र अनुसार अनुमानित बजेटको सारांश (क) ........ २१२
तालिका 66. बियष क्षेत्र अनुसार अनुमानित बजेटको सारांश (ख) ........ २१२

तालिका 67. स्रोत अनुमान र प्रक्षेपण .............................................................. २१४
तालिका 68: योजना कार्यान्वयन तालिका .............................................................. २१८
तालिका 69: अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया र ढाँचा .............................................. २२०

## चित्र सूची

चित्र 1. जनसंख्याको वडागत वितरण.............................................................. १८
चित्र 2. गाउँपालिकाको जनसंख्या पिरामिड .............................................................. २०
चित्र 3. गाउँपालिकाको आगामी ५ बर्षको जनसंख्याको प्रक्षेपण .............................................. २१
चित्र 4. वैदेशिक रोजगारीको लागि विदेश गएका व्यक्तिहरुको वडागत वितरण ........................ २३
चित्र 5. गाउँपालिकामा विप्रेषण लगानीका क्षेत्रहरु .............................................................. २४
चित्र 6. गाउँपालिकामा घटना दर्ता सम्बन्धी विवरण (आ.व. २०८०/८१).............................. २५
चित्र 7: धर्म अनुसार जनसंख्या .............................................................. २८
चित्र 8. मुख्य पेशा अनुसार जनसंख्या.............................................................. ३९
चित्र 9. सडकको वडागत वितरण .............................................................. ५५
चित्र 10. स्थानीय तहको संगठन संरचना र दरबन्दी तेरिजको अनुसूची २.१ बमोजिम गाउँपालिकाको संगठन संरचना .............................................................. ६९
चित्र 11. आवधिक योजना अवधिमा आन्तरिक आय, प्रदेश र संघीय सरकारको हिस्साको प्रक्षेपण ... १००
चित्र 12: गाउँपालिकाको अग्रणी क्षेत्रहरु.............................................................. १०१
चित्र 13. बिषय क्षेत्र अनुसार आवधिक योजनाको लागि आगामी ५ बर्षको प्रस्तावित अनुमानित बजेटको हिस्सा .............................................................. २१२
चित्र 14. बियष क्षेत्र अनुसारको बजेट र प्रक्षेपित स्रोतको तुलनात्मक अवस्था (रु हजारमा) ..........२१५

## फोटो सूची

फोटो १. केर्खा बजार .............................................................. १६
फोटो २. क्याम्पा बजार .............................................................. १६
फोटो 3. क्याम्पा बजार स्थित कमल नगर अस्पताल .............................................................. ४१
फोटो 4. मदन आश्रित स्मृति बहुमुखी क्याम्पस, केर्खा.............................................................. ४४
फोटो 5. गाउँपालिकाको वडा नं ५ स्थित आदिवासी रंगशाला .............................................. ४७
फोटो 6. वडा नं ५ स्थित पाडाजुँगी बजार क्षेत्रको भू-उपग्रह नक्शा .............................................. ४९
फोटो 7. वडा नं ३ स्थित केर्खा बजार क्षेत्रको भू-उपग्रह नक्शा .............................................. ५०

## नक्शा सूची

नक्शा 1. गाउँपालिकाको अवस्थिति .............................................................. १३

नक्शा 2. गाउँपालिकामा रहेका नदि, खोला, पोखरी र सिमसार क्षेत्रहरुको वितरण .................... १५
नक्शा 3. गाउँपालिकाको भू-उपयोग नक्शा ................................................................ २९
नक्शा 4. गाउँपालिकाको नदि प्रणाली, बाढी/डुबान र कटान क्षेत्रको वितरण ........................... ६०

# शब्द संक्षेप

| | |
|---|---|
| अमः | अर्थ मन्त्रालय |
| उजसिंमः | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय |
| उवाआमः | उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय |
| कृपविमः | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय |
| कृविः | कृषि विभाग |
| क्षेशिनिः | क्षेत्रिय शिक्षा निर्देशलाय |
| गापाः | गाउँपालिका |
| गैससः | गैर सरकारी सस्था |
| टोविसः | टोल विकास संस्था |
| दानिः | दातृ निकाय |
| नविकोः | नगर विकास कोष |
| निक्षेः | निजि क्षेत्र |
| नेविप्राः | नेपाल विद्युत प्राधिकरण |
| पसेविः | पशु सेवा विभाग |
| प्रसः | प्रदेश सरकार |
| राविव्यप्राः | राष्ट्रिय विपद व्यवस्थापन प्राधिकरण |
| लैससासपः | लैंगिक समानता तथा सामाजि समावेशीकरण परीक्षण |
| शविभनिविः | शहरी विकास तथा भवन निर्माण विभाग |
| संमासाप्रमः | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| सविः | सडक विभाग |
| सासः | सामुदायिक संस्था |
| स्वाजमः | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| स्वासेविः | स्वास्थ्य सेवा विभाग |

# आवधिक योजनाको सारसंक्षेप

| शीर्षक | विवरण |
|---|---|
| योजनाको नाम | कमल गाउँपालिकाको आवधिक योजना |
| योजनाले समेटेको क्षेत्र | सम्पूर्ण कमल गाउँपालिका |
| योजनाको अवधि | ५ बर्ष (आर्थिक बर्ष २०८२/८३ देखी २०८६/८७ सम्म) |
| भौगोलिक अ वस्थिति | कोशी प्रदेश अन्तर्गत झापा जिल्लामा अवस्थित |
| क्षेत्रफल | १०४.५९ वर्ग किमि |
| मुख्य भू-उपयोग | कृषि क्षेत्रः ७२.९४%, वन क्षेत्रः १२.०५%, झाँडी क्षेत्रः ५.३७%, संघन बजार/वस्ती क्षेत्रः ४.२७% र नदि/ताल/पोखरी क्षेत्रः २.९१% |
| मुख्या खोला र सिमसार | कमल खोला र रतुवा खोला<br>वाल्मिकी आश्रम सिमसार र सिमसार क्षेत्र पोखरी |
| स्थापना बर्ष | २०७३ साल |
| वडा संख्या | ७ |
| जनसंख्या (२०७८ जनगणना) | कुल जनसंख्याः ५३८९४, जम्मा घरधुरीः १३१६५<br>पुरुषः २५४२६ (४७.२%)<br>महिलाः २८४६८ (५२.८%) |
| प्रमुख जातजाती (२०७८ जनगणना) | ब्राम्हण-पहाडः २४.८८%, क्षेत्रीः २०.५६%, याक्थुङ/लिम्बु १०.५५%, राईः ८.९४%, विश्वकर्माः ३.९५%, सन्थालः ३.६४%, नेवारः ३.४९%, तामाङः २.६%, परियारः २.५९, ताजपुरियाः २.२४% |
| साक्षरता | ८३.५% (२०७८ जनगणना) |
| स्वास्थ्य संस्था | ५ शैयाको नगर अस्पताल र आधारभूत स्वास्थ्य केन्द्रहरु |
| मुख्य वस्ती र बजारहरु | केर्खा, पाडाजुँगी, क्याम्पा, मंगलबारे, समयगढ, बाँसवारी, सरङपाडा, ढ्याङग्री, गेउरिया, रंगपुर, ठूलो बान्हघरे |
| वस्ती, आवास, भवन निर्माण | ९१.२% आफ्नै घरमा बस्ने<br>अधिकांश घरहरु सिमेन्ट जडित ढुंगा र इटाको जग (३७.४%) र गान्होबाट (६२.२९%) बनेको तर ७७% घरको छानो जस्ता/टिन/च्यादरबाट बनेको |
| विद्युत तथा उर्जा | ९८.४८% घरधुरीमा विद्युत पुगेको |
| खानेपानी | ट्युववेल/हाते पम्पः ५१.९४% घरधुरी, धारा/पाइपको पानी (घर परिसर भित्र): ३४.९४% घरधुरी |
| सडक तथा यातायत | पूर्व-पश्चिम महेन्द्र राजमार्ग (८.३२ किमि), पाडाजुँगी-गौरीगंज फिडर राजमार्ग (४.४२ किमि) र केर्खा-क्याम्पा-सरांगपाडा जिल्ला सडक (२६.६५ किमि); कुल सडक लम्वाई ३३७.८ किमि (मुख्य सडकहरु सहित कालोपत्रे करिब ७५ किमि) |

| | |
|---|---|
| पर्यटन तथा संस्कृति | ठूलो पोखरी, क्याम्पा बजार, समयगढ, प्राचिन वाल्मिकी आश्रम, हाँस पोखरी, अर्ना खाडी, सिताधारा, साधु होली, माहाराज थान, सिंहदेवी थान |
| विकासका अग्रणी क्षेत्रहरु (मुख्य संवाहकहरु) | कृषि तथ पशुपालन<br>उद्योग तथा व्यापार |
| प्रमुख संभावना | कृषि तथा पशुपालन र व्यापार व्यवसाय तथा साना उद्योगहरु (उपखण्डः ३.३) |
| प्रमुख चुनौती | रतुवा र कमल खोलाको कटान, डुबान र बाढी |
| दीर्घकालीन सोंच | समृद्ध कमल हाम्रो सरोकार |
| लक्ष्य | ▪ गाउँपालिकालाई कृषि, पर्यटन, व्यापार र उद्योगको लागि उपयुक्त क्षेत्रको रुपमा विकास गर्ने ।<br>▪ गाउँपालिकामा सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको विकास गर्ने ।<br>▪ गाउँपालिकाको विद्यमान स्रोत, साधन र सम्पदाको समुचित प्रयोग गरी आर्थिक वृद्धि गर्ने । |
| उद्धेश्य | कृषि तथा पशुपालनको व्यवसायीकरण गरी व्यापार व्यवसाय र उद्योगको विकास र विस्तार मार्फत समृद्धि हासिल गर्ने |
| बिषय क्षेत्रगत समस्या संभावना, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजनाहरु | अध्याय चार - आठ |
| योजनाको कार्यान्वयन | गाउँपालिका, प्रदेश सरकार र संघीय सरकारका विभिन्न मन्त्रालय, विभाग, निर्देशनालय, कोष, प्राधिकरण, समितिहरु लगायत गैर सरकारी सस्था र दातृ निकायहरुसंग समन्वय र सहकार्य गरी स्थानीय समुह, सहकारी, संघ/संस्था, प्रभावित वर्ग एंव सरोकारवालाहरुको सहभागितामा यो योजना कार्यान्वय गरिने छ । कार्यान्वय व्यवस्थाबारे अध्याय नौ मा चर्चा गरिएको छ । |
| योजना कार्यान्वियनको अनुमानित लागत | रु. ५,०४,४९,५०,००० |
| अनुगमन तथा मूल्याङ्कन | कार्यान्वियन भएका योजना तथा कार्यक्रमहरु, आर्थिक एवं महत्वपूर्ण उपलब्धिहरुको गाउँपालिकाद्धारा अभिलेख व्यवस्थित गरिने छ । लक्षित वर्गहरु मार्फत स्व-अनुगमन तथा गाउँपालिका र सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा व्यवस्थापन समितिहरु मार्फत नियमित अनुगमन तथा मूल्याङ्कन गरिने छ । अनुगमनको जिम्मेवारी, प्रक्रिया र ढाँचाको विस्तृत विवरण अध्याय ९.७ मा प्रस्तुत गरिएको छ। |
| नतिजा खाका | अध्याय दश |

# अध्याय एक: परिचय

## १.१ पृष्ठभूमि

कुनै पनि क्षेत्रको व्यवस्थित विकासको लागि आवधिक योजनाहरु महत्वपूर्ण साधन हुन्। नेपालको संविधानले स्थानीय तहलाई संघीय संरचना अनुरूप एक बलियो स्थानीय सरकारको रूपमा स्थापित गरेको छ । संविधानमा नै स्थानीय तहको एकल र साझा अधिकारहरू परिभाषित छन् । जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरूको समानुपातिक र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढ गर्ने उद्देश्य स्थानीय सरकार संचालन ऐन, २०७४ ले राखेको छ। उक्त ऐनको दफा ११ र १२ मा क्रमश: गाउँपालिका तथा नगरपालिका र वडा समितिको काम कर्तव्य र अधिकार तोकिएका छन् भने दफा २४ को उपदफा (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनैतिगत विषय क्षेत्रगत मध्यकालिन र दीर्घकालिन योजना बनाई लागू गर्ने स्पष्ट उल्लेख छ । त्यसैगरी ऐनको परिच्छेद ९ मा गाउँपालिका/नगरपालिकाको वित्तीय अधिकार क्षेत्र समेत तोकिएको छ । संविधान र कानुन वमोजिम संघीय र प्रदेश सरकारले आवधिक योजना र दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने मार्गचित्र समेत तर्जुमा गरिसकेका छन् । संविधानमा व्यवस्था भए अनुसार संघ, प्रदेश र स्थानीय तहहरुबीच सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित विकास प्रकृयालाई स्थानीय तहमा संस्थागत गर्न, उपलब्ध सीमित स्रोतहरूको न्यायोचित वितरण गरी स्थानीय जनताको विकासको चाहनालाई पूरा गर्नको लागि स्पष्ट मार्गचित आवश्यक भएकोले कमल गाउँपालिकाको ५ बर्षको आवधिक योजना (आ.व. २०८२/८३-८७/८८) तर्जुमा गरिएको छ।

गाउँपालिकामा उपलब्ध स्रोत तथा साधन र विकासको स्थितिलाई ध्यान दिई आगामी बर्षहरुमा विकास कार्यक्रमहरु संचालन गर्नको लागि योजनावद्ध विकासको आवश्यक्ता हुन्छ। त्यसकारण आवधिक योजनाले गाउँपालिकामा उपलब्ध स्रोत साधनको पहिचान गर्दै भविश्यमा यस गाउँपालिकालाई कस्तो किसिमको गाउँपालिकाको रुपमा विकास गर्ने हो भन्ने कुराको समेत निर्क्यौल गर्न मद्दत गर्दछ। नेपालको संविधान र कानुनमा व्यवस्था भए बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी स्थानीय तहको समग्र विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ। खासगरी स्थानीय तहका आर्थिक सामाजिक नीति, स्थानीय स्तरका आयोजना लगायतका विषय समेटेर स्थानीय सरकारले स्थानीय तहको आवधिक योजना तर्जुमा गर्दछन्। यस्तो योजना तर्जुमा गर्दा नेपाल सरकारले राष्ट्रिय योजना र आ-आफ्नो प्रदेश सरकारको आवधिक योजनासंग तादाम्यता कायम गर्नुपर्दछ। संघ, प्रदेश र स्थानीय तहको आवधिक योजनाहरु बीच अन्तरसम्बन्ध रहेको हुन्छ।

यो आवधिक योजनाले कमल गाउँपालिकाको समृद्धि र विकासको दीर्घकालीन सोच, उद्धेश्य, रणनीति, कार्यनीति र प्राथमिकताको मार्गचित्र प्रस्तुत गर्दछ। यो आवधिक योजना पाँच वर्षका लागि निर्माण गरिएको भए पनि यस गाउँपालिकाको दीर्घकालीन सोच राष्ट्रिय दीर्घकालीन सोच (समृद्ध नेपाल: सुखी नेपाली) र कोशी प्रदेशको दीर्घकालीन सोचसंग (स्वच्छ, सुखी र समुन्नत प्रदेश) तादात्म्यता कायम हुनेगरी तयार गरिएको छ । योजनाको समष्टिगत सोचको परिकल्पना पाँच वर्षभन्दा बढी अवधिको रहेको छ । यही

परिकल्पनाको आधारमा लक्ष्य र उद्देश्य तय गरिएको छ । यस आवधिक योजनामा उल्लेखित समष्टिगत र क्षेत्रगत सोच, लक्ष्य र उद्धेश्य गाउँपालिकामा भएका निर्देशक र बिषयगत समितिहरुसंग भएको कार्यशाला गोष्ठीहरुमा गरिएको सामुहिक छलफलहरुको निचोड हो । रणनीतिको तर्जुमा ५ वर्ष भन्दा बढीको समयावधिलाई ध्यानमा राखेर गरिएको भएतापनि कार्यान्विन गर्ने नीतिहरु भने ५ वर्षको अवधिका लागि मात्र हुन् ।

संविधान बमोजिम कमल गाउँपालिकाको दीर्घकालीन सोच र योजना तर्जुमा गरी प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्नुपर्दछ । यस परिप्रेक्ष्यमा कमल गाउँपालिकाको आवधिक योजना तर्जुमाको लागि “स्थानीय विकास सहकार्य केन्द्र (Local Development Cooperation Center-LDCC)” भद्रपुर, झापा र कमल गाउँपालिकाबिच भएको सम्झौता बमोजिम यो प्रतिवेदन तयार गरी बुझाइएको छ ।

## १.२ आवधिक योजनाको उद्धेश्यहरु

यस आवधिक योजना तर्जुमाका उद्धेश्यहरू देहाय बमोजिम छनः

- क) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ को कार्यान्वियन गर्नु ।
- ख) रणनीति र प्राथमिकता निर्धारण गरी विकासका सम्भावनाहरूलाई समृद्धि तर्फ उन्मुख गर्नु ।
- ग) वार्षिक विकास कार्यक्रमहरूलाई निश्चित गन्तव्यमा डोऱ्याउनु ।
- घ) स्थानीय श्रोत, साधन र सीपको परिचालन र दिगो उपयोग गर्नु ।
- ङ) राजनैतिक दलहरूले निर्वाचनमा गरेका प्रतिवद्धताहरूलाई कार्यरूपमा उतार्नु ।
- च) विकासमा सबै वर्ग, लिङ्ग र समुदायको समावेशी सहभागिता, समतामूलक पहुँच र अपनत्व स्थापित गर्नु ।
- छ) विकासका आवश्यक्ताहरूको प्राथमिकीकरण गरी क्रमश सम्वोधन गर्दै जानु ।
- ज) दिगो विकासका लक्ष्यहरू स्थानीय परिवेश अनुसार प्राथमिकीकरण गरी कार्यान्वियन गर्नु ।
- झ) आर्थिक रुपले विपन्न र सामाजिक रुपले पिछडिएका वर्ग र लिङ्गको संरक्षण र विकास गर्नु ।
- ञ) आयको न्यायोचित वितरण गर्दै गरिवी न्यूनीकरण गर्नु ।

## १.३ आवधिक योजना तर्जुमा प्रकिया आधारहरु

नेपालको संविधान, विद्यमान ऐन, नियमहरू, विद्यमान राष्ट्रिय तथा प्रादेशिक नीति, संघीय सोऱ्हौ योजनाको आधार पत्रका लक्ष्य तथा उद्धेश्यहरू, दिगो विकासका लक्ष्य, राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्गनिर्देशन, कमल गाउँपालिकाको प्रमुख समस्या र सम्भावना, कमल गाउँपालिकामा प्रतिनिधित्व गर्ने राजनैतिक दलका घोषणा पत्रहरू, गाउँपालिकाका बार्षिक नीति तथा कार्यक्रम र योजना दस्तावेजहरुलाई यस आवधिक योजना तर्जुमाको लागि महत्वपूर्ण आधारका रुपमा लिइएको छ । तसर्थ यस कमल गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा संविधानमा रहेका विभिन्न प्रावधान एवम् देशको आर्थिक, सामाजिक, वातावरणीय तथा राजनैतिक पक्षसंग सम्बन्धित विभिन्न ऐन, नियम र नीतिको कार्यान्वियन तथा उद्धेश्य हासिल गर्ने पक्षलाई ध्यान दिदै निम्न लिखित आधारहरु लिईएको छ :

१) नेपालको संविधान।
२) विद्यमान ऐन, कानुन र नियमहरु।
३) विद्यमान राष्ट्रिय तथा प्रादेशिक नीति।
४) राष्ट्रिय/प्रादेशिक/स्थानिय तहको दीर्घकालीन सोच।
५) राष्ट्रिय/प्रादेशिक आवधिक योजना।
६) दिगो विकास लक्ष्य।
७) राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्ग निर्देशनहरु।
८) कमल गाउँपालिकाको प्रमुख समस्या र सम्भावना।
९) कमल गाउँपालिकामा सहभागी राजनैतिक दलहरुको घोषणा पत्रहरु।

## १.४ संघीय, प्रादेशिक र स्थानीय तहको दीर्घकालीन सोंच, लक्ष्य र उद्धेश्यहरु

कुनै पनि स्थानीय तहले योजनाको दीर्घकालीन, सोच, लक्ष्य र उद्धेश्य तय गर्दा राष्ट्रिय तथा प्रादेशिक दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यहरूसँग सामजस्यता कायम गरी गर्नुपर्ने भएकोले यस योजनाले निम्न सोचहरूलाई आधार बनाएको छ।

**क) दीर्घकालीन सोंच वि.स. २१००**

लामो राजनीतिक संक्रमण पश्चात राजनीतिक स्थायित्वको जगमा उभिएर तीव्र आर्थिक विकास र समृद्धिको लागि आयमा वृद्धि, गुणस्तरीय मानव पूँजी निर्माण तथा आर्थिक जोखिमहरूलाई न्यूनीकरण गर्दै वि.सं. २०७९ देखि अतिकम विकसित देशबाट विकासशील देशमा स्तरोउन्नती गर्दे वि सं. २०८७ सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा रूपान्तरण हुने गरी यस दीर्घकालीन सोच तयार पारिएको छ। यस सोचको मूल लक्ष्य सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्ने हो। यसको मूल रणनीति भनेको आन्तरिक तथा बाह्य स्रोत साधन लगायत अर्थतन्त्रका सहयोगी क्षेत्रको परिचालन मार्फत् रूपान्तरणका कार्यक्रममा लगानी केन्द्रित गर्नु हो। यसर्थ नारामा दीर्घकालीन सोचलाई “समृद्ध नेपाल सुखी नेपाली” तय गरिएको छ। यस सोचको अपेक्षित उपलब्धिमा “समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितका समान अवसर प्राप्त, स्वास्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक” मा नेपाललाई रूपान्तरण गर्नु रहेको छ।

**दीर्घकालीन सोच वि. सं. २१०० ले लिएका राष्ट्रिय रणनीति**

- तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि हासिल गर्ने।
- सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चित गर्ने।
- आन्तरिक तथा अन्तरदेशीय अन्तरआवद्धता एवम् दिगो शहर/बस्ती विकास गर्ने।
- उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने।
- पूर्ण, दिगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण गर्ने।
- सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बद्र्धन गर्ने।

**रूपान्तरणका प्रमुख संवाहक**

दीर्घकालीन सोचका रणनीति कार्यान्वयन गरी राष्ट्रिय लक्ष्य हासिल गर्न देहाय बमोजिम सामाजिक/आर्थिक रूपान्तरणका संवाहक अवलम्बन गरिएको छ । यी संवाहकलाई दीर्घकालीन सोचको प्राथमिकताका क्षेत्रका रूपमा समेत लिई तदनुरूप साधन-स्रोतको व्यवस्था गरिनेछ । आगामी योजनाहरू तर्जुमा गर्दा राष्ट्रिय आवश्यकता अनुसार प्राथमिकताहरूमा समयानुकूल परिमार्जन गरिनेछन् ।

१) गुणस्तरीय एकीकृत यातायात प्रणाली, सूचना प्रविधि तथा संचार, पूर्वाधार र बृहत् संजालीकरण ।
२) गुणस्तरीय मानव पूँजी निर्माण, उद्यमशील कार्य, संस्कृति विकास र सम्भावनाको पूर्ण उपयोग ।
३) जल विद्युत उत्पादन वृद्धि र हरित अर्थतन्त्र प्रवर्द्धन ।
४) उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि ।
५) गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तार ।
६) आधुनिक, दिगो र व्यवस्थित शहरीकरण, आवास र बस्ती विकास ।
७) प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकास र सुदृढीकरण तथा औपचारिक क्षेत्रको विस्तार ।
८) सामाजिक संरक्षण र सुरक्षाको प्रत्याभूति र
९) शासकीय सुधार र सुशासन अभिवृद्धि ।

**सहयोगी क्षेत्रहरु**

दीर्घकालीन सोचका लक्ष्य हासिल गर्ने सन्दर्भमा रूपान्तरणका सम्भाव्य क्षेत्रको प्रभावकारी परिचालन गर्न देहायका क्षेत्रहरूलाई प्रमुख सहयोगी क्षेत्रका रूपमा लिइएको छ ।

१) संविधान लोकतन्त्र र विकासप्रतिको राजनीतिक प्रतिबद्धता ।
२) जनसांख्यिक लाभ र नागरिक सचेतना ।
३) भौगोलिक अवस्थिति र प्राकृतिक विविधता तथा सम्पन्नता ।
४) सामाजिक/सांस्कृतिक विविधता तथा मौलिक पहिचान ।
५) सामाजिक पूँजी र विश्वभर फैलिएका नेपाली समुदाय ।
६) स्वच्छ र नवीकरणीय ऊर्जा ।
७) मित्रराष्ट्र र अन्तर्राष्ट्रिय समुदायको सदभाव र
८) संघीय शासन प्रणाली र वित्तीय संघीयता ।

**दीर्घकालीन सोचको परिदृश्य र परिमाणात्मक लक्ष्यहरू**

दीर्घकालीन सोचका राष्ट्रिय लक्ष्यहरू प्राप्तिको लागि उच्च आर्थिक वृद्धिदर आवश्यक हुन्छ । यस अवधिमा वार्षिक औषत १०.५% आर्थिक वृद्धिदरको प्रारम्भिक लक्ष्य अनुमान गरिएको छ । यसमध्ये कृषि क्षेत्रमा औषत ५.५%, उद्योग क्षेत्रमा औषत १३% र सेवा क्षेत्रमा वार्षिक औषत १०.९% आर्थिक वृद्धि हुने अनुमान गरिएको छ । दीर्घकालीन सोचको अवधिको आर्थिक वृद्धिदरको लक्ष्य अनुरूप यस सोच अवधिको अन्तिम वर्षमा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको अंश हालको २७% बाट घटेर ९%, उद्योग क्षेत्रका अंश हालको १५.२ % बाट वृद्धि भई ३०% र सेवा क्षेत्रको अंश हालको ५७.८% बाट ६१% पुग्ने अनुमान छ । यसबाट

कृषि क्षेत्रमा रहेको ठूलो जनशक्ति उद्योग र सेवा क्षेत्रमा स्थानान्तरण हुनेछ । आगामी २५ वर्षमा उद्योग र सेवाको व्यापक विस्तार भई अर्थतन्त्रमा ठूलो संरचनागत एवम् गुणात्मक परिवर्तन हुने अनुमान छ । दीर्घकालीन सोचको आधार वर्ष २०७५/७६ मा नेपालको प्रतिव्यक्ति आय १०४७ अमेरिकी डलर रहेको छ । वि.सं. २०७९ सम्ममा अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने र वि.सं. २०८७ मा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुनेछ । वि.सं. २१०० मा १२१०० अमेरिकी डलर प्रतिव्यक्ति आयसहित नेपाल उच्च आयस्तर भएको मुलुकमा स्थापित हुनेछ । माथि उल्लेखित लक्ष्यहरू हासिल गर्न माथि उल्लेखित रूपान्तरणका संवाहक तथा सहयोगी क्षेत्रका अतिरिक्त देहायका तत्वलाई प्रमुख आधार लिइएको छ ।

१) संविधानका राज्यका नीति र मौलिक हक प्राप्त गर्न उच्च र दिगो आर्थिक वृद्धि आवश्यक रहेको ।
२) राजनीतिक तथा नीतिगत स्थिरता कायम भई आर्थिक समृद्धितर्फ उन्मुख अवस्था सिर्जना भएको ।
३) समष्टिगत आर्थिक स्थायित्व कायम गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको लगानी वृद्धि गर्ने उपयुक्त वातावरण निर्माण भएको ।
४) जनसांख्यिक लाभ र प्राकृतिक स्रोत-साधनको अधिकतम उपयोग गरिने ।
५) ज्ञान, सीप, पूँजी र प्रविधि तथा पूर्वाधार र उर्जा विकास गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।
६) वि.सं. २०८७ सम्म दिगो विकास लक्ष्यहरू हासिल गर्ने राष्ट्रिय प्रतिवद्धता रहेको ।
७) विकास कार्यक्रमको कार्यान्वियनमा तीव्रता प्रदान गर्न आयोजना बैंक, आयोजना पूर्व तयारी र अनुगमन तथा मूल्याङ्कन कार्यलाई सुदृढ बनाइने ।
८) अनौपचारिक अर्थतन्त्रलाई क्रमशः औपचारिक र उत्पादनशील बनाइने ।
९) राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न आवश्यक सुधार र एकद्वार प्रणाली अपनाइने ।
१०) ज्ञानमा आधारित अर्थतन्त्र विकास गरी समृद्धि हासिल गर्ने ।

**ख) सोह्रौ आवधिक योजना (२०८१/८२-२०८५/८६)**

"समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोच हासिल गर्ने योजनाको रूपमा सोह्रौ योजनालाई लिइएको छ । तसर्थ यो योजनाको राष्ट्रिय लक्ष्य समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जीवनसहितको समाजवाद उन्मुख लोक कल्याणकारी राज्यको रूपमा रूपान्तरण गर्दै उच्च आयस्थर भएको मुलुकमा स्तरोन्नति गर्न आधार निर्माण गर्ने हो ।

**ग) कोशी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६)**

"राज्यको पुनःसरचना पश्चात् कायम भएको संघीय शासन प्रणाली अन्तर्गत हाल यो प्रदेश साविकको मेची अंचलका ४ जिल्ला (इलाम, झापा, पाँचथर र ताप्लेजुङ), कोशी अंचलका ६ जिल्ला (भोजपुर, धनकुटा, झापा, संखुवासभा, सुनसरी र तेह्रथुम) तथा सगरमाथा अंचलका ४ जिल्ला (खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु र उदयपुर) समेटी कायम गरिएको छ । विश्वकै अग्लो हिमाल सगरमाथा लगायत ५००० मिटरभन्दा अग्ला ३४ वटा हिमचुचुराहरु यस प्रदेशमा पर्दछन् । विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका १० वटा गन्तव्य मध्ये सगरमाथा राष्ट्रिय निकुन्ज यसै प्रदेशमा रहेको छ । यसका अलावा मकालु वरुण राष्ट्रिय निकुन्ज, कोशी टप्पु वन्युजन्य आरक्षण क्षेत्र, कंचनजंघा संरक्षण क्षेत्र पनि यस प्रदेशमा रहेका छन् । यस पृष्ठभूमिमा कोशी प्रदेश

अन्तर्गत रहेको यस गाउँपालिकामा प्रदेशले तय गरेका विकासका लक्ष्यहरूसँग गाउँपालिकाका लक्ष्यहरूको तादात्म्यता मिलाउनु आवश्यक रहेको छ ।

**प्रदेशको दीर्घकालीन सोच**

"स्वच्छ, सुखी र समुन्नत प्रदेश"

**प्रदेशको समष्टिगत लक्ष्य**

"सामाजिक न्याय सहितको समृद्ध प्रदेश निर्माण हुने" ।

**प्रदेशको समष्टिगत उद्देश्यः**

क) उत्पादनमुखी क्षेत्रमा लगानी वृद्धि गरी आय र मर्यादित रोजगारीका अवसरमा वृद्धि गर्नु ।

ख) शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा गुणात्मक सुधार गर्दै उन्नत मानव संसाधन विकास एवम् समतामूलक समाजको आधार निर्माण गर्नु ।

ग) गुणस्तरीय दिगो भौतिक पूर्वाधारको विकास गर्नु ।

घ) जलवायु अनुकूलन गर्दै वन, वातावरण, जलाधार र जैविक विविधताको संरक्षण गर्नु ।

ङ) सुशासनको अभिवृद्धि गर्नु ।

**प्रदेश विकासका मुख्य चालकहरू**

प्रदेश विकासका मुख्य चालकहरू देहाय बमोजिम मानिएको छः

- गुणस्तरीय ग्रामिण तथा शहरी पूर्वाधार (सडक, खानेपानी, बिजुली, विद्युतीय संचार र प्रविधि)
- कृषिको व्यावसायीकरण, जैविक कृषिको प्रवर्द्धन र कृषिलाई उद्यमका रूपमा विकास र विस्तार (विशिष्टीकृत कृषि)
- विशिष्टीकृत सेवा र मानवपूँजीको विकास
- उद्योग (ठुला, मझौला, साना, घरेलु र लघु उद्यम)
- सम्पदामैत्री पर्यटन
- सामाजिक–सांस्कृतिक विकास ।

**प्रदेशका प्रमुख रणनीतिहरू**

कोशी प्रदेश का प्रमुख रणनीतिहरू देहाय बमोजिम छनः

१) कृषि तथा गैर कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

२) समावेशी विकास सहितको न्यायपूर्ण समाज निर्माण गर्ने ।

३) शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवा/सुविधाको पहुँचमा विस्तार गर्ने ।

४) यातायात, विद्युत, सिंचाई आदि रणनीतिक महत्वका पूर्वाधारहरूको विकास गर्ने ।

५) वन, वातावरण, जैविक विविधताको विकास एवम् संरक्षण गर्ने ।

६) जलवायु परिवर्तन अनुकूलनता अभिवृद्धि एवम् प्रभावकारी विपद् व्यवस्थापन गर्ने ।

७) दक्ष, उत्तरदायी, पारदर्शी तथा नतिजामूलक प्रशासनको विकास गरी सुशासनको प्रवद्र्धन गर्ने ।

**योजनाको रणनीति**

योजनाको लक्ष्य, उद्देश्य र परिमाणात्मक लक्ष्यहरू हासिल गर्न देहायका रणनीति अवलम्बन गरिनेछ।

**१) कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धि दर बढाउने।**

कृषि, उद्योग र पर्यटनलाई आर्थिक समृद्धि र रोजगारीको आधारको रूपमा लिई आधुनिकीकरण र व्यावसायीकरण गर्दै सरल नियमन प्रक्रिया, सहयोगी भौतिक पूर्वाधारको उपलब्धता र कार्यकुशलता अभिवृद्धि गरी निजी क्षेत्रलाई प्रोत्साहित गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धिदर कायम गरिनेछ (दिगो विकासका लक्ष्य १, २, ८, ९, १०, १२)।

**२) आवश्यक भौतिक पूर्वधार निर्माण तथा विस्तार गर्ने।**

व्यवस्थित शहरीकरण, यातायात पूर्वाधार, सिंचाई, खानेपानी, उर्जा र आवास जस्ता आवश्यक भौतिक पूर्वाधार निर्माण तथा विस्तार गरिनेछ। भौतिक पूर्वाधारको विस्तारलाई उत्पादनसँग आवद्ध गरिनेछ (दिगो विकासका लक्ष्य ६, ७, ९, ११)।

**३) गुणस्तरीय शिक्षा र स्वास्थ्य विस्तार गरी मानवीय पूँजी निर्माण गर्ने।**

शिक्षा र स्वास्थ्यको पहुँच विस्तार र गुणस्तर सुधारका साथै प्राविधिक शिक्षामा सहज पहुँच बढाई जीवनोपयोगी, उद्यमशील र व्यावसायिक सिप विकास गरी मानव पूँजी निर्माण गरिनेछ (दिगो विकासका लक्ष्य ३, ४)।

**४) सामाजिक समावेशिता र लैङ्गिक समता प्रवर्द्धन गर्ने।**

सामाजिक समावेशितामा जोड दिँदै भाषा, कला, धर्म र संस्कृतिको संरक्षण, अन्धविश्वास, कुरीति र हिंसाको अन्त्य गर्नुका साथै लैङ्गिक समता तथा महिला सशक्तीकरणमा जोड दिइनेछ (दिगो विकासका लक्ष्य १३, १५)।

**५. प्रभावकारी विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलित विकास गर्ने**

वातावरण संरक्षण गर्दै उपलब्ध प्राकृतिक साधनहरूको समुचित उपयोगका साथै आर्थिक, सामाजिक क्षेत्रका गतिविधिहरूलाई जलवायु परिवर्तन अनुकूलित र सम्भावित विपद्प्रति सचेत रही सञ्चालन गरिनेछ (दिगो विकासका लक्ष्य १६, १७)।

**६) विधिको शासन कायम गर्दै सुशासन प्रत्याभूति गर्ने**

विधिको शासन, सदाचार, पारदर्शिता तथा जबाफदेहिताको मान्यतालाई सरकारी कामकाज र सेवा प्रवाहमा संस्थागत गरी जनअपेक्षा–अनुकूल सुशासन प्रणाली प्रत्याभूत गरिनेछ  (दिगो विकासका लक्ष्य १६, १७)।

**केही मूल नीतिहरू**

१) भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटन क्षेत्रलाई समेट्ने गरी बढीमा दशवटा प्रादेशिक गौरवका आयोजना छनौट गरी कार्यान्वयन गर्ने । निर्माणाधीन र विभिन्न कारणबाट अधकल्चो अवस्थामा रहेका पूर्वाधारका आयोजनाहरूलाई शीघ्रातिशीघ्र सम्पन्न गर्न प्राथमिकता दिने ।

२) सन्तुलित विकास गर्ने ध्येयअनुरूप प्राथमिकताका आधारमा आयोजनाहरू छनोट गर्ने ।

३) भू-उपयोग नीति तथा प्रचलित ऐन बमोजिम भूमिको वर्गीकरण गरेर कृषि, उद्योग र आवास क्षेत्र छुट्याई भूमिको उपयुक्त उपयोग गर्ने ।

४) युवाहरूलाई प्राविधिक शिक्षा र व्यावसायिक सिप वृद्धिका विभिन्न कार्यक्रममार्फत् क्षमता विकास गरी स्वरोजगारी र रोजगारीका अवसर सिर्जना र आय आर्जन वृद्धि गर्ने र स्वदेशमा नै रोजगारी उपलब्ध गराई बाध्यात्मक रूपमा वैदेशिक रोजगारीमा जानुपर्ने स्थिति अन्त्य गर्ने ।

५) प्रदेशको समग्र आर्थिक समुन्नतिका लागि नयाँ नयाँ सम्भावना, स्रोत र समस्याहरूको पहिचान गरी तिनको सदुपयोग गर्न वा समाधान खोज्न नव-प्रवर्तन, अध्ययन र अनुसन्धानमा लगानी गर्ने ।

६) उपलब्ध साधन श्रोतको अधिकतम प्रयोग गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच वृद्धि गरी नागरिकको स्वास्थ्य रहन पाउने मौलिक अधिकार सुनिश्चित गर्ने ।

७) ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय महिला तथा बालबालिकालाई आवश्यक सहयोग उपलब्ध गराई सम्मानजनक जीवनयापन गर्न सक्ने स्थिति सिर्जना गर्ने ।

८) सामाजिक मूल्य मान्यता, धर्म, संस्कृति, कला, भाषा र साहित्यको संरक्षण, सुधार सम्बद्र्धन गर्दै सामाजिक सहिष्णुता र सद्भाव प्रवर्द्धन गर्ने ।

९) प्रदेशमा उपलब्ध प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थित ढंगले उत्खनन् तथा सदुपयोग गर्ने र जलस्रोतको बहुआयामिक प्रयोगलाई जोड दिई एकीकृत व्यवस्थापन गर्ने ।

१०) निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक संस्थाहरू, गैरआवासीय नेपाली र वैदेशिक लगानी आकर्षित गर्न अनुकूल वातावरण तयार गर्ने ।

११)भौतिक पूर्वाधारको विकासलाई समग्र आर्थिक सामाजिक विकाससँग तादाम्यता मिलाउँदै जनप्रतिनिधिहरूको संलग्नतासहित जनसहभागितामूलक विकास प्रक्रिया अवलम्बन गर्ने ।

१२) यस योजनामा राखिएको आर्थिक वृद्धि तथा समृद्धिका लक्ष्यहरू हासिल गर्न सहयोग पुग्ने गरी संघ तथा स्थानीय तहबाट यस प्रदेशमा साधन विनियोजन एवम् लगानी केन्द्रित गर्ने र कार्यान्वयन गर्न समन्वय र सहकार्य सहजीकरण गर्ने ।

## १.५ दिगो विकासका लक्ष्यहरु

सन् २०१५ मा संयुक्त राष्ट्र संघमा आवद्ध सम्पूर्ण राष्ट्रहरूद्वारा अनुमोदन गरी समग्र विश्व र मानवजातिको दीर्घकालीन सुरक्षा, सुख र समृद्धिका लागि तय गरिएका साझा वैश्विक लक्ष्यरूलाई दिगो विकास लक्ष्य भनिन्छ । संसारभरका सबै मुलुकले सन् २०३० सम्म यी लक्ष्यहरू हासिल गर्नु पर्नेछ । नेपालले समेत अनुमोदन गरेका यी लक्ष्यहरू नेपालका योजना तथा विकासका उद्देश्यहरू हासिल गर्न अति सान्दर्भिक छन् । तसर्थ तल उल्लेखित यी लक्ष्यहरूलाई यो योजना तर्जुमाको आधार बनाइएको छ । कुल सत्रवटा लक्ष्यहरूमध्ये भू-परिवेष्ठित मुलुक भएकोले लक्ष्य १४ नेपालसँग प्रत्यक्ष सम्बन्धित छैन । यी लक्ष्यहरूका १६९ परिमाणात्मक लक्ष्यहरू र २३४ वटा विश्वव्यापी सूचकहरू थपेर कुल ४७९ सूचकहरू निर्धारण गरेकोले यस

गाउँपालिकासँग सम्बन्धित लक्ष्य र सूचकहरूलाई समेत यो योजनाले समेट्ने र दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने प्रयास गरेको छ ।

**दिगो विकासका लक्ष्यहरू**

१) सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने ।
२) भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने ।
३) सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवद्र्धन गर्ने ।
४) सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाईका अवसरहरू प्रवर्द्धन गर्ने ।
५) लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालबालिकालाई सशक्त बनाउने ।
६) सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।
७) सबैका लागि किफायती, विश्वासनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने ।
८) भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमुलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने ।
९) उत्पादनशील पूर्वाधरको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने ।
१०) मुलुकभित्र तथा मुलुकहरूबीच असमानता घटाउने ।
११)शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्पादनशील र दिगो बनाउने ।
१२) दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने ।
१३)जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्ने तत्काल पहल थाल्ने ।
१४) दिगो विकासका लागि महासागर, समुद्र र समुद्री साधन स्रोतहरूको दिगो प्रयोग तथा संरक्षण गर्ने।
१५) स्थानीय पर्यावरणीयको संरक्षण, पुनःस्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमीकरण र भू-क्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने ।
१६) दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने ।
१७) दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने ।

## १.६ दिगो विकास लक्ष्यको स्थानीयकरण

राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित दिगो विकास लक्ष्य स्थानियकरण स्रोत पुस्तीका आधारमा दिगो विकास लक्ष्यहरुलाई गाउँपालिकाको विशिष्टतामा स्थानियकरण गरिएको छ ।

**क) राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्ग निर्देशनहरू**

यस गाउँपालिकाको योजना निर्माणका दौरान नेपाल सरकार तथा प्रदेश सरकारले योजना तर्जुमा, बजेट तर्जुमा तथा अनुगमन तथा मूल्याङ्कन व्यवस्था साथै आयोजनाको कार्यान्वयनका सन्दर्भमा पटक-पटक गर्ने मार्ग निर्देशनलाई समेत आधार मानी यो योजना निर्माण गरिएको छ ।

### क) अन्तराष्ट्रिय सन्धी सम्झौता तथा घोषणापत्रहरू

नेपाल सरकार पक्ष राष्ट्र भई अन्तराष्ट्रिय स्तरमा हस्ताक्षर तथा अनुमोदन गरिएका अन्य सान्दर्भिक घोषणा पत्रतथा सन्धी सम्झौताहरूको मर्महरूलाई समेत ध्यानमा राखिएको उदाहरणका लागि मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणा पत्र सन् १९४८, बाल अधिकारसम्बन्धी घोषणापत्र, विश्व संरक्षण नीति (World Conservation Strategies) आदि ।

### ग) स्थानीय तहमा सहभागी राजनीतिक दलहरूको घोषणापत्रहरू

यो योजना निर्माणको दौरान यस गाउँपालिकामा रहेका राजनीतिक दलहरूले विभिन्न तहका चुनाव तथा अन्य समयमा गाउँपालिकावासीका माझ गरेका विकासका राजनीतिक प्रतिबद्धताहरूलाई समेत मध्यनजर गरी ती घोषणापत्रहरूका मर्मलाई एक वा अर्को तरिकाले सम्बोधन गर्ने प्रयत्न गरिएको छ ।

### ङ) गाउँपालिकाको विद्यमान वस्तुगत अवस्था

गाउँपालिकाको वस्तुगत अवस्था स्थानीय आवश्यकता, समस्या र सम्भावनाहरू यस अन्तर्गत वडा स्तरीय छलफल, स्थलगत अध्ययन तथा गाउँपालिका केन्द्रमा विभिन्न समयमा सम्पन्न अन्तरक्रिया तथा सरोकारवालारूबाट प्राप्त सुझावका आधारमा गाउँपालिकाको प्रमुख समस्या चुनैती, सम्भावना र आवश्यकता पहिचान गरी सोको विश्लेषण गरे पश्चात् आवश्यक योजनाहरू तर्जुमा गरिएको हो ।

## १.७ योजना तर्जुमाको विधि र प्रकृया

यो योजना तयार गर्दा मुख्यतया राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित “स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८” लाई आधार मानिएको छ । दुवैका मार्गदर्शनका अलावा राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा योजना तर्जुमा गर्दा अवलम्बन गरिएका असल अभ्यासहरू समेत अनुशरण गरिएको छ । तसर्थ क्रमशः निम्न चरण पुरा गरी यो योजना तर्जुमा गरिएको छ ।

### १) योजना तर्जुमा तयारी प्रारम्भिक छलफल, अभिमुखिकरण तथा कार्यशाला

गाउँ कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरू, कार्यपालिका सदस्यहरु, बिषयगत समितिका पदाधिकारीहरु, विषयगत शाखाका प्रमुखहरू, स्थानीय राजनीतिक दलका अगुवाहरू, बुद्धिजीवी तथा सरोकारवालाहरूको सहभागितामा विज्ञहरूको समेत उपस्थितिमा समग्र योजना तयारीका प्राविधिक पक्षहरूको बारेमा बृहत् छलफल र जिम्मेवारी बाँडफाँट गर्ने कार्य सम्पन्न गरियो ।

### २) विकासको विद्यमान स्थिती र उपलब्धिको समिक्षा

विकास उपलब्धिको प्रगती विवरण, उपलब्ध सूचना तथा सहभागितामुलक छलफलका आधारमा गत योजनाको कार्यान्वियनबाट हासिल भएका उपलब्धिलाई विषय क्षेत्रगत रुपमा संक्षिप्त समीक्षा गरियो । यसरी समीक्षा गर्दा हासिल भएका उपलब्धिको विवरण गुणात्मक तथा परिमाणात्मक रुपमा उपलब्ध सूचनाको आधारमा पुष्टि हुने गरी प्रस्तुत गरियो ।

**३) स्थानीय स्तरमा गाउँपालिकाको समग्र वस्तुस्थिति अध्ययन विवरण संकलन तथा विश्लेषण**

यस अन्तर्गत विज्ञ समुह तथा अध्ययनकर्ताको सहभागितामा प्रत्येक वडाको वस्तुस्थिति, मुख्य सम्भावना, अवसर र चुनौती पहिचान गर्ने हेतुले वडाध्यक्षको संयोजकत्वमा वडाका सम्पूर्ण सरोकारवाला सम्मिलित वडा स्तरिय छलफल र अन्तरक्रिया मार्फत प्राथमिक तथा द्वितीय स्रोतबाट सूचना संकलन गरियो ।

**४) वडा स्तरिय छलफल मार्फत् प्राप्त सूचनाहरूको संकलन तथा विश्लेषण**

वडा स्तरिय छलफल र अन्तरक्रियाबाट प्राप्त सूचनाहरूको तालिकीकरण, प्रशोधन पश्चात् समग्र वस्तुस्थितिको विश्लेषण गरी गाउँपालिकाका सम्भावना र अवसरहरू पहिचान गर्ने कार्य सम्पन्न गरियो।

**५) सोच, लक्ष्य, उद्देश्य र रणनैतिक कार्यक्रमहरूको समग्र मस्यौदा प्रतिवेदन तयारी तथा प्राथमिकता निर्धारण**

समग्र वस्तुस्थिति विश्लेषण पश्चात् राष्ट्रिय र प्रादेशिक लक्ष्य, योजना र उद्देश्यसँग तादातम्यता हुनेगरी स्थानीय आवश्यकता सम्बोधन हुने गरी गाउँपालिकाको सोच, लक्ष्य, उद्देश्य र रणनैतिक कार्यक्रमहरू सहितको मस्यौदा प्रतिवेदन तयार गरि गाउँपालिकामा प्रस्तुतीकरण गरियो

**६) अन्तिम प्रतिवेदन तयार**

मस्यौदा प्रतिवेदन प्रस्तुतीकरण उपर प्राप्त सुझाँवहरु समेटी अन्तिम प्रतिवेदन तयार गरियो ।

**७) विषय क्षेत्रगत योजना तर्जुमा**

स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा समितीको लागि गठित विषयगत योजना तर्जूमा समिति तथा सम्बन्धित विषय क्षेत्रका सरोकारवालासँगको सहभागीतामा कार्यशाला गोष्ठी तथा परामर्श गरी विषय क्षेत्रगत योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति आयोजना तथा कार्यक्रम र सोको स्थानगत विवरण एवम् नतिजा खाका तयार गरियो ।

# अध्याय दुई: गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समिक्षा

## २.१ गाउँपालिकाको परिचय

### २.१.१ ऐतिहासिक पृष्ठभूमि र नामाकरण

कमल गाउँपालिका साविकका तोपगाछी र लखनपुर गाउँ विकास समितिहरु गाभेर वि.स. २०७३ मा गठन गरिएको हुनाले कमल गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि केलाउन भन्दा पहिले साविकककाका तोपगाछी र लखनपुर गाविसहरुको इतिहास केलाउनु पर्ने हुन्छ । साविक तोपगाछी रहेको क्याम्पा बजार राणा शासक जुद्ध शमशेर शिकार खेल्न आउँदा क्याम्प राखेको ठाउँ भएकोले क्याम्पा बजार नाम रहन गएको जनविश्वास छ भने समयगढको नाम बिराटराजा विराटनगरबाट किचकबध जाँदा समयगढ आधा पर्ने भएकोले समयगढ नाम रहन गएको मानिन्छ । तोपगाछी गाविस तत्कालिन तोपगाछी गाउँ पंचायतको रुपमा वि.स. २०१७ सालमा अस्तित्वमा आएको हो । त्यतिबेला यसले धरमपुर गाउँ पंचायत (पछी धरमपुर गाविस तथा हाल शिव सताक्षी नगरपालकाको एक भाग) समेत समेटदथ्यो ।

वि.सं. २०३९ सालमा पूर्वमा कमल खोला पूर्वको भाग छुट्टै धरमपुर गाउँ पंचायतको रुपमा गठन गरिएपछि तत्कालिन तोपगाछी गाविसको रुपमा स्थापित हुन पुग्यो । तोपगाछीको नामाकरण सम्बन्धी समेत विभिन्न जनश्रुतिहरु रहेका छन् । एउटा जनश्रुति अनुसार ढ्याङ्ग्री र देवी खोलाको दोभानमा घनघोर जङ्गलबीच दिउँसो र रातको १२ बजे तोप पड्किएको आवाज आउँथ्यो र यसैको आधारमा तोपगाछी नामाकरण गरिएको हो भन्ने किवदन्ती रहेको छ । त्यस्तै अर्को जनश्रुति अनुसार पाराबारीमा एउटा तोप आकारको रुख अर्थात् गाछी भेटिएको थियो । अर्को किवदन्ती अनुसार यहाँका घना जङ्गलमा ज्यादै ठूला रुखहरु थिए र त्यस्ता रुखको धोद्रोभित्र तोप भेटिएको थियो जसबाट तोपगाछी नामाकरण रहेको जनश्रुति पाइन्छ । यसको औपचारिक नामको शुरुवात भने बि.स. २०१५ सालको चुनावमा एउटा मतदान केन्द्र क्याम्पामा राखिएको थियो र उक्त मतदान केन्द्रको नाम तोपगाछी मतदान केन्द्र राखिएको थियो । यसैबाट यस ठाउँको नाम औपचारिक रुपमा तोपगाछी रहन पुग्यो । यसै मतदात केन्द्रलाई आधार मानेर बि.स. २०१७ सालमा तोपगाछी गाउँ पंचायत स्थापना भयो । स्थानीय तहको पुनःसंरचना पश्चात यस गाउँपालिकाको पूर्व भएर बग्ने कमल नदीको नामबाट यस गाउँपालिकाको नाम रहन गयो ।

### २.१.२ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

**भौगोलिक अवस्थिति**

कोशी प्रदेश अन्तर्गत झापा जिल्लाको उत्तर पश्चिम क्षेत्रमा अवस्थित कमल गाउँपालिकाको कुल क्षेत्रफल १०४.५९ वर्ग किमि रहेको छ । यस गाउँपालिकाको उतरमा इलाम जिल्लाको चुलाचुली गाउँपालिका, दक्षिणमा झापा जिल्लाको गौरादह नगरपालिका र गौरीगंज गाउँपालिका, पूर्वमा शिवसताक्षी नगरपालिका र पश्चिममा रतुवा खोला र दमक नगरपालिका पर्दछन । भौगोलिक हिसाबले यो गाउँपालिकाको फैलावट २६° ३१' ०५" देखि २६° ४१' ४८" उत्तरी अक्षांशसम्म र ८७° ३८' ०९" देखि ८७° ४७' ४३" पूर्वी देशान्तरसम्म रहेको छ ।




नक्शा 1. गाउँपालिकाको अवस्थिति

*(नक्शा स्रोतः गाउँपालिकाको भू-उपयोग योजना, २०२१)*

**राजनीतिक र प्रशासनिक संरचना**

स्थानीय तह पुनःसरचना अन्तर्गत वि.स. २०७३ सालमा साविकका तोपगाछी र लखनपुर गाउँ विकास समितिहरु गाभेर कमल गाउँपालिकाको गठन गरिएको हो । झापा जिल्लामा रहेका ८ वटा नगरपालिका र ७ वटा गाउँपालिका मध्ये कमल गाउँपालिका एक स्थानीय तह हो । यो गाउँपालिका ७ वटा वडाहरुमा विभाजित रहेको छ भने गाउँपालिकाको केन्द्र क्याम्पा बजार हो । झापा जिल्लामा प्रतिनिधि सभा सदस्यको लागि ५ निर्वाचन क्षेत्र मध्ये कमल गाउँपालिका ५ नं क्षेत्रमा पर्दछ । क्षेत्रफलको हिसाबले वडा नं १ सबैभन्दा ठूलो (२१.९ वर्ग किमि) वडा हो भने वडा नं ६ सबै भन्दा सानो वडा (९.६९ वर्ग किमि) हो । त्यसैगरी जनसंख्याको हिसाबले हेर्दा सबैभन्दा बढी जनसंख्या वडा नं ५ मा (१०८५२) र सबै भन्दा कम जनसंख्या वडा नं ३ मा (६४२१) रहेको छ । स्थानीय तहको पुनःसरचना अनुसार गाउँपालिकाको वडा विभाजन, क्षेत्रफल र जनघनत्व तालिका १ मा प्रस्तुत गरिएको छ ।

तालिका 1. गाउँपालिकाको वडा विभाजन, जनसंख्या, क्षेत्रफल र जनघनत्व

| वडा नं | घरधुरी | जनसंख्या | क्षेत्रफल | जनघनत्व |
|---|---|---|---|---|
| १ | १५८४ | ६७४१ | २१.९ | ३०८ |
| २ | १६३० | ६६६८ | १५.६ | ४२७ |
| ३ | १५५९ | ६४२१ | ११.७ | ५४९ |
| ४ | १९९४ | ८००० | १५.४ | ५१९ |
| ५ | २७०६ | १०८५२ | १३.७ | ७९२ |
| ६ | १८८० | ७९१० | ९.६९ | ८१६ |
| ७ | १८१२ | ७३०२ | १६.६ | ४४० |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | १३१६५ | ५३८९४ | १०४.५९ | ५१५ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

### २.१.३ नदी तथा खोलाहरु

कमल गाउँपालिका प्राकृतिक स्रोतमा निक्कै धनी रहेको छ । यो गाउँपालिकामा साना ठूला गरी २१ वटा नदि/खोलाहरु छन् भने केहि पोखरी र सिमसार क्षेत्रहरु समेत छन् । ढयाङ्ग्री खोला, कृष्ण खोला, मरीयाकमल, केर्खा खोला, गेउरीया, रतुवा र चन्द्र खोला बर्षैभरी पानी रहने सदाबहार खोलाहरु छन् । यस्ता खोलानालाहरु स्थानीय जनावर, पशुपंक्षीहरुको लागि पिउने पानीको स्रोत हुन भने यीनै नदि तथा खोलाहरुबाट स्थानीय खेतबारीमा सिंचाई समेत हुने गरेको छ । गाउँपालिकामा अवस्थित नदि/खोला, पोखरी र सिमसार क्षेत्रहरुको विवरण तालिका २ र ३ मा प्रस्तुत गरिएको छः

तालिका 2. गाउँपालिकामा अवस्थित नदि तथा खोलाहरुको वडागत वितरण र पानीको उपलब्धता

| क्र.स. | नदी तथा खोलाको नाम | वडा नं | पानीको उपलब्धता |
|---|---|---|---|
| १ | ढयाङ्ग्री खोला | १ | सदावहार |
| २ | कृष्ण खोला | १ | सदावहार |
| ३ | कमल खोला | १ | बर्षामा मात्र |
| ४ | मरीयाकमल | १ | सदावहार |
| ५ | लोहाझोडा | १ | बर्षामा मात्र |
| ६ | कमल खोला | २ | बर्षामा मात्र |
| ७ | ढयाङ्ग्री खोला | २ | सदावहार |
| ८ | कृष्ण खोला | २ | सदावहार |
| ९ | कमल खोला | ३ | बर्षामा मात्र |
| १० | केर्खा खोला | ३ | सदावहार |
| ११ | ढयाङ्ग्री खोला | ३ | सदावहार |
| १२ | ढयाङ्ग्री खोला | ४ | सदावहार |
| १३ | भुतलुङखोला | ४ | बर्षामा मात्र |
| १४ | कृष्ण खोला | ४ | सदावहार |
| १५ | गेउरीया खोला | ५ | सदावहार |
| १६ | रतुवा खोला | ५ | सदावहार |
| १७ | चाजु | ५ | सदावहार |
| १८ | गेउरीया खोला | ६ | बर्षामा मात्र |
| १९ | रतुवा खोला | ६ | सदावहार |
| २० | रतुवा खोला | ७ | सदावहार |
| २१ | गेउरीया खोला | ७ | सदावहार |
| २२ | चन्द्र खोला | ७ | सदावहार |

*स्रोतः कमल गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण, २०७५*

तालिका 3. तालतलैया, पोखरी र सीमसार क्षेत्रको विवरण

| क्र.स. | ताल, पोखरी र सिमसार क्षेत्रको नाम | वडा नं | स्थान |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | वाल्मिकी आश्रम तथा सिमसार | ३ | सानो केरख् |
| २ | सिमसार क्षेत्र पोखरी | ७ | रंगपुर पश्चिम |

*स्रोतः कमल गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण, २०७५*




नक्शा 2. गाउँपालिकामा रहेका नदि, खोला, पोखरी र सिमसार क्षेत्रहरुको वितरण

*नक्शा स्रोतः कमल गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण, २०७५*

### २.१.४ मुख्य बजार, टोल तथा वस्तीहरु

कमल शहरीकरण तर्फ उन्मुख भैरहेको गाउँपालिका हो । पाडाजुँगी, केर्खा, मंगलबारे, क्याम्पा, सोलमारी, रंगपुर, ठूलो बाऱ्हघरे, शुक्रबारे, ढ्याङ्ग्री, समयगढ गाउँपालिकाका मुख्य बजार क्षेत्रहरु हुन् । जसमध्ये पाडाजुँगी, केर्खा र क्याप्पा बजार क्षेत्रहरु शहरीकरण तर्फ उन्मुख रहेको छन् । गाउँपालिकालाई पूर्व पश्चिम महेन्द्र राजमार्ग, उत्तर दक्षिण पाडाजुँगी-गौरीगंज राजमार्ग र केर्खा-क्याम्पा-वैगुनधुरा राजमार्गले चिरेर गएकोले यो गाउँपालिका सडक तथा यातायातको पहुँचको हिसाबले निक्कै सुगम रहेको छ । गाउँपालिकाभित्र रहेका मुख्य टोल तथा वस्तीहरुको विवरण तालिका ४ मा प्रस्तुत गरिएको छः

तालिका 4. गाउँपालिकाका मुख्य टोल तथा वस्तीहरुको वडागत वितरण

| वडा नं | मुख्य वस्ती/गाउँ/टोलहरुको नाम |
|---|---|
| १ | बाऱ्हबिगे, गडुरमारी, सरङ्पाडा, ढ्याङ्ग्री, सुनारा, रचन चौक, बासवारी |
| २ | छलफल चौक, देवी चौक, समयगढ, भालुगाउँ, ज्योतिनगर, मिलन टोल, क्याम्पा |
| ३ | डाँडा टोल, सानो केर्खा, केर्खा बजार, बोहोरा टोल, केराधाप, गुरुङटोल |
| ४ | सितापुरी, एकताटोल, शान्ति चौक, चुलाचुली मोड, ज्योति चौक, सिद्धार्थ चौक, किराँत चौक, टोल, मिल डाडाँ, गौरी टोल, मुर्ती चौक |
| ५ | टुक्रे, गुहेश्वरी, आईतवारे, पाडाजुँगी, मैनाखाट, बसन्त चौक, बाधडाडाँ, मंगलबारे, झारवारी, गुरित टोल, पाथिभरा चौक, अम्विका चौक, काटा चौक, नमुना चौक, सावित्रा चौक |
| ६ | खयरवारी, गुहावरी, गेउरिया, दहिचौक, साधु चौतार, त्रिवेणी चौक, वरपिपल चौक, मंगलबारे, मिनि मार्ग, सितला डाडाँ, झारवारी, शान्तिपुर, जिवन चौक, पंचकन्या, रत्नपुर, रामु टोल, संखडुब्बा, नवज्योति, सोनापुर, सकुम्वासी वस्ती |
| ७ | झर्का, लालपानी, धरधरे, कालिटोल, बाऱ्हघरे, नौसिट, रंगपुर, सैनिक चौक, सृजना चौक, लालधन्धा, एकता चौक, माझी चौक, पडिडाडाँ, गेउरिया |

*स्रोतः स्थलगत सर्वेक्षण, २०८१ र कमल गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण, २०७५*



फोटो १. केर्खा बजार



फोटो २. क्याम्पा बजार

### २.१.५ जनसांख्यिकीय अवस्था

राष्ट्रिय जनगणणा २०७८ को तथ्याङ्क अनुसार कमल गाउँपालिकाको जनंख्या ५३८९४ र जम्मा घरधुरी संख्या १३१६५ छ । कुल जनसंख्यामा पुरुषको संख्या २५४२६ (४७.२%) र महिलाको संख्या २८४६८ (५२.८%) छ । त्यसैगरी राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार यस गाउँपालिकाको कुल जनसंख्या ४४३६५ र जम्मा घरधुरी संख्या १०२५६ थियो भने कुल जनसंख्यामा पुरुषको संख्या २०२९६ (४५.७%)

र महिलाको संख्या २४०६९ (५४.३%) थियो । जनसंख्याको बिगत १० बर्षको बृद्धिको प्रवृतिलाई हेर्दा २०६८ को जनगणनाबाट २०७८ को जनगणनासम्म आइपुग्दा कमल गाउँपालिकाको घरधुरी संख्या २९०९ र जनसंख्या ९५२९ ले बढेको देखिन्छ। राष्ट्रिय जनगणना २०६८ र २०७८ को तथ्याङ्कलाई आधार मानेर घाताङ्कीय वृद्धिदर (Exponential Growth Rate) बिधिबाट हेर्दा कमल गाउँपालिकाको जनसंख्या १.६३% ले बृद्धि भैरहेको छ जुन नेपालको जनसंख्या बृद्धिदर (०.९२%) र कोशी प्रदेशको बृद्धिदर (०.८६%) भन्दा बढि हो । यसले पनि के देखाउछ भने कमल गाउँपालिकाको जनसंख्या क्रमश वृद्धि हुँदै गैरहेको छ । गाउँपालिकाको मिति २०८० श्रावण देखि २०८१ असार मसान्त सम्मको घटना दर्ताको विवरण हेर्दा पनि गाउँपालिकामा बसाई सरी आउने परिवार संख्या २०६ छ भने बसाई सरी जाने परिवार संख्या १९० छ। जसले पनि गाउँपालिकाको जनसंख्या क्रमश बृद्धि भैरहेको तथ्याङ्कलाई थप पुष्टि गर्दछ। जनसंख्याको क्रमश बृद्धिसगै कमल गाउँपालिकाको जनघनत्व वि.स. २०६८ को जनगणनाबाट वि.स. २०७८ को जनगणनामा आइपुग्दा ४२४ बाट बढेर ५१५ व्यक्ति प्रति वर्ग किमि पुगेको छ। बिगतका दुईवटा जनगणनालाई हेर्दा सरदर घुरधुरी संख्या केहि घटेर ४.३ बाट घटेर ४.१% मा आईपुगेको छ भने लैङ्गिग अनुपात ८४.३ बाट केहि बढेर ८९.३ पुगेको छ (तालिका ५)।

कमल गाउँपालिकाद्बारा तयार गरिएको गाउँ वस्तुस्थिति विवरण २०७५ का अनुसार कमल गाउँपालिकाको जनसंख्या ५२४८५ र घरधुरी संख्या ११३४१ छ । गाउँ वस्तुस्थिति विवरण २०७५ मा पुरुषको संख्या (२६६१८/५०.७%) महिलाको तुलनामा (२५८६७/४९.३%) बढी छ जुन बिगत २ वटा राष्ट्रिय जनगणना २०६८ र २०७८ भन्दा विपरित देखिन्छ। सरदर घुरधुरी संख्या भने जनगणना २०७८ को तथ्याङ्कसंग नजिक छ भने लैंगिक अनुपात भने दुवै जनगणना भन्दा बढि रहेको देखिन्छ । जनसंख्याको विस्तृत र तुलनात्मक विवरण तालिका ५ मा प्रस्तुत गरिएको छ।

तालिका 5. जनसांख्यिकीय विवरण

| विवरण | जनगणना २०६८ | गाउँ वस्तुस्थिति विवरण २०७५ | जनगणना २०७८ |
|---|---|---|---|
| जम्मा घरधुरी | १०२५६ | ११३४१ | १३१६५ |
| जम्मा जनसंख्या | ४४३६५ | ५२४८५ | ५३८९४ |
| पुरुष | २०२९६ (४५.७%) | २६६१८ (५०.७%) | २५४२६ (४७.२%) |
| महिला | २४०६९ (५४.३%) | २५८६७ (४९.३%) | २८४६८ (५२.८% |
| सरदर घरधुरी संख्या | ४.३ | ४.६ | ४.१ |
| लैगिंक अनुपात | ८४.३ | १००.० | ८९.३ |
| जनघनत्व (प्रति वर्ग किमि) | ४२४ | ५०१ | ५१५ |

*स्रोतः राष्ट्रिय जनगणना, २०६८ र २०७८, कमल गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण, २०७५*

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार जनसंख्याको वडागत वितरण हेर्दा सबैभन्दा बढी जनसंख्या वडा नं ५ मा १०८५२ (२०.१%) र सबैभन्दा कम जनसंख्या वडा नं ३ मा ६४२१ (११.९%) छ। वडा नं ५ मा पाडाजुँगी र मंगलबारे जस्ता गाउँपालिकाको मुख्य बजार केन्द्र रहेकोले यस वडामा सबैभन्दा बढी जनसंख्या रहेको छ। तर जनघनत्वको हिसाबले हेर्दा सबैभन्दा बढी जनघनत्व भने वडा नं ६ को ८१६ व्यक्ति प्रति वर्ग किमि छ भने सबैभन्दा कम जनघनत्व वडा नं १ मा ३०८ छ। गाउँपालिकाबाट रोजगारी, शिक्षा र

अन्य अवसरहरुको लागि राजधानी काठमाण्डौ जाने र सकेसम्म उतै बस्ने प्रवृति रहेको छ । त्यसैगरी रोजगारीको लागि वैदेशिक रोजगारीमा जाने युवाहरुको संख्या पनि यहाँ प्रशस्त रहेको छ। जसले गर्दा कमल गाउँपालिकामा बसाईसराई अर्को प्रमुख जनसाँख्यिकीय घटनाको रुपमा देखा परेको छ । गाउँपालिकाको जनसंख्याको वडागत वितरण, लैंगिक वनावट र घनत्वलाई तालिका ६ र चित्र १ मा प्रस्तुत गरिएको छ।

तालिका 6. जनसंख्याको वडागत वितरण, वनावट र घनत्व

| वडा नं | घरधुरी संख्या | जनसंख्या | जनसंख्या (%) | पुरुष | पुरुष (%) | महिला | महिला (%) | क्षेत्रफल | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १५८४ | ६७४१ | १२.५ | ३२१४ | ६.० | ३५२७ | ६.५ | २१.९ | ३०८ |
| २ | १६३० | ६६६८ | १२.४ | ३१४३ | ५.८ | ३५२५ | ६.५ | १५.६ | ४२७ |
| ३ | १५५९ | ६४२१ | ११.९ | २९९७ | ५.६ | ३४२४ | ६.४ | ११.७ | ५४९ |
| ४ | १९९४ | ८००० | १४.८ | ३७४१ | ६.९ | ४२५९ | ७.९ | १५.४ | ५१९ |
| ५ | २७०६ | १०८५२ | २०.१ | ५१३० | ९.५ | ५७२२ | १०.६ | १३.७ | ७९२ |
| ६ | १८८० | ७९१० | १४.७ | ३८११ | ७.१ | ४०९९ | ७.६ | ९.६९ | ८१६ |
| ७ | १८१२ | ७३०२ | १३.५ | ३३९० | ६.३ | ३९१२ | ७.३ | १६.६ | ४४० |
| जम्मा | १३१६५ | ५३८९४ | १००.० | २५४२६ | ४७.२ | २८४६८ | ५२.८ | १०४.५९ | ५१५ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*




चित्र 1. जनसंख्याको वडागत वितरण

गाउँपालिकाको जनसंख्याको उमेरगत समुहको वनावटलाई हेर्दा सबैभन्दा बढी जनसंख्या ०५-०९ बर्ष उमेर समुहमा ८.८९% छ भने सबैभन्दा कम ९५ बर्ष भन्दा माथिको समुहमा ०.०७% (३७ जना) जनसंख्या

रहेको छ । ९५ बर्ष भन्दा माथिको जनसंख्यामा पुरुषको संख्या १२ र महिलाको संख्या २५ जना छ । जनसंख्याको सक्रिय उमेर समुह (१५-६४) लाई हेर्दा ६६.०२% जनसंख्या रहेको देखिन्छ भने ००-१४ बर्ष उमेर समुहमा २४.८२% जनसंख्या छ । त्यसैगरी ६५ बर्ष भन्दा बढी उमेर समुहमा ९.१५% जनसंख्या छ । यसरी जनसंख्याको उमेरगत समुहलाई हेर्दा सक्रिय उमेर समुहको हिस्सा सबैभन्दा बढी देखिन्छ । गाउँपालिकाको समग्र लैंगिक अनुपात ८९.३ भएतापनि ०.१४ बर्ष उमेर समुहको लैंगिक अनुपानत भने १०५ रहेको छ । जसले आगामी बर्षहरुमा गाउँपालिकामा महिला भन्दा पुरुषको संख्या बढी हुने संकेत गर्दछ । कमल गाउँपालिकाको जनसंख्याको पिरामिडलाई चित्र २ मा र उमेरगत समुहको बनावटलाई तालिका ७ मा प्रस्तुत गरिएको छ ।

तालिका 7. उमेर समुह अनुसार जनसंख्याको बनावट

| उमेर समुह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ००-०४ | २०६१ | ३.८२ | १९३४ | ३.५९ | ३९९५ | ७.४१ |
| ०५-०९ | २५११ | ४.६६ | २२८१ | ४.२३ | ४७९२ | ८.८९ |
| १०-१४ | २२८१ | ४.२३ | २३११ | ४.२९ | ४५९२ | ८.५२ |
| १५-१९ | २३७६ | ४.४१ | २३८१ | ४.४२ | ४७५७ | ८.८३ |
| २०-२४ | १९५५ | ३.६३ | २४१९ | ४.४९ | ४३७४ | ८.१२ |
| २५-२९ | १६८२ | ३.१२ | २४०२ | ४.४६ | ४०८४ | ७.५८ |
| ३०-३४ | १६६६ | ३.०९ | २४७० | ४.५८ | ४१३६ | ७.६७ |
| ३५-३९ | १८३८ | ३.४१ | २२६७ | ४.२१ | ४१०५ | ७.६२ |
| ४०-४४ | १७४९ | ३.२५ | २००९ | ३.७३ | ३७५८ | ६.९७ |
| ४५-४९ | १४२९ | २.६५ | १५९५ | २.९६ | ३०२४ | ५.६१ |
| ५०-५४ | १४२४ | २.६४ | १५६२ | २.९ | २९८६ | ५.५४ |
| ५५-५९ | ११३६ | २.११ | ११५३ | २.१४ | २२८९ | ४.२५ |
| ६०-६४ | ९५२ | १.७७ | १११८ | २.०७ | २०७० | ३.८४ |
| ६५-६९ | ८३९ | १.५६ | ९६१ | १.७८ | १८०० | ३.३४ |
| ७०-७४ | ६५८ | १.२२ | ७२७ | १.३५ | १३८५ | २.५७ |
| ७५-७९ | ४६४ | ०.८६ | ४२६ | ०.७९ | ८९० | १.६५ |
| ८०-८४ | २२२ | ०.४१ | २५५ | ०.४७ | ४७७ | ०.८९ |
| ८५-८९ | १३८ | ०.२६ | १२३ | ०.२३ | २६१ | ०.४८ |
| ९०-९४ | ३३ | ०.०६ | ४९ | ०.०९ | ८२ | ०.१५ |
| ९५ + बर्ष | १२ | ०.०२ | २५ | ०.०५ | ३७ | ०.०७ |
| कुल | २५४२६ | ४७.२ | २८४६८ | ५२.८ | ५३८९४ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*




चित्र 2. गाउँपालिकाको जनसंख्या पिरामिड

### २.१.६ जनसंख्याको प्रक्षेपण

नेपालको जनसंख्या वृद्धिदर राष्ट्रिय जनगणना २०६८ अनुसार १.३५% थियो भने राष्ट्रिय जनगणना २०७८ मा नेपालको जनसंख्या बृद्धिदर घटेर ०.९२% भएको छ। कमल गाउँपालिकाको राष्ट्रिय जनगणना २०६८ र २०७८ को तथ्याङ्कलाई आधार मानेर हेर्दा गाउँपालिकाको जनसंख्या बृद्धिदर १.६३% छ। यसले पनि के देखाउछ भने कमल गाउँपालिकाको जनसंख्या क्रमश वृद्धि हुँदै गैरहेको छ। यसरी २०६८ र २०७८ सालको जनगणनाबाट प्राप्त जनसंख्याको बृद्धिदरलाई प्रत्येक बर्षको अन्तरालमा विभाजित गरी घातङ्कीय वृद्धिदर (Exponential Growth Rate) पद्धतिको प्रयोगद्वारा आगामी ५ बर्ष सम्मको जनसंख्या प्रक्षेपण गरिएको छ। घातङ्कीय वृद्धिदरले दुईवटा समय अवधिको जनसंख्यामा हुने परिवर्तनलाई आधार बनाएर भावी जनसंख्याको प्रक्षेपण गर्दछ र यसै पद्धतीको प्रयोग गरी कमल गाउँपालिकाको आगामी ५ बर्षको जनसंख्याको प्रक्षेपण गरिएको छ।

यदि आगामी बर्षहरुमा गाउँपालिकाको जनसांख्यिकीय वनावटमा परिवर्तन नआएमा र यहि बृद्धिदर कायम रहेमा कमल गाउँपालिकाको जनसंख्या वि.स. २०८३ मा ५८४३२ र वि.स. २०८६ मा ६१३३६ पुग्ने देखिन्छ। तर वैदेशिक रोजगारीको सिलसिलामा गाउँपालिकाबाट ठूलो मात्रामा युवाहरु विदेश जाने र फर्किएपछी पनि कोशी प्रदेशका दमक, विर्तामोड, इटहरी, बिराटनगर जस्ता शहरहरुतर्फ बसाइसरी जाने प्रवृति बढदो छ भने उच्च शिक्षा र रोजगारीको लागि गाउँपालिका बाहिर जाने युवाहरु समेत सकेसम्म आफ्नो गाउँ नफर्किने प्रवृतिले जनसंख्याको हालको बृद्धिदर घटन सक्ने संभावना समेत छ। कमल गाउँपालिकाको जनसंख्याको प्रक्षेपण सम्बन्धी विस्तृत विवरण तालिका ८ र चित्र ३ मा प्रस्तुत गरिएको छ:

तालिका 8. कमल गाउँपालिकाको जनसंख्याको प्रक्षेपण

| बर्ष | जनसंख्या |
|---|---|
| २०७८ | ५३८९४ |
| २०७९ | ५४७७२ |
| २०८० | ५५६६५ |
| २०८१ | ५६५७३ |
| २०८२ | ५७४९५ |
| २०८३ | ५८४३२ |
| २०८४ | ५९३८४ |
| २०८५ | ६०३५२ |
| २०८६ | ६१३३६ |

*बृद्धिदरः १.६३*
*बृद्धिदर गणना स्रोतः राष्ट्रिय जनगणना २०६८ र २०७८*




चित्र 3. गाउँपालिकाको आगामी ५ बर्षको जनसंख्याको प्रक्षेपण

### २.१.७ बसाईसराई र वैदेशिक रोजगार

जनसंख्याको बनावट र आकारमा आउने परिवर्तनको एक प्रमुख कारण बसाइसराई पनि हो । कमल गाउँपालिकामा बसाइसराई एउटा सामाजिक घटनाको रुपमा निरन्तर भैरहेको देखिन्छ । रोजगारी र अन्य सामाजिक आर्थिक अवसरको खोजिमा गाउँपालिकाबाट राजधानी काठमाण्डौ र विदेशतर्फ मानिसहरु निरन्तर रुपमा बसाइसरी गैरहेको देखिन्छ भने पूर्वका पहाडी र हिमाली जिल्लाहरु लगायत झापा र मोरङ जिल्लाका ग्रामिण भेगबाट रोजगारी, शिक्षा लगायत व्यापार व्यावसायको लागि गाउँपालिका (शहरी उन्मुख क्षेत्रहरुः पाडाजुँगी र केर्खा) आउने प्रवृति पनि त्यतिकै छ । जसले गर्दा कमल गाउँपालिकामा जनसंख्या

निरन्तर बढीरहेको छ । जनसंख्याको बृद्धिदर पनि राष्ट्रिय बृद्धिर (०.९२%) र कोशी प्रदेशको बृद्धिदर (०.८६%) भन्दा कमल गाउँपालिकाको बढि (१.६३) रहेको छ। गाउँपालिकाको मिति २०८० श्रावण देखि २०८१ असार मसान्त सम्मको घटना दर्ताको विवरण हेर्दा पनि गाउँपालिकामा बसाई सरी आउने परिवार संख्या २०६ छ भने बसाई सरी जाने परिवार संख्या १९० छ।

तालिका 9. गन्तव्य मुलुकहरुको विवरण

| क्र.स. | गन्तव्य मुलुक | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भारत | ६६२ | १२.३७ |
| २ | सार्क राष्ट्र | १५ | ०.२८ |
| ३ | आशियान | ५८५ | १०.९३ |
| ४ | मध्य पूर्व | ३१६१ | ५९.०८ |
| ५ | अन्य एशियाली देश | २९७ | ५.५५ |
| ६ | युरोपियन राष्ट्र | १६९ | ३.१६ |
| ७ | अन्य युरोपियन राष्ट्र | १५५ | २.९० |
| ८ | उतर अमेरिकी राष्ट्र | १४५ | २.७१ |
| ९ | दक्षिण अमेरिकी राष्ट्र | १ | ०.०२ |
| १० | अफ्रिकन राष्ट्र | ९ | ०.१७ |
| ११ | प्यासिफीक | १३४ | २.५ |
| १२ | अन्य | ९ | ०.१७ |
| १३ | उल्लेख नभएको | ८ | ०.१५ |
| | जम्मा | ५३५० | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणणा, २०७८*

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्लाई हेर्दा कमल गाउँपालिकामा ५३५० जना व्यक्तिहरु परिवारमा अनुपस्थित (विदेश गएको) देखिन्छ जसमध्ये पुरुषको संख्या ४२९२ (८०.२%) र महिलाको संख्या १०५८ (१९.८%) छ । अनुस्थित जनसंख्या मध्ये सबैभन्दा बढी २०४९ (३८.३%) जनसंख्या २५-३४ बर्ष उमेर समुहको छ। अनुपस्थित भएका कुल जनसंख्यामा मध्ये सबैभन्दा बढी ५९.०८% मानिसहरुको गन्तव्य मध्य पूर्वका मुलुकहरु छन । छिमेकी मुलुक भारत दोस्रो प्रमुख गन्तव्य देखिन्छ जहाँ १२.३७% मानिसहर जाने गरेका छन्। त्यस्तै आशियान देशहरु जाने १०.९३%, अन्य एशियाली राष्ट्रहरु जाने ५.५५% र युरोपियन राष्ट्र जाने ६.०६% (युरोपेली र अन्य युरोपेली) छ (विस्तृत विवरण तालिका ९)।

कमल गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण २०७५ का अनुसार कमल गाउँपालिकाबाट अध्ययन, रोजगार तथा अन्य कामका सिससिलामा ४२०१ जना व्यक्तिहरु वैदेशिक रोजगारीमा गएका छन्। यसरी विदेश जानेहरुमा सबै भन्दा बढी करिब ८४% मध्यपूर्वका खाडी मुलुकहरु र मलेशिया गएका छन् भने ४.३८% युरोप/अमेरिकी देशहरु, ३.४३% जापान/कोरिया र ८.२४% भारत गएका छन् । त्यसैगरी गाउँपालिकाको “आप्रवासन तथा पुनःएकिकरण वस्तुस्थिति विवरण, २०८१” का अनुसार गाउँपालिकाबाट ४५०५ जना रोजगारीको लागि विदेश गएको र १८०९ जना स्वदेश फर्किएको देखिन्छ भने सबैभन्दा बढी (२४.३५%) कामदारहरुको गन्त्यव्य मध्य पूर्वको देश संयुक्त अरब इमिरेट (युएई) छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङकमा आधारित भएर बसाइसराईका कारणहरुलाई विश्लेषण गर्दा गाउँपालिकाबाट

काम/रोजगारीको लागि बसाई सर्ने या विदेश जाने सिलसिलामा अनुपस्थित हुने मानिसहरुको संख्या सबैभन्दा बढी ८०.४% छ। अन्य प्रमुख कारणहरुमा अध्ययन/तालिम ६.४%, रोजगारीको खोजि ५.९% र आश्रितको (डिपेन्डेन्ट) संख्या ५.४% छ (तालिका १०)।

तालिका 10. अनुपस्थित हुनका कारणहरु

| क्र.स. | कारणहरु | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | काम/रोजगारी | ४३०० | ८०.४ |
| २ | वाणिज्य/व्यापार | २८ | ०.५ |
| ३ | अध्ययन/तालिम | ३४५ | ६.४ |
| ४ | रोजगारीको खोजी | ३१६ | ५.९ |
| ५ | आश्रित (डिपेन्डेन्ट) | २९१ | ५.४ |
| ६ | अन्य | ४८ | ०.९ |
| ७ | उल्लेख नभएको | २२ | ०.४ |
| जम्मा | | ५३५० | १००.० |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*




चित्र 4. वैदेशिक रोजगारीको लागि विदेश गएका व्यक्तिहरुको वडागत वितरण

कमल गाउँपालिकाको आप्रवासन तथा पुनःएकिकरण वस्तुस्थिति विवरण २०८१ अनुसार गाउँपालिकामा कुल जनसंख्याको ८.३६% जनसंख्या वैदेशिक रोजगारीको लागि विदेश गएको छ। गाउँपालिकाबाट वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको वडागत वितरण हेर्दा लगभग सबै वडाहरुबाट समान हिसाबले मानिसहरु विदेश गएको देखिन्छ । त्यसमध्ये सबैभन्दा बढी व्यक्तिहरु वडा नं २ बाट (१६.५%) र सबै भन्दा कम व्यक्तिहरु वडा नं ३ बाट (११.८%) रोजगारीको लागि विदेश गएको देखिन्छ (चित्र ४)।

विप्रेषण गाउँपालिकाको एक प्रमुख आयस्रोत रहेको देखिन्छ। गाउँपालिकामा १ बर्षमा वैदेशिक रोजगारबाट विप्रेषणको रुपमा रु १,०४,१६,७६,९५५ भित्रिएको देखिन्छ। यसरी भित्रिएको रकममध्ये सबैभन्दा बढी ४२.७७% रकम ऋण तिर्न, १६.२२% दैनिक उपभोग, १५.२९% घरायसी सम्पति खरिद, ८.९६% बालबालिकाहरुको शिक्षामा खर्च हुने गरेको छ भने केवल ५.८% रकम मात्र बचत हुने गरेको छ (चित्र ५)।




चित्र 5. गाउँपालिकामा विप्रेषण लगानीका क्षेत्रहरु

### २.१.८ जन्म स्थानको आधारमा जनसंख्याको विवरण

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार जन्मस्थान र हालको बसोबास कमल गाउँपालिका भित्रै रहेका व्यक्तिहरु ४७.४४% प्रतिशत छन् भने झापा जिल्ला भित्रका अन्य स्थानीय तहहरुमा जन्म भै हाल कमल गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको संख्या ९.६७% छ। झापा जिल्ला बाहेक अन्य जिल्लाहरुमा जन्म भै हाल कमल गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको संख्यालाई हेर्दा हिमाली जिल्लामा जन्म भएका मानिसहरु ६.७१%, पहाडी जिल्लामा जन्म भएका मानिसहरु २६.४७% र तराईका जिल्लामा जन्म भएका ५.९१% छन्। विदेशमा जन्म भै हाल कमल

तालिका 11. जन्म स्थानको आधारमा जनसंख्याको विवरण

| विवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|
| कमल गाउँपालिकामा जन्म भएका | २५५६९ | ४७.४४ |
| झापा जिल्ला भित्रका अन्य स्थानीय तहमा जन्म भएका | ५२०९ | ९.६७ |
| हिमाली जिल्लामा जन्म भएका | ३६१८ | ६.७१ |
| पहाडी जिल्लामा जन्म भएका | १४२६८ | २६.४७ |
| तराईका जिल्लामा जन्म भएका | ३१८३ | ५.९१ |
| विदेशमा जन्म भएका | २००१ | ३.७१ |
| जन्म स्थान उल्लेख नभएका | ४६ | ०.०९ |
| जम्मा | ५३८९४ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको संख्या ३.७१% (२००१) छ भने ४६ जना मानिसहरुको जन्म स्थान उल्लेख नगरेको देखिन्छ । विस्तृत विवरण तालिका ११ मा प्रस्तुत गरिएको छ ।

### २.१.९ घटना दर्ताको अवस्था

जन्म, मृत्यु, सम्बन्ध विच्छेद, विवाह र बसाइसराई जस्ता जनसांख्यिकीय घटनाहरु गाउँपालिकामा नियमित रुपमा दर्ता हुने गरेको छ । गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को रेकर्ड अनुसार गाउँपालिकामा कुल १६१२ वटा घटनाहरु दर्ता भएको देखिन्छ । जसमा सबैभन्दा बढी विवाहका घटनाहरु ४२०, मृत्यु ३७२, जन्म ३५५, सम्बन्ध विच्छेदका घटनाहरु ६९ वटा घटनाहरु दर्ता भएको छ (चित्र ६) ।




*स्रोतः कमल गाउँपालिका, २०८१*

चित्र 6. गाउँपालिकामा घटना दर्ता सम्बन्धी विवरण (आ.व. २०८०/८१)

### २.१.१० वैवाहिक अवस्था

राष्ट्रिय जनगणना २०७८ का अनुसार कमल गाउँपालिकामा १० बर्ष वा सो भन्दा बढी उमेरका कुल जनसंख्याको २९.९% व्यक्तिहरु अविवाहित रहेका छन् । जसमा पुरुष १६.३% र महिला १३.६% छन । त्यस्तै ६३.४% विवाहित, ५.५% विधुवा/विधुर, ०.३% पारपाचुके गरेका र ०.८% छुटिएका व्यक्तिहरु छन् । कुल विवाहित जनसंख्यामा पुरुष विवाहित संख्या २८.३% र महिला विवाहित संख्या ३५.१४% छ । पाचपाचुके गर्नेको संख्या पनि महिलाको तुलनामा पुरुषको संख्या बढी छ (तालिका १२) ।

तालिका 12. वैवाहिक अवस्था

| वैवाहिक अवस्था | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| अविवाहित | ७३७३ | १६.३ | ६१३६ | १३.६ | १३५०९ | २९.९ |
| विवाहित | १२७७० | २८.३ | १५८४९ | ३५.१४ | २८६१९ | ६३.४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विधुवा/विधुर | ५०४ | १.१ | १९७१ | ४.३७ | २४७५ | ५.५ |
| परपाचुके | ७३ | ०.२ | ७५ | ०.१७ | १४८ | ०.३ |
| छुट्टिएको | १३४ | ०.३ | २२२ | ०.४९ | ३५६ | ०.८ |
| कुल | २०८५४ | ४६.२ | २४२५३ | ५३.७७ | ४५१०७ | १००. |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

### २.१.११ जातजाती

राष्ट्रिय जनगणना २०७८ ले कमल गाउँपालिकामा ६० वटा विभिन्न जाजजातीहरु पहिचान गरेको छ । ब्राम्हण पहाड, क्षेत्री, याक्थुङ/लिम्बु, राई, विश्वकर्मा, सन्थाल, नेवार, तामाङ, परियार, ताजपुरिया, मगर, धिमाल, गुरुङ, राजवंशी, घर्ती, भुजेल, माझी यहाँका प्रमुख जातजातीहरु हुन । जातीगत हिसाबले हेर्दा सबैभन्दा बढी ब्राम्हण-पहाडको जनसंख्या २४.८८% र दोस्रोमा क्षेत्रीहरुको जनसंख्या २०.५६% छ । त्यसैगरी याक्थुङ/लिम्बुको संख्या १०.५५% र राईहरुको संख्या ८.९४% छ । जातीय विविधता भएको कमल गाउँपालिकाको जनसंख्याको जातीगत वनावटको विस्तृत विवरण तालिका १३ मा प्रस्तुत गरिएको छ।

तालिका 13. गाउँपालिकाको जातिगत विवरण

| क्र.स. | जातजाती | जनसंख्या | प्रतिशत | क्र.स. | जातजाती | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ब्राम्हण-पहाड | १३४११ | २४.८८ | २२ | कमर | २०८ | ०.३९ |
| २ | क्षेत्री | ११०८३ | २०.५६ | २३ | सुनुवार | १६७ | ०.३१ |
| ३ | याक्थुङ/लिम्बु | ५६८६ | १०.५५ | २४ | ओरावन/कुडुख | १६४ | ०.३० |
| ४ | राई | ४८१८ | ८.९४ | २५ | लोहार | १३१ | ०.२४ |
| ५ | विश्वकर्मा | २१२७ | ३.९५ | २६ | हजाम/ठाकुर | ११६ | ०.२२ |
| ६ | सन्थाल | १९६३ | ३.६४ | २७ | वान्तवा | ९१ | ०.१७ |
| ७ | नेवार | १८७९ | ३.४९ | २८ | सुँडी | ८८ | ०.१६ |
| ८ | तामाङ | १४०२ | २.६ | २९ | हलवाई | ८३ | ०.१५ |
| ९ | परियार | १३९६ | २.५९ | ३० | अन्य | ५७१ | १.०६ |
| १० | ताजपुरिया | १२०६ | २.२४ | ३१ | विदेशी | ७८ | ०.१४ |
| ११ | मगर | ११७० | २.१७ | ३२ | सन्यासी/दशनामी | ७७ | ०.१४ |
| १२ | धिमाल | ९८३ | १.८२ | ३३ | बंगाली | ७६ | ०.१४ |
| १३ | गुरुङ | ७९५ | १.४८ | ३४ | मुसलमान | ७३ | ०.१४ |
| १४ | राजवंशी | ७०५ | १.३१ | ३५ | मल्लाह | ७२ | ०.१३ |
| १५ | घर्ती/भुजेल | ५६९ | १.०६ | ३६ | मेचे | ७२ | ०.१३ |
| १६ | माझी | ५४४ | १.०१ | ३७ | कुमाल | ६६ | ०.१२ |
| १७ | थारु | ४१२ | ०.७६ | ३८ | दनुवार | ६६ | ०.१२ |
| १८ | मिजार | ३७५ | ०.७ | ३९ | ठकुरी | ६१ | ०.११ |
| १९ | ब्राम्हण-तराई | ३७४ | ०.६९ | ४० | शेर्पा | ६१ | ०.११ |
| २० | तेली | ३२८ | ०.६१ | ४१ | सोनार | ६० | ०.११ |
| २१ | मुसहर | २८७ | ०.५३ | जम्मा | | ५३८९४ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

### २.१.१२ भाषा

नेपाली भाषा कमल गाउँपालिकामा बोलिने मुख्य भाषा भएतापनि राष्ट्रिय जनगणना २०७८ ले गाउँपालिकामा ४१ वटा विभिन्न भाषाहरु बोलिने तथ्याङ्क उजागर गरेको छ । गाउँपालिकामा बसोबास गर्ने कुल जनसंख्याको सबैभन्दा बढी ६३.२३% मानिसहरुले बोलिचालिको लागि नेपाली भाषा प्रयोग गर्दछन् । दोस्रो र तेस्रो स्थानमा याक्थुङ/लिम्बु र सन्थाल भाषा बोल्ने मानिसहरुको संख्या क्रमश ९% र ३.४१% छ । त्यसैगरी राई भाषा बोल्ने मानिसहरु ३.३२%, वान्तवा भाषा बोल्ने २.४२%, ताजपुरिया भाषा बोल्ने २.१८% र मैथिली भाषा बोल्ने २.०१% छन् । गाउँपालिका बोल्ने मुख्य भाषाहरुको विस्तृत विवरण तालिका १४ मा प्रस्तुत गरिएको छ ।

तालिका 14. भाषाको प्रकार अनुसार जनसंख्या

| क्र.स. | भाषा | जनसंख्या | प्रतिशत | क्र.स. | भाषा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | ३५६९५ | ६६.२३ | १२ | नेवारी | ४६८ | ०.८७ |
| २ | यान्थुङ/लिम्बु | ४८५२ | ९.०० | १३ | गुरुङ | ४२७ | ०.७९ |
| ३ | सन्थाल | १८३९ | ३.४१ | १४ | चाम्लिङ | २९५ | ०.५५ |
| ४ | राई | १७९० | ३.३२ | १५ | थारु | २८९ | ०.५४ |
| ५ | वान्तवा | १३०२ | २.४२ | १६ | उराउ | १५८ | ०.२९ |
| ६ | ताजपुरिया | ११७७ | २.१८ | १७ | माँझी | १४० | ०.२६ |
| ७ | मैथिली | १०८२ | २.०१ | १८ | साम्पाङ | १३९ | ०.२६ |
| ८ | तामाङ | ९७२ | १.८० | १९ | सुनुवार | ११२ | ०.२१ |
| ९ | धिमाल | ८२८ | १.५४ | २० | भुजेल | १०३ | ०.१९ |
| १० | मगर धुत | ८०० | १.४८ | २१ | अन्य | ७५८ | १.४१ |
| ११ | राजवंशी | ६६८ | १.२४ | जम्मा | | ५३८९४ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

### २.१.१३ धर्म

कमल गाउँपालिकामा धार्मिक हिसाबले जनसंख्याको वनावटलाई हेर्दा हिन्दु, किराँत र बौद्ध मुख्य ३ धर्महरु छन् । गाउँपालिकामा सबैभन्दा बढी हिन्दु धर्म मान्ने जनसंख्या ७४.२१%, किराँत धर्म मान्नेहरु १७.०१% र बौद्ध धर्म मान्नेहरु ५.०१% छन् (विस्तृत विवरण चित्र ७)।




चित्र 7: धर्म अनुसार जनसंख्या

### २.१.१४ अपांगको अवस्था

गाउँपालिकाको कुल जनसंख्या मध्ये ९७.९०% प्रतिशत जनसंख्यामा कुनैपनि प्रकारको अपांगता छैन । लिंगको आधारमा कुनैपनि अपांगता नभएको संख्या पुरुषको भन्दा महिलाको ३% जतिले बढी छ । विभिन्न प्रकारका अपांगता मध्ये सबैभन्दा बढी शारीरिक अपांगता हुने मानिसहरुको संख्या २०७ जना (०.६८%) छ । अपांगता सम्बन्धी विस्तृत विवरण तालिका १५ मा प्रस्तुत गरिएको छः

तालिका 15: अपांगताको प्रकार अनुसार जनसंख्याको विवरण

| अपांगताको अवस्था | जनसंख्या | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| शारीरिक अपांगता | ३६५ | ०.६८ | २०७ | ०.३६ | १५८ | ०.२९ |
| न्यून दृष्टियुक्त | १३१ | ०.२४ | ७२ | ०.१३ | ५९ | ०.११ |
| पूर्ण दृष्टियुक्त | ७३ | ०.१४ | ४३ | ०.०८ | ३० | ०.०६ |
| बहिरोपन | १०७ | ०.२० | ५२ | ०.०९ | ५५ | ०.१० |
| सुस्तश्रवण | १२५ | ०.२३ | ६१ | ०.११ | ६४ | ०.१२ |
| श्रवण दृष्टिविहिन | १४ | ०.०३ | ७ | ०.०१ | ७ | ०.०१ |
| स्वर र बोलाई | ८० | ०.१५ | ४४ | ०.०८ | ३६ | ०.०७ |
| मानसिक वा मनोसामाजिक | ६७ | ०.१२ | ३८ | ०.०७ | २९ | ०.०५ |
| बौद्धिक अपांगता | ३४ | ०.०६ | १९ | ०.०३ | १५ | ०.०३ |
| अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | ५ | ०.०१ | ० | ०.०० | ५ | ०.०१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अटिजम् | ८ | ०.०१ | २ | ०.०० | ६ | ०.०१ |
| बहुअपांगता | १२१ | ०.२२ | ६३ | ०.११ | ५८ | ०.११ |
| कुनैपनि अपांगता नभएको | ५२७६१ | ९७.९० | २४८१५ | ४३.६२ | २७९४६ | ५१.८५ |
| उल्लेख नभएको | ३ | ०.०१ | ३ | ०.०१ | ० | ०.०० |
| जम्मा | ५३८९४ | १००.०० | २५४२६ | ४४.६९ | २८४६८ | ५२.८२ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २.१.१५ भू-उपयोग

कमल गाउँपालिकामा आन्तरिक र अन्तराष्ट्रिय बसाइसराई, अव्यवस्थित र बढदो वस्ती विकास तथा शहरीकरण, पूर्वाधार निर्माण, सडकको विस्तार, नीजि क्षेत्रबाट भैरहेको अव्यवस्थित प्लटिङ लगायतका कारणले कृषियोग्य जमीन, हरियाली क्षेत्र, सरकारी र सार्वजनिक जग्गा तथा विभिन्न प्राकृतिक श्रोतहरुमा अतिक्रमण हुन गै खाद्य सुरक्षा, वातावरणीय सन्तुलन र गाउँपालिकाको दिगो विकासमा चुनौती देखा पर्न थालेको छ।

तालिका 16. गाउँपालिकाको वर्तमान भू-उपयोग

| क्र.स. | भू-उपयोगको क्षेत्र | क्षेत्रफल (वर्ग किमि) | प्रतिशत |
|---|---|---|---|
| १ | बाँझो जमीन | ०.३१ | ०.३ |
| २ | संघन वस्ती/बजार क्षेत्र | ४.४७ | ४.२७ |
| ३ | झाँडी क्षेत्र | ५.६२ | ५.३७ |
| ४ | कृषि क्षेत्र | ७६.२९ | ७२.९४ |
| ५ | वन | १२.६ | १२.०५ |
| ६ | घाँसे मैदान | ०.०९ | ०.०९ |
| ७ | नदि/खोलाको बगर | २.१७ | २.०७ |
| ८ | नदि, ताल, पोखरी | ३.०४ | २.९१ |
| जम्मा | | १०४.५९ | १००. |

*स्रोतः गाउँपालिकाको भू-उपयोग योजना, २०७८*

यस्ता समसामयिक विषयहरुलाई दिगो र योजनावद्ध रुपमा व्यवस्थापन गर्नको लागि गाउँपालिकाले २०७८ मा भू-उपयोग योजना तर्जुमा गरेको छ। उक्त भू-उपयोग योजना अनुसार गाउँपालिकाको वर्तमान भू-उपयोगलाई हेर्दा कुल क्षेत्रफलको सबैभन्दा बढी ७२.९४% (७६.२९ वर्ग किमि) भू-भाग कृषि क्षेत्रले ढाकेको छ भने वन क्षेत्रले गाउँपालिकाको १२.०५% भूभाग ओगटेको छ। त्यसैगरी संघन वस्ती/बजार क्षेत्रले ४.२७% र झाँडी क्षेत्रले ५.३७% भू-भाग ढाकेको छ। अन्य क्षेत्रहरुमा नदि/खोलाको बगर क्षेत्रले २.०७% र नदि, ताल, पोखरी क्षेत्रले २.९१% भू-भाग ओगटेको छ (तालिका १६ र नक्शा ३)।




नक्शा 3. गाउँपालिकाको भू-उपयोग नक्शा

## २.२ आर्थिक विकासको अवस्था

पूर्व-पश्चिम महेन्द्र राजमार्ग, उत्तर दक्षिण पाँडाजुगी-गौरीगंज राजमार्ग र केर्खा-क्याम्पा-ढयाङ्ग्री बजार-बैगुनधुरा पक्की सडकको पहुँचले गर्दा कमल गाउँपालिका सडक तथा यातायातको पहुँचको दृष्टिकोणले निक्कै सुगम छ । सडक तथा यातायातको सहज पहुँच र बढदो शहरी पूर्वाधारहरुले गर्दा गाउँपालिका भित्र पाडाजुँगी, केर्खा, क्याम्पा, मंगलबारे, समयगढ, बाँसबारी, सरङपाडा, ढयाङ्ग्री, रंगपुर, ठूलो बान्हघरे जस्ता वस्ती र साना शहरी केन्द्रहरुको विकास भैरहेको छ । कृषि, व्यापार, सेवा, पर्यटन र घरेलु तथा साना उद्योगहरु, विप्रेषण यहाँका मुख्य आर्थिक स्रोतहरु हुन भने स्थानीय सहकारी संस्थाहरु, वित्तिय संस्थाहरु लगायत ठूला व्यवसायिक बैंकहरुले समेत यहाँको आर्थिक विकासमा उल्लेख्य योगदान पुऱ्याउदै आईरहेका छन । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कलाई आधार मानेर हेर्दा कमल गाउँपालिकामा आर्थिक रुपले सक्रिय (१५-६५ बर्ष) जनसंख्या ६६% रहेको छ । यसरी जनसांख्यिकिय वनावटको हिसाबले हेर्दा समेत यस गाउँपालिकामा आर्थिक रुपले सक्रिय जनसंख्याको अवस्था उच्च रहेको देखिन्छ । आर्थिक विकासको विद्यमान अवस्थालाई तलको उपखण्डहरुमा विस्तृत रुपमा व्याख्या गरिएको छ ।

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

कृषि यस गाउँपालिकाको मुख्य अग्रिणी क्षेत्र हो र गाउँपालिकाको कुल गाहर्थ उत्पादनको ६०% भन्दा बढी क्षेत्र पनि यसैले ओगटेको छ । गाउँपालिकाको भू-उपयोग योजना, २०७८ का अनुसार गाउँपालिकाको ७६.२९% भू-भाग (७२.९४ वर्ग किमि ) कृषि क्षेत्र रहेको छ । उष्ण हावापानी, प्रशस्त मनसुनी बर्षा र उर्वर भूमि भएकोले कमल कृषि उत्पादनको लागि निक्कै उपयुक्त गाउँपालिका हो । प्रदेश नं १ को पार्श्वचित्र २०७६/७७ का अनुसार कमल गाउँपालिकामा खाद्यान्न बाली अन्तर्गत धान, मकै, गहुँ, कोदो आदि उत्पादन हुने गरेको छ । त्यसैगरी नगदेवाली अन्तर्गत आलु, उखु, जुट र दलहन बाली अन्तर्गत मसुरो, चना, रहर, मास, खेसरी गहत, भटमास आदी उत्पादन हुने गरेको छ । गाउँपालिकामा गोलभेडा, फर्सी, घिरौला, लौका, सिमी, बोडी, भान्टा, भिंडी, करेला, मुला, रायो, चम्सुर जस्ता तरकारीहरु समेत प्रशस्त मात्रामा फल्ने गरेको छ भने आँप, केरा, अम्बा, मेवा, कटहर, भुइकटहर, लिची जस्ता फलफुलहरु समेत उत्पादन हुने गरेको छ (तालिका १७) ।

तालिका 17. कृषि वालीहरुको वर्गीकरण

| क्र.स. | वालीको प्रकार | वालीहरु |
|---|---|---|
| १ | खाद्यन्न बाली | धान, गहुँ, मकै, कोदो |
| २ | प्रमुख नगदे बाली | तेलबाली, आलु, जुट |
| ३ | दलहन | मसुरो, चना, रहर, मास, खेसरी, गहत र भटमास आदी |
| ४ | तेलहन | तोरी, सरसिउ, रायो, सूर्यमुखी, तील, बदाम, आलस, झुसेतील |
| ५ | तरकारी | गोलभेडा, फर्सी, घिरौला, लौका, सिमी, बोडी, भान्टा, भिंडी, करेला, मुला, रायो, चम्सुर आदि |
| ६ | फलफुल | आँप, केरा, अम्बा, मेवा, कटहर, भुईकटहर, लिची |
| ७ | मसला बाली | अदुवा, लसुन, वेसार, खुर्सानी |

*स्रोतः स्थलगत अध्ययन, २०८१ र प्रदेश १ को पार्श्वचित्र , २०७६/७७*

राष्ट्रिय कृषि गणना २०७८ का अनुसार कमल गाउँपालिकामा कुल कृषि परिवार संख्या ९५५६ रहेको छ भने कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल ५८६३.६ हेक्टर रहेको छ । कुल कृषक परिवार संख्या मध्ये सिंचाई सुविधा प्रयोग गर्ने कृषक परिवारको संख्या ८०६६.० छ । त्यसैगरी कुल कृषक परिवारले चलन गरेको कुल कृषि भूमि मध्ये ४३६५.९ हेक्टर जमीन सिंचित छ (तालिका १८) । गाउँपालिकामा कन्काइ सिंचाई, सिम्ले चिस्यानी पैनी, तिन पैनी, रतुवा कुलो जस्ता सिचाई पूर्वाधाहरु छन जसबाट गाउँपालिकाको ९२५ घरधुरीलाई सिंचाई सुविधा प्राप्त भएको छ भने ६७० विघा क्षेत्रमा सिंचाई पुगेको छ (तालिका १९) । तर हिउद याममा खोलामा पानीको अभाव, कृषि योग्य जमीनमा सबैतिर नहरको पूर्वाधार नपुगेको जस्ता कारणहरुले गर्दा लक्ष्य अनुरुप सिंचाई सुविधा पुग्न सकेको छैन । जसले गर्दा स्थानीय कृषकहरु सिंचाईको लागि स्यालो ट्युबवेल, बोरिङ आदिमा भर पर्नु परेको छ ।

तालिका 18. कृषक परिवार संख्या, क्षेत्रफल, कित्ता संख्या र सिंचाई सम्बन्धी विवरण

| | |
|---|---|
| जम्मा कृषक परिवार संख्या | ९५५६ |
| कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) | ५८६३.६ |
| जम्मा कित्ता संख्या | १४७४७. |
| औसत कित्ता संख्या | १.५ |
| सिंचाई सुविधा प्रयोग गर्ने कृषक परिवारको संख्या | ८०६६.० |
| सिंचित क्षेत्रफल (हेक्टर) | ४३६५.९ |

*स्रोतः राष्ट्रिय कृषिगणना २०७८, पालिका स्तरका नतिजाहरु, कोशी प्रदेश*

तालिका 19. सिंचाई सम्बन्धि विवरण

| वडा नं. | नहर, कुलो/वोरिङको नाम | स्थान | उपलब्धता | लाभान्वित घरधुरी | सिंचित क्षेत्र (बिघा) |
|---|---|---|---|---|---|
| १ | कन्काई सिंचाई | नहर चौक | मौसमी | ७०० | ४६० |
| ५ | सिम्ले चिस्यानी पैनी (माथिल्लो) | सिम्ले | वर्षभरी | १०० | ६० |
| ५ | सिम्ले चिस्यानी पैनी (तल्लो) | सिम्ले | वर्षभरी | ३० | २५ |
| ६ | तिनै पैनी | कुलो | मौसमी | ६० | ६५ |
| ६ | रतुवा कुलो | वसन्त चौक | मौसमी | ३५ | ६० |
| जम्मा | | | | ९२५ | ६७० |

*स्रोतः गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण, २०७५*

समथल उर्वर भूमि, कृषि उत्पादनको लागि उपयुक्त वातावरण, प्रशस्त मनसुनी बर्षा र सिंचाई पूर्वाधारहरुको व्यवस्थाले गर्दा कमल गाउँपालिकामा कृषिवाली, तरकारी र फलफुल उत्पादनको प्रचुर संभावना रहेको छ । त्यसैगरी दुध, माछामासु, अण्डा आदि उत्पादनबाट समेत गाउँपालिकामा आर्थिक विकास हुने प्रशस्त संभावना देखिएको छ । अन्नवाली, तेलहन, दलहन, फलफुल, तरकारी, दुध, माछामासु, मह, अण्डा आदिको उत्पादन र विक्रिवितरण तथा यस्ता स्थानीय उत्पादनहरुमा आधारित उद्योगहरु स्थापना हुन सके गाउँपालिकाले कृषि तथा पशुपालनबाट समेत आर्थिक उन्नती गर्नसक्ने देखिन्छ । कृषिवालीको क्षेत्रफल, पशुपंक्षीको संख्या र उत्पादन सम्बन्धी विवरण तालिका २०, २१, २२ र २३ मा प्रस्तुत गरिएको छ ।

तालिका २०. कृषि वाली, क्षेत्रफल र उत्पादनको विवरण

| वडा नं. | अन्नवाली | | दलहनबाली | | तेलहनबाली | |
|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (कठ्ठा) | उत्पादन (क्विन्टल) | क्षेत्रफल (कठ्ठा) | उत्पादन (क्विन्टल) | क्षेत्रफल (कठ्ठा) | उत्पादन (क्विन्टल) |
| १ | ५०२७२ | ४३३४२९४ | २ | २० | ९३ | ६८६ |
| २ | २००४० | १९६६३८३ | १९ | ५५७ | ५९० | ५४६३ |
| ३ | ९४४३ | ७४०००३ | ० | ० | १०८ | ६६५ |
| ४ | ३८४९४ | २३१६३४० | ५८ | ३६१ | ४१ | ३३५ |
| ५ | ११५२८ | १५९७५२५ | ० | ० | ७०४ | ६१५५ |
| ६ | १५८५२ | १३७३३२१ | १ | ५ | २९२ | २४१५ |
| ७ | २६८५५ | ३०८४५४८ | ३७ | ३१३ | ८७ | ५९९ |
| जम्मा | १७२४८४ | १५४१२४१४ | ११७ | १२५६ | १९१५ | १६३१८ |

*स्रोतः गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण, २०७५*

तालिका 21. तरकारी, फुलफुल र नगदे वाली हुने क्षेत्रफल र उत्पादन

| वडा नं. | तरकारी वाली | | फलफुल | | नगदेबाली | |
|---|---|---|---|---|---|---|
| | क्षेत्रफल (कठ्ठा) | उत्पादन (क्विन्टल) | क्षेत्रफल (कठ्ठा) | उत्पादन (क्विन्टल) | क्षेत्रफल (कठ्ठा) | उत्पादन (क्विन्टल) |
| १ | १६ | ३०३४ | ० | ० | २ | १० |
| २ | २४८ | ७९६२७ | १ | २६० | २ | ५२ |
| ३ | १० | ४९ | २३ | १२ | ५६ | १३७ |
| ४ | ४० | ६२१० | १ | १७० | २७ | २२२१२ |
| ५ | १४ | ६०७५ | ० | ० | ० | ० |
| ६ | ४५ | ४०३५ | ० | ० | ० | १ |
| ७ | ११४ | १९६९३ | ० | ० | ६ | ६४९ |
| जम्मा | ४८७ | ११८७२३ | २५ | ४४२ | ९३ | २३०६१ |

*स्रोतः गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण, २०७५*

तालिका 22. गाईगोरु, रांगाभैसी र सुगुर/वंगुरको संख्या र उत्पादनको विवरण

| वडा नं. | गाईगोरु/बाछाबाच्छी | | रांगाभैसी/पाडापाँडी | | सुगुर/वंगुर | |
|---|---|---|---|---|---|---|
| | संख्या | दुध/घ्यू उत्पादन (लि) | दुध/घ्यू उत्पादन (लि) | मासु उत्पादन (केजी) | संख्या | मासु उत्पादन (केजी) |
| १ | १२९५ | २२०९ | १४३ | २०६० | ३१० | ६२३९ |
| २ | ११०३ | २१०८ | ९९ | १४३० | ४३० | ७११७ |
| ३ | ३७० | ६५० | १२० | ३१४० | ७७२ | २१९३६ |
| ४ | ११३७ | १६४१ | २९७ | १२३४० | २८५ | ६१७७ |
| ५ | ६२० | २१८६ | ६० | ० | ३३५ | ५५७४ |
| ६ | ६८० | १६६४ | १५४ | २२४५ | २७१ | ५२६५ |
| ७ | ८८६ | १०७८ | १७० | ६०० | ३१२ | ५३८६ |
| जम्मा | ६०९१ | ११५३६ | १०४३ | २१८१५ | २७१५ | ५७६९४ |

*स्रोतः गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण, २०७५*

तालिका 23. भेडाबाख्रा/कखुरा/हास र अन्यको संख्या र उत्पादनको विवरण

| वडा नं. | भेडाबाख्रा/खसीबोका | | | कखुरा/हास | | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | मासु उत्पादन (केजी | उन (केजी) | संख्या | अण्डा उत्पादन (गोटा) | मासु उत्पादन (केजी) | संख्या | मासु उत्पादन (केजी) |
| १ | १०६४ | ७९१० | ६०० | ४२०३ | २७६६८ | १५१९९ | ६१ | ५९ |
| २ | १२९१ | २६७५० | ८ | ६३२३ | ३६०८ | २७२८३ | १४३ | ० |
| ३ | १६५९ | २०७८२ | ० | ५४९३ | २५३६ | ४९५८८ | ५४ | ३० |
| ४ | ९९५ | ५१०५ | १० | १२६१५ | ५९३७० | १८९१३ | २२९ | ९६ |
| ५ | ७१६ | ३४३३ | ० | २८६२ | २८९००० | ५१३० | १० | ० |
| ६ | १०९५ | ८२६३ | ६०० | ३२३६ | ४१८०१८ | ३३७० | ० | ० |
| ७ | १३८९ | ४९२०७ | ६०८ | ५४६० | २१८८ | २३५९४ | ५९ | ५०२३ |
| जम्मा | ८२०९ | १२१४५० | १८२६ | ४०१९२ | ८०२३८८ | १४३०७७ | ५५६ | ५२०८ |

*स्रोतः गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण, २०७५*

कमल गाउँपालिकामा कृषि तथा पशुपंक्षीको विकास, विस्तार र बजारीकरणको लागि व्यवसायिक कृषि फर्म, व्यवसायीक पशु, पंक्षी तथा माछापालन फर्म, व्यवसायिक नर्सरी, व्यवसायिक अगुवा कृषक, सक्रिय ग्रामिण कृषि कार्यकर्ता, सक्रिय ग्रामिण पशु कार्यकर्ता, कृषि सहकारी लगायत कृषि तथा पशुसेवासंग सम्बन्धित विभिन्न सामुदायिक संस्था तथा समुहहरु संचालित छन् । राष्ट्रिय कृषिगणना २०७८ का अनुसार गाउँपालिकाका कुल कृषक परिवार संख्याको आम्दानीको स्रोतलाई हेर्दा ७१.९% परिवारको आम्दानीको मुख्य स्रोत कृषि नै देखिन्छ भने गैर कृषि आम्दानीमा आश्रित परिवारको संख्या २८.१% छ । कृषि उत्पादनबाट भएको आम्दानीले मात्र बर्षभरी परिवारलाई खान नपुग्ने कृषक परिवार संख्या ३५३२ छ । त्यसैगरी १-३ महिना खान नपुग्ने कृषक परिवार संख्या ९.८%, ४-६ महिना खान नपुग्ने कृषक परिवार संख्या १३.१%, ७-९ महिना खान नपुग्ने कृषक परिवार संख्या ६.७% र १०-१२ महिना खान नपुग्ने कृषक परिवार संख्या ७.५% छ (तालिका २४) । कृषि उत्पादनको आम्दानीबाट खान पुग्ने यो तथ्याङ्कले स्थानीय कृषकहरुको खाद्य सुरक्षाको अवस्थालाई उजागर गरेको छ ।

तालिका 24. आम्दनीको स्रोत र खाद्य सुरक्षाको अवस्था

| विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| कृषि परिवारको आम्दानीको मुख्य स्रोत (कृषि) | ६८७४ | ७१.९ |
| कृषि परिवारको आम्दानीको मुख्य स्रोत (गैर कृषि) | २६८३ | २८.१ |
| कृषि उत्पादनबाट भएको आम्दानीले मात्र बर्षभरी परिवारलाई खान नपुग्ने कृषक परिवार संख्या | ३५३२ | ३७.० |
| १-३ महिना खान नपुग्ने कृषक परिवार संख्या | ९३२ | ९.८ |
| ४-६ महिना खान नपुग्ने कृषक परिवार संख्या | १२४९ | १३.१ |
| ७-९ महिना खान नपुग्ने कृषक परिवार संख्या | ६४५ | ६.७ |
| १०-१२ महिना खान नपुग्ने कृषक परिवार संख्या | ७१६ | ७.५ |
| जम्मा कृषक परिवार संख्या | ९५५६ | १००.०० |

*स्रोतः राष्ट्रिय कृषिगणना २०७८, पालिकास्तरका नतिजाहरु, कोशी प्रदेश*

### २.२.२ पर्यटन तथा संस्कृति

कमल गाउँपालिकामा पर्यटक आकर्षणको लागि ठूला पर्यटकिय पूर्वाधारहरुको विकास नभएतापनि गाउँपालिकामा रहेका ऐतिहासिक र पर्यटकिय स्थलहरुमा पर्यटनको प्रशस्त संभावना रहेको छ । कमल गाउँपालिकामा ठूलो पोखरी, क्याम्पा बजार, समयगढ, प्राचिन वाल्मिकी आश्रम, हास पोखरी, अर्ना खाडी, सिताधारा, मयुरभिट्टा, भुतलुङ खोला, देवीथान र पोखरी, साधु होली, सिंहदेवी थान, महाराज थान, देवीथान जस्ता ऐतिहासिक स्थलहरु छन् । त्यसैगरी चियाबगान, पुष्पथिर घिमिरे स्मृति प्रतिष्ठान, प्राचीन वाल्मिकी आश्रम तथा सिमसार, धरधरे सिमसार क्षेत्र जस्ता पर्टयकिय संभावना बोकेका स्थलहरु समेत छन् । हिन्दु, बौद्ध, किराँत र इसाई धर्मावलम्वीहरुको बसोबास रहेको यस गाउँपालिकामा दशैं, तिहार, बुद्धजयन्ती, ल्होसार, उधौली, उभौली, तीज, बालाचतुर्दशी, माँघे तथा साउने सक्रान्ति, कृष्णजन्म अष्टमी, गाईजात्रा, हिलेजात्रा, रामनवमी, क्रिसमस आदि पर्वहरु विशेषरुपमा मनाइने गरिन्छ । त्यसका अलावा कमल गाउँपालिकामा सोलमारी मेला, ढयाङ्ग्री मेला, सरङपाडा मेला, कृष्ण अष्टमी, सन्थाल नाच, साउने संक्रान्ती मेला, साकेला मेला, दशै तिहार मेला, सिरुवा मेला, दिनामही मेला, धिमाल मेला, रंगपुर मेला, गेउरिया मेला, नयाँ बर्ष मेला जस्ता धार्मिक र साँस्कृतिक महोत्सव र मेलाहरु पनि आयोजना हुने गरेका छन्।

गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रहरुमा पर्यटकिय पूर्वाधारहरु लगायत स्तरिय होटल, रिसोर्ट र पर्यटन सूचना केन्द्रको निर्माण र पर्यटन प्रहरीको व्यवस्था हुन सकेको खण्डमा यहाँ प्राकृतिक र धार्मिक दुवै पर्यटनको संभावना रहेको छ र यसको लागि कमल गाउँपालिका, स्थानीयवासी, नीजि क्षेत्र लगायत प्रदेश र केन्द्र सरकारले समेत कमलको पर्यटन विकासमा समन्वय र सहकार्य गर्दै पर्यटन सम्बन्धी जनशक्ति र पूर्वाधार विकासमा लगानी गरेको खण्डमा गाउँपालिकाले पर्यटनबाट समेत आर्थिक लाभ लिनसक्ने संभावना देखिन्छ । गाउँपालिका रहेका ऐतिहासिक र पर्यटकिय स्थलहरुको विवरण तालिका २५ र २६ मा प्रस्तुत गरिएको छ।

तालिका 25. गाउँपालिकामा रहेका ऐतिहासिक स्थलहरुको विवरण

| क्र.स. | नाम | वडानं | ऐतिहासिक महत्व | क्षेत्रफल | संरक्षणको अवस्था |
|---|---|---|---|---|---|
| १ | ठूलो पोखरी | १, वासवारी | गौचरण | २ विघा | संरक्षित नगरिएको |
| २ | क्याम्पा बजार | २ | जुद्ध शमसेर सिकार खेल्न आउदा क्याम्प वसेको हुँदा क्याम्पा नाम रहेको | १ विघा | संरक्षित |
| ३ | समयगढ | २ | विराट राजा विराटनगरबाट किच्चक बधमा जाँदा समयगढ आधा पर्ने हुनाले समयगढ नाम रहेको | १ विघा | संरक्षित |
| ४ | प्राचिन वाल्मिकी आश्रम | ३ | प्राचिन रामायण लेखक वाल्मिकी आश्रम | | संरक्षित |
| ५ | हास पोखरी | ३ | चरा चुरुङ्गी खल्ने | | |

| क्र.स. | नाम | वडानं | ऐतिहासिक महत्व | क्षेत्रफल | संरक्षणको अवस्था |
|---|---|---|---|---|---|
| ६ | अर्ना खाडी | ३ | अर्ना आहाल बस्ने | | |
| ७ | सिताधारा | ३, चुलाचुली | सिताले स्नान गरेको किंवदन्ती रहेको | | |
| ८ | मयुर भिट्टा | ४ | मयुर खल्ने | | संरक्षित |
| ९ | भुतुङ खोला | ४ | ढुंगा पाइएको | | |
| १० | ईनार | ४ | खाटीएको इनार | १ कठ्ठा | |
| ११ | देवीथान र पोखरी | ४ | देवि पुजा | ४ कठ्ठा | संरक्षित |
| १२ | साधु होली | ५, साधुहोली | धार्मिक महत्व | ५ विघा | संरक्षित नगरिएको |
| १३ | सिंहदेवी थान | ७, एकता चौक | धार्मिक महत्व | ४ कठ्ठा | संरक्षित |
| १४ | माहाराज थान | ७, बान्हघरे पोखरी छेउ | धार्मिक महत्व | ५ धुर | संरक्षित |
| १५ | माहाराज थान | ७, धिमाल डाँडा | धार्मिक महत्व | १ कठ्ठा | संरक्षित |
| १६ | देवी थान | ७, आयुर्वेदिक मेडिकल | धार्मिक महत्व | ५ धुर | संरक्षित |

*स्रोतः स्थलगत सर्वेक्षण, २०८१ र गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण, २०७५*

तालिका 26. गाउँपालिकामा अवस्थित पर्यटकिय स्थलहरुको विवरण

| क्र.स. | नाम | वडा नं | स्थान | बार्षिक पर्यटक आगमन |
|---|---|---|---|---|
| १ | चिया बगान | १ | रतनचौक | ८-१० हजार |
| २ | पुष्पथिर घिमिरे स्मृति प्रतिष्ठान | १ | लाफादी | ३-५ हजार |
| ३ | प्राचिन वाल्मिकी आश्रम तथा सिमसार | ३ | | |
| ४ | सिमसार क्षेत्र | ७ | धरधरे | |

*स्रोतः स्थलगत सर्वेक्षण, २०८१ र गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण, २०७५*

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

तालिका 27. व्यवसाय दर्ताको अवस्था (आर्थिक वर्ष २०८०/८१)

| व्यवसाय दर्ता स्थल | व्यवसाय दर्ता | नविकरण |
|---|---|---|
| वडा नं १ कार्यालय | ३० | ५६ |
| वडा नं २ कार्यालय | ३३ | ५६ |
| वडा नं ३ कार्यालय | ३३ | २३५ |
| वडा नं ४ कार्यालय | ११ | ३५ |
| वडा नं ५ कार्यालय | ५१ | ३९ |
| वडा नं ६ कार्यालय | २० | ४८ |
| वडा नं ७ कार्यालय | १७ | ४१ |
| गाउँपालिका कार्यालय | १९ | २७ |
| जम्मा | २१४ | ५३७ |

*स्रोतः कमल गाउँपालिका, २०८१*

कमल गाउँपालिकामा पाँडाजुगी, केर्खा, क्याम्पा, मंगलबारे, ठूलो बान्हघरे जस्ता शहरीकरण तर्फ उन्मुख बजार केन्द्रहरु छन् । गाउँपालिकाका यीनै मुख्य बजार क्षेत्रहरुमा बढदै गएको शहरीकरण र सडक संजालको विस्तारसंगै कमल गाउँपालिकामा नयाँ नयाँ उद्योग र व्यवसायहरुको संख्या बढदै गएको देखिन्छ । स्थानीय स्तरका कुटानी पिसानी मिलहरु, फर्निचर उद्योग, चिउरा मिलहरु, ढुवानी सेवा, सप्लार्यस, थुक्पा र खाजा भुजिया उद्योग, एग्रो उद्योग, चप्पल उद्योगहरु नै यस गाउँपालिकामा रहेका उद्योगहरु हुन । त्यसका अलावा गाउँपालिकामा दुग्ध व्यवसायी, टेलर्स, सुनचाँदी व्यवसायी, होटल, रेष्टुरेन्ट, खाद्य पसल, चिया खाजा पसल, माछामासु पसल, क्लिनिक तथा औषधी व्यवसाय, इलेक्ट्रोनिक्स, सैलुन तथा ब्युटी पार्लर, माछा र पशुपंक्षी फर्म, बेकरी तथा मिष्ठान भण्डार, तरकारी तथा फलफुल व्यवसाय, हार्डवेयर, फेन्सी पसल, कस्मेटिक पसल, फोटो स्टुडियो, जुत्ता चप्पल पसल, कपडा पसल, पुल हाउस, अटो वर्कसप, ग्रिल उद्योग, घडि रेडियो मर्मत, मसला पसल, पेट्रोल पम्प, भाँडाकुडा पसल, कार्पेट पसल, मदिरा डिलर, क्याटरिंग, निर्माण व्यवसायी, कम्प्युटर ट्रेनिङ, सिसा पसल, पुस्तक पसल, सहकारी, बैंक, मनी ट्रान्सफर्मर, कागज उद्योग, पानी फिल्टर, भेटनरी, फोटोकपी आदि जस्ता व्यवसायहरु संचालनमा रहेका छन् । केन्द्रिय तथ्याङ्क विभागको आर्थिक सर्वेक्षण २०१८ को तथ्याङ्कलाई आधार मानेर हेर्दा कमल गाउँपालिकामा १३५९ वटा विभिन्न प्रकारका उद्योग तथा व्यवसायहरु संचालनमा रहेको देखिन्छ । गाउँपालिकाको आर्थि बर्ष २०८०/८१ को तथ्याङ्क अनुसार वडा र गाउँपालिका कार्यालय गरेर कुल २१४ वटा नयाँ व्यवसायहरु दर्ता भएको देखिन्छ भने ५३७ वटा व्यवसायहरु नविकरण भएको छ (तालिका २७)।

गाउँपालिकामा हुने आयात निर्यातको यकिन तथ्याङ्कहरु उपलब्ध नभएपनि अधिकांश निर्माण सामाग्री, वाथरुम फिटिङ्स, औषधी, घरको पेन्टस, लत्ता कपडा, जुत्ता चप्पल, भाँडाकुडा, श्रृंगार सामाग्री, इन्धन र खाना पकाउने ग्यास, विद्युतीय सामाग्री, कृषि मल र उपकरण/औजार, सवारी साधन, पार्टपुर्जा आदि जस्ता वस्तुहरु गाउँपालिकामा आयात हुने गरेको पाइन्छ भने गाउँपालिकाबाट धान, चामल, चिउरा, इटा, मकै, तरकारी, दुध, माछामासु, अण्डा, फर्निचर आदि निर्यात हुने गरेको छ । काठमाण्डौ, दमक, विर्तामोड, इटहरी आदि गाउँपालिकाबाट आयात र निर्यात हुने मुख्य शहरहरु हुन ।

तालिका 28. आयात तथा निर्यात हुने वस्तु तथा सामाग्रीहरु

| क्र.स. | आयात हुने सामानहरु | निर्यात हुने सामानहरु |
|---|---|---|
| १ | खाद्य सामाग्री र औषधी | धान, चामल, चिउरा, इटा, मकै, तरकारी, दुध, माछामासु, अण्डा, फर्निचर |
| २ | लत्ताकपडा, जुत्ता चप्पल | |
| ३ | निर्माण सामाग्री, किचन र वाथरुप फिटिङ्स, रंग | |

| | | |
|---|---|---|
| ४ | भाँडाकुडा | |
| ५ | शृंगार सामाग्री | |
| ६ | पेट्रोल, डिजेल, एलपिजी ग्यास | |
| ७ | विद्युतीय सामाग्री | |
| ८ | कृषि सामाग्री, मल/बिउ र औजार/उपकरण | |
| ९ | सवारी साधन र पार्टस् पुर्जा | |

*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

कमल गाउँपालिकामा १२ वटा हाटबजारहरु संचालनमा रहेका छन । तरकारी, कपडा, माछामासु, जुत्ता चप्पल, रक्सी, शृंगार सामाग्री, घरेलु हतियार, कृषि सामाग्री, मल बिउ, स्थानीय तरकारी, फलफुल, दलहन, तेलहन, औषधी, जडिबुटी र अन्य घरयासी प्रयोजनका सरसामानहरु हाटबजारमा किनमेल र बिक्रीविरतण हुने मुख्य वस्तुहरु हुन । हाटबजारको विस्तृत विवरण तालिका २९ मा प्रस्तुत गरिएको छ ।

तालिका 29. स्थानीय हाटबजारहरुको विवरण

| वडा नं | हाटबजारको नाम | पूर्वाधारको अवस्था | हाट लाग्ने दिन |
|---|---|---|---|
| १ | वासवारी हाटबजार | बाटो, टहरा, ढल | प्रत्येक बुधवार |
| १ | सोलमारी हाटबजार | बाटो, टहरा, ढल | प्रत्येक मंगलबार |
| १ | सरङपाडा हाटबजार | बाटो, टहरा, ढल | बुधबारर शनिवार |
| २ | क्याम्पा हाटवजार | बाटो, टहरा, ढल | बिहिबार |
| २ | समयगढ हाटबजार | बाटो, टहरा, ढल | सोमबार |
| ३ | केर्खा हाटबजार | बाटो, पैनी, ढल | शनिवार |
| ४ र ६ | जिवनचौक बजार | | |
| ५ | मंगलबारे हाटबजार | बाटो, ढल | मंगलबार |
| ६ | आइतबारे बजार | | |
| ७ | रंगपुर हाटबजार | बाटो, टहरा | सोमबार, बिहिबार |
| ७ | ठूलो बान्हघरे हाटबजार | बाटो, टहरा | गंगलबार, शुक्रबार |
| ७ | गेउरिया हाटबजार | बाटो, टहरा | प्रत्येक शुक्रबार |

*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

## २.२.४ आम्दानी, रोजगारी र वित्तिय सेवा

कृषिको लागि अनुकुल मौसम, उर्वर खेती योग्य जमीनको उपलब्धता, पक्की सडकको पहुँच र पूर्वी नेपालका ठूला शहरहरु दकम र विर्तामोडसंगको समिपताले गर्दा कमल गाउँपालिकामा कृषिको प्रशस्त संभावना रहेको छ भने कृषि यहाँको आम्दानीको एक प्रमुख स्रोत हो । गाउँपालिकाका अधिकांश घरधुरीहरु कृषि, पशुपालन, मत्यपालन लगायत स-साना लघु तथा घरेलु उद्योगहरुमा संलग्न रहेका छन भने रोजगारी अन्य स्रोतहरुमा स्थानीय सहकारी संस्था, बैंकहरु, शैक्षिक संस्थाहरु, निर्माण क्षेत्र, थोक तथा खुद्रा व्यापार आदि रहेका छन् । त्यसैगरी पेन्सन, घर तथा जग्गाको भाँडा, सवारी साधनको भाडा, वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण, आन्तरिक विप्रेषण लगायत कृषि र निर्माण क्षेत्रमा हुने ज्याला मजदुरी आम्दानीको अर्को प्रमुख स्रोत हो । बजार विस्तार र सेवा क्षेत्रका कार्यालयहरु थपिएर गाउँपालिका बाहिरबाट शिक्षा र रोजगारीको लागि

अस्थाई बसोबास गर्न आउने परिवारहरुलाई घर भाडामा लगाएर आम्दानी गर्ने परिवारको संख्या नगन्य रहेको छ । स्थानीय युवाहरु ठूलो संख्यामा वैदेशिक रोजगारीमा गएकोले विप्रेषण यस गाउँपालिकाका घरधुरीहरुको आम्दानीको अर्को प्रमुख स्रोत हो ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्लाई हेर्दा कमल गाउँपालिकामा ५३५० जना व्यक्तिहरु परिवारमा अनुपस्थित (विदेश गएको) देखिन्छ जसमध्ये पुरुषको संख्या ४२९२ (८०.२%) र महिलाको संख्या १०५८ (१९.८%) छ । अनुस्थित जनसंख्या मध्ये सबैभन्दा बढी २०४९ (३८.३%) जनसंख्या २५-३४ बर्ष उमेर समुहको छ । कमल गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण २०७५ का अनुसार कमल गाउँपालिकाबाट अध्ययन, रोजगार तथा अन्य कामका सिससिलामा ४२०१ जना व्यक्तिहरु वैदेशिक रोजगारीमा गएका छन् । वेदैशिक रोजगारीको लागि विदेश जाने युवाहरुको संख्या ठूलो मात्रामा भएकोले गाउँपालिकामा विप्रेषण प्रशस्त भित्रिने गर्दछ । स्थानीय बैंक, रेमिट सेवाहरु र जानकारहरुसंगको अनौपचारिक छलफलमा कमल गाउँपालिकामा भित्रिने विप्रेषणको रकम मासिक ८-१० करोड जति भएको अनुमान गर्न सकिन्छ । वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको ठूलो हिस्सा घर निर्माणमा खर्च हुने गरेको छ भने विगत ५-७ बर्षमा नयाँ पक्की घरहरु निर्माण हुने क्रम निक्कै बढेको छ जसले गर्दा हालैका बर्षहरुमा घर तथा भवन निर्माण क्षेत्रले समेत केहि रोजगारी सृजना गरेको देखिन्छ । कमल गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण २०७५ का अनुसार गाउँपालिकामा कृषि तथा पशुपालन (१९.३३%) र वैदेशिक रोजगार (१२.३४%) प्रमुख पेशाहरुको रुपमा देखिएको छ भने ज्याला मजदुरीमा संलग्न मानिसहरु ७.२२%, नोकरी/जागिर गर्नेहरु ५.१७% र ५.७४% मानिसहरु बेरोजगार देखिन्छन । त्यसैगरी गाउँपालिकामा उद्योग व्यवसायमा संलग्न मानिसहरुको संख्या ३.८९% छ । मुख्य पेशा अनुसार जनसंख्याको विस्तृत विवरण चित्र ८ मा प्रस्तुत गरिएको छ । कमल कृषिमा आधारित गाउँपालिका भएतापनि कृषि तथा पशुपालनमा संलग्न व्यक्तिहरुको संख्या न्यून रहेको देखिन्छ । अध्ययनरत विद्यार्थी र गृहणीहरुलाई समेत पेशाको रुपमा संलग्न गरिएकोले कृषि तथा पशुपालनमा संलग्न मानिसहरुको हिस्सा न्यून देखिन गएको हो ।




चित्र 8. मुख्य पेशा अनुसार जनसंख्या

तर राष्ट्रिय जनगणणा २०७८ को तथ्याङ्कलाई आधार मानेर हेर्दा कमल गाउँपालिकामा आर्थिक रुपले सक्रिय जनसंख्या मध्ये सबैभन्दा बढी मानिसहरु कृषि, वन र माछापालन कार्यमा (६३.९६%) संलग्न छन। त्यसैगरी दोस्रो स्थानमा सामान्य वा प्राथमिक पेशाका कामदारहरु १६.४८%, सेवा तथा वस्तु विक्री गर्ने कार्यमा ४.३६% र शिल्पकला तथा कालिगढ र यस सम्बन्धि व्यापार गर्ने कामदाहरुको संख्या ४.२३% देखिन्छ (तालिका ३०)।

तालिका 30. आर्थिक रुपले सक्रिय जनसंख्याको मुख्य पेशा अनुसारको विवरण

| क्र.स. | पेशागत क्षेत्र | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | सैनिक अधिकारीहरु | ३७ | ०.१ | १० | ०.०३ | ४७ | ०.१३ |
| २ | व्यवस्थापकहरु | ९७२ | २.६३ | ७०२ | १.९० | १६७४ | ४.५३ |
| ३ | पेशाविद्हरु | ४६१ | १.२५ | ३४९ | ०.९५ | ८१० | २.१९ |
| ४ | प्राविधिक तथा सहायक पेशाविद्हरु | २३३ | ०.६३ | १२६ | ०.३४ | ३५९ | ०.९७ |
| ५ | कार्यालय सहायकहरु | १३० | ०.३५ | १२० | ०.३३ | २५० | ०.६८ |
| ६ | सेवा तथा वस्तु विक्री गर्ने कामदारहरु | ८०१ | २.१७ | ८१० | २.१९ | १६११ | ४.३६ |
| ७ | कृषि, वन र माछापालन कार्यमा दक्ष कामदारहरु | १००५४ | २७.२४ | १३५५८ | ३६.७३ | २३६१२ | ६३.९६ |
| ८ | शिल्पकला तथा कालिगढ र यस सम्बन्धी व्यापार गर्ने कामदारहरु | १२०२ | ३.२६ | ३५९ | ०.९७ | १५६१ | ४.२३ |
| ९ | यन्त्र तथा मेशिन अपरेटर र जडान गर्ने कामदाहरु | ८४७ | २.२९ | ३७ | ०.१० | ८८४ | २.३९ |
| १० | सामान्य वा प्राथमिक पेशाका कामदारहरु | २७८९ | ७.५६ | ३२९३ | ८.९२ | ६०८२ | १६.४८ |
| ११ | पेशा उल्लेख नभएको | ९ | ०.०२ | १५ | ०.०४ | २४ | ०.०७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | १७५३५ | ४७.५ | १९३७९ | ५२.५० | ३६९१४ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

पूर्व-पश्चिम महेन्द्र राजमार्ग, उत्तर दक्षिण पाडाजुंगी-गौरीगंज राजमार्ग र केर्खा-क्याम्पा-ढयाङ्ग्री बजार-बैगुनधुरा पक्की सडकको पहुँच लगायत गाउँपालिकाका भित्री केही सडकहरु समेत पक्की र कालपत्रे भैसकेकोले कमल गाउँपालिकाका पाडाजुंगी, केर्खा, क्याम्पा, मंगलबारे, समयगढ, बाँसबारी, सरङपाडा, ढयाङ्ग्री, गेउरिया, रंगपुर, ठूलो बान्हघरे लगायत वडा केन्द्रहरुमा समेत व्यवसायिक गतिविधिहरु बढदै गएको छ । बढदो आर्थिक गतिविधिसंगै गाउँपालिकामा २ वटा “क” वर्गको वैंक, १ “ख” वर्गको विकास बैंक, ७ वटा लघुवित्त वित्तिय संस्थाहरुले गाउँपालिकावासी, स्थानीय व्यापारी, कृषक र उद्यमीहरुलाई बैंकिङ सेवा प्रवाह गरिरहेका छन् । जसले गर्दा गाउँपालिकामै सरल र सुलभ दरमा ऋण प्रवाहको वातावरण बनेको छ । गाउँपालिकामा रहेका वित्तिय संस्थाहरुको विवरण तालिका ३१ मा प्रस्तुत गरिएको छ।

तालिका 31. बैंक तथा वित्तिय संस्थाको विवरण

| क्र.स. | नाम | स्थान |
|---|---|---|
| १ | एनएमबी बैंक लिमिटेड | केर्खा बजार |
| २ | प्राइम कमर्सियल बैंक लिमिटेड | मंगलबारे |
| ३ | कामना सेवा विकास बैंक | पाडाजुंगी बजार |
| ४ | अभियान लघुवित्त वित्तिय संस्था लिमिटेड | केर्खा बजार |
| ५ | एनआईसी एशिया लघुवित्त वित्तिय संस्था लिमिटेड | कमल-४ |
| ६ | नेशनल लघुवित्त वित्तिय संस्था लिमिटेड | केर्खा बजार |
| ७ | डिप्रोक्स लघुवित्त वित्तिय संस्था लिमिटेड | केर्खा बजार |
| ८ | समिट लघुवित्त वित्तिय संस्था लिमिटेड | कमल-३ |
| ९ | आरम्भ चौतारी लघुवित्त वित्तिय संस्था लिमिटेड | क्याम्पा बजार |
| १० | हिमालयन लघुवित्त वित्तिय संस्था लिमिटेड | क्याम्पा बजार |

*स्रोतः स्थलगत सर्वेक्षण, २०८१*

### २.२.५ सहकारी

कृषक, साना तथा मझौला व्यवसायी लगायत आम सर्वसाधरणहरुको पहुँच हुने सहकारीको स्थानीय आर्थिक विकासमा महत्वपूर्ण भूमिका हुने गर्दछ । कमल गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण २०७५ का अनुसार गाउँपालिकामा ३३ वटा (बहुउद्धेश्यिय, कृषि उपभोक्ता, दुग्ध उत्पादक, साना किसान, बचत तथा ऋण सहकारी) सहकारी संस्थाहरु र करिब ४० वटा कृषक समुहहरु विधिवत रुपमा दर्ता भै संचालनमा रहेका छन् । यस्ता सहकारी संस्थाहरु गाउँपालिकाभित्र रहेका विभिन्न उपभोक्ता समुह/समिति, कृषक समुह, महिला समुह आदिद्वारा संचालित भएकोले गाउँपालिकाको वडा र टोलहरुसम्म सहकारी मार्फत वित्तिय पहुँच पुगेको छ ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण




फोटो 3. क्याम्पा बजार स्थित कमल नगर अस्पताल

कमल गाउँपालिकाको वडा नं २ मा ५ शैयाको एक नगर अस्पताल संचालनमा रहेको छ । साविक तोपगाछी स्वास्थ्य चौकीलाई स्तरोउन्नती गरी वि.स. २०७९ फाल्गुन १ देखि संचालनमा रहेको यस नगर अस्पतालले स्वास्थ्य बिमा, ओपिडि, एमविविएस डाक्टर सेवा, आकस्मित सेवा, प्रयोगशाला सेवा, एक्सरे सेवा, सुरक्षित मातृत्व तथा प्रजनन सेवा, निशुल्क प्रसुती सेवा, बाल स्वास्थ्य सेवा, पोषण कार्यक्रम सेवा, गर्भवती जाँच तथा परिवार नियोजन सेवा, सुरक्षित गर्भपतन सेवा, औषधी सेवा, क्षयरोग र कुष्ठरोग जांच सेवा, एम्बुलेन्स सेवा, मानसिक स्वास्थ्य सेवा, इसिजि र दन्त सेवा प्रदान गरिरहेको छ । नगर अस्पतालको निर्माणसंगै कमलवासीको स्वास्थ्य सेवाको पहुँच बृद्धि भएको छ भने हाल यस अस्पतालले बार्षिक १५ हजार जति बिरामीलाई ओपिडि सेवा प्रदान गरिरहेको छ ।

नगर अस्पतालका अलावा गाउँपालिकाका प्रत्येक वडाहरुमा आधारभुत स्वास्थ्य केन्द्रहरु संचालित छन् । त्यसैगरी नीजि क्षेत्रबाट संचालित १२ वटा क्लिनिक र उचार सेवाहरु पनि गाउँपालिकामा संचालित रहेका छन् । तर नगर अस्पतालका अलावा अन्य स्वास्थ्य चौकी, क्लिनिक र उपचार सेवाहरुमा सामान्य उपचार सेवा मात्र उपलब्ध रहेको छ । जसले गर्दा वडावासीहरु प्राथमिक तहको स्वास्थ्य उपचारको लागि नगर अस्पताल नै पुग्नुपर्ने बाध्यता रहेको छ भने दीर्घ र गम्भिर प्रकारका रोगको उपचारको लागी कोशी प्रदेशको दमक, विर्तामोड र बिराटनगरमा भएका ठूला नीजि अस्पताल, मेडिकल कलेज या झापा जिल्लाको सदरमुकाम भद्रपुरमा अवस्थित मेची प्रादेशिक अस्पताल र धरान स्थित विपि कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान जाने गरेका छन् । गम्भिर प्रकारको उपचारको लागि कमलवासीहरु कहिलेकाही भारत पश्चिम बंगाल प्रान्तको सिलिगुडी शहर र राजधानी काठमाण्डौ पनि जाने गरेका छन् । कमल गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण तालिका ३२ मा प्रस्तुत गरिको छः

तालिका 32. स्वास्थ्य संस्थाहरुको वडागत वितरण र उपलब्ध सेवाहरु

| क्र.स. | स्वास्थ्य संस्थाको नाम | वडा | स्वामित्त | शैया | उपलब्ध सेवाहरु |
|---|---|---|---|---|---|
| १ | भण्डारी क्लिनिक | १ | नीजि | | क्लिनिक र खोप सेवा |
| २ | आशा क्लिनिक | १ | नीजि | | क्लिनिक र खोप सेवा |
| ३ | बासबारी क्लिनिक | १ | नीजि | | क्लिनिक र खोप सेवा |
| ४ | आधारभुत स्वास्थ्य केन्द्र | १ | गाउँपालिका | | आधारभूत स्वास्थ्य सेवा, खोप |

| क्र.स. | स्वास्थ्य संस्थाको नाम | वडा | स्वामित्त | शैया | उपलब्ध सेवाहरु |
|---|---|---|---|---|---|
| ५ | कमल नगर अस्पताल | २ | गाउँपालिका | ५ | स्वास्थ्य बिमा, ओपिडि, एमविविएस डाक्टर सेवा, आकस्मित सेवा, प्रयोगशाला सेवा, एक्सरे सेवा, सुरक्षित मातृत तथा प्रजनन सेवा, निशुल्क प्रसुती सेवा, बाल स्वास्थ्य सेवा, पोषण कार्यक्रम सेवा, गर्भवती जाँच तथा परिवार नियोजन सेवा, सुरक्षित गर्भपतन सेवा, औषधी सेवा, क्षयरोग र कुष्ठरोग जांच सेवा, एम्बुलेन्स सेवा, मानसिक स्वास्थ्य सेवा, इसिजि र दन्त सेवा |
| ६ | सरस्वती उपचार सेवा | २ | नीजि | | ल्याब, क्लिनिक, खोप |
| ७ | टिएन उपचार सेवा | २ | नीजि | | ल्याब, क्लिनिक, खोप |
| ८ | अस्मिता उपचार सेवा | २ | नीजि | | ल्याब, क्लिनिक, खोप |
| ९ | न्यून मेडिकल | २ | नीजि | | ल्याब, क्लिनिक, खोप |
| १० | आधारभुत स्वास्थ्य केन्द्र | ३ | गाउँपालिका | | आधारभूत स्वास्थ्य सेवा, खोप |
| ११ | तोपगाछी हेल्थ क्लिनिक | ३ | नीजि | | ल्याब, क्लिनिक, खोप |
| १२ | सुविधा मेडिकल हल | ३ | नीजि | | ल्याब, क्लिनिक, खोप |
| १३ | ठाकुर मेडिकल हल | ३ | नीजि | | ल्याब, क्लिनिक, खोप |
| १४ | अदायत डेन्टल क्लिनिक | ३ | नीजि | | ल्याब, क्लिनिक, खोप |
| १५ | जवेगु फार्मेसी | ३ | नीजि | | ल्याब, क्लिनिक, खोप |
| १६ | आधारभुत स्वास्थ्य केन्द्र | ४ | गाउँपालिका | | आधारभूत स्वास्थ्य सेवा, खोप |
| १७ | सामुदायिक स्वास्थ्य केन्द्र | ५ | गाउँपालिका | | आधारभूत स्वास्थ्य सेवा, खोप |
| १८ | लखनपुर स्वास्थ्य चौकी | ६ | गाउँपालिका | | आधारभूत स्वास्थ्य सेवा, खोप |
| १९ | आधारभूत स्वास्थ्य सेवा, खोप | ७ | गाउँपालिका | | आधारभूत स्वास्थ्य सेवा, खोप |

*स्रोतः स्थलगत सर्वेक्षण, २०८१; गाउँ वस्तुस्थित विवरण, २०७५ र गाउँपालिकाको भू-उपयोग योजना, २०७८*

गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य कर्मीहरुको अवस्थालाई हेर्दा नगर अस्पतालमा मेडिकल सुपरिटेन्डेन्ट र एमबिबिएस मेडिकल अधिकृत डाक्टर रहेको देखिन्छ । अन्य स्वास्थ्य चौकीहरुमा हेल्थ असिस्टेन्ट, अहेव र अनमीहरु कार्यरत हरेका छन् । पाडाजुँगी र केर्खा बजारमा रहेका केहि नीजि क्लिनिकहरुमा भने एमबिबिएस जनेरल फिजिसियन डाक्टरहरु उपलब्ध छन् । वडा स्थित स्वास्थ्य चौकी र नगर अस्पतालमा बिसिजि, पेन्टाभ्यालेन्ट, पोलियो, दादुरा/रुबेला, जापानिज इन्फेलाइसिटस जस्ता खोप सेवाहरु नियमित रुपमा संचालन भैरहेको छ । उच्च उत्तचाप, क्षयरोग, मुटुरोग, मधुमेह, दम, मृगौला खराबी, निमोनिया, ग्यास्ट्रिय अल्सर गाउँपालिकाका मुख्य दीर्घरोगहरु हुन । गाउँपालिकाको गाउँ

वस्तुस्थिति विवरण २०७५ का अनुसार कमल गाउँपालिकामा ९४.९३% मानिसहरु स्वस्थ रहेको छन् भने ३.१७% मा सामान्य रोग र १.६९% दीर्घ रोग रहेको छ।

### २.३.२ शिक्षा

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार कमल गाउँपालिकाको साक्षरता दर ८३.५% छ। कुल साक्षर जनसंख्या मध्ये पुरुष साक्षरता दर ८९.२% र महिला साक्षरता दर ७८.५% छ। राष्ट्रिय जनगणना २०६८ मा यस गाउँपालिकाको कुल साक्षरता दर ७६.५१% थियो जसमा पुरुष साक्षरता ८३.९६% र महिला साक्षरता दर ७०.३२% थियो। राष्ट्रिय जनगणना २०७८ को गाउँपालिकाको साक्षरता दरसंग (८३.५%) तुलना गरेर गरेर हेर्दा बिगत १० बर्षमा कमल गाउँपालिकाको साक्षरता दर ७% ले बृद्धि भएको देखिन्छ भने महिला साक्षरता दर समेत ८% ले बृद्धि भएको देखिन्छ। कमल गाउँपालिकाको साक्षरता दरलाई झापा जिल्ला, कोशी प्रदेश र समग्र देशको साक्षरता दरसंग तुलना गरेर हेर्दा पनि गाउँपालिकाको साक्षरता दर राष्ट्रिय साक्षरता दरभन्दा ७%, कोशी प्रदेशको भन्दा झण्डै ४% र झापा जिल्लाको भन्दा ०.७% बढी रहेको छ (तालिका ३३)। यस हिसाबले हेर्दा गाउँपालिकावासीहरुको शैक्षिक स्तर र साक्षरता दर निक्कै राम्रो रहेको छ। गाउँपालिकाको ५ बर्ष वा सो भन्दा बढी उमेरका जनसंख्याको साक्षरताको अवस्थालाई तालिका ३४ मा प्रस्तुत गरिएको छ।

तालिका 33. साक्षरताको तुलनात्मक अवस्था

| तहगत संरचना | पुरुष | महिला | कुल |
|---|---|---|---|
| कमल गाउँपालिका | ८९.२ | ७८.५ | ८३.५ |
| झापा जिल्ला | ८८.६ | ७७.६ | ८२.८ |
| कोशी प्रदेश | ८६.१ | ७३.६ | ७९.७ |
| नेपाल | ८३.६ | ६९.४ | ७६.२ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

तालिका 34. ५ बर्ष वा सो भन्दा बढी उमेरका जनसंख्याको साक्षरताको अवस्था

| साक्षरताको अवस्था | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| पढन र लेख्न सक्ने | ४१६६६ | ८३.५ | २०८४४ | ८९.२ | २०८२२ | ७८.५ |
| पढन मात्र सक्ने | ९९ | ०.२ | ४१ | ०.२ | ५८ | ०.२ |
| पढन र लेख्न नसक्ने | ८१३२ | १६.३ | २४७९ | १०.६ | ५६५३ | २१.३ |
| उल्लेख नभएको | २ | ०.० | १ | ०.० | १ | ०.० |
| जम्मा | ४९८९९ | १००.० | २३३६५ | १००.० | २६५३४ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

कमल गाउँपालिकामा प्रारम्भिक बाल बिकास केन्द्र, आधारभूत, माध्यमिक, क्याम्पस र प्राविधिक विद्यालय गरेर कूल ५२ वटा शैक्षिक संस्थाहरु छन्। कुल शैक्षिक संस्थाहरु मध्ये बाल विकास केन्द्र ३१ वटा, आधारभूत विद्यालय २२ वटा र माध्यमिक विद्यालय २२ वटा छन् (तालिका ३५)। कुल शैक्षिक संस्थाहरुमा २१ सामुदायिक र ३१ वटा संस्थागत विद्यालयहरु छन्। गाउँपालिकाको वडा नं ७ मा अवस्थित सरस्वती माध्यमिक विद्यालयमा कृषि तर्फको TSLC/Diploma तहको प्राविधिक धार तर्फको पठनपाठन भैरहेको छ भने वडा नं ३ मा नै रहेको मदन आश्रित सम्मृति बहुमुखी क्याम्पसमा शिक्षा संकाय तर्फको स्नातक र स्नातकोत्तर तहको अध्ययन अध्यापन हुँदै आईरहेको छ। तरपनि उच्च शिक्षाको लागि गाउँपालिकाबाट

बिराटनगर, धरान, दमक, बिर्तामोड, भद्रपुर र राजधानी काठमाण्डौ जाने क्रम निरन्तर चलिरहेको छ भने हालैका बर्षहरुमा उच्च अध्ययनको लागि युवाहरु भारत बाहेक तेस्रो मुलकहरु समेत जान थालेका छन् ।



फोटो 4. मदन आश्रित स्मृति बहुमुखी क्याम्पस, केर्खा

तालिका ३५. शैक्षिक संस्थाहरुको वडागत वितरण

| वडा नं | इसिडी | आधारभूत | माध्यमिक | क्याम्पस | प्राविधिक विद्यालय | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | ५ | ३ | - | - | ८ |
| २ | | - | ५ | - | - | ५ |
| ३ | | १ | ५ | - | - | ६ |
| ४ | | ३ | १ | - | - | ५ |
| ५ | | ४ | ४ | - | - | १२ |
| ६ | | ३ | २ | - | - | ७ |
| ७ | | ६ | २ | १ (कृषि धार) | १ | १० |
| जम्मा | ३१ | २२ | २२ | | १ | ७६ |

*स्रोतः स्थलगत सर्वेक्षण २०८१ र गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण २०७५*

गाउँपालिकामा रहेका कुल ७६ वटा शैक्षिक संस्थाहरुमा ५३७ जना शिक्षकहरु कार्यरत छन जसमध्ये सामुदायिक विद्यालयमा २७६ जना र संस्थागत विद्यालयहरुमा २६१ शिक्षकहरु कार्यरत छन् (बालबालिकाहरुको वस्तुगत विवरण, २०७८) । तहगत हिसाबले हेर्दा बाल विकास केन्द्र र नर्सरी कक्षामा ६३ जना, आधारभूत तहमा ३५३ र माध्यमिक तहमा ११८ शिक्षकहरु कार्यरत छन् । सामुदायिक विद्यालयमा रहेका सम्पूर्ण शिक्षकहरुले पेशागत तालिका तालिम पाएका छन् ।

गाउँपालिकाको कुल जनसंख्या मध्ये ५ बर्ष माथिको जनसंख्याले उत्तीर्ण गरेको शैक्षिक तहलाई हेर्दा सबैभन्दा बढी प्राथमिक तह उत्तीर्ण गर्नेको संख्या २४.७५% छ भने दोस्रोमा उच्च माध्यमिक तह उत्तीर्ण गर्नेको संख्या १९.६५% छ । त्यसैगरी निम्न माध्यमित तह उत्तीर्ण गर्ने १९.२४% र एसएलसी/एसइइ/वा सो सरह उत्तीर्ण गर्नेको संख्या १३.७६% छ । प्रविणता तह उत्तीर्ण गर्ने ११.९६%, स्नातक वा सो सरह उत्तीर्ण गर्ने २.९३% र स्नातकोत्तर वा सो सरह वा सो भन्द उत्तीर्ण गर्ने १.०९% छन् । समग्रमा हेर्दा गाउँपालिकाका सवैजसो वडाहरुमा विद्यालयहरु रहेको, उच्च र प्राविधिक शिक्षा गाउँपालिकामै उपलब्ध भएको र

गाउँपालिकावासीहरुको साक्षरता दर समेत उच्च रहेकोले कमल गाउँपालिकाको शैक्षिक अवस्था निक्कै सवल देखिन्छ । उत्तीर्ण गरेको शैक्षिक तह अनुसार ५ बर्ष माथिको जनसंख्याको विस्तृत विवरण तालिका ३६ मा प्रस्तुत गरिएको छ ।

तालिका 36. उत्तीर्ण गरेको शैक्षिक तह अनुसार ५ बर्ष माथिको जनसंख्याको विवरण

| क्र.स. | शैक्षिक स्तर | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पूर्व बालबिकास | १७१७ | ४.१५ |
| २ | प्राथमिक | १०२३७ | २४.७५ |
| ३ | निम्न माध्यमिक तह | ७९५९ | १९.२४ |
| ४ | उच्च माध्यमिक | ८१२५ | १९.६५ |
| ५ | एसएलसी/एसईई/ वा सो सरह | ५६८९ | १३.७६ |
| ६ | प्रविणता | ४९४५ | ११.९६ |
| ७ | स्नातक वा सो सरह | १२१२ | २.९३ |
| ८ | स्नातकोत्तर वा सो सरह वा सो भन्दा माथि | ४५० | १.०९ |
| ९ | अन्य | २६ | ०.०६ |
| १० | तह नभएको/तह नखुलेको | ७३४ | १.७७ |
| ११ | तह उल्लेख नभएको | २६४ | ०.६४ |
| कुल | | ४१३५८ | १००. |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

### २.३.३ खानेपानी तथा सरसफाई

खानेपानी तथा सरसफाईको मानव स्वास्थ्यसंग प्रत्यक्ष सम्बन्ध हुने गर्दछ भने स्वस्थ्य खानेपानी गाउँपालिकावासीको आधारभूत आवश्यक्ता समेत हो । ट्यूववेल र भूमिगत स्रोतहरु मार्फत धारा/पाइपबाट बितरण हुने पानी गाउँपालिकावासीको खानेपानीको मुख्य स्रोतहरु हुन् । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कलाई हेर्दा कमल गाउँपालिकामा बसोबास गर्ने कुल १३१६५ घरधुरी मध्ये सबैभन्दा बढी ५१.९४% घरधुरीहरु ट्युववेल/हातेपम्पको पानी प्रयोग गर्दछन् । त्यस्तै ४७.२४% घरधुरीमा खानेपानी आयोजनाहरु मार्फत वितरण हुने धारा/पाईपको पानी पुगेको देखिन्छ । जसमध्ये ३४.९% घरधुरीमा धार/पाइपबाट वितरण हुने पानीको पहुँच घर परिसर भित्र  छ भने १२.३% घरधुरीमा भने धारा/पाईएबाट वितरण हुने पानी घर परिसर बाहिर छ । ट्युववेल र धारा/पाइपको पानीको पहुँच लगभग सबै घरहरुमा पुगेको भएतापनि आयोजना मार्फत वितरण हुने धाराको पानीको पहुँच भने अझै आधा जस्तो घरधुरीमा पुग्न सकेको छैन ।

तालिका 37. खानेपानीको स्रोत अनुसार परिवार संख्या

| क्र.स. | खानेपानी स्रोत | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | धारा/पाईपको पानी (घर परिसर भित्र) | ४६०० | ३४.९४ |
| २ | धारा/पाईपको पानी (घर परिसर बाहिर) | १६१९ | १२.३ |
| ३ | ट्युववेल/हाते पम्प | ६८३८ | ५१.९४ |
| ४ | ढाकिएको ईनार/कुवा | ७ | ०.०५ |
| ५ | खुला इनार/कुवा | ७५ | ०.५७ |
| ६ | मूल धारा | ६ | ०.०५ |

| | | | |
|---|---|---|---|
| ७ | जार/बोतल | २ | ०.०२ |
| ८ | अन्य | १८ | ०.१४ |
| जम्मा | | १३१६५ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

तालिका 38. घरधुरी अनुसार शौचालय प्रयोगको स्थिति

| प्रयोगको अवस्था | घरधुरी | प्रतिशत |
|---|---|---|
| फ्लस भएको शौचालय (सार्वजनिक ढल) | ७८ | ०.६ |
| फ्लस भएको शौचालय (सेप्टिक ट्यांकी) | ७७२१ | ५८.६ |
| साधरण (खाल्टे) चर्पी | ५१८० | ३९.३ |
| सार्वजनिक शौचालय | २४ | ०.२ |
| चर्पी नभएको | १६२ | १.२ |
| कुल घरधुरी | १३१६५ | १००. |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

शौचालय प्रयोगको अवस्थाले उक्त स्थानको सरसफाईको अवस्थालाई समेत जनाउने गर्दछ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार कमल गाउँपालिकामा ५८% घरधुरीले फ्लस भएको शौचालय (सेप्टिक ट्यांकी) प्रयोग गर्ने गरेको देखिन्छ भने ३९.३% ले खाल्टे चर्पी प्रयोग गर्ने गर्दछन् । त्यसैगरी २४ घरधुरीले (०.२%) सार्वजनिक शौचालय प्रयोग गर्ने गर्दछन् । समग्रमा हेर्दा ९८% भन्दा बढी घरधुरीले कुनै न कुनै प्रकारको शौचालय प्रयोग गर्ने गरेको देखिन्छ । गाउँपालिकामा रहेका कुल घरधुरी मध्ये १६२ वटा घरधुरीमा (१.२%) मात्र शौचालय नभएको अवस्था छ । गाउँपालिकाको पाडाजुँगी, केर्खा, क्याम्पा, मंगलबारे, ठूलो बान्हघरे जस्ता ठूला बजार क्षेत्रमा डस्टबिनको व्यवस्था रहेको छ भने हाल गाउँपालिकाले मुख्य बजार क्षेत्रबाट फोहोरहरु संकलन गर्न थालेको छ तर आधुनिक फोहोरमैला व्यवस्थापन केन्द्रको अभावमा फोहोरहरुको दीर्घकालीन व्यवस्थापन भने हुन सकेको छैन ।

### २.३.४ खेकलुद तथा मनोरन्जन

कमल गाउँपालिकामा खेलकुद विकासको लागि आधुनिक रंगशाला र कभर्डहलहरु हालसम्म निर्माण हुन सकेको छैन । गाउँपालिकाको वडा नं ५ मा सशस्त्र प्रहरीको गण छेउमा एक आदिवासी रंगशाला रहेको छ । उक्त रंगशालामा प्याराटिक र खेलकुदका आवश्यक अन्य पूर्वाधारहरु हालसम्म निर्माण हुन सकेक छैन । तरपनि स्थानीय, जिल्ला र प्रदेश स्तरका खेलकुद प्रतियोगिताहरु यसै रंगशालामा संचालन हुँदै आइरहेको छ । वडा नं ३ स्थित केर्खा बजारमा पनि एक खेल मैदान रहेको तर यसमा खेलकुदको लागि आवश्यक पूर्वाधारहरु भने छैन । गाउँपालिका भित्रका अन्य खेल गतिविधिहरु स्थानीय विद्यालय र कलेजका चौरहरुमा हुने गरेको छ । खेलकुदका अन्य गतिविधिहरुमा स्थानीय विद्यालहरुमा बार्षिक रुपमा हुने राष्ट्रपति रनिंग शिल्ड छनौट प्रतियोगिता हुने गरेको छ । भलिवल, फुटबल, टेबिल टेनिस, क्रिकेट जस्ता खेलहरु स्थानीय युवाहरुमाझ लोकप्रिय रहेको छ । गाउँपालिका भित्र रहेका खेल मैदानहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका 39. खेल मैदानहरुको विवरण

| क्र.स. | खेल मैदानको नाम | वडा नं | स्थान | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | वासवारी स्कुल | १ | वासवारी | १० कठ्ठा |
| २ | कमला मदन आश्रित मावि | २ | कमला मावि | |

| | | | | |
|---|---|---|---|---|
| ३ | महेन्द्र रत्न मावि | २ | महेन्द्र रत्न मावि | |
| ४ | केर्खा खेल मैदान | ३ | केर्खा बजार | ३ विधा |
| ५ | शहिद धर्मभक्त मावि | ३ | केर्खा | २.५ विघा |
| ६ | चुलाचुली | ४ | चुलाचुली | ३ कठ्ठा |
| ७ | आदिवासी रंगशाला | ५ | शसस्त्र गणछेउ | ६ विघा |
| ८ | गहेश्वरी मावि | ५ | टुक्रे | २ विघा |
| ९ | सिम्ले क्याम्पा | ५ | साधुहोली | २ विघा |

*स्रोतः स्थलगत सर्वेक्षण, २०८१ र कमल गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण, २०७५*




फोटो 5. गाउँपालिकाको वडा नं ५ स्थित आदिवासी रंगशाला

कमल गाउँपालिकामा विभिन्न सामाजिक, साँस्कृतिक, मनोरन्जन र विकास निर्माणमा हातेमालो गर्ने उद्धेश्य रहेका विभिन्न युवा र युथ क्लबहरु छन् । गाउँपालिका लगायत अन्य सामाजिक संघ सस्थाहरुको सहकार्यमा यस्ता क्लबहरुले आफ्नो गाउँ टोल सरसफाई गर्ने, सचेतनामूलक कार्यक्रमहरु गर्ने, धार्मिक र साँस्कृतिक कार्यक्रमहरु (मेला, जात्रा आदी) आयोजना गर्ने, आफ्ना परम्परागत बाजागाजा, संस्कृति, चाडपर्वको सम्वर्धन र प्रवर्द्वन गर्ने, सांगितिक र साँस्कृतिक कार्यक्रमहरु गर्ने, गाउँपालिका/वडा स्तरिय भलिबल र फुटबल जस्ता खेलकुद प्रतियोगिताहरु आयोजना गर्ने, देउसी भैला कार्यक्रम गर्ने, सडक तथा ढल मर्मत संभार गर्ने आदि जस्ता कार्यक्रहरु नियमित रुपमा गर्ने गरेका छन् । गाउँपालिका भित्र क्रियाशील युवा तथा युथ क्लबहरुको विवरण निम्न बमोजिम रहेको छः

तालिका 40. युवा/युथ क्लबहरुको वडागत विवरण

| क्र.स. | क्लवको नाम | वडा नं | स्थान |
|---|---|---|---|
| १ | सनसाइन युवा क्लव | १ | |
| २ | न्यू स्टार क्लव | ३ | |
| ३ | सरस्वती वाल क्लव | ४ | |
| ४ | लालिगुराँश युवा क्लव | ४ | |
| ५ | ज्योति वाल क्लव | ४ | |
| ६ | मंगलमय वाल क्लव | ५ | |
| ७ | नवयुवा क्लव | ५ | बसन्त चौक |

| | | | |
|---|---|---|---|
| ८ | सधुन युवा क्लव | ५ | मंगलबारे |
| ९ | युनाइटेड क्लव | ५ | सिम्ले |
| १० | पूर्वाञ्चल भेट्रान | ५ | पाडाजुँगी |
| ११ | कोशेली युवा क्लव | ५ | पाडाजुँगी |

*स्रोतः गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण, २०७५*

### २.३.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण

कमल गाउँपालिकाको जनंख्या ५३८९४ र जम्मा घरधुरी संख्या १३१६५ छ। कुल जनसंख्यामा पुरुषको संख्या २५४२६ (४७.२%) र महिलाको संख्या २८४६८ (५२.८%) छ भने समग्र लैंगिक अनुपान ८९.३ रहेको छ। तर गाउँपालिकामा ५ बर्ष मुनिका बालवालिकाहरुको लैंगिक अनुपात भने १०४.२३ छ किनकी ०-४ बर्ष उमेर समुहमा वालकको संख्या २०६१ छ भने वालिकाको संख्या १९३४ छ। यसले अब आउने पुस्तामा महिला भन्दा पुरुषको संख्या बढने देखिन्छ । गाउँपालिकाको जनसंख्याको उमेरगत समुहको वनावटलाई हेर्दा सबैभन्दा बढी जनसंख्या ०५-०९ बर्ष उमेर समुहमा ८.८९% छ भने सबैभन्दा कम ९५ बर्ष भन्दा माथिको समुहमा ०.०७% (३७ जना) जनसंख्या रहेको छ। जनसंख्याको सक्रिय उमेर समुह (१५-६४) लाई हेर्दा ६६.०२% जनसंख्या रहेको देखिन्छ भने ००-१४ बर्ष उमेर समुहमा २४.८२% जनसंख्या छ।

गाउँपालिकामा ब्राम्हण-पहाडको जनसंख्या सबैभन्दा बढी २४.८८% र दोस्रोमा क्षेत्रीहरुको जनसंख्या २०.५६% छ। दलित जनजाती अन्तर्ग विश्वकर्मा ३.९५%, परियार २.५९% र सुनुवार ०.३१% छन् भने स्थानीय आदिवासी अन्तर्गत सन्थाल ३.६४%, ताजपुरिया २.२४%, धिमाल १.७२% र राजवंशी १.३१% छन्। गाउँपालिकाको कुल जनसंख्या मध्ये ९७.९% प्रतिशत जनसंख्यामा कुनैपनि प्रकारको अपांगता छैन। लिंगको आधारमा कुनैपनि अपांगता नभएको संख्या पुरुषको भन्दा महिलाको ८% जतिले बढी छ। सम्पतिमा महिलाको स्वामित्तको अवस्थाले महिलाहरुको घरपरिवार भित्रको अवस्थालाई दर्शाउने गर्दछ । यस दृष्टिकोणले हेर्दा घरजग्गा दुवै महिलाको नाममा भएको घरपरिवार गाउँपालिका भित्र केवल १६.६% छ भने घर मात्र महिलाको नाममा भएका घरपरिवार त झन ०.९% र जग्गा मात्र महिलाको नाममा भएको घरपरिवार १२.३% छ। गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था हेर्दा गाउँपालिकामा कार्यरत ५१ जना कर्मचारीहरुमा १७ जना (३३.३३%) महिला छन भने ३७ जना जनप्रतिनिधिहरु मध्ये १५ जना (४०.५४%) महिला छन् (गाउँपालिकाका निर्वाचित जनप्रतिनिधि र कर्मचारीहरुको विवरण अनुसूची १ र २ मा राखिएको छ)।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

पाडाजुँगी, केर्खा, क्याम्पा, मंगलबारे, समयगढ, बाँसवारी, सरङ्पाडा, ढयाङ्ग्री, गेउरिया, रंगपुर, ठूलो बाऱ्हघरे कमल गाउँपालिकामा ठूला वस्तीहरु हुन भने गाउँपलिका भित्र थुप्रै अन्य स-साना वस्तीहरु छन्। तराईको समथल भू-भाग भएको र महेन्द्र राजमार्ग, उत्तर दक्षिण पाडाजुँगी-गौरीगंज र केर्खा-क्याम्पा-वैगुनधुरा जस्ता राजमार्गहरुको दायाँबायाँ वस्तीहरु रेखाकार रुपमा विकास भएको पाईन्छ। पाडाजुँगी र केर्खा बजार क्षेत्रमा तीब्र शहरीकरण भैरहेकोले राजमार्गको भित्र तर्फपनि वस्तीहरु विकास भैरहेको छ। यस्ता

वस्तीहरु साँघुरा र घना छन (फोटो ६ र ७)। सन्थाल, ताजपुरिया, राजवंशी र धिमाल जस्ता स्थानीय आदिवासीहरुका वस्तीहरु भने गुजुमुज्ज पेरका छन्। राष्ट्रिय राजमार्ग र सहायक सडकहरुको पहुँच, समथल भूमि र उर्वर कृषि भूमि, वस्ती विकासको लागि उपयुक्त स्थलहरु, हरियाली र स्वच्छ वातावरण जस्ता विशेषताहरुले गर्दा पूर्वका पहाडी र हिमाली जिल्लाहरु लगायत ग्रामिण भेगबाट बसाइसरी आउने मानिसहरुको लागि कमल गाउँपालिका बसोबासको हिसाबले निक्कै उपयुक्त देखिन्छ। गाउँपालिकाको केर्खा र पाडाजुँगी बजारको मुख्य चौकमा वस्तीहरु निक्कै बाक्लो भैसकेको, जग्गाको मूल्य पनि उच्च रहेको र विस्तार हुन सक्ने स्थानको कमी भएकोले वस्तीहरु विस्तारै पाडाजुँगी र केर्खा बजार बिच क्षेत्रमा महेन्द्र राजमार्गको दक्षिण तर्फ, पाडाजुँगी-गौरीगंज राजमार्गको दक्षिण तर्फ लखनपुर र गेउरिया क्षेत्र, क्याम्पा बजार आसपासको क्षेत्र, मंगलबजार, ढयाङ्ग्री र ठूलो बान्हघरे क्षेत्रतर्फ विस्तार हुनसक्ने देखिन्छ।

तालिका 41. घरको स्वामित्त अनुसार घरपरिवारको संख्या

| स्वामित्तको अवस्था | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नै | १२०११ | ९१.२ |
| भाँडामा | ९७२ | ७.४ |
| संस्थागत | ४४ | ०.३ |
| अन्य | १३८ | १.० |
| जम्मा | १३१६५ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*




फोटो 6. वडा नं ५ स्थित पाडाजुँगी बजार क्षेत्रको भू-उपग्रह नक्शा




फोटो 7. वडा नं ३ स्थित केर्खा बजार क्षेत्रको भू-उपग्रह नक्शा

गाउँपालिका भित्रका घरहरुको स्वामित्तको अवस्थालाई हेर्दा ९१.२% मानिसहरु आफ्नै घरमा बसोबास गर्ने गरेको देखिन्छ भने ७.४% मानिसहरु भाँडाको घरमा रहेको देखिन्छ। त्यसैगरी ०.३% मानिसहरु संस्थागत स्वामित्त भएको घरमा बसेको देखिन्छ (तालिका ४१)। घरजग्गा दुवै महिलाको नाममा भएको घरपरिवार गाउँपालिका भित्र १६.६% छ भने घर मात्र महिलाको नाममा भएका घरपरिवार त झन ०.९% र जग्गा मात्र महिलाको नाममा भएको घरपरिवार १२.३% (तालिका ४२) छ।

तालिका 42. परिवारमा महिलाको नाममा भएको घरजग्गा अनुसार परिवार संख्या

| अचल सम्पतिमा स्वामित्तको अवस्था | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| घर मात्र भएका | ११२ | ०.९ |
| जग्गा मात्र भएका | १६२५ | १२.३ |
| घर जग्गा दुवै भएका | २१८३ | १६.६ |
| घर जग्गा दुवै नभएका | ९१५२ | ६९.५ |
| उल्लेख नभएका | ९३ | ०.७ |
| जम्मा | १३१६५ | १००. |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार गाउँपालिकामा अवस्थित घरहरुको जगको वनावटलाई हेर्दा सबैभन्दा बढी सिमेन्ट जडित ईँटा/ढुंगाको जग भएको घरहरु ३७.४% छ। दोस्रोमा ढलान पिल्लर सहितको जग भएको घरहरु ३१% छ भने तेस्रोमा काठ/बाँसको खम्बा गाडेको घरहरु २८.९% छ। स्थानीय वासिन्दा र जानकारहरुका अनुसार गाउँपालिकामा हालैमा बर्षहरुमा ढलान पिल्लर सहितको जग भएको घरहरु निर्माण हुने क्रम विस्तारै बढदै गएको छ। यस्ता घरहरु बिशेष गरेर पाडाजुंगी, केर्खा, क्याम्पा, मंगलबारे,

गेउरिया, लखनपुर, ठूलो बान्हघरे आदि जस्त मुख्य बजार र राजमार्गको कोरिडोर क्षेत्रहरुमा छन् । घरको बाहिरी गाऱ्होको बनावटलाई हेर्दा सबैभन्दा बढी सिमेन्ट जडित ईँटा/ढुंगाको गाऱ्हो भएको घरहरु ६२.२९% र गाऱ्होमा बासजन्य सामाग्रीको प्रयोग भएका घरहरुको संख्या दोस्रो स्थानमा (२२.२२%) रहेको छ ।

छानामा सबैभन्दा बढी जस्ता/टिन/च्यादर प्रयोग गरी निर्माण भएका घरहरु ७७.५% र दोस्रोमा सिमेन्ट/ढलान प्रयोग गरी निर्माण भएका घरहरु २१.१२% छ । संस्थागत र अन्य व्यवसायिक प्रयोजनको लागि निर्माण हुने अधिकांश सरकारी र नीजि घरहरु समेत ढुंगा, ईटा, सिमेन्ट र छड प्रयोग गरी निर्माण हुन थालेको छ । गाउँपालिकाबाट वैदेशिक रोजगारीमा जाने युवाहरुको संख्या निक्कै धेरै भएको र वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणको ठूलो हिस्सा घर निर्माणमा प्रयोग हुने भएकोले हालैका बर्षहरुमा ढलान पिल्लर सहितका सिमेन्ट जडित ईँटा र ढुंगाबाट बनेका आधुनिक नीजि आवासीय घरहरु बन्ने क्रममा तिब्रता आएको छ । गाउँपालिका रहेका घरहरुको जग, बाहिरी गाऱ्हो र छानाको वनावटको विस्तृत तथ्याङ्क तालिका ४३, ४४ र ४५ मा क्रमश प्रस्तुत गरिएको छः

तालिका 43. घरको जगको बनावट अनुसार परिवार संख्या

| घरको जगको प्रकार | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| माटो जडित ईँटा/ढुंगा | २८० | २.१ |
| सिमेन्ट जडित ईँटा/ढुंगा | ४९२२ | ३७.४ |
| ढलान पिल्लर सहित | ४०७५ | ३१.० |
| काठ/बाँसको खम्बा गाडेको | ३८०४ | २८.९ |
| अन्य | ८४ | ०.६ |
| जम्मा | १३१६५ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

तालिका 44. घरको बाहिरी गाऱ्होको बनावट अनुसार परिवार संख्या

| घरको गाऱ्हो प्रकार | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| माटो जडित ईँटा/ढुंगा | २३१ | १.७५ |
| सिमेन्ट जडित ईँटा/ढुंगा | ८२०० | ६२.२९ |
| काठ/फल्याक | १२१५ | ९.२३ |
| बाँसजन्य सामाग्री | २९२५ | २२.२२ |
| काँचो ईँटा | २१ | ०.१६ |
| जस्ता/टिन/च्यादर | ३८९ | २.९५ |
| प्रिफ्याब | ३ | ०.०२ |
| अन्य | १८१ | १.३७ |
| जम्मा | १३१६५ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

तालिका 45. घरको छानाको बनावट अनुसार परिवार संख्या

| छानाको प्रकार | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| जस्ता/टिन/च्यादर | १०२०३ | ७७.५ |
| सिमेन्ट/ढलान | २७८० | २१.१२ |
| खर/पराल/छवाली | ७९ | ०.६ |
| टायल/खपडा/झिंगटी | ३० | ०.२३ |
| ढुंगा/स्लेट | ४२ | ०.३२ |

| | | |
|---|---|---|
| काठ/फल्याक | २३ | ०.१७ |
| अन्य | ८ | ०.०६ |
| जम्मा | १३१६५ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिका भित्र सार्वजनिक निर्माण अन्तरगत कार्यालय भवन निर्माण, स्वास्थ्य भवन निर्माण, सामुदायिक भवन/मठमन्दिर निर्माण, बजारको सटर/टहरा निर्माण, सडक बत्ती जडान, सामुदायिक शौचालय आदि जस्ता कार्यहरु हुँदै आईरहेको छ । गाउँपालिकामा भएका सरकारी, सार्वजनिक र सामुदायिक भवनहरुको विवरण तालिका ४६ मा प्रस्तुत गरिएको छः

तालिका 46. सरकारी र सार्वजनिक भवनहरुको विवरण

| क्र.स. | भवनको नाम | वडा नं | स्थान |
|---|---|---|---|
| १ | सिंचाई भवन | १ | वालुवारी |
| २ | गाउँपालिका भवन | २ | क्याम्पा बजार |
| ३ | नगर अस्पताल | २ | क्याम्पा बजार |
| ४ | प्रहरी चौकी | २ | क्याम्पा बजार |
| ५ | स्वास्थ्य चौकी | २ | क्याम्पा बजार |
| ६ | कमलेश्वरी | २ | क्याम्पा बजार |
| ७ | खानेपानी | २ | समयगढ |
| ८ | रतुवामाई वृक्षारोपण आयोजना | ३ | केर्खा बजार |
| ९ | केर्खा प्रहरी चौक | ३ | केर्खा बजार |
| १० | २ नं वाहिनी अड्डा | ४ | सानो केर्खा |
| ११ | खानेपानी | ४ | अमलडाँडी |
| १२ | खानेपानी | ५ | |
| १३ | गेउरिया सामुदायिक भवन | ६ | गेउरिया |
| १४ | कृषि सामुदायिक भवन | ६ | मैनाखेत |
| १५ | पशुपती सामुदायिक भवन | ७ | बान्हघरे |
| १६ | रंगपुर सामुदायिक भवन | ७ | रंगपुर |
| १७ | धरधरे सामुदायिक भवन | ७ | धरेधरे |
| १८ | परिवर्तन युवा क्लव भवन | ७ | बान्हघरे |
| १९ | गुरुकुल छात्रावास | ७ | पिपलगाछी |
| २० | जेष्ठ नागरिक प्रतिष्ठान | ७ | पिपलगाछी |
| २१ | प्राविधिक शिक्षा छात्रावास भवन | ७ | सरस्वती मावि |
| २२ | प्राविधिक शिक्षा छात्रावास भवन | ७ | रंगपुर |

*स्रोतः स्थलगत सर्वेक्षण, २०८१ र गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण, २०७५*

### २.४.२ सडक, पुल तथा यातायात

कमल गाउँपालिका सडक तथा यातायातको दृष्टिकोणले निक्कै सुगम छ र सवल छ । देशको प्रमुख पूर्व-पश्चिम महेन्द्र राजमार्गको ८.३२ किमि खण्ड गाउँपालिकाबाट भएर जाने भएकोले कमल गाउँपालिकाको देशका ठूला शहरहरुसंग सहज सडक कनेक्टीभिटी रहेको छ । त्यसैगरी गाउँपालिकामा उत्तर दक्षिण

पाडाजुँगी-गौरीगंज फिडर सडकको ४.४२ किमि खण्ड र उत्तर दक्षिण केर्खा-क्याम्पा-सरांगपाडा-वैगुनधुरा जिल्ला सडक (२६.६५ किमि) समेत रहेको छ (विस्तृत विवरण तालिका ४७)। त्यसैगरी क्याम्पा-छाताचौक-सुनहरा-समयगढ सडक, सोलमारी-सरङपाडा सडक, मंगलबारे-पीपलचौक सडक, समयगढ-गौरादह सडक, प्रसाई चौक-गौरादह ९ सडकहरु सम्पन्न हुँदै गरेको अवस्था छ। कमल गाउँपालिकाको यातायात गुरुयोजना २०२० अनुसार गाउँपालिकामा गाउँपालिकामा कुल ३३७.८ किमि लामो सडकको संजाल छ। जसमध्ये ४.०% कालोपत्रे, १६.६% ग्राभेल र ७९.४% सडक धुले स्तरको छ। तर गाउँपालिकाको पछिल्लो तथ्याङ्क (२०२५) का अनुसार गाउँपालिकाबाट मुख्य राजमार्गहरु बाहेक नै ३७.७ किमि सडकहरु कालोपत्रे भैसकेको छ भने केहि सडकहरु प्रदेश र संघबाट समेत कालोपत्रे भएकोले गाउँपालिकामा ७५ किमि भन्दा बढी सडक कालोपत्रे भएको अनुमान गर्न सकिन्छ। गाउँपालिका क्षेत्रभित्र पर्ने पूर्व-पश्चिम राजमार्ग, फिडर र जिल्ला सडक लगायत गाउँपालिकाबाट निर्माण भएका कालोपत्रे सडकहरुको विस्तृत विवरण तालिका ४७ र ४८ र प्रस्तुत गरिएको छ।

मुख्य राजमार्ग खण्डमा भने केहि स्थानमा साइड ड्रेन, लेन मार्किङ र ट्राफिक चिन्हहरु छन् तर गाउँपालिका भित्र रहेका अधिकांश सडकहरुमा सडक लाइट, ट्राफिक चिन्ह, लेन मार्किङ, रेलिङ, जेब्रा क्रसिङ, साइड ड्रेन, ट्राफिक लाईट जस्ता आधारभूत सडक पूर्वाधारहरुको भने कमी रहेको देखिन्छ। सडकको वडागत वितरण, लम्वाई (प्रति वर्ग किमि) र प्रति १००० जनसंख्याको हिसाबले हेर्दा सडकको वितरण लगभग सबै वडाहरुमा समान प्रकारको नै देखिन्छ। सडकको यो तथ्याङ्कले गाउँपालिकामा वडावासीहरुको सडक पहुँच निक्कै सवल रहेको देखाउछ (तालिका ४९)।

तालिका 47. गाउँपालिकामा पर्ने मुख्य राजमार्गहरुको विवरण

| क्र.स. | सडकको नाम | सडकको प्रकार | लम्वाई (किमि) |
|---|---|---|---|
| १ | पूर्व-पश्चिम महेन्द्र राजमार्ग | राष्ट्रिय राजमार्ग | ८.३२ |
| २ | पाडाजुँगी-गौरीगंज सडक | फिडर सडक | ४.४२ |
| ३ | केर्खा-क्याम्पा-सरांगपाडा | जिल्ला सडक | २६.६५ |

*स्रोतः गाउँपालिका यातायात गुरुयोजना, २०२०*

तालिका ४८. गाउँपालिकामा कालोपत्रे भएका सडकहरुको विवरण

| क्र.सं. | सडकको विवरण | लम्वाई (मि.) |
|---|---|---|
| **आ.व. २०७४/७५** | | |
| १ | हिमालय मार्गमा ड्रेनसहितको कालोपत्रे सडक निर्माण | ३७५ |
| २ | सितापुरी दक्षिण कालोपत्रे सडक निर्माण (नियमित) | ४०० |
| ३ | फाल्गुनन्द चौक-लालिमा स्कुल-गोसखान देखि केर्खा क्याम्पा कालोपत्रे सडक निर्माण | २५५ |
| ४ | जनार्दन घिमिरेको घर देखि ढ्यांग्री र पश्चिम सुभाष नाल्बोको घरसम्म ड्रेन सहितको कालोपत्रे सडक निर्माण | ४०० |
| ५ | रवि पेट्रोल पम्प देखि गौरीगंज कालोपत्रे सडक निर्माण | ४०० |
| **आ.व. २०७५/७६** | | |
| १ | बासु कोइरालाको घरदेखि गोसखान सम्म कालोपत्रे सडक निर्माण | २२९ |
| २ | शान्ति टोल कालो पत्रे सडक निर्माण | ३१७ |
| ३ | जानुका बाँनियाको घरदेखी दक्षिणको शिवालय जोडने कालोपत्रे सडक निर्माण | ५५० |

| क्र.सं. | सडकको विवरण | लम्वाई (मि.) |
|---|---|---|
| **आ.व. २०७६/७७** | | |
| १ | साम्रा मिल-बगाने टोल शिसब्ध-क्याम्पा वडा नं. ३ जोडने कालोपत्रे सडक निर्माण | ११०० |
| २ | काँटा चौक देखि वडा नं. ६ तिनपैनी कालोपत्रे सडक निर्माण | ५०० |
| ३ | हिमाली मार्ग कालोपत्रे सडक निर्माण | ४०० |
| ४ | गुरेखा कमल खनाल घरदेखि पश्चिम उन्नती मार्ग चारआली चौक कालोपत्रे सडक निर्माण | ४०० |
| **आ.व. २०७७/७८** | | |
| १ | साम्रा मिल-बगाने टोल शिसाबध-क्याम्पा वडा नं २. र ३ जोडने कालोपत्रे सडक निर्माण | १००० |
| २ | काँटा चौक देखि वडा नं ६ तिनपैनी कालोपत्रे सडक निर्माण | १०० |
| ३ | साम्रा मिल-बगाने टोल शिसब्ध-क्याम्पा वडा नं. २ र ३ जोडने कालोपत्रे सडक निर्माण (चेनेज २+१०० देखी २+४५५) | ३५५ |
| ४ | शिवपुरी दक्षिण कालोपत्रे सडक मर्मतसंभार | ३०० |
| ५ | गोपाल पाण्डेको घरदेखी गोसखान तर्फ लयन बहादुरको घरसम्म कालोपत्रे सडक मर्मतसंभार | ४०१ |
| **आ.व. २०७९/८०** | | |
| १ | केर्खामा कालोपत्रे सडक निर्माण | ६६० |
| २ | वण्डरल्याण्ड स्कुलदेखि उत्तर र खगेन्द्र बाराकोटीको घरदेखी वडा नं. ३ गिता बिष्टको घरसम्म कालोपत्रे सडक निर्माण | ३९० |
| ३ | वडा नं. ५ हिमाली मार्गमा कालोपत्रे सडक निर्माण | ९२० |
| ४ | बस्नेत चौक देखि वडा नं. ५ त्रिवेणी चौकसम्म कालोपत्रे सडक निर्माण | ४९५ |
| ५ | वडा नं. ५ चिसेनी मार्गमा कालोपत्रे सडक निर्माण | ६५० |
| ६ | डाँडाटोल देखी शिवालय सडक कालोपत्रे | २८० |
| ७ | बाँसबारी देखि वडा नं. १ सुनारासम्म कालोपत्रे सडक निर्माण | ८०० |
| ८ | भिम राईको घरबाट कालोपत्रे सडक निर्माण | १५७ |
| ९ | वडा नं. ७ गेउरिया चाराआली कालोपत्रे सडक निर्माण | २७० |
| १० | धाई चौक जिवन चौक कालोपत्रे सडक निर्माण वडा नं. ६, ४ र २ | ५१० |
| ११ | वडा नं. ४ ज्योति चौक देखि कालोपत्रे सडक निर्माण | २६० |
| १२ | वडा नं. ४ एकता चौकदेखी कालोपत्रे सडक निर्माण | २६६ |
| १३ | साम्रा मिल-बगाने टोल-शिसब्ध-क्याम्पा वडा नं. २ र ३ जोडने कालोपत्रे सडक निर्माण (चेनेज २+८८५ देखी ३+७८०) | ८०० |
| १४ | कमल गाउँपालिकाको शाखा सडक कालोपत्रे (वडा नं. ४, ५, ६ र ७) | ९८३० |
| **आ.व. २०८०/८१** | | ८२०१ |
| **आ.व. २०८०/८१** | | ५८०० |
| **जम्मा** | | ३७७७१ |

*स्रोतः कमल गाउँपालिका, २०८२*

तालिका 49. सडकहरुको वडागत वितरण

| वडा नं | सडकको लम्बाई (किमि) | क्षेत्रफल | जनसंख्या | सडक लम्वाई (प्रति वर्ग किमि) | सडक लम्वाई (प्रति १००० जनसंख्या) |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ५५.५ | २१.९० | ६७४१ | २.५ | ८.२ |
| २ | ३७.२ | १५.६० | ६६६८ | २.४ | ५.६ |
| ३ | ४४.२ | ११.७० | ६४२१ | ३.८ | ६.९ |
| ४ | ५८.४ | १५.४० | ८००० | ३.८ | ७.३ |
| ५ | ४८.१ | १३.७० | १०८५२ | ३.५ | ४.४ |
| ६ | ४२.९ | ९.६९ | ७९१० | ४.४ | ५.४ |
| ७ | ५१.८ | १६.६० | ७३०२ | ३.१ | ७.१ |
| जम्मा | ३३७.८ | १०४.५९ | ५३८९४ | ३.२ | ६.३ |

*स्रोतः गाउँपालिका यातायात गुरुयोजना, २०२० र राष्ट्रिय जनगणना, २०७८*

महेन्द्र राजमार्ग र पाडाजुँगी-गौरींगंज फिडर राजमार्गमा नियमित बससेवा संचालनमा रहेको छ । त्यसका अलावा दमक, गौरादह, केर्खा, झिलझिले र विर्तामोडबाट समेत गाउँपालिका आउने माइक्रोबस, टेम्पो, ट्याक्सी, जिप र बसहरु संचालनमा रहेको छ । गाउँपालिकाको केर्खा, सानो केर्खा, सितापुरी, शान्तिपुर चौकमा बस बिसौनीहरुको रहेको छ तर हालसम्म गाउँपालिकामा स्थायी आधुनिक बसपार्कको भने निर्माण हुन सकेको छैन । गाउँपालिका भित्र केर्खा-क्याम्पा-सरङपाडा, अमलडाँगी-समयगढ-बाँसबारी, पाडाजुँगी-मंगलबारे-रंगपुर-गौरादह-गौरीगंज, मैनाखोता-लालध्वजा-ठूलो बाऱ्हघरे, सितापुरी-जीवन चौक-रतनचौक रुटहरुमा सवारी संचालन हुने गरेको छ । बस, ट्रक, जिप, माइक्रो, टिफर, मिटि ट्रक, ट्याक्ट्रर लगायत कार, जिप, मोटर साइकल र स्कुटर गाउँपालिका भित्र संचालन हुने सवारी साधनहरु हुन । टेम्पो र सिटी सफारी गाउँपालिकाका भित्री वस्ती र टोलहरुसम्म संचालन हुने गरेका छन् । सरङपाडा-ढ्याइग्री जोडने कन्काई नहर, वैगुनधुरा जोडने ढयाङ्ग्री पुल, बाँसबारी र पाडाखोपी जोडने ढयाङ्ग्री खोला पुल, कृष्णे खोला पुल, सेतुमारी खोला पुल, गेउरिया पुल, चान्दु पुल गरी गाउँपालिकामा ४७ वटा पुलहरु रहेका छन् । राष्ट्रिय राजमार्गको पहुँच र गाउँपालिकाका वडा र मुख्य वस्तीहरुसम्म कालोपत्रे सडकहरुको बृद्धिसंगै गाउँपालिकामा आधुनिक बसपार्क र बस स्टेण्डहरुको समेत आवश्यक्ता देखिन्छ ।




*स्रोतः गाउँपालिका यातायात गुरुयोजना, २०२०*

चित्र 9. सडकको वडागत वितरण

### २.४.३ विद्युत तथा वैकल्पिक उर्जा

गाउँपालिकाको सम्पूर्ण वडाहरुमा विद्युत सेवा पुगेको छ । तर गुणस्तरिय ट्रान्सफरमर र प्रसारण लाईनको अभावमा ग्रामीण क्षेत्रमा भोल्टेज कम हुने र विद्युत अवरुद्ध भैरहने समस्या विद्यमान छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार कमल गाउँपालिकामा वत्ती बाल्नको लागि बिजुली प्रयोग गर्ने परिवार संख्या ९८.४८% छ । विगतमा वत्तीको लागि मट्टितेल प्रयोग हुने गरेको थियो तर गाउँपालिकाका वडा र ग्रामिण वस्तीहरुमा विद्युत सेवा पुगेसंगै व्यापक रुपमा बिजुली वत्तीको प्रयोग हुँदै आईरहेको छ । सोलार/सौर्य उर्जा, मट्टीतेल र बायोग्यासको प्रयोग गर्ने धरधुरीहरु निक्कै न्यून रहेको छ । विस्तृत विवरण तालिका ५० मा प्रस्तुत गरिएको छः

तालिका 50. वत्ती बाल्न प्रयोग गर्ने इन्धन अनुसार परिवार संख्या

| क्र.स. | इन्धनको स्रोत | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बिजुली | १२९६५ | ९८.४८ |
| २ | सोलार/सौर्य उर्जा | १२६ | ०.९६ |
| ३ | मट्टीतेल | ६२ | ०.४७ |
| ५ | अन्य | १२ | ०.०९ |
| जम्मा | | १३१६५ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

एलपी ग्यास र काठ/दाउरा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनहरु हुन । एलपी ग्यासको प्रयोग क्रमश बढदै गएर हाल सबैभन्दा बढी ६७.२% घरधुरीले खाना पकाउनको लागि एल.पी ग्याँस नै प्रयोग गर्ने गरेका छन् । खाना पकाउन काठको प्रयोग गर्ने घरधुरी २८.७१% छन् । बायोग्यास प्रयोग गर्ने घरधुरी ३.३७% छन् । खाना पकाउनका लागि विजुली र गुइठा/गोरहा प्रयोग गर्ने घरधुरी भने १% भन्दा पनि कम छ । परिवारमा खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका 51. खाना पकाउन प्रयोग गर्ने इन्धन अनुसार परिवार संख्या

| क्र. स. | इन्धनको प्रकार | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | काठ/दाउरा | ३७८० | २८.७१ |
| २ | एल. पी. ग्याँस | ८८४७ | ६७.२ |
| ३ | बिजुली | ९० | ०.६८ |
| ४ | गुईठा/गोरहा | १ | ०.०१ |
| ५ | बायोग्यास | ४४४ | ३.३७ |
| ६ | अन्य | ३ | ०.०२ |
| जम्मा | | १३१६५ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

### २.४.४ सूचना, संचार तथा प्रविधि

कमल गाउँपालिकामा सूचना, संचार र प्रविधिको प्रयोग व्यापक रुपमा बढदै गैरहेको छ । विगतमा पत्रपत्रिका, रेडियो र बजार क्षेत्रका केहि घरधुरीमा रहेका टेलिभिजन नै सूचना र संचारका प्रमुख साधन थिए । पत्रपत्रिकामा पनि सबै घरधुरीको पहुँच थिएन । तर सडक यातायातको सहज पहुँचसंगै आजकल

राजधानी काठमाण्डौ र बिराटनगरबाट प्रकाशित हुने पत्रपत्रिकाहरु प्रकाशन भएकै दिन या भोलिपल्ट सम्ममा गाउँपालिकाका बजारमा उपलब्ध हुन थालेको छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार कमल गाउँपालिकामा साधरण स्मार्ट मोवाईल फोन संचारको सबैभन्दा बढी (८५.८%) प्रयोग हुने साधन रहेको छ। त्यसैगरी साधारण मोवाइल फोन प्रयोग गर्ने घरधुरीहरु ६८.९% छ। घरका प्रत्येक जसो वयस्क सदस्यहरुसंग मोवाईल फोन रहेको छ भने स्मार्ट फोन प्रयोगकर्ताहरुको इन्टरनेट पहुँच समेत उल्लेख्य मात्रामा बढेको छ। गाउँपालिकामा रेडियो प्रयोग गर्ने घरधुरीहरु ३४.३% र इन्टरनेट भएका घरधुरीहरु ६०.९% छ (तालिका ५२)।

तालिका 52. सूचना तथा संचारका साधनको प्रयोग गर्ने परिवार संख्या

| क्र.स. | सूचना तथा संचारका साधनहरु | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | रेडियो | ४५१३ | ३४.३ |
| २ | टेलिभिजन | ८२४३ | ६२.६ |
| ३ | ल्याण्डलाईन फोन | १४७ | १.१ |
| ४ | मोबाइल फोन (साधरण) | ९०७२ | ६८.९ |
| ५ | स्मार्ट मोबाईल फोन | ११२९७ | ८५.८ |
| ६ | कम्प्युटर/ल्यापटप | १५४४ | ११.७ |
| ७ | इन्टरनेट सुविधा | ८०२० | ६०.९ |
| ८ | कुल घरधुरी | १३१६५ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

स्थलगत सर्वेक्षणको क्रममा गाउँपालिकाका वडा र वस्तीहरुमा नीजि कम्पनीहरुको इन्टरनेट नेटवर्क गाउँपालिकावासीहरुको घरघरमा विस्तार भएको देखिएको थियो। यसबाट के देखिन्छ भने हाल गाउँपालिकाका मुख्य बजार र वस्तीहरुका घरधुरीहरुले इन्टरनेट सेवा समेत नियमित प्रयोग गर्दै आईरहेका छन्। इन्टनरनेटको बढदो प्रयोग र सहज पहुँचसंगै देश विदेशका समाचार र सूचनाहरुसंग कमलवासीहरु नियमित अद्यावधिक हुने गरेका छन्। गाउँपालिकाबाट वैदेशिक रोजगारीको लागि ठूलो संख्यामा युवाहरु विदेश गएको र देश तथा विदेशमा भएका आफन्तहरुसंग कुरा गर्न समेत इन्टरनेटको प्रयोगमा व्यापक वृद्धि हुँदै गैरहेको छ। हाल गाउँपालिकामा नेपाल टेलिकमको एडि.एस.एल. र नीजि क्षेत्रबाट संचालित केवल नेटवर्कहरुले इन्टरनेट सेवा प्रदान गर्दै आइरहेका छन्। नेपाल टेलिकम र एनसेलका मोवाइल टावर मार्फत गाउँपालिकामा मोवाइल फोन संचालन हुँदै आईरहेको छ। कमल गाउँपालिकामा इलाका हुलाक कार्यालय समेत रहेको छ।

## २.४.५ घरयासी साधन/सुविधाहरु

कमल गाउँपालिकामा मोटरसाइकल/स्कुटर सबैभन्दा बढी प्रयोग हुने सवारी साधन हो। गाउँपालिकाको २९.४% घरधुरीमा सवारी साधनको रुपमा मोटरसाइकल/स्कुटर रहेको छ। गर्मी याममा गाउँपालिकामा क्षेत्रमा अत्यधिक तापक्रम हुने भएकोले विद्युतीय पंखा र रेफ्रिजेरेटर प्रयोग गर्ने परिवार बढदै गएर गाउँपालिकाको ८२.१% घरधुरीमा विद्युतीय पंखा र ३९.६% घरधुरीमा रेफ्रिजेरेटर छ। कार/जीप/भ्यान जस्ता सवारी साधन हुने घरधुरीहरु २.३% छन्। गाउँपालिकामा वासिङ मेसिन र एयर कन्डिसनर हुने घरधुरीहरुको संख्या क्रमश २२१ (१.७%) र ६३ (०.५%) छ। घरयासी साधन/सुविधाहरुको प्रयोग गर्ने परिवारको विस्तृत विवरण तालिका ५३ मा प्रस्तुत गरिएको छः

तालिका 53. घरयासी साधन/सुविधा अनुसार परिवार संख्या

| क्र.स. | घरयासी साधन/सुविधाहरुको प्रकार | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १ | कार/जीप/भ्यान | २९७ | २.३ |
| २ | मोटरसाईकल/स्कुटर | ३८६६ | २९.४ |
| ३ | साइकल | ९०७९ | ६९. |
| ४ | बिद्युतीय पंखा | १०८११ | ८२.१ |
| ५ | रेफ्रिजेरेटर | ५२१५ | ३९.६ |
| ६ | वासिङ्ग मेसिन | २२१ | १.७ |
| ७ | एयर कन्डिसनर | ६३ | ०.५ |
| ८ | कुल घरधुरी | १३१६५ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

## २.५ वन, वातावरण तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

समथल भूमी र समान किसिमको जलवायु भएको भएतापनि कमल गाउँपालिकामा पाइने जिवजन्तु तथा वनस्पतिहरुमा विविधता पाईन्छ । गाउँपालिकामा कुल क्षेत्रफलको १२.०५% (१२.६ वर्ग किमि) भू-भाग वनले ढाकेको छ भने झाँडी क्षेत्र ५.३७% (५.६२ वर्ग किमि) र घाँसे मैदान ०.०९ वर्ग किमि छ । यसका अलावा नीजि स्तरबाट रोपिएका रुख विरुवा, वगैचा आदिले समेत गाउँपालिकाको हरियाली क्षेत्रलाई प्रतिनिधित्व गर्दछ । गाउँपालिकाको केर्खा क्षेत्रमा “रतुवा माई वृक्षारोपण आयोजना” अन्तर्गत २७५३.७६ हेक्टरको कबुलियत वन रहेको छ (गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण, २०७५) । कमलवासीहरुले आफ्नो नीजि जमीनमा सिसौ, टिक, कदम, मसला जस्ता रुख विरुवाहरु रोपेका छन भने बाँसका स-साना झ्याङहरु पनि यत्रतत्र पाईन्छ । काठ, दाउरा, डाँले घाँसको लागि यस्ता वोटविरुवाहरु प्रयोग हुने गरेको छ । आँप, लिचि, कटहर, अम्वा, मेवा, नरिवल, सुपाडी आदि फलफुलका बोटविरुवाहरु बगैचाको रुपमा बिकास भएको पाइन्छ । इपिल, बकाइनो, बडहर आदि डाँले घाँसको रुपमा प्रयोग हुने प्रजातीका बोटविरुवाहरु समेत स्थानीयवासीहरुले आफ्नो खेतमा रोपेका छन् । बाँस, खयर, सिसौ जस्ता रुख विरुवाहरु भने विशेष गरेर बाँझो तथा सुख्खा जमीन, नदि किनार, कुलो तथा नहरको किनार, बाँध क्षेत्र आदिमा रोपिएको छ । स्याल, खरायो, खिरखिरे, ढाँडे विरालो, गोहोरो यहाँ पाईने जंगली जनावारहरु हुने भने बकुल्ला, काग, भंगेरा, रुप्पी, ढुकुर, परेवा, हाँस, कुखुरा आदि जस्ता पंक्षीहरु यस गाउँपालिकामा पाईन्छ । गाउँपालिकामा रहेका रतुवा, कमल, ढ्याङ्ग्री, चाँजु र कृष्णे जस्ता खोलाका बगरहरुमा वृक्षारोपणको लागि उपयुक्त प्रशस्त खाली स्थानहरु छन् (तालिका ५४) । उक्त स्थानमा वृक्षारोपण गरेको खण्डमा बर्षातको समयमा हुने कटान र डुबानबाट समेत कमलवासीहरु सुरक्षित रहने देखिन्छ ।

तालिका 54. वृक्षारोपणको लागि खाली क्षेत्रहरुको वडागत वितरण

| वडा नं | खाली क्षेत्र रहेको स्थान | क्षेत्रफल (बिघा) |
|---|---|---|
| १ | कृष्णेखोला बगर | १० |
| १ | ढयाङ्गीखोला बगर | २ |
| १ | कमलखोला बगर | ३० |
| २ | खोलाधार कमल | ४० |

| | | |
|---|---|---|
| ३ | कमल खोला | १०० |
| ५ | रतुवा | २० |
| ५ | चाँजु खोला | १५ |
| ६ | रतुवा खोला | ५ |

*स्रोतः गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण, २०७५*

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

कमल गाउँपालिका तराईको समथल भू-भागमा अवस्थित छ । यहाँका अधिकांश वस्ती सडकको दाँयाबाँया रेखाकार रुपमा विकास भएको पाईन्छ भने वस्तीहरु कृषि भूमि आसपासमा समेत विकास भएको देखिन्छ । पाडाजुँगी, केर्खा, क्याम्पा, मंगलबारे, समयगढ, बाँसवारी, सरङ्पाडा, ढयाङ्ग्री, गेउरिया, रंगपुर, ठूलो बाऱ्हघरे कमल गाउँपालिकामा ठूला वस्तीहरु हुन भने गाउँपलिका भित्र थुप्रै अन्य स-साना वस्तीहरु छन् । पाडाजुँगी र केर्खा बजार क्षेत्रमा तीव्र शहरीकरण भैरहेकोले राजमार्गको भित्र तर्फपनि वस्तीहरु विकास भैरहेको छ । यस्ता वस्तीहरु साँघुरा र घना छन । गाउँपालिकाको भू-उपयोगको अवस्थालाई हेर्दा करिब ७३% भू-भाग कृषि भूमिको रुपमा प्रयोग भएको पाईन्छ भने मुख्य बजार र वस्ती क्षेत्रले गाउँपालिकाको ४.२७% भू-भाग ढाकेको छ । गाउँपालिका पश्चिममा रतुवा खोला र पूर्वमा कमल खोला, केर्खा खोला, ढ्याङ्ग्री खोला रहेको छ भने गाउँपालिका बिच भू-भागमा भुतुङ खोला र गेउरिया खोला छन् । समथल भू-भाग भएको र मुनसुनको अत्यधिक प्रभाव क्षेत्रमा पर्ने भएकोले बर्षातको समयमा गाउँपालिकामा रहेका खोलाको स्तर अत्यधिक बढन गै बर्षेनी बाढी, डुबान, भू-क्षय र खोला कटानको समस्या हुने गरेको छ । यस्ता प्राकृतिक प्रकोपबाट गाउँपालिकाको वस्ती र कृषियोग्य जमीनको संरक्षणमा समेत ठूलो चुनौती हुने गरेको भएतापनि स्थानीय खोलानालाहरुको उचित व्यवस्थापन र संरक्षणको कार्य हुन सकेको छैन । गाउँपालिकाबाट खोला तटबन्ध र नियन्त्रणको लागि केहि कामहरु भएको भएतापनि त्यो पर्याप्त हुने सकेको देखिदैन । गाउँपालिकाको जलाधर मुख्यतया गाउँपालिकाको उत्तरमा रहेको चुरे क्षेत्रबाट बहने रतुवा खोला, कमल खोला र केर्खा खोलाको नदि प्रणालीमा आधारित छन् ।




नक्शा 4. गाउँपालिकाको नदि प्रणाली, बाढी/डुबान र कटान क्षेत्रको वितरण

*(नक्शा स्रोतः गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण, २०७५)*

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनूकुलन

गाउँपालिकाको अधिकांश वस्तीहरु ग्रामीण प्रकृतिका भएको, प्रदुषणजन्य ठूला उद्योगहरु नभएको, प्रशस्त खुल्ला क्षेत्र र हरियाली समेत भएकोले समग्रमा गाउँपालिकाको वातावरण स्वच्छ र सफा रहेको छ । तर गाउँपालिकाका पाडाजुँगी र केर्खा जस्ता तीब्र शहरीकरण भैरहेका वस्ती र आसपासको क्षेत्रमा बढदो शहरीकरणका साथै जथाभावी रुपमा भैरहेको वस्ती विकासले गाउँपालिकाको वातावरणमा चुनौती समेत सृजना हुँदै गैरहेको छ । वातावरण व्यवस्थापन र जलवायु परिवर्तन एक अर्कासंग सम्बन्धित भएकोले

वातावरण व्यवस्थापनमा चुनौतीसंगै जलवायु परिवर्तनका असरहरु समेत क्रमश देखिदै जाने गर्दछ । कमल गाउँपालिकामा आजसम्म एकिकृत फोहोरमैला व्यवस्थापन प्रणालीको विकास भएको छैन । गाउँपालिकाका अधिकांश घरहरुमा फोहोरमैला व्यवस्थापनको लागि सेफ्टी टैंक तथा खाल्टे चर्पी छन् भने घरको भान्साघर, सिन्क, बेसिन लगायत लुगा धोएको र भाँडाकुँडा माँझेको पानी सडक छेउको नाली, गोबरको खाडी, धारा नजिकैको पानी जम्ने खाल्डोमा जाने गरेको छ । ग्रामीण भगेमा भने यस्ता फोहोर पानीहरु घर नजिकै खेतबारीमा जाने गरेको देखिन्छ । गाउँपालिकामा हालसम्म फोहोर पानी प्रशोधन गर्ने प्रणाली र पूर्वाधारको विकास भएको छैन ।

पाडाजुँगी र केर्खा बजार क्षेत्रमा शहरीकरणसंगै फोहोरमैला व्यवस्थापन विस्तारै चुनौती बन्दै गैरहेको छ । मुख्य बजार क्षेत्रका केहि स्थानमा डस्टबिनको व्यवस्था रहेको छ तर जनचेतनाको अभावमा डस्टविनहरु प्रभावकारी बन्न सकिरहेका छैनन । हाल गाउँपालिकाले मुख्य बजार र वस्तीहरुबाट फोहोर संकलन गरी अस्थाई रुपमा विसर्जन गर्ने गरेको छ तर यसले गाउँपालिकाका सम्पूर्ण क्षेत्र र घरपरिवारलाई समेटन सकेको छैन । ग्रामिण भेगमा रहेका घरहरुले भने फोहोरमैला आफ्नै हिसाबले व्यवस्थापन गर्दै आईरहेका छन् । भान्सा घरबाट निस्कने बढी भएको र खेरजाने तरकारी/खानेकुरा आदि गाइवस्तुलाई दिने गर्दछन भने सडने तथा कुहिने फोहोरहरु खेतबारीमा खाल्डो खनी पुर्ने गर्दछन् । प्लाष्टिक तथा कागजजन्य फोहोरहरु जलाउने गर्दछन् । नकुहिने सिसा र अन्य धातुजन्य फोहोरोहरु समेत आफ्नै खेतबारीमा गाडने गर्दछन् । गाउँपालिकामा फोहोरलाई कुहिने र नकुहिने गरेर छुट्याउने चलन हालसम्म पनि बिकास हुने सकेको छैन् । गाउँपालिकाले केहि क्षेत्रमा डस्टबिन र फोहोर फाल्ने ड्रमहरु राखेको भएतापनि कुहिने र नकुहिने फोहोर नछुटिने र यसरी डष्टविनमा थुप्रिएका फोहोरोहरु नियमित रुपमा व्यवस्थापन नहुँदा बजार आसपास कागज, प्लाष्टिक र फोहोरका झोलाहरुले बजार क्षेत्र प्रदुषित हुने थालेको छ । गाउँपालिकाले समयमै फोहोरमैला व्यवस्थापनलाई गम्भिर ढंगले व्यवस्थापन नगर्ने हो भने बढदो बजारीकरण र शहरीकरणसंगै फोहोरमैला व्यवस्थापनले स्थानीय वातावरणलाई समेत प्रतिकुल असर पर्ने देखिन्छ । गाउँपालिकामा हालसम्म ढल र फोहोरमैला व्यवस्थापनको दिर्घकालिन योजना तर्जुमा भएको छैन भने फोहोमैला व्यवस्थापनको लागि स्थाई फोहोरमैला प्रसोधन केन्द्रको व्यवस्था समेत छैन ।

लामो समयको अन्तरालमा जलवायुका विभिन्न तत्वहरुमा आएको औसत परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ र यो परिवर्तन प्राकृतिक प्रकृया हो । पृथ्वीको वायुमण्डलमा तापक्रम घटने वा बढने प्रक्रियाका कारणले गर्दा नै जलवायु परिवर्तन हुन्छ । हरितगृह ग्यासको बढदो उत्सर्गन जलवायु परिवर्तनको मुख्य कारण हो । यस बाहेक वन विनाश र क्षयीकरण, औधोगिकरण, वन डढेलो, भू-उपयोग परिवर्तन, जिवाश्मा इन्धनको बढदो प्रयोग तथा शहरीकरण जलवायु परिवर्तनका कारणहरु हुन् । कमल गाउँपालिकामा जलवायु परिवर्तनका ठूला कारक तत्वहरु नभएको भएतापनि विश्वव्यापी कारणहरुले गर्दा अनियमित बर्षा, कृषि बालिमा विभिन्न प्रकारका नयाँ नयाँ रोगहरु आउने, लामो समय सुख्खा खडेरी हुने, बाढी, कटान/भूक्षय, पोखरी र सिमसार क्षेत्रहरु सुक्ने जस्ता घटनाहरु देखा पर्न थालिसकेका छन् । जलवायु परिवर्तनका यस्ता प्रभावहरु कम गर्नेको लागी गाउँपालिकाले वन तथा वातावरण मन्त्रालय द्वारा तर्जुमा गरिएको स्थानीय अनुकुलन कार्ययोजना खाका २०७६ लाई समेत आत्मसाथ गरी गाउँपालिकाको “विपद तथा जलवायु उत्थानशील योजना” तर्जुमा गर्नुपर्ने देखिन्छ । गाउँपालिका भित्र जलवायु परिवर्तनले निम्त्याएका समस्याहरु, त्यसको कारण र समुदायमा परेको प्रभावहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका ५५: जलवायु परिवर्तनले निम्त्याएका समस्या, कारण र समुदायमा पारेको प्रभाव

| क्र सं | समस्या | समस्याको कारण | समुदायमा परेको प्रभाव |
|---|---|---|---|
| १ | गर्मी धेरै बढ्दै गएको | विश्व उष्णीकरणको प्रभाव | ▪ गर्मीका कारण काम गर्न नसक्नु ।<br>▪ उत्पादनमा कमी ।<br>▪ जीवन जीउन कठीन हुनु । |
| ४ | हिउदमा पानी कम पर्नु | विश्व उष्णीकरणको प्रभावले जलवायु परिवर्तन | खेतवारीको उर्वराशक्ति ह्रास भएका कारण अन्न उत्पादनमा ह्रास हुनुका साथै अनिकाल र भोकमरी हुनु |
| ५ | पशु तथा बालीमा रोग किरा | तापक्रममा बृद्धि हुँदै गएपछि बालीनाली तथा पशुमा लाग्ने रोगमा बृद्धि भएको | पशु तथा बाली रोग लागेर उत्पादनमा ह्रास आएको । |
| ६ | हिउँदे बाली उत्पादनमा कमी | हिउँदमा वर्षा कम भएको र सिंचाइको भरपर्दो सुविधा नभएको | हिउँदे बाली लगाउन नपाउँदा खाद्य संकट बढेको छ । |
| ७ | चट्याङबाट मानवीय आर्थिक र भौतिक क्षति बढेको | जलवायुमा अएको परिवर्तनका कारण चट्याङ पर्ने दर बढेको | ▪ मानवीय क्षति, घाइते, विद्युतीय उपकरणमा क्षति ।<br>▪ पशु चौपायामा क्षति हुने गरेको । |

गाउँपालिका वासीहरुलाई जलवायु परिर्वन सम्बन्धी सचेतना कार्यक्रमहरु नियमति रुपमा संचालन गरी जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनका निम्न उपायहरु अवलम्वन गर्नुपर्ने छ ।

- वृक्षारोपन तथा वन संरक्षण गर्ने ।
- बाढी, डुबान, कटान, भूस्खलन आदिका क्षेत्रहरु पहिचान गरी रोकथामको लागि पूर्वाधार निर्माण गर्ने।
- गाउँपालिका भित्र जोखिमपूर्ण अवस्थामा रहेका क्षेत्र र समुदायको पहिचान र प्राथमिकीकरण गरी अनुकूलुन योजना तयार गर्ने र सोको क्रमश कार्यान्वयन गर्दै लैजाने ।
- वैकल्पिक जिविकोपार्जनको उपायहरुको खोजी गर्ने ।
- जनचेतना अभिवृद्धि र प्रकोप जन्य स्थानहरुको पहिचान गरी सो स्थानमा प्रकोप पूर्व तयारी जस्ता पूर्व सूचना प्रणाली जडान गर्ने ।
- बाली लगाउने ढाँचामा परिवर्तन गर्ने तथा परिवर्तित जलवायुसंग प्रतिरोध गर्न सक्ने प्रजाती जस्ता सुख्खा सहने प्रजातिका वालीहरुलाई प्रोत्साहन गर्ने ।
- बिमा, आकस्मिक तथा अनुकुलन कोषको व्यवस्था गर्ने ।
- परिवर्तित जलवायुमा अनुकूलनपूर्व वाच्नका लागि स्थानीय व्यक्तिहरुले गरेका कार्यहरुको पहिचान गरी त्यसको विकास र आदान प्रदान गर्ने ।
- विभिन्न प्रविधि विस्तार गर्ने जस्तै आकाशे पानी संकलन, सिंचाई पोखरीको निर्माण, बायो इन्जिनियरिंग, सुधारिएको चुलो प्रयोग गर्ने, वायु उर्जाको प्रयोग गर्ने, सौर्य उर्जाको प्रयोग गर्ने, प्लाष्टिक घरको प्रयोग गर्ने, वैकल्पिक विद्युतिय साधनको प्रयोग गर्ने, गोबर ग्यासको प्रयोग गर्ने, इनार आदिको प्रयोग गर्ने ।

### २.५.४ महामारी तथा विपद व्यवस्थापन

कमल गाउँपालिकामा गर्मी र बर्षातको समयमा झाडा पखाला र हैजा जस्ता प्रकोपहरु बेला बेला हुने गरेको छ भने जाडोको समयमा चिसोले समेत सताउने गरेको छ । तर यस्ता प्रकोपहरुबाट मानविय क्षति भने न्यून हुने गरेको छ । गाउँपालिकाका स्वास्थ्य केन्द्रहरुबाट झाँडापखाला र हैजाहरु सम्बन्धी सचेतना कार्यक्रम र स्वास्थ्य शिविरहर संचालन हुने गरेको देखिन्छ तर प्रदेश र केन्द्र सरकारबाट भने यसको रोगथाम र उपचारको लागि खासै कार्यक्रमहरु हुन सकेको छैन । कोडिभ-१९ को महामारीबाट यस गाउँपालिका समेत नराम्रोसंग प्रभावित भएको थियो । कोभिड-१९ को रोकथाम तथा व्यवस्थापनको लागि गाउँपालिकाले “कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण कोष संचालन कार्यविधि, २०७६” तर्जुमा गरी गाउँपालिका स्तरमा कोरोना भाइरस रोकथाम तथा प्रतिकार्यको लागि समिति गठन गरी उक्त समिति मार्फत गाउँपालिकाभित्र संक्रमित र उनीहरुको परिवारलाई मास्क, स्यानिटाइजर वितरण गरिएको थियो । कोभिड महामारीको समयमा गाउँपालिका लगायत मुख्य बजार केन्द्रहरुमा सचेतना कार्यक्रमहरु समेत गरिएको थियो ।

बाढी, कटान र डुबान कमल गाउँपालिकामा बर्षेनी आईपुर्ने मुख्य विपदहरु हुन । यस्ता विपद व्यवस्थापनको लागि गाउँपालिकाले केहि स्थानमा बाध बाध्ने, वृक्षारोपण गर्ने, सचेतना कार्यक्रमहरु संचालन गर्ने जस्ता कार्यक्रमहरु संचालन गर्नुको साथै विपद तथा महामारी व्यवस्थापनको लागि “स्वास्थ्य, सरसफाई तथा विपद व्यवस्थापन ऐन, २०७९” र “विपद व्यवस्थापन कोष संचालन कार्यविधि, २०७५” समेत तर्जुमा गरेको छ । तर हालसम्म गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्रका विपद क्षेत्रहरुको पहिचान गरी यस्ता विपद व्यवस्थापनको लागि कार्ययोजना र कार्यविधि भने तर्जुमा गरेको छैन । गाउँपालिका भएर बग्ने रतुवा, गेउरिया, किस्ने, चाँजु, याङग्री, भुतुङ, कमल र केर्खा खोलाबाट हुने कटान, डुबान र बाढीले बर्षैनी सैयौ घरहरु डुबान हुने गरेको छ भने खेतीयोग्य जमीनहरु समेत कटान भैहरेको छ । वडा स्तरीय छलफल र गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण २०७५ अनुसार कमल गाउँपालिकाका विभिन्न वडाहरुमा १३४५ घरधुरीहरु कटान, बाढी र डुबानको जोखिमबाट प्रभावित छन् (तालिका ५६) ।

तालिका 56. खोला कटान जोखिमयुक्त वस्ती र जोखिममा रहेका घरधुरी संख्या

| वडा नं | जोखिमयुक्त स्थानमा रहेको वस्तीको नाम | जोखिममा रहेका घरधुरीको संख्या |
|---|---|---|
| १ | सोलमारी गडुरमी वस्ती | १७ |
| १ | सुनारा देखी वालुवाडी | १०० |
| २ | क्याम्पा बजार कमलखोला | ४५ |
| २ | कमल खोला उत्तर | - |
| ३ | सानो केर्खा | २५० |
| ३ | बगाने टोल | ५० |
| ३ | बोहोरा टोल | १०० |
| ३ | स्मल  टोल | ५० |
| ३ | गुरुङ टोल (ढ्याङग्री खोला) | ५० |
| ४ | सरस्वती टोल | ९ |
| ४ | लिङदेन टोल | ९ |
| ४ | सिद्धार्थ टोल | २० |
| ४ | खानेपानी दक्षिण | ४० |

| वडा नं | जोखिमयुक्त स्थानमा रहेको वस्तीको नाम | जोखिममा रहेका घरधुरीको संख्या |
|---|---|---|
| ४ | भुल्लुङ पारी (गुरुङ टोल) | ५० |
| ४ | भुल्लुङ जनकल्याण मन्दिरदेखि भुल्लुङ पुलसम्म | २५ |
| ४ | भुल्लुङ खोला जिवन चोक पूर्व १४२२ कोषदेखि दक्षिण ज्योति मावि सम्म वारिपारी | |
| ५ | रमाईलो वस्ती | ६० |
| ५ | गाड बाध | १०० |
| ५ | बसन्त चौक | ६० |
| ५ | गुहेश्वरी टोल | ७० |
| ५ | चाजु टुक्रे | ४० |
| ५ | सिम्ले | ४० |
| ७ | झर्का | ५० |
| ७ | लालपानी | २५ |
| ७ | लालध्वज | ७० |
| ७ | मदन टोल | १५ |
| जम्मा | | १३४५ |

*स्रोतः वडा स्तरीय छलफल, २०८१ र गाउँपालिकाको गाउँ वस्तुस्थिति विवरण, २०७५*

गर्मीको समयमा गाउँपालिकामा केहि आगालागीका घटनाहरु समेत हुने गरेका छ । गाउँपालिकाको विगत १० बर्षको आगालागीको घटनालाई हेर्दा १ जनाको मृत्यु भएको छ । झुपडी, झिंगटी र काठको घरहरुमा प्रायजसो आगालागीका घटनाहरु हुने भएतापनि बिजुली सट भएर पक्की घरहरुमा आगालागीका घटनाहरु समेत छिटफुट रुपमा हुने गरेको छ । यस्ता आगालागीका घटनाहरु नियन्त्रणको लागि गाउँपालिकामा हाल १ दमकल रहेको छ । बाढी, डुबान, कटान, आगालागी बाहेक हुरीबतास, असिना पानी, चट्याङ, शितलहर, सर्प दंश, जंगली हातिको आक्रमण जस्ता प्रकोपहरु पनि बेला बखतमा हुने गरेको छ । बिगत १० बर्षको तथ्याङ्क हेर्दा गाउँपालिकामा बाढीबाट मृत्यु हुनेको संख्या २ र सर्प दंशबाट मृत्यु हुने संख्या ३ छ ।

गाउँपालिकाले विपद व्यवस्थापनलाई स्थानीय सरकारको मुख्य जिम्मेवारीको रुपमा लिई विपद व्यवस्थापन कोषको गठन गर्ने नीति लिएको छ तर हालसम्म विपद व्यवस्थापन कोषको गठन भने भएको छैन । गाउँपालिकाले विपद न्यूनिकरणको लागि सडक लगायत अन्य पूर्वाधार निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनलाई अनिवार्य गरेको छ । सबै वडामा प्राकृतिक प्रकोप जनचेतना कार्यक्रम संचालन गर्ने तथा विपद न्यूनिकरण र व्यवस्थापनको लागि नेपाल रेडक्रस लगायत अन्य सरोकारवाला निकायहरुसंग सहकार्य र समन्वय गर्ने नीति लिएको छ । गाउँपालिकाले भूकम्प प्रतिरोध घर निर्माणको लागि भवन निर्माण मापदण्ड र भवन संहिता लागू गरेको छ ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

कमल गाउँपालिकाले आफ्नो दैनिक कार्यसम्पादन, सेवा प्रवाह, योजना तर्जुमा र कार्यान्वयन, कर्मचारी भर्ना तथा नियुक्ती, संघसस्था दर्ता तथा संचालन, गुनासो सुनवाई तथा सम्बोधन, आन्तरिक र अन्तिम लेखापरिक्षण, कार्यक्रम अनुगमन तथा मूल्याङ्कनका साथै स्थानीय सरकारमा सुशासन कायम गर्न र नागरिक

वडापत्रको पूर्ण कार्यान्वयनको लागि विभिन्न ऐन, नियमावली, मापदण्ड, निर्देशिका, आचार संहिता र कार्यविधि आदि तर्जुमा गरेको छ । गाउँपालिकाको न्यायिक समितिलाई विभिन्न किसिमको विवाद निरुपण गर्ने अधिकार रहेको छ । यसै अधिकार अन्तर्गत गाउँपालिकाले "न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५" तर्जुमा गरेको छ । गाउँपालिकाको न्यायिक समितिमा विशेष गरी स्थानीय स्रोतको बाडफाड, बाली नोक्सानी, ज्याला मजदुरी नदिएको, जेष्ठ नागरिकको पालन पोषण नगरेको, नाबालक छोराछोरी वा पति पत्नीलाई इज्जत आमद अनुसार खान लगाउन नदिएको वा शिक्षा दिक्षा नदिएको, घरेलु हिंसा, घर बहाल नदिएको, सार्वजनिक बाटो धाराको प्रयोग, पति पत्नीको सम्बन्ध बिच्छेद, गाली बेईज्जती, जग्गा भोगचलन आदि जस्ता विवाद र मुद्धाहरु दर्ता भै निरुपण हुँदै आईरहेको छ । तर यो संख्या न्यून रहेको छ । गाउँपालिकाले आर्थिक बर्ष २०८०/८१ सम्ममा तर्जुमा गरेका ऐन, निर्देशिका र कार्यविधिहरु निम्न वमोजिम रहेका छनः

तालिका 57. गाउँपालिकाबाट तर्जुमा भएका ऐन, नियमावली र कार्यविधिहरुको विवरण

| क्र.स. | ऐन, कानुन तथा निर्देशिकाको नाम |
|---|---|
| १ | कमल गाउँपालिकाको कर्मचारी कल्याणकारी कोष संचालन कार्यविधि, २०८० |
| २ | कमल गाउँपालिकाको वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको संजाल गठन सम्बन्धि कार्यविधि, २०८० |
| ३ | कमल गाउँपालिकाको कार्यसंचालन निर्देशिका, २०७८(दोस्रो संशोधन २०८०) |
| ४ | कमल गाउँपालिकाको विधायन समिति (गठन तथा संचालन) कार्यविधि, २०७९ |
| ५ | कमल गाउँपालिकाको अर्थ तथा सार्वजनिक लेखा समिति (गठन तथा संचालन) कार्यविधि, २०७९ |
| ६ | कमल गाउँपालिका सुशासन तथा स्थानीय सेवा समिति (गठन तथा संचालन) कार्यविधि, २०७९ |
| ७ | कमल गाउँपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता ऐन, २०७९ |
| ८ | कमल गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७९ |
| ९ | स्वास्थ्य, सरसफाई तथा विपद व्यवस्थापन ऐन, २०७९ |
| १० | तीनपाङ्ग्रे (ई-रिक्सा) सम्बन्धी कार्यविधी, २०७९ |
| ११ | कमल गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसंचालन कार्यविधि, २०७८ ( दोस्रो संसोधन, २०७९ ) |
| १२ | घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि, २०७५ ( पहिलो संसोधन ) |
| १३ | कमल गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ ( पहिलो संसोधन २०७९ ) |
| १४ | भवन निर्माण संहिता तथा अन्य मापदण्ड कार्यान्वयन कार्यविधि, २०७९ |
| १५ | विषयगत समितिहरु (कार्यसंचालन) कार्यविधि, २०७८ |
| १६ | घुम्तीकोष मार्फत पशुपंक्षी दाना उद्योग संचालन निर्देशिका, २०७८ |
| १७ | कमल गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसंचालन कार्यविधि, २०७८ (पहिलो संसोधन) |
| १८ | व्यवसाय प्रवर्धन घुम्ती कोष संचालन कार्यविधि, २०७६ (पहिलो संसोधन २०७८) |
| १९ | स्थानीय तह स्वास्थ्य वीमा संयोजन समिति संचालन कार्यविधि, २०७८ |
| २० | खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधी, २०७८ |
| २१ | आपतकालीन कार्यसंचालन कार्यविधि, २०७८ |
| २२ | मेलमिलाप कार्यसंचालन कार्यविधि, २०७८ |
| २३ | कमल गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसंचालन कार्यविधि, २०७८ |

| क्र.स. | ऐन, कानुन तथा निर्देशिकाको नाम |
|---|---|
| २४ | कमल गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ |
| २५ | स्थानीय तहको राजश्व परामर्श समितिको कार्य संचालन कार्यविधि, २०७७ |
| २६ | बजेट तथा कार्यक्रम तर्जुमा समिति (कार्य संचालन) कार्यविधि, २०७७ |
| २७ | टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७ |
| २८ | आ. व. २०७८/७९ को लागि योजना छनौट तथा प्राथमिकता निर्धारण गर्ने सम्बन्धी मार्गदर्शन, २०७८ |
| २९ | कमल गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७७ |
| ३० | बालअधिकार संरक्षण तथा सम्बर्धन सम्बन्धी कार्यसंचालन कार्यविधि, २०७७ |
| ३१ | कमल गाउँपालिकाको विनियोजन ऐन, २०७७ (प्रथम संशोधन) |
| ३२ | कमल गाउँपालिका विद्यालय लेखापरिक्षण कार्यविधि, २०७७ |
| ३३ | सार्वजनिक जग्गा संरक्षण तथा उपयोग सम्बन्धी कार्यविधि, २०७५ |
| ३४ | संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारक्षभिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ |
| ३५ | व्यबसाय कर सम्बन्धी कार्यविधि, २०७७ |
| ३६ | घर बहाल कर व्यबस्थापन कार्यविधि, २०७७ |
| ३७ | वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ |
| ३८ | अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ |
| ३९ | लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७७ |
| ४० | कमल गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७७ |
| ४१ | कमल गाउँपालिकाको विनियोजन ऐन, २०७७।७८ |
| ४२ | कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रण कोष संचालन कार्यविधि, २०७६ |
| ४३ | व्यवशाय प्रवर्धन घुम्ती कोष सन्चालन कार्यविधी, २०७६ |
| ४४ | संस्था स्थापना तथा दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको कमल गाउँपालिकाको संघ संस्था दर्ता ऐन, २०७५ |
| ४५ | स्थानीय कृषि तथा अन्य व्यवसाय प्रवर्द्धन ऐन, २०७६ |
| ४६ | टोल विकास संस्था संचालन कार्यविधि, २०७४ |
| ४७ | आर्थिक ऐन, २०७६ |
| ४८ | विनियोजन ऐन, २०७६ |
| ४९ | उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ |
| ५० | प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ |
| ५१ | विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७५ |
| ५२ | घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि, २०७५ |
| ५३ | सम्पत्ति तथा भुमी कर व्यवस्थापन कार्यविधि, २०७५ |
| ५४ | वजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०७५ |
| ५५ | मर्मत संभार कोष संचालन कार्यविधि, २०७५ |
| ५६ | आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७५ |
| ५७ | विनियोजन ऐन, २०७५ |
| ५८ | आर्थिक ऐन, २०७५ |
| ५९ | न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५ |

| क्र.स. | ऐन, कानुन तथा निर्देशिकाको नाम |
|---|---|
| ६० | शिक्षा ऐन, २०७५ |
| ६१ | सहकारी ऐन, २०७४ |
| ६२ | गाउँकार्यपालिकाका पदाधिकारीहरुको आचार संहिता, २०७४ |
| ६३ | स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७४ |
| ६४ | गाउँकार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ |
| ६५ | गाउँकार्यपालिका वैठक संचालन सम्वन्धी कार्यविधि, २०७४ |
| ६६ | गाउँ सभा संचालन कार्यविधि, २०७४ |
| ६७ | कार्यसम्पादन नियमावली, २०७४ |
| ६८ | कार्यविभाजन नियमावली, २०७४ |
| ६९ | दोस्रो राजपत्र कमल गाउँपालिका (सहकारी ऐन, २०७४) |
| ७० | प्रथम राजपत्र कमल गाउँपालिका (स्थानीय राजपत्र प्रकाशन कार्यविधि, २०७४) |
| ७१ | आर्थिक ऐन, २०७५ |

*स्रोतः कमल गाउँपालिका, २०८१*

समग्रमा कमल गाउँपालिकामा ७१ वटा ऐन, नियमावली, कार्यविधि र निर्देशिकाहरु निर्माण भएका छन् जसमा सबैभन्दा बढी ३९ वटा कार्यविधिहरु, त्यसपछी २१ वटा ऐनहरु, ६ वटा निर्देशिका, ३ वटा नियमावली र बाँकी एक/एक वटा मार्गदर्शन र आचार संहिता तर्जुमा भएका छन् ।

तालिका 58. ऐन कानुन तर्जुमाको समग्र अवस्था

| ऐन, कानुन, निर्देशिकाको प्रकार | संख्या |
|---|---|
| कार्यविधि | ३९ |
| ऐन | २१ |
| निर्देशिका | ६ |
| मार्गदर्शन | १ |
| आचार संहिता | १ |
| नियमावली | ३ |
| कुल | ७१ |

*स्रोतः कमल गाउँपालिका, २०८१*

### २.६.२ संगठानात्मक विकास

नेपालको संविधान वमोजिम प्रदेश र स्थानीय तहहरु निर्माण भएपछि स्थानीय सरकारहरुवाट सेवा प्रवाह जनस्तरसम्म चुस्त, सहज र प्रभावकारी रुपमा पुऱ्याउन जनशक्ति व्यवस्थापनका लागि कर्मचारी समायोजन ऐन २०७४ वमोजिम राज्यवाट जारी विभिन्न ऐन कानुनको परिधिभित्र रही स्थायी रुपमा सेवा प्रवेश गरेका निजामती सेवा र स्थानीय सेवाका कर्मचारीहरुलाई समायोजन गर्ने प्रयोजनार्थ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्राप्त संगठन संरचनाका आधारमा समायोजन भएका कर्मचारीहरु र विभिन्न सेवाहरु संचालनार्थ गाउँपालिका आफैले करार सेवामा व्यवस्थापन गरेका कर्मचारीहरु यस गाउँपालिकाको जनशक्तिको रुपमा रहेका छन् । स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ११ को दफा ८३ मा कर्मचारीहरु समायोजन पश्चात स्थानीय तहहरुले आफ्नो कार्यवोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय

आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहको प्रशासकीय प्रमुखको रुपमा प्रमुख प्रशासकीय अधिकृत रहने, प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति कानुनले तोके वमोजिम हुने र कानुनले नियुक्ति नभएसम्मका लागि नेपाल सरकारले निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न खटाउने व्यवस्था स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ मा व्यवस्था गरिएको छ । यसको अतिरिक्त अन्य कर्मचारीहरु तहगत प्रणालीमा रहने व्यवस्था गरिएको छ ।

गाउँपालिकाको शासन संचालन, निर्देशन र नियन्त्रण गाउँ कार्यपालिकाबाट हुँदै आईरहेको छ । गाउँपालिकाको कार्यविभाजन नियमावली, कार्यसंचालन निर्देशिका र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्तावित नमुना संगठन संरचना तथा कर्मचारी दरबन्दीलाई अनुशरण गर्ने प्रयास गरिएको छ । यसका साथै बार्षिक रुपमा आवश्यक्ता अनुसार गाउँ सभाबाट निर्णय गरेर कर्मचारीहरु थप गर्ने अभ्यास समेत देखिन्छ । हाल गाउँपालिकामा ५१ जना कर्मचारीहरु कार्यरह रहेको देखिन्छ (अनुसूची २) । आर्थिक प्रशासन शाखा, प्रशासन शाखा, शिक्षा शाखा, योजना शाखा, पशु सेवा शाखा, कृषि सेवा शाखा, स्वास्थ्य शाखा, पूर्वाधार विकास शाखा, महिला बालबालिका शाखा गरी ९ वटा शाखाहरु लगायत ७ वटा वडा कार्यालयहरु मार्फत कार्य संचालन र सेवा प्रवाह भैरहेको देखिन्छ । त्यसैगरी गाउँपालिका कार्यालयमा रोजगार सेवा केन्द्र, सूचना प्रविधि, पंजीकरण, न्यायिक समिति, समुदायमा आधारित पुनःस्थापना र लघु उद्यम विकास कार्यक्रम अन्तर्गत रोजगार संयोजक, एमआइएस अपरेटर, अपांगता सहायता सहजकर्ता, सूचना प्रविधि अधिकृत, उद्यम विकास सहजकर्ताको रुपमा कर्मचारीहरु कार्यरत छन् ।

यसैगरी गाउँपालिकाबाट एक नगर अस्पताल, ५ वटा आधारभूत स्वास्थ्य चौकी समेत संचालनमा रहेको देखिन्छ । स्थानीय तहको संगठन ढाँचा र दरबन्दी तेरिजको अनुसूची २.१ मा उल्लेख भएको २५ हजारभन्दा बढी जनसंख्या भएका गाउँपालिकाकाको संगठन संरचना (चित्र १०) बमोजिम प्रस्तावित दरबन्दी अनुसार केहि शाखा, इकाई र केन्द्रमा कर्मचारीको पदपूर्ति भएको छ भने कतिपय हुन बाँकी रहेको छ। गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, कार्यपालिका सदस्यहरु, विभिन्न समितिहरु र कर्मचारीहरुको विवरण अनुसूची ५ र ६ मा राखिएको छ।




चित्र 10. स्थानीय तहको संगठन संरचना र दरबन्दी तेरिजको अनुसूची २.१ बमोजिम गाउँपालिकाको संगठन संरचना

### २.६.३ श्रोत परिचालन

कमल गाउँपालिकाको आवधिक योजनाका लागि वहुपक्षीय स्रोतहरू परिचालन गरिने छ । यसका लागि विद्यमान स्रोतहरूको आंकलन र सम्भाव्य नयाँ स्रोतहरूको समेत पहिचान तथा उपयोग गरिनेछ । आवधिक योजनामा यस गाउँपालिकाद्वारा निम्न वमोजिम विभिन्न वित्तीय स्रोतहरू परिचालन गरिनेछ ।

**(क) वित्तीय हस्तान्तरण**

1. प्रत्येक आर्थिक वर्षका लागि यस गाउँपालिकाले नेपाल सरकारबाट समानीकरण अनुदान, सर्शत अनुदान, राजस्व वाँडफाँटको रकम प्राप्त गर्ने छ । संघबाट प्राप्त हुने अनुदानको रकम औषतमा बार्षिक १०% को दरले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
2. नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान र समपूरक अनुदान आर्थिक वर्ष शुरु भएपछि परियोजना प्रस्तावको आधारमा संघीय अर्थ मन्त्रालयद्वारा निर्णय गरिने हुँदा प्रारम्भिक अनुमान सम्म मात्र गरिएको छ । साथै समपूरक अनुदान परियोजना लागतको अधिकतम ४०% सम्म प्राप्त गर्न सक्ने हुँदा गाउँपालिकाले परियोजना लागतको ६०% रकम स्व-लगानी गर्नुपर्ने हुन्छ ।
3. प्रदेश सरकारबाट समेत गाउँपालिकाले समानीकरण अनुदान, सर्शत अनुदान, विशेष अनुदान र समपूरक अनुदान, राजस्व वाँडफाँटको रकम प्राप्त गर्दछ । प्रदेश सरकारको आ.व. २०८१/०८२ का लागि उपलब्ध सीमालाई आधार मानी समानीकरण अनुदान तर्फ औषतमा १०% वार्षिक वृद्धि प्रक्षेपण गरिएको छ ।
4. वैदेशिक अनुदान तर्फ नेपाल सरकारले सम्झौता गरेर मात्र गाउँपालिकाले वैदेशिक सहायता प्राप्त गर्न सक्ने हुँदा वैदेशिक ऋण गाउँपालिकाको आवधिक योजनामा प्राप्त गर्ने अनुमान गरिएको छैन ।

**(ख) गाउँपालिकाको संचित कोषमा जम्मा हुने अन्य रकमहरू**

1. आन्तरिक राजस्व तर्फ हालको अवस्थालाई क्रमिक रुपमा वृद्धि गर्ने प्रक्षेपण गरिएको छ । यसका लागि सम्भाव्यताको आधारमा नयाँ स्रोत तथा दायरामा विस्तार गरिने छ । गाउँपालिकाको आन्तरिक राजस्व अन्तर्गत औषतमा १०% को वार्षिक वृद्धि हुने प्रक्षेपण गरिएको छ ।
2. आवधिक योजना अवधिमा स्थानीय संचित कोष अन्तर्गत विशेष आयोजना संचालनका लागि प्राप्त हुन सक्ने अन्य रकमहरू अनुमानित रुपमा प्रक्षेपण गरिएको छ ।
3. आर्थिक वर्षको अन्त्यमा उपलब्ध रकम खर्च हुन नसकी बाँकी रही नयाँ आर्थिक वर्षमा जिम्मेवारी सर्ने नगद मौज्दात रकम पनि उपयोग गर्न सकिने हुँदा नगद मौज्दात वार्षिक वजेटमा हुने वृद्धिको आधारमा प्रक्षेपण गरिएको छ ।

**(ग) गाउँपालिकाको संचित कोष वाहिर संघ र प्रदेशबाट प्रत्यायोजन हुने रकमहरू**

1. संघको वार्षिक कार्यक्रम तथा वजेटबाट गाउँपालिकालाई प्रत्यायोजित गरिने कार्यक्रमहरू अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम, संघीय निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका क्षेत्रगत कार्यक्रमहरूलाई आवधिक योजनाको परिधिभित्र समावेश गरिएको छ ।
2. यसैगरी प्रदेशको वार्षिक कार्यक्रम तथा वजेटबाट गाउँपालिकालाई प्रत्यायोजित गरिने कार्यक्रमहरू अन्तर्गत प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम लगायत प्रदेश निकायहरूबाट प्रत्यायोजन भई आउने क्षेत्रगत कार्यक्रमहरूलाई पनि आवधिक योजनाको परिधि भित्र समावेश गरिएको छ ।

### २.६.३.१ आन्तरिक स्रोत परिचालन

कमल गाउँपालिकाको आन्तरिक स्रोत परिचालन गर्न टोल सुधार समिति गठन गरी त्यस्ता संस्थाहरुको क्षमता विकास र तिनिहरुलाई विकासका कार्यक्रमहरुमा परिचालन गर्ने नीति अवलम्वन गर्नुपर्ने छ । सामाजिक परिचालनका लागि काम गर्ने सम्पूर्ण निकायहरुको सामाजिक परिचालनको बजेट एकै बास्केटमा राखी एकरुपता कायम गर्न पहल गर्नुपर्ने छ । गाउँपालिका क्षेत्रमा भएका सार्वजनिक सम्पत्ति र स्रोत पहिचान गरी उपयुक्त तवरले परिचालन र सदुपयोग गर्ने नीति लिनुपर्ने छ । गैरसरकारी संस्थाहरुसंग समन्वय र सहकार्यलाई अघि बढाउन सामाजिक विकास शाखालाई प्रभावकारी एवम् व्यवस्थित बनाउनु पर्नेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त हुने कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनको वातावरण बनाई स्थानीय बेरोजगार युवाहरुलाई लाभान्वित हुने वातावरण निर्माण गर्ने लक्ष्य लिनुपर्ने छ ।

### २.६.३.२ अन्तर सरकारी स्रोत परिचालन

संविधान र कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहहरुले कार्य जिम्मेवारी पूरा गर्न आवश्यक स्रोत परिचालन सहितको अधिकारको प्रयोगका लागि वित्तीय संघीयता आवश्यक हुन्छ । नेपालको संविधानको धारा ५७ बमोजिम राज्यशक्तिको प्रयोग र अनुसूची ५, ६, ७, ८ र ९ बमोजिमका एकल र साझा अधिकार प्रदान गरी तीन तहलाई कार्य जिम्मेवारी तोकेको छ । घाटा बजेट प्रस्तुत गर्न पाउने भएकोले वित्त व्यवस्थापनका लागि आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था रहेको छ । पारदर्शी र न्यायपूर्ण वित्तीय हस्तान्तरण गर्दै वित्तीय संघीयतालाई संस्थागत गर्ने, सन्तुलित र समन्यायिक ढङ्गमा प्रादेशिक र स्थानीय अर्थतन्त्रको विकास गर्दै विकास र समृद्धिको आधार सिर्जना गर्नेगरी अन्तर सरकारी वित्त व्यवस्थापन गर्नमा योजना केन्द्रित हुनुपर्ने छ ।

### २.६.३.३ जनहसभागिता परिचालन

बजेट तर्जुमा गर्दा योजना तथा कार्यक्रमको प्रकृति अनुसार एकल रुपमा गाउँपालिकाको तर्फबाट हुने आयोजनाहरुमा न्यूनतम २०% देखि अधिकतम ४०% सम्म रकम जनसहभागिताबाट उठने र बाँकी गाउँपालिकाले व्यहोर्नु पर्ने गरी तर्जुमा गरिएको छ । विकास कार्यलाई समानुपातिक रुपमा वितरण गरी आम मानिसमा विकास प्रति अपनत्व प्रदान गर्न समेत हरेक विकास निर्माण कार्यहरुमा जनताको लागत सहभागिता अपरिहार्य र अनिवार्य विषय भएको छ । विकास कार्यमा जनसहभागिताले विकासको प्रतिफलमा जनताहरुलाई उत्तरदायी वहन गर्न सिकाउँछ । यसले गर्दा जनताहरुलाई विकास योजनाहरु हाम्रो हो भन्ने भावनाको विकास भइ विकास आयोजनाहरु दिगो र टिकाउ हुन सक्दछ । विशेषगरी सडक निर्माण तथा सुधार, ढल प्रणालीको निर्माण तथा मर्मत सुधार, खानेपानी प्रणालीको निर्माण र सुधार, कुलो र नहरहरु निर्माण र सुधार जस्ता विषयहरुमा जनताको तर्फबाट उपभोक्ता समिति गठन गरी लागत सहभागितालाई आत्मसाथ गर्ने वर्तमान पद्धतिलाई समेत दृष्टिगत गरी भविश्यमा निर्माण/संचालन गर्न यी आयोजनाहरुमा जतनाको आर्थिक स्थिति र आय आर्यन क्षमतालाई विचार गरी लागत सहभागितालाई कार्यान्वयन गर्न सकिने देखिन्छ ।

यसका साथै आर्थिक विकासमा स्थानीय जनसमुदायको लागत सहभागितालाई बढावा दिने, स्वरोजगारका कार्यक्रमहरुलाई विस्तार र विकास गरी रोजगारीको अवसर सृजना गर्ने, पर्यटकिय क्षेत्रहरुलाई समुदायमा

हस्तान्तरण गरी व्यवस्थापन समिति मार्फत संचालन गर्ने, लघु उद्योग तथा बचत कार्यक्रमहरुमा जनताको रुचीलाई ध्यान दिई कार्यक्रमहरु संचालन गर्ने, तरकारी तथा फलफुल खेती, पुशपालन, दुग्ध उत्पादन मत्स्यपालन तथा नगद्बेवालीको लागि कृषकहरुलाई प्रोत्साहित गर्दै उनिहरुको आम्दानीको अवसर वृद्धि गर्ने जस्ता सहभागितामूलक कार्यक्रमहरु संचालन गरी स्थानीयवासीहरुको सहभागितालाई बढाउन सकिने देखिन्छ । यस्तो किसिमको लागत सहभागिता कार्यक्रमहरुमा निजी क्षेत्र तथा अन्य संस्थाहरुलाई समेत सहभागि गराउदै जानु पर्ने देखिन्छ ।

### २.६.३.४ नीजि क्षेत्रको स्रोत परिचालन

नेपालको संविधानद्वारा निर्दिष्ट गरिएको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गत अर्थतन्त्रमा नीजि क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने उल्लेख गरिएको छ । कमल गाउँपालिकाको सन्दर्भमा माथी उल्लेख भए अनुसार गाउँपालिकाको सडक निर्माण, गाउँपालिकामा पाइने कृषि, फलफुल तथा पशुजन्य उत्पादन, दुग्ध उत्पादन, पर्यटन व्यवसायका अवसरहरूलाई उपयोग गर्दै सम्भाव्य उद्योग व्यवसायको विकास तथा विस्तार गरिनु पर्ने छ । यस गाउँपालिकामा रहेका लघु तथा घरेलु उद्योगहरूको स्थितिमा सुधार गरी निजी क्षेत्रबाट गाउँपालिकाको आर्थिक विकासमा सघाउन स्थानीय कच्चा पदार्थहरूमा आधारित बढी मूल्य अभिवृद्धि हुने उत्पादनशील उद्योगहरूको सम्भाव्यता अध्ययन गरी विस्तार गरिनु पर्दछ । औद्योगिक प्रवर्द्धनका लागि आवश्यक सीप, पूँजी तथा उद्यमशीलताको विकास गर्नुपर्ने छ । स्थानीय कृषि उत्पादनहरुको संरक्षण गर्न शीत गृहको निर्माण गर्नु पर्ने छ । यसैगरी गाउँपालिकाद्वारा निजी क्षेत्र मैत्री कर नीति अनुशरण गरी विभिन्न सुविधाहरू प्रदान गर्नुपर्ने छ । पर्यटनलाई उद्योग व्यवसायको रुपमा निजी क्षेत्रको लगानी तथा अगुवाईमा विस्तार तथा विकास गर्नु पर्नेछ । गाउँपालिकामा उपभोग्य वस्तुहरूको आपूर्तिलाई सहज तुल्याउन एवं स्थानीय उत्पादनको बजारीकरणमा सघाउन निजी क्षेत्रको लगानीमा वृद्धि गर्नमा सघाउ पुऱ्याउनु पर्ने छ ।

### २.६.३.५ सहकारी क्षेत्रको स्रोत परिचालन

नेपालको संविधानद्वारा निर्दिष्ट गरिएको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गत सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने भन्ने स्पष्ट उल्लेख गरिएको छ । कमल गाउँपालिकाको आर्थिक र सामाजिक विकासमाा सहकारी क्षेत्रबाट उल्लेख्य योगदान पुग्न सक्ने सम्भावना देखिन्छ । यस गाउँपालिकामा दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरूबाट गाउँपालिकाको आर्थिक विकासमा उल्लेख्य योगदान रहेको छ । गाउँपालिकामा तत्कालिन जिल्ला कृषि बिकास कार्यालयमा दर्ता भै संचालनमा रहेका कृषक सहकारी संस्थाहरुबाट समेत गाउँपालिकाको आर्थिक विकासमा राम्रो योगदान पुगेको छ भने स्थानीय सहकारी संस्थाहरुको मदतबाट स्थानीय कृषकहरुमा उद्यमशीलताको विकास भई गाउँपालिकाको आर्थिक विकासमा उल्लेख्य योगदान पुग्ने अपेक्षा गरिएको छ ।

### २.६.३.६ संघ संस्थाको स्रोत परिचालन

कमल गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा हाल विभिन्न गैर सरकारी र अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरू क्रियाशील छन । स्थानीय तहमा कार्य गर्ने स्थानीय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको कार्यक्रम गाउँपालिकाको वार्षिक कार्यक्रममा उल्लेख हुनुपर्ने हुन्छ ।

### २.६.३.७ सार्वजनिक क्षेत्रबाट स्रोत परिचालन

कमल गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासका लागि गाउँपालिकाले प्राप्त गर्ने सार्वजनिक स्रोतहरूलाई वढी भन्दा वढी परिचालन गर्दै गाउँपालिकाको अगुवाईमा निजी र सहकारी क्षेत्रसँगको प्रवर्द्धनात्मक सहकार्यलाई प्रोत्साहित गरिनु पर्ने छ । गाउँपालिकाको सार्वजनिक स्रोतहरू अन्तर्गतका सबै प्रकारका आन्तरिक स्रोतहरू ३% को हाराहारीमा रहेकोले संघ र प्रदेशबाट हुने वित्तीय हस्तान्तरण माथि वढी निर्भर रहनु पर्ने अवश्यकता छ । तथापि आगामी दिनहरूमा अन्तर सरकारी वित्तीय हस्तान्तरण माथीको बढी निर्भरतालाई कम गर्न आन्तरिक राजश्वको अनुपातलाई क्रमिक रुपमा विस्तार गर्दै लानेतर्फ विशेष रुपमा पहल गरिनु पर्नेछ । सार्वजनिक स्रोत अन्तर्गत गाउँपालिकाको वजेट संरचना बाहिर संघ र प्रदेश तहबाट प्रत्यायोजित क्षेत्रगत कार्यक्रमको आधारमा उपलब्ध गराइने रकमहरूलाई पनि आवधिक योजनामा समेटिएको छ । तर, यस प्रकार संघ र प्रदेशद्वारा प्रत्यायोजित कार्यक्रमहरूको प्राथमिकीकरण र वजेट विनियोजनमा गाउँपालिकाको कुनै भूमिका नरहने हुँदा गाउँपालिकाको कार्यक्रमहरूसँग दोहोरोपन हुने र गाउँपालिकाको प्राथमिकीकरणमा नपरेका कार्यक्रमहरू प्रत्यायोजित हुन सक्ने सम्भावना रहन्छ ।

### २.६.३.८ स्रोत साधनको बाँडफाँड तथा परिचालनका आधारहरु

गाउँपालिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवं काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिबृद्धि गर्नको लागि संघीय तथा प्रादेशिक सरकार एवं विकास साझेदारहरुबाट यस गाउँपालिकालाई प्राप्त हुने सबै प्रकारका अनुदान, आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत गाउँपालिकाको संचित कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत र समन्वित गरी स्थानीय स्तरबाट नै गरिबी न्यूनीकरण र दिगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुऱ्याउन नेपालको संविधान २०७२ को भाग १७ को धारा २१८ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले "स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि" तर्जुमा गरी आवधिक योजनाको लागि परिचालन हुने स्रोतहरुको बाँडफाँड र व्यवस्थापन गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

गाउँपालिकामा समृद्धि र सुखको आधार निर्माण गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रबीचको सहकार्य तथा परिपूरक भूमिका एवम् संघ, प्रदेश र स्थानीय तह बीचको सहकार्यबाट अर्थतन्त्रमा उल्लेखनीय परिपूरकता (Synergy) ल्याउने गरी स्रोत अनुमान गरिएको छ । आवधिक योजनाले निर्धारण गरेका रुपान्तरणका संम्वाहकका क्षेत्रमा आवश्यक स्रोत-साधनको बाँडफाँट गरिएको छ । राष्ट्रिय रणनीति बमोजिम पहिचान गरिएका विषय क्षेत्रमा रणनैतिक हस्तक्षेप गरी लगानीको उच्चतम प्रतिफल हासिल हुने अपेक्षा गरिएको छ । राष्ट्रिय स्तरका कार्यक्रम/आयोजना संघबाट, प्रदेश र स्थानीय स्तरका कार्यक्रम/आयोजना क्रमश: प्रदेश र स्थानीय तहबाट नै सम्पन्न गर्ने गरी स्रोत आँकलन तथा बाँडफाँड गरिएको छ । साथै, आधारभूत पूर्वाधार निर्माण तथा प्रवर्द्धन हुने र अभियानका रुपमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयन तथा दिगो विकास लक्ष्य हासिल गर्न सघाउ पुग्नेगरी स्रोत बाँडफाँट गरिएको छ ।

आवधिक योजनाले लिएको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सार्वजनिक लगानीलाई कृषि तथा वन, औद्योगिक पूर्वाधार निर्माण, प्रोत्साहन र सहजीकरण सहित औद्योगिक उत्पादन, कृषि उत्पादन तथा प्रवर्द्धन, पूर्वाधार निर्माण जस्ता लगानीमा केन्द्रित गरिएको छ । निजी क्षेत्रको लगानी, रोजगारी सिर्जना, अर्थतन्त्रको औद्योगीकीकरण र आधुनिकीकरण, पर्यटन, व्यापार, यातायात र सञ्चार क्षेत्रमा लक्षित हुने अनुमान

गरिएको छ । कृषि, उत्पादनमूलक क्षेत्र, घरेलु, लघु तथा साना उद्योग र ग्रामीण तथा सामाजिक विकासमा निजी, सहकारी तथा सामुदायिक क्षेत्र परिचालित हुने विश्वास लिईएको छ । मानवपूँजी निर्माण र सोको उच्चतम उपयोगले उत्पादकत्व अभिवृद्धि, उच्च आयको आधार निर्माण र सुखको अनुभूति हुने अपेक्षा गरिएको छ । साथै, पर्यावरण संरक्षण, सभ्य र न्यायपूर्ण समाज निर्माण तथा सुशासन, लोकतन्त्र र राष्ट्रिय एकतालाई थप सुदृढ बनाउने गरी सार्वजनिक, निजी तथा सहकारी र सामुदायिक क्षेत्रको स्रोत परिचालनको अनुमान र सोको बाँडफाँट गरिएको छ ।

### २.६.४ योजना व्यवस्थापन

कमल गाउँपालिकाको आवधिक विकास योजना तर्जुमाका क्रममा पहिचान भएका समस्या तथा सम्भावना र उपलब्ध अवसरहरुका आधारमा सहभागितामूलक छलफलबाट तल उल्लेख गरिए अनुसारका योजनाको व्यवस्थापन र बिषय क्षेत्रहरुको प्राथमिकताक्रम निर्धारण गरिएको छ । यी प्राथमिकताका आधारमा गाउँपालिकाले आयोजना छनौट, लगानी बृद्धि तथा उचित कार्यान्वयन गर्दा सन्तुलित, समावेशी तथा दिगो विकास हुने देखिन्छ ।

1. सडक तथा अन्य भौतिक पूर्वाधार ।
2. कृषि तथा पशुपंक्षी विकास ।
3. पर्यटनको सम्वर्द्धन, प्रवर्द्धन र पूर्वाधार विकास
4. उद्योग तथा व्यापार व्यवसाय र आर्थिक पूर्वाधारको विकास ।
5. शिक्षा तथा स्वास्थ्यको पूर्वाधार विकास ।
6. खानेपानी तथा सरसफाई ।
7. खेलकुदको पूर्वाधार विकास ।
8. धार्मिक तथा सांस्कृतिक विकास ।
9. व्यवस्थित वस्ती विकास ।

तालिका ५९: स्थानीय तहको योजना प्राथमिकीकरणका आधार र अंकभार

| क्र.स. | प्राथमिकताका आधारहरु | अधिकतम प्राप्ताङ्क | न्यूनतम प्राप्ताङ्क |
|---|---|---|---|
| १ | राष्ट्रिय लक्ष्य प्राप्त गर्न प्रत्यक्ष योगदान गर्ने भए १ अङ्क र प्रत्यक्ष योगदान नगर्ने भए ० अङ्क | १ | ० |
| २ | प्रदेश विकासको प्रमुख चालकसँग सम्बन्धित भए १ अङ्क र नभए १ अङ्क | १ | ० |
| ३ | दिगो विकास लक्ष्य प्राप्त गर्न योगदान गर्ने भए १ अङ्क र प्रत्यक्ष योगदान नगर्ने भए ० अङ्क | १ | ० |
| ४ | स्थानीय तहको दीर्घकालीन सोच प्राप्त गर्न योगदान गर्ने भए ३ अङ्क र प्रत्यक्ष योगदान नगर्ने भए १ अङ्क | ३ | १ |
| ५ | स्थानीय तहको क्षेत्रगत उद्देश्य प्राप्त गर्न प्रत्यक्ष योगदान गर्ने भए ३ अङ्क र प्रत्यक्ष नगर्ने भए १ अङ्क | ३ | १ |

| क्र.स. | प्राथमिकताका आधारहरु | अधिकतम प्राप्ताङ्क | न्यूनतम प्राप्ताङ्क |
|---|---|---|---|
| ६ | रोजगार, आय वा उत्पादन बृद्धिमा प्रत्यक्ष योगदान गर्ने भए ३ अङ्क र प्रत्यक्ष नगर्ने भए १ अङ्क | ३ | १ |
| ७ | ५० प्रतिशत वा सोभन्दा बढी लाभग्राही समूदाय अपाङ्गता भएका व्यक्ति, दलित, महिला र सिमान्तकृत समुदाय भए ३ अङ्क र अन्य भए १ अङ्क | ३ | १ |
| ८ | कार्यपालिकाको बैठकले वडाहरूको समग्र विकासको दृष्टिले पदानुक्रम गरे अनुसार सबभन्दा कम विकसित वडा भए ३ अङ्क र त्यसपछि क्रमशः ०.१ अङ्कले कम हुँदै जाने क्रम अनुसार प्राप्त हुने अङ्क | ३ | ०.१ |
| ९ | वडा समितिले निर्धारत गरेको योजनाहरूको प्राथमिकता अनुसार वडाको लागि अति आवश्यक योजना भए ३ अङ्क र त्यसपछि क्रमशः ०.१ अङ्कले कम हुँदै जाने क्रम अनुसार प्राप्त हुने अङ्क | ३ | ०.१ |
| | वा | | |
| १० | निर्देशक समितिले निर्धारत गरेको पालिका स्तरीय योजनाहरूको पदानुक्रम अनुसार अति आवश्यक योजना भए ३ अङ्क र त्यसपछि क्रमशः ०.१ अङ्कले कम हुँदै जाने क्रम अनुसार प्राप्त हुने अङ्क | ३ | ०.१ |
| | जम्मा | २१ | ४.२ |

*नोटः यो मापदण्डलाई गाउँ कार्यपालिकाको वैठकले वा कार्यपालिकाको वैठक तत्काल वस्न नसक्ने भएमा पछि अनुमोदन हुनेगरी गाउँपालिका अध्यक्ष्यबाट स्वीकृत गरेर लागू गर्न सकिनेछ ।*

# अध्याय तीन: सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

यस आवधिक योजनाले संघीय योजनाको दीर्घकालीन सोच "समृद्ध नेपाल, सुखी नेपाली" र "समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जिवन सहितको समाजवाद उन्मुख राज्यको रुपमा रुपान्तरण गर्दै उच्च आय स्तर भएको मुलुकमा स्तरोउन्नती हुने आधार निर्माण गर्ने" भन्ने लक्ष्य एवं निर्धारित उद्देश्य एवं प्राथमिकताहरू र आ.व. २०७७/७८ को तत्कालिन प्रदेश नं १ को वार्षिक नीति र कार्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू तथा प्रदेश नं १ (कोशी) प्रदेशको प्रथम आवधिक योजना (आ.व. २०७६/७७-२०८०/८१) ले निर्धारण गरेको दिर्घकालिन सोंचः "स्वच्छ, सुखी र समुन्नत प्रदेश", को लक्ष्य र उद्धेश्यहरुसँग तादम्यता हुनेगरी यस गाउँपालिकाको आवश्यक्ता र प्राथमिकता अनुसार यो आवधिक योजना तर्जुमा गरिएको छ ।

## ३.२ गाउँपालिका प्रमुख समस्या तथा चुनौती

गाउँपालिकाका प्रमुख समस्या र चुनौतीहरु निम्न वमोजिम रहेका छनः

- प्रशस्त खेतियोग्य जमिन र अधिकांश भू-धरातल समथर भएपनि भूमिको वैज्ञानिक सदुपयोग मार्फत कृषिमा व्यावसायिकताको पर्याप्त विकास हुन नसकेको ।
- खेतीयोग्य जमिनमा सिंचाई सुविधाको राम्रो प्रबन्ध गर्न नसकिएको ।
- पर्यटनको राम्रो सम्भावना भएपनि आधारभूत पर्यटन पूर्वाधारको दिगो विकास हुन नसकेको ।
- पर्यटनलाई व्यावसायिक बनाउन चुनौती रहेको ।
- लोप हुन लागेका स्थानीय भाषा, सँस्कृति, भेषभुषा संरक्षणका लागि साँस्कृतिक संग्रहालय निर्माण सहित संरक्षण गर्न नसकिएको ।
- परम्परागत रुपले गरिने खेती प्रणालीमा आधुनिकीकरणको विकास र प्रविधि प्रयोग गरी छिटो र धेरै आम्दानी गर्ने किसिमको खेती गर्ने परिपाटिको विकास गर्न नसकिएको ।
- फोहोरमैला व्यवस्थापनका लागि आधुनिक फोहोरमैला प्रसोधन केन्द्रको अभाव रहेको ।
- विकास र समृद्धि तर्फको यात्रामा व्यापक जनचेतना अभिवृद्धि गर्नुपर्ने अवस्था रहेको ।
- युवा जनशक्तिलाई गाउँपालिकाकै विकासमा केन्द्रित गरी बस्ने वातावरण सृजना गर्नुपर्ने चुनौती रहेको ।
- विकासका भौतिक पूर्वाधारहरूको थप विकास र विस्तार गर्नुपर्ने अवस्था रहेको ।
- परम्परागत चिन्तन शैलीमा व्यापक परिवर्तन नभइसकेकोले लैङ्गिकता, सामाजिक विभेद लगायतका सामाजिक सन्तुलनका विषयहरूमा प्रशस्त जागरण गर्नुपर्ने अवस्था रहेको ।
- स्थानीय तहहरुमा आवश्यक तथ्याङ्कहरु अद्यावधिक नभइसकेको हुनाले दिगो विकास लक्ष्यको सूचाङ्क अनुसार सूचनाहरु अद्यावधिक गर्नुपर्ने भएको ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवा र दैनिक कार्यसम्पादनलाई सूचना प्रविधि मैत्री बनाई वडा स्तरसम्म जैलानु पर्ने ।
- पाडाजुँगी र केर्खा बजारमा भैरहेको शहरीकरणलाई व्यवस्थित र योजनाबद्ध तरवमा अघि बढाउनु पर्ने ।

## गाउँपालिका विकासका सवाल र मुद्धाहरु

- स्थानीय कृषिजन्य उत्पादनको भण्डार र बजारीकरण ।
- कृषि मल र बिउ समयमै उपलब्धता ।
- व्यवसायिक कृषि तथा पशुपालन ।
- जंगली हात्तिको आक्रमण ।
- स्थानीय खोलानालाबाट हुने कटान, भू-क्षय, बाढी नियन्त्रण ।
- वडासम्म पुग्ने ग्राभेल र धुले सडकहरुको स्तरोउन्नती ।
- कृषि विद्युतीकरण तथा सिंचाई ।
- गाउँपालिकाभित्रका सबै घरधुरीमा खानेपानी धारा जडान ।
- वैदेशिक रोजगार र युवाहरुको विदेश पलायन ।
- पर्यटन पूर्वाधारको विकास, सम्मवर्द्धन र प्रवर्द्धन ।
- आधुनिक फोहोमैला व्यवस्थापन केन्द्र मार्फत फहोरको दीर्घकालीन व्यवस्थापन ।
- गाउँपालिकाका मुख्य बजारहरुमा ढल तथा सहतढल व्यवस्थापन ।
- प्रभावकारी, चुस्त र सक्षम कार्यसम्पादन र सेवा प्रवाह ।
- गाउँपालिकाको आन्तरिक आयको अभिवृद्धि ।
- यातायता गुरु योजनाको कार्यान्वियन ।
- भू-उपयोग योजना कार्यान्वियन ।
- योजनावद्ध र व्यवस्थित वस्ती विकास ।
- निर्माण तथा योजना मापदण्ड र भवन संहिताको पूर्ण कार्यान्वियन ।
- E-Building Permit System (EBPS) को पूर्वाधार व्यवस्थापन र कार्यान्वियन ।
- गाउँपालिकाको घर नम्बरिङ (Metric Addressing System) प्रणाली र पूर्वाधारको विकास ।
- संस्थागत सुदृढीकरण, सुशासन र सूचना प्रविधीको प्रयोग (गाउँपालिका र वडा कार्यालय) ।
- सामाजिक र सामुदायिक पूर्वाधारको स्तरोन्नती तथा वाल, अपाङ्ग र महिला मैत्री पूर्वाधार निर्माण ।
- सार्वजनिक जग्गा पहिचान र अभिलेखीकरण ।
- औधोगिक विकास, रोजगारी तथा आर्थिक गतिशिलता ।
- जलवायु परिवर्तनको बढदो प्रभावको न्यूनिकरण ।

## गाउँपालिका विकासका बिषय क्षेत्रगत समस्या र चुनौतीहरु

कमल गाउँपालिकाको वस्तुगत विवरणको अध्ययन तथा योजना टोलीको स्थलगत अध्ययन, निर्देशक र विषयगत समितिहरुसंगको अन्तरक्रिया र छलफल पश्चात योजना तर्जुमा टोलीले गाउँपालिका विकासका बिषय क्षेत्रगत निम्न समस्या र चुनौतीहरु पहिचान गरेको छ ।

### सामाजिक विकास सम्बन्धी समस्याहरु

गाउँपालिकाका विद्यमान सामाजिक विकास सम्बन्धी समस्याहरु निम्न बमोजिम रहेका छन्:

क) विद्यालयहरुमा शैक्षिक तथा भौतिक पूर्वाधारको अभाव ।

ख) ग्रामीण क्षेत्रमा रहेका प्राथमिक स्वास्थ्य चौकी र स्वास्थ्य केन्द्रहरुमा दक्ष जनशक्ति र भौतिक पूर्वाधारको अभाव ।

ग) खेल मैदान र पूर्वधारको अभाव ।

घ) स्थानीय धार्मिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण र सम्वर्द्धन नभएको ।

ङ) मठ मन्दिर, गुम्वा, चर्च, पाटी पौवा आदिको विस्तृत अभिलेख नभएको ।

च) पर्याप्त दाह संस्कार स्थलको अभाव र भएकामा पनि पूर्वाधारको कमी ।

छ) आदिवासी, दलित, जनजाती, लोपोउन्मुख, लगायत पिछडिएको वर्गहरुको उत्थानको लागि कुनै ठोस कार्यक्रमहरु नभएको ।

ज) स्थानीय कला, संस्कृति र जात्रा/पर्वहरुको संरक्षणको लागि संग्राहलयको अभाव ।

झ) वृद्धवृद्धा, अपांग, टुहुरा, अशक्तहरुको लागि आश्रम स्थल तथा धर्मशालाको अभाव ।

ञ) वैदेशिक रोजगारी र बसाई सरी अन्यन्त्र जाने प्रवृतिलाई रोक्न नसकिएको ।।

**आर्थिक विकास सम्बन्धी समस्याहरु**

गाउँपालिकाको आर्थिक स्रोतको पहिचान गरी व्यवस्थित रुपमा आर्थिक विकासको योजना कार्यान्वियन गरिएको देखिदैन । गाउँपालिकाका विद्यमान आर्थिक विकास सम्बन्धी समस्याहरु निम्न बमोजिम रहेका छन्:

क) स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग गरी आर्थिक पूर्वाधार विकासको कार्यक्रमहरु खासै प्रभावकारी रुपमा परिचालन हुन सकेको पाइदैन । रोजगारी सृजना गर्ने उद्योग, कलकारखाना लगायत अन्य अवसरको लागि योजनाबद्ध प्रयास रहेको देखिन्न ।

ख) बैंक, वित्तीय संस्था र सहकारीहरुको व्याजको दर चर्को भएकोले स्थानीय व्यापारी, उद्यमी, सर्वसाधरण र कृषकहरु ऋणको दुष्चक्रमा फस्ने जोखिम रहेको ।

ग) वित्तिय संस्था र सहकारीहरुमा वित्तिय सुशासनको कमी भएकोले खराब कर्जा बढदै गै स्थानीयहरुको बचतमा जोखिममा रहेको ।

घ) स्थानीय कृषिजन्य उत्पादनहरुको व्यवसायीकरण र बजारीकरण हुन नसकेको ।

ङ) कृषि पकेट क्षेत्रको पर्याप्त विकास नभएको ।

च) गाउँपालिकाले आर्थिक पूर्वाधार विकासका केही क्रियाकलापहरु अघि सारेतापनि आर्थिक पूर्वाधार विकास योजनाबद्ध रुपमा संचालन हुन सकेको पाईदैन । आर्थिक विकासको लागि स्थानीय स्रोत साधनको समुचित प्रयोग गर्दै स्थानीय वातावरण सुहाउँदो कार्यक्रमहरुको विकास र परिचालन गरिएको देखिदैन।

छ) गाउँपालिकामा पर्यटनको संभावना रहेको भएतापनि पर्यटन पूर्वाधार निर्माण, जनशक्ति विकास, पर्यटन क्षेत्रको प्रवर्द्धवन र सम्वर्द्धन गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी पर्यटन सम्बन्धि कार्यक्रम र प्याकेजहरु निर्माण गर्न सकेको छैन ।

ज) स्थानीयवासीको प्रमुख आय स्रोत मध्ये विप्रेषण रहेको देखिन्छ तर यसलाई स्थानीयवासीहरुको आर्थिक अवस्था सुधार्ने कार्यमा लगानी भएको देखिन्न ।

झ) गाउँपालिकामा भित्र रहेका उद्योग, कलकारखाना, होटल, रेष्टुरेन्टहरु लगायत अन्य लघु तथा घरेलु उद्योग र व्यापार व्यवसायहरुलाई पूर्ण रुपमा करको दायरामा ल्याउन नसक्नु ।

ञ) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने व्यवस्था भएको भएतापनि यसबाट गाउँपालिकाले पर्याप्त आर्थिक लाभ लिन नसकेको ।

ट) सिंचाई सुविधा, कृषि उपज प्रसोधन केन्द्र, चिस्यान केन्द्र र संकलन केन्द्रको अभाव ।

ठ) उद्यमशीलता र गरिवी निवारणमा सम्बन्धी कार्यक्रमहरु नभएको ।

ड) स्थानीय युवाको बढ्दो पलायनको कारण दक्ष जनशक्तिको अभाव हुँदै जानु ।

ढ) कृषकहरुलाई सहज र सुलभ रुपमा मल, बिउ र ऋण उपलब्ध हुन नसक्नु ।

ण) गरिबि, बरोजगारी र असमानता ।

त) उपलब्ध प्राकृतिक स्रोत र साधनको न्यून उपयोग ।

थ) नयाँ पिढीको कृषि पेशाप्रति उदासिनता ।

द) घर टहरा, जग्गा वहालमा लगाए वापतको वहाल करको प्रभावकारी कार्यान्वयन हुनु/गराउन नसक्नु र यकिन तथ्याङ्क नहुनु ।

ध) स्थानीय तह भित्र लाभ लिईरहेका विभिन्न बैंक, वित्तिय संस्थ तथा सहकारीहरुलाई लागत साझेदारी कार्यक्रममा समावेश नगरिनु ।

न) उद्यम, उद्यमी र उद्यमशिलताको विकास र त्यसबाट आउनुपर्ने प्रतिफलको खोजी नगरिनु ।

**भौतिक पूर्वाधार विकास योजना सम्बन्धी समस्याहरु**

गाउँपालिकामा विद्यमान भौतिक पूर्वाधार विकास सम्बन्धी विभिन्न समस्याहरु रहेको पाईन्छ । यस अन्तरगत रहेका प्रमुख समस्याहरुलाई निम्न अनुसार प्रस्तुत गरिएको छ:

क) गाउँपालिकामा दीर्घकालीन सोच, सम्भाव्यता र प्राथमिकताको आधारमा योजनाहरु छनौट र संचालन नहुनु र भौतिक विकास योजनालाई दिशानिर्देशन गर्ने योजना दस्तावेजहरुको अभाव ।

ख) शहरीकरणसंगै अव्यवस्थित वस्ती विकास बढदै गैरहेकोले त्यसलाई नियमन र व्यवस्थित गर्न योजनाबद्ध वस्ती विकास तथा जग्गा विकास कार्यक्रम नभएको ।

ग) गाउँपालिकामा निर्माणधीण स्थानीय सडकहरु लामो समयसम्म पनि सम्पन्न हुन नसक्नु ।

घ) पर्यटकिय स्थलहरुसम्म पुग्न सडकको अभाव भएको ।

ङ) खानेपानीको आपूर्ती पर्याप्त हुन नसकेको र गाउँपालिकाका प्रत्येक घरधुरीमा खानेपानीको धारा नपुगेको ।

च) कमल गाउँपालिकाको मुख्य बजारका केहि क्षेत्रमा मात्र सतह ढल रहेको छ । ढल संजाल प्रभावकारी बनाउन ढल संजाल गुरु योजना तयार गरी प्राथमिकताका आधारमा विकास र सुधार गर्नुपर्ने ।

छ) विद्युत सेवा विस्तार प्राय: सबै वडाहरुमा पुगेको भएतापनि गुणस्तरिय प्रसारण लाइन नभएको र कृषि विद्युतीकरण हुन नसकेको।

ज) स्थानीय खोलाहरुबाट हुने बाढी, डुबान र कटान रोक्न पूर्वाधारहरुको अभाव ।

झ) भू-उपयोगको योजनाको पूर्ण कार्यान्वयन ।

ञ) पूर्वाधार विकासका प्रमुख सरोकारवाला निकाहरुबीच समन्वयको अभाव ।

**वातावरणीय विकास सम्बन्धी समस्याहरु**

कमल गाउँपालिकाको वातावरणीय समस्याहरु निम्न प्रकार छन्:

क) बजार क्षेत्रमा व्यवस्थित सतहढल तथा ढल संजालको विकास गर्न नसकिएको कारणले बर्षातमा सतहबाटै पानी बग्ने हुनाले शहर बजारको वातावरणमा प्रतिकुल असर परेको देखिन्छ ।

ख) गाउँपालिकामा फोहोरमैला (Solid Waste) संकलन र व्यवस्थापनको शुरुवात भएतापनि गाउँपालिकाका सबै क्षेत्र, टोल र घरधुरीसम्म पुग्न सकेको छैन । स्थाई फोहोरमैला व्यवस्थापन केन्द्रको पूर्वाधार नभएकोले गाउँपालिकावासीको घरबाट निस्कने फोहोरले भविश्यमा वातावरणिय प्रतिकुलता हुन सक्ने देखिन्छ ।

ग) गाउँपालिका भित्र रहेका पार्क, खोला, पोखरी क्षेत्रहरुको संरक्षण हुन नसकेको ।

घ) जलवायु परिवर्तन र सुख्खा खडेरीको कारण गाउँपालिकाका पोखरी, पानीका मुहान, कुवा, सिमसार सुक्दै गएको ।

ङ) ढुंगा, गिट्टी, वालुवाको जथाभावी उत्खननले वातावरणीय जोखिम निम्तन सक्ने ।

च) कृषि वालीमा विषादीको बढ्दो प्रयोग ।

छ) गाउँपालिकाको निर्माण तथा योजना मापदण्ड पूर्ण रुपमा कार्यान्वयन नहुँदा सुरक्षित एवं व्यवस्थित वस्ती विकासमा समस्या हुनु ।

ज) सार्वजनिक जग्गाहरुको उचित संरक्षण हुन नसक्नु ।

झ) व्यवस्थित वधशाला र पर्याप्त सार्वजनिक शौचालयको अभाव ।

**जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलन सम्बन्धी समस्याहरु**

जलवायु परिवर्तनका समस्याहरुलाई निम्न बमोजिम प्रस्तुत गरिएको छः

क) गर्मी धेरै बढदै गैरहेको र हिउँदमा पानी कम पर्न थालेको ।

ख) कृषि वाली र पशुमा नयाँ रोगहरु देखा पर्न थालेको ।

ग) उर्वरा शक्तिमा न्हास भैरहेको र हिउदे वाली उत्पादनमा कमी हुन थालेको ।

घ) बाढी, डुबान, कटान, खडेरी, सुख्खा, आगालागी जस्ता समस्याहरु बढदै गैरहेको ।

ङ) भूमिगत पानीको स्रोत सुक्दै गैरहेको ।

**वित्तीय स्रोत व्यवस्थापन सम्बन्धी समस्याहरु**

गाउँपालिकाको वित्तीय स्रोतको व्यवस्थापन हुनु अत्यन्त आवश्यक हुन्छ। कमल गाउँपालिकाको वित्तीय स्रोत व्यवस्थापनका समस्याहरु निम्न प्रकार छन्:

क) राजश्वका स्रोतहरुको दायरा संकुचित हुनु र नयाँ श्रोतहरुको पहिचान हुन नसक्नु ।

ख) पहिचान भएका स्रोतहरुलाई समेत करको दायरामा ल्याउन नसक्नु ।

ग) गाउँपालिकाको विकासको लागि आवश्यक पर्ने स्रोत जुटाउन निक्कै समस्या परेको देखिन्छ । एकातिर गाउँपालिकाको धेरै जसो भू-भाग ग्रामीण क्षेत्रमा रहेको छ भने अर्कोतिर बजारमा बसोबास गर्ने मानिसले पनि गाउँपालिकालाई नियमित कर नबुझाउने तथा गाउँपालिकाले समेत कडाइका साथ कर संकलन गर्न सकिरहेको छैन ।

घ) गाउँपालिकाले गर्ने ठूला विकास निर्माणमा अनुदान तथा वाह्य ऋणमा भर पर्नु परेको ।

**संस्थागत क्षमताको विकास सम्बन्धी समस्याहरु**

गाउँपालिकाको सेवा प्रभावलाई चुस्त र प्रभावकारी बनाउन विद्यमान संगठन संरचनालाई समयअनुकुल परिमार्जित र व्यवस्थित गर्दै लैजानु पर्ने अवस्था छ । गाउँपालिकाका निर्वाचित पदाधिकारीहरुको पहिलो कार्यकाल समाप्त भएर दोस्रो कार्यकालको लागि पदाधिकारीहरु निर्वाचित भएको २.५ बर्ष वितिसक्दा पनि गाउँपालिकाको विद्यमान संरचना अनुसार प्रस्तावित जनशक्तिको पदपुर्ति हुन सकेको छैन । गाउँपालिकाको कामलाई चुस्त बनाउन र स्थानीयवासीहरुलाई स-साना कामको लागि समेत गाउँपालिका नै धाउनु पर्ने बाध्यताको अन्त्य गर्न गाउँपालिकाको कार्यवोझलाई वडा कार्यालयहरुमा क्रमश: हस्तान्तरण गर्दै लगेको देखिन्छ । तर सम्पूर्ण वडा कार्यालयहरुको लागि पर्याप्त स्थानको अभावका साथै वडा कार्यालयहरुमा समेत जनशक्ति तथा पूर्वाधारको अभाव भएकोले सेवा प्रवाह चुस्त र प्रभावकारी हुन सकेको छैन । गाउँपालिकाको लागि प्राविधिक कर्मचारी, शहरी योजनाकार, तथ्याङ्कविद, स्थानीय सुशासन विज्ञ, GIS विज्ञ, समाजशास्त्री, वातावरणविद्व लगायतका जनशक्ति हुनु आवश्यक भएतापनि यी जनशक्तिहरु हालसम्म गाउँपालिकामा नियुक्त हुन सकेका छैनन् । यसले गर्दा प्राविधिक र विषयगत काम समयमा सहज रुपले सम्पन्न गर्न कठिनाई भएको देखिन्छ ।

कमल गाउँपालिकाको संस्थागत समस्याहरु निम्म बमोजिम छन् ।

क) वडा कार्यालयहरुमा कार्यालय सामाग्री, फर्निचर, मेसिन, उपकरण आदिको समेत अभाव रहेको ।

ख) गाउँपालिका र वडा कार्यालयहरुमा आवश्यक प्राविधिक, जनशक्ति र बजेटको अभाव रहेको ।

ग) सरोकारवाला निकायहरुबीचको समन्वयमा कमी ।

घ) बर्षेनि हुने बाढी, कटान र डुबानको समस्यालाई दीर्घकालीन रुपमा सम्बोधन गर्न जनशक्ति, बजेटको र योजनाको अभाव ।

ङ) निर्माणाधीन आयोजनाहरुको नियमित अनुगमन र मूल्याङ्कन नहुनु ।

च) आयोजनाहरु निर्माणमा निजी साझेदारी अवधारणा प्रभावकारी रुपमा कार्यान्वयन नहुनु ।

छ) कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्नेको लागि सूचना प्रविधिको उचित प्रयोग नभएको ।

ज) आन्तरिक र अन्तिम लेखा परिक्षणको प्रतिवेदन उपर सार्वजनिक र सामाजिक सुनवाई नभएको ।

झ) बेरुजु पूर्ण रुपमा फर्छ्यौट हुन नसकेको ।

ञ) सेवा सुविधामा स्थानीयवासीको न्यून पहुँच ।

माथि उल्लेखित समस्याहरुको अलावा यस आवधिक योजनालाई पूर्ण र सफल रुपमा कार्यान्वयन गर्नको लागि गाउँपालिकाले निम्न कुराहरुमा विशेष ध्यान पुऱ्याउन जरुरी देखिन्छ :

क) सुशासन मार्फत स्थानीय जनताको माग र चासोहरुलाई सम्वोधन गर्दै भौतिक, सामाजिक र आर्थिक विकास गर्ने ।

ख) संस्थागत संरचनामामा सुधार गरी स्थानीय सरोकारवाला निकायहरुबीच प्रभावकारी समन्वय स्थापना गर्ने ।

ग) योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि दक्ष जनशक्तिको विकास गर्ने ।

घ) संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

ङ) स्रोतहरुको सही उपयोग र परिचालन गर्ने ।

च) योजनामा जनसहभागिता गराई कार्यान्वयन रणनीति तर्जुमा गर्ने ।

## ३.३ प्रमुख संभावना तथा अवसर

**प्रमुख संभावनाहरु**

प्रशस्त कृषि योग्य भूमि, उद्योग तथा व्यापारको विकास भैरहेको, राष्ट्रिय राजमार्गसंग जोडिएकोले कमल गाउँपालिकामा खाद्यन्न वाली, फलफुल, तरकारी, मत्स्यपालन, पशुपालन तथा दुग्ध उत्पादन, बैंक तथा सहकारीको विकास मार्फत रोजगारी सृजना र आर्थिक विकासको प्रशस्त संभावना रहेको छ । यस गाउँपालिकाको विकासको संम्भावनालाई देहाय वमोजिम विशिष्टिकरण गर्न सकिन्छ ।

**क) कृषि तथा पशुपालन**

कमल गाउँपालिकामा समथल कृषि योग्य भूमि भएकोले यहाँ खाद्यन्य वाली लगायत तरकारी, फुलफुल र नगदेवालीको प्रशस्त संभावना रहेको छ । त्यसैगरी गाई, भैसी, बाख्रा, हास कुखुरा, बंगुर, माछा पालनको लागि उपयुक्त हावापानी भएकोले यहाँ विविध पशुपालन, दुग्ध तथा माछा मासु उत्पादनको पनि त्यतिकै सम्भावना रहेको देखिन्छ । गाउँपालिका बाऱ्है महिना संचालन हुने स्थाई पक्की सडकले महेन्द्र राजमार्ग र उत्तर दक्षिण सडकहरुसंग जोडिएको र गाउँपालिका भित्रका वस्ती र टोलहरुसम्म सडक संजालको विकास भैसकेकोले यहाँका कृषि तथा पशुजन्य उत्पादनहरुलाई कोशी प्रदेशका विराटनगर, इटहरी, धरान, दमक, विर्तामोड, मेचीनगर, भद्रपुर लगायत देशका अन्य ठूला शहरहरुसम्म निर्यात गरी आर्थिक विकासका साथै नयाँ रोजगारी समेत सृजना गर्न सकिने संभावना रहेको छ । यसको लागि गाउँपालिकाले आफ्नो क्षेत्रभित्र

कृषि तथा पशुपालनको लागि उपयुक्त स्थानहरु छनौट गरी कृषिको विशिष्ट पकेट क्षेत्रको रुपमा विकास गर्नुपर्ने देखिन्छ भने स्थानीय कृषकहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, उन्नत मल विउ, आधुनिक कृषि औजार र स्थानीय वित्तिय संस्थाहरुबाट सहज र सुलभ दरमा कृषि ऋणको व्यवस्था गर्नु पर्दछ । साथै गाउँपालिकामा भूमिगत पानीको राम्रो स्रोत भएकोले भूमिगत सिंचाइका पूर्वाधारमा स्थानीय कृषकहरुको पहुँच वृद्धि र सिंचाई/नहरहरुको पूर्वाधार निर्माणका योजनाहरु तर्जुमा गरी क्रमश कार्यान्वयन गर्नुपर्दछ ।

**ख) उद्योग तथा व्यापार व्यवसायको विस्तार**

कमल गाउँपालिकामा कृषि, पशु तथा मत्स्यपालन तथा अन्य उत्पादनमूलक उद्योगहरुको राम्रो संभावना रहेको छ । गाउँपालिकामा धान, मकै, गहुँ, आलु, गेडागुडी, फुलफुल आदि प्रशस्त उत्पादन हुने गर्दछ र यस्ता खाद्यन्न तथा कृषि उत्पादनमा आधारित उद्योगहरुको विकास गर्न सकेमा यसले स्थानीय उत्पादनले राम्रो मूल्य पाउने थिए भने यस्ता उद्योगहरुबाट सृजना हुने रोजगारले स्थानीय युवाहरु समेत लाभान्वित हुने देखिन्छ । कमल गाउँपालिका महेन्द्र राजमार्ग, उत्तर दक्षिण पाडाजुँगी-गौरीगंज र केर्खा-क्याम्पा-बैगुनधुरा पक्की सडकले जोडिएको, भारतीय सिमाबाट समेत नजिक रहेको र वरीपरीमा अन्य ठूला शहर र बजार केन्द्रहरुको तुलनामा यस गाउँपालिकामा उद्योग स्थापना गर्न सस्तो पर्ने भएकोले गाउँपालिकाले उत्पादनमूलक ठूला उद्योगहरुलाई गाउँपालिका भित्र आकृषित गर्नको औधोगिक मैत्री नीति र पूर्वाधारहरु विकास गर्न सकेको खण्डमा गाउँपालिकाको आर्थिक विकासमा अझ योगदान पुग्ने छ । बढदो शहरीकरण र वित्तिय संस्थाहरुको विस्तारसंगै गाउँपालिकाका मुख्य बजार केन्द्रहरुमा व्यापार व्यवसायको पनि त्यतिकै संभावना रहेको छ । पाडाजुँगी, केर्खा, क्याम्पा, मंगलबारे, समयगढ, बाँसबारी, सरङपाडा, ढ्याङग्री, गेउरिया, रंगपुर, ठूलो बान्हघरे, जस्ता बजार केन्द्रहरुमा व्यवस्थित बजारको लागि पूर्वाधार विकास तथा विस्तार गर्न सकेको खण्डमा यहाँ थोक तथा खुद्रा व्यापारको राम्रो संभावना रहेको छ ।

**ग) बैंक तथा सहकारी विकास**

बढदो शहरीकरण, वस्ती तथा बजारको विकास र विस्तारसंगै गाउँपालिकामा बैंक तथा सहकारीहरुको विकास पनि क्रमश बढदै गएको छ भने स्थानीयवासी र साना उद्यमीहरुको बैंक तथा सहकारीमा पहुँच पनि क्रमश बढदै गैरहेको छ । यस्ता बैंक तथा सहकारी क्षेत्रको विस्तार र विकाससंगै वित्तिय सेवा गाउँपालिकाका वस्ती र घरधुरीसम्म पुगेको अवस्था छ जसले गर्दा छरिएर रहेको पूँजीलाई सहकारी र वैकिङ्को माध्यमबाट एकीकृत गरी लघु तथा घरेलु उद्योगहरुमा परिचालन गर्न सकिने प्रशस्त संभावना छ । विभिन्न किसिमका आर्थिक तथा सामाजिक पूर्वाधार विकास सम्बन्धी कार्यहरुको बृद्धि र विकासले वैकिङ्ग तथा सहकारी विकासको संभावनामा बृद्धि गरेको छ । गाउँपालिकामा बढदै गएको यस्ता विकासको गतिविधिले वैकिङ तथा सहकारी विकासमा अभिबृद्धि हुने आशा लिन सकिन्छ ।

**घ) व्यवस्थित र योजनाबद्ध वस्ती विकास**

कमल गाउँपालिकाको गठनसंगै गाउँपालिका भित्रका मुख्य चौक र बजार केन्द्रहरुमा शहरीकरणले विस्तारै तिब्रता पाउदै गएको छ । वैदेशिक रोजगार र अन्य विभिन्न माध्यमबाट आर्जित धनबाट स्थानीय मानिसहरुमा शहरी जनजीवन र सेवा सुविधाको लागि बजार केन्द्र या गाउँपालिका वाहिरका दमक,

विर्तामोड, इटहरी, विराटनगर जस्ता शहरहरुतर्फ बसाईसरी जाने प्रवृति समेत बढदै गैरहेको छ भने गाउँपालिका भित्र समेत नीजि क्षेत्रबाट आफुखुसी जग्गा प्लटिङ गरी घरघडेरीको विक्रीवितरण भैरहेको छ। जसले गर्दा गाउँपालिकाको पाडाजुँगी, केर्खा, क्याम्पा लगायत अन्य बजार र चौकहरुमा घडेरीको मूल्य दिनप्रतिदिन बढदै गैरहेको छ भने अव्यवस्थित वस्ती विकास र शहरीकरणको संभावना पनि त्यतिकै बढिरहेको छ। कोशी प्रदेशका ठूला शहरहरुको तुलनामा कमल गाउँपालिकामा जग्गा सस्तो रहेको छ भने व्यवस्थित र योजनावद्ध वस्ती विकासको लागि प्रशस्त ठाँउहरु समेत छ। कमलमा विजुली, खानेपानी, संचार र सडक जस्ता शहरी सुविधाहरु समेत पुगिसकेकोले गाउँपालिकाले व्यवस्थित जग्गा विकास कार्यक्रम लागू गरी हाल भैरहेको जथाभावी जग्गा प्लटिङ तथा वस्ती विकासलाई वेलैमा नियन्त्रण गरी योजनावद्ध र सुन्दर शहर निर्माण गर्न सक्ने समेत संभावना रहेको छ।

### ङ) परम्परागत शिप र प्रविधिको विकास तथा विस्तार

गाउँपालिका भित्र बसोबास गर्ने विभिन्न जातजाती, भाषा, धर्म, सँस्कृति र क्षेत्र अनुसार स्थानीयवासीहरुमा स्थानीय तथा परम्परागत ज्ञान, सीप र प्रविधिहरु प्रचलनमा रहेको पाइन्छ। उक्त ज्ञान, सीप र प्रविधिहरु समयानुसार परिमार्जन हुँदै समेत आएका छन्। त्यसैगरी कृषि, व्यवसाय, शिक्षा तथा स्वास्थ्य जस्ता क्षेत्रमा विभिन्न निकायहरुबाट नागरिकहरुमा ज्ञान तथा सीपको हस्तान्तरण हुँदै आएको छ। उक्त सीप तथा प्रविधि हस्तान्तरण कार्यक्रमबाट वस्तु तथा सेवा उत्पादन गर्ने वातावरण निर्माण भएको छ। हाल गाउँपालिका क्षेत्रमा सडक पूर्वाधार, यातायात, संचार सेवा र सुविधा तथा सूचना प्रविधिको विकासको शुरुवात भएकोले स्थानीय तथा परम्परागत ज्ञान, सीप र प्रविधि परिचालन र बृद्धि समेतमा सहयोग पुग्ने देखिन्छ।

### च) प्राविधिक जनशक्तिको विकास तथा परिचालन

अल्पकालिन तथा मध्यकालिन तालिमका माध्यमबाट गाउँपालिका भित्रका ग्रामिण भेगका युवा जनशक्तिलाई थप ज्ञान र सिप दिलाउन सकिएमा यस गाउँपालिकामा आवश्यक पर्ने दक्ष जनशक्तिको परिपूर्ति भई गाउँपालिकाको आर्थिक विकासमा थप योगदान पुग्ने देखिन्छ। यसबाट गाउँपालिकामा हुने आर्थिक कारोवारमा बृद्धि भई विभिन्न क्षेत्रसँग सम्बन्धित आर्थिक गतिविधिहरु समेत बढने सम्भावना देखिन्छ।

### प्रमुख अवसरहरु

### क) कृषि तथा पशुपालनमा उन्नत प्रविधिको प्रयोग

कमल गाउँपालिकामा कृषि उत्पादनको व्यवसायीकरण तथा बजारीकरणबाट गाउँपालिकाको विकासमा फड्को मार्न संभव छ। सूचना तथा संचार प्रविधिमा आएको आमूल परिवर्तनसँगै कृषि प्रविधि उपयोग गरी गाउँपालिकाको आर्थिक विकासको गतिलाई तिब्रता दिन सकिन्छ। खास गरी गाउँपालिकामा बढी संम्भावनाको रुपमा देखिएको खाद्यन्न, तरकारी, पशुपालन, दुध, मत्यपालन, नमुना कृषि कार्यक्रम, कृषि पर्यटन, माछामासु लगायतको उत्पादनलाई यससँग जोडन सकिन्छ।

**ख) दक्ष जनशक्ति उत्पादन र परिचालन**

यस गाउँपालिकामा प्राविधिक र व्यवहारिक शिक्षा, परामर्श र अवसरको अभावका कारण स्थानीय उत्पादनशिल जनशक्ती विशेष गरी ठूलो संख्यामा युवाहरु विदेश तथा ठूला शहरहरु तर्फ पलायन हुने गरेका छन् । यसका साथै देश तथा वाह्य बजारमा प्राविधिक सीपयुक्त मानव संसाधनको अत्यधिक माग रहेको छ । फलस्वरुव यस गाउँपालिकामा कार्यरत सरकारी, गैर सरकारी र नीजि क्षेत्रको लगानी तथा साझेदारीमा गाउँपालिकाका मानविय शक्तिलाई दक्ष र शिपयुक्त बनाउन सकिने अवसर कमल गाउँपालिकाको लागि रहेको छ ।

**ङ) संस्थागत क्षमता तथा सुशासन अभिवृद्धि**

प्रभावकारी विकास प्रक्रियामा संस्थागत विकास, श्रोत परिचालन तथा सुशासन प्रमुख माध्यमको रुपमा रहेको हुन्छ । नेपालको समग्र विकास प्रक्रियामा जस्तै यस गाउँपालिकाको विकास प्रक्रियामा संस्थागत विकास, श्रोत परिचालन र सुशासन सम्बन्धि समस्याहरु विद्यमान रहेका छन् । फलस्वरुप विकास कार्यहरु परिमाणमुखी र प्रभावकारी हुन सकेका छैनन । यस सम्बन्धी उपलब्ध संवैधानिक तथा कानूनी व्यवस्था, औजार तथा रणनीतिहरुको राजनैतिक, प्रशासनिक र नागरिक स्तरबाट समेत परिपालना गर्न सके गाउँपालिका विकासको अवधारणा अनुसार विकास कार्यलाई दिशानिर्देश गरी अपेक्षित परिणाम तथा प्रभावकारीता हासिल गर्न संभव हुनेछ । गाउँपालिकामा अन्य अवसरहरु निम्न वमोजिम छनः

- पूर्व पश्चिम महेन्द्र राजमार्ग, उत्तर दक्षिण पाडाजुँगी-गौरीगंज र केर्खा-क्याम्पा-वैगुनधुरा सडकसंग सहज पहुँच ।
- गाउँपालिका भित्र सबै वडाहरुमा सडक संजालको विकास भैसकेको ।
- विद्युत र संचार पूर्वाधारको विकास भैसकेको ।
- पर्याप्त उर्वर कृषि भूमि ।
- साँस्कृतिक तथा जातिय विविधता ।
- व्यवस्थित वस्ती विकासको लागि पर्याप्त उपयुक्त स्थानहरु ।
- निर्वाचित र स्थिर स्थानीय सरकार ।
- भूमिगत पानीको स्रोत भएको ।
- पर्याप्त बजार र आर्थिक गतिविधिहरु भैरहेको ।
- प्रदेश र संघीय सरकारबाट विभिन्न योजना तथा कार्यक्रमहरु संचालन भैरहेको ।

## ३.४ गाउँपालिकाको समस्या संभावना विश्लेषण (SWOT Analysis)

कुनै पनि स्थानको आफ्नै भिन्दै धार्मिक, साँस्कृतिक, भौगोलिक, ऐतिहासिक पहिचान र महत्व हुन्छ । त्यस्ता महत्व र पहिचानहरुलाई उजागर गर्नको लागि विभिन्न सूचकहरुको गहन अध्ययन र अनुसन्धान गर्न आवश्यक हुन्छ । तसर्थ यस कमल गाउँपालिकाको समस्या र संभावनाहरुलाई दृष्टिगत गर्दै आन्तरिक र बाह्य कारणहरुमा आधारित रहि बिद्यमान सवल पक्ष, कमजोर पक्ष, अवसरहरु र चुनौतीहरुको विश्लेषण (SWOT) तालिका ६० मा प्रस्तुत गरिएको छ ।

तालिका 60: गाउँपालिकाको SWOT विश्लेषण

| | सवल पक्ष | दुर्वल पक्ष |
|---|---|---|
| आ | ▪ निर्वाचित जनप्रतिनिधिहरु, स्थायी सरकार र स्थानीय सरकार संचालन ऐन २०७४।<br>▪ आवश्यक ऐन, कार्यविधि, नियमावली र निर्देशिकाहरु तर्जुमा भएको।<br>▪ पूर्व-पश्चिम राष्ट्रिय राजमार्ग र उत्तर दक्षिण फिडर/जिल्ला सडकको सहज पहुँच।<br>▪ पाडाजुंगी, केर्खा र क्याम्पा जस्ता शहरोउन्मुख क्षेत्रहरु भएको।<br>▪ पूर्वी नेपालको ठूला शहरहरु इटहरी, दमक, बिराटनगर, धरान र विर्तामोड र भद्रपुरसंग सहज सडक कनेक्टीभिटी।<br>▪ जनसांख्यिय लाभांश (१५-६४ बर्षको ६६%)<br>▪ गाउँपालिका भित्र सबै वडाहरुमा सडक संजालको विकास भैसकेको।<br>▪ न्यूनतम शहरी पूर्वाधारहरुको विकास भैसकेको।<br>▪ नगर अस्पताल, प्राविधिक धार भएको विद्यालय र बहुमुखी क्याम्पस भएको।<br>▪ प्रशस्त कृषि योग्य जमीन (७६%) र व्यवसायिक कृषिको संभावना भएको।<br>▪ प्रशस्त वित्तिय संस्था र सहकारीहरु भएको।<br>▪ तरकारी, फलफुल लगायत अन्य सर-सामानहरुको थोक तथा खुद्रा व्यापारको संभावना।<br>▪ ९८% घरधुरीमा शौचालय भएको।<br>▪ गाउँपालिका स्थानीय सरकारको रुपमा स्थापित हुँदै गरेको।<br>▪ सामाजिक तथा साँस्कृतिक विविधता भएको। | ▪ पाडाजुँगी र केर्खा बजार क्षेत्रमा अव्यवस्थित शहरीकरण भैरहेको।<br>▪ गाउँपालिकाका सबै घरधुरीलाई धाराबाट खानेपानी उपलब्ध नभएको।<br>▪ ध्वनी र वायु प्रदुषण बढदै गैरहेको।<br>▪ गाउँपालिकाका सबै घरधुरीबाट नियमित फोहोरमैला संकलन हुन नसकेको।<br>▪ बजार क्षेत्रमा ढल संजालको पूर्वाधार नभएको।<br>▪ फोहोरमैला व्यवस्थापन केन्द्रको पूर्वाधार नभएको।<br>▪ बढदी शहरी जनसंख्याको लागि आवश्यक पार्क र मनोरन्जन स्थलहरुको अभाव।<br>▪ रतुवा र कमल खोलाबाट हुने क्षति न्यूनीकरणको लागि स्थाई तटबन्ध नभएको।<br>▪ गाउँपालिकाका व्यस्त चोक र बजारहरुमा ट्राफिक लाईट, जेब्रा क्रसिङ, ओहोरहेड ब्रिज, सार्वजनिक शौचालय, पार्किङ स्थल, बस स्ट्याण्ड आदि जस्ता शहरी पूर्वाधारहरु नभएको।<br>▪ आधुनिक बसपार्क नभएको।<br>▪ स्थानीय भाषा, संस्कृति र भेषभुषाहरु लोप हुँदै गएको।<br>▪ कृषिको आधुनिकीकरण र व्यवसायीकरण हुन नसकेको।<br>▪ रोजगार सृजना गर्ने खालका ठूला उद्योग कलकारखानाहरु नभएको।<br>▪ न्यून आन्तरिक आय (३%)<br>▪ नयाँ पुस्तामा लैंगिक अनुपात बढदै गैरहेको (०-१४ बर्ष उमेर समुहको लैंगिक अनुपात १०५) |
| | **अवसर** | **चुनौती** |
| क<br>बा | ▪ पूर्व पश्चिम राष्ट्रिय राजमार्ग र उत्तर दक्षिण फिडर/जिल्ला सडकको सहज पहुँच भएकोले स्थानीय उत्पादनहरुलाई निर्यात गरी आर्थिक लाभ लिन सकिने।<br>▪ कृषि र पशुपालनलाई व्यवसायीकरण गरी स्थानीय कृषकको आर्थिक विकास गर्न सकिने।<br>▪ थोक तथा खुद्रा व्यापार व्यवसाय र उद्योगहरु विकास गर्ने सकिने।<br>▪ योजनावद्ध शहरी विकासको लागि जग्गा विकास कार्यक्रमहरु लागू गर्ने सकिने।<br>▪ गुणस्तरिय शिक्षा र स्वास्थ्य सेवाको पूर्वाधारहरु विकास हुँदै गरेको।<br>▪ शहरी पूर्वाधारयुक्त गाउँपालिकाको रुपमा विकास गर्ने सकिने।<br>▪ गाउँपालिका र वडा कार्यालयको संस्थागत सुदृढीकरण, सुशासन र सूचना प्रविधीको | ▪ प्रदेश र संघीय सरकारको बजेटमा गाउँपालिकाको उच्च निर्भरता कम गर्नु।<br>▪ युवाहरुको विदेश पलायन रोक्नु।<br>▪ जग्गाको बढदो खण्डीकरण र अनियन्त्रित बजारीकरण/शहरीकरणलाई नियमन र नियन्त्रण गर्नु।<br>▪ निर्माण तथा योजना मापदण्ड र भवन संहिताको पूर्ण कार्यान्वयन गर्नु ।<br>▪ रतुवा र कमल खोलाबाट बर्षेनी हुने डुबान, नदि कटान र बाढीको नियन्त्रण गर्नु।<br>▪ शहरीकरणसंगै बढदो ध्वनी र वायु प्रदुषण न्यूनीकरण गर्नु।<br>▪ फोहोरमैलाको दीर्घकालीन व्यवस्थापन गर्नु।<br>▪ स्थानीय कृषि उत्पादनको व्यवसायीकरण गरि गरिवी निवारण गर्नु।<br>▪ सूचना प्रविधिको बढदो प्रयोगसंगै समाजमा हुने अपराध, ठगी र सामाजिक विकृतीलाई न्यूनीकरण गर्नु। |

| | | |
|---|---|---|
| | प्रयोगबाट (इ-गभर्नेन्स) पारदर्शी र प्रभावकारी सेवा प्रवाह र कार्य सम्पादन गर्न सकिने।<br>▪ वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणलाई उत्पादनशिल क्षेत्रमा लगानी गरी रोजगारी सृजना गर्न सकिने ।<br>▪ भवन निर्माण मापदण्ड, भवन संहिता र वैज्ञानिक भू-उपयोगको पूर्ण कार्यान्वयन गर्दै स्थानीयवासीहरुलाई सुरक्षित आवास र योजनाबद्ध विकासको प्रत्याभूत गर्न सकिने ।<br>▪ फोहोरमैलाको दीर्घकालीन व्यवस्थापन गरी गाउँपालिकालाई सफा, सुन्दर र बसोबासयोग्य बनाउन सकिने । | ▪ ट्राफिक जनचेतना बढाई बढ्दो सडक दुर्घटनालाई न्यनीकरण गर्नु ।<br>▪ स्थानीय भाष, कला, संस्कृति र सामाजिक साँस्कृतिक विविधताको संरक्षण र सम्वर्द्धन गर्नु ।<br>▪ वालवालिका, महिला तथा अपांङ्गमैत्री पूर्वाधार विकास गर्नु ।<br>▪ कृषि मल, बिउ र यन्त्र उपकरण समयमै सहज रुपमा उपलब्ध गराउनु ।<br>▪ स्थानीय कृषिजन्य उत्पादनको भण्डार र बजारीकरण गर्नु ।<br>▪ जंगली हात्तिको अतिक्रमण नियन्त्रण गर्नु ।<br>▪ गरिब घरपरिवार र लक्षित वर्गलाई विकासको मुल प्रवाहमा समाहित गर्नु । |

## ३.५ निर्देशक सिद्धान्त

गाउँपालिकाको समग्र विकास गर्न र यस आवधिक योजनाले राखेको दीर्घकालीन सोच तर्फ उन्मुख हुँदै लक्ष्यमा पुग्न विभिन्न कार्यक्रमहरुको संचालनका साथै योजनावद्ध प्रयासहरु तर्फ अघि बढ्न केही निर्देशक सिद्धान्तहरु अपनाइनु पर्ने हुन्छ जुन, यसप्रकार छः

**क) व्यवसायिक कृषि, वाली विविधिकरण, पशुपालन तथा खाद्य सुरक्षा**

- गाउँपालिकामा कृषि विकासको संभाव्य क्षेत्रहरु पहिचान गरी संभाव्य पकेट क्षेत्र अनुसार कृषि विकास योजना कार्यान्वयन गर्ने ।
- स्थानीय कृषि उपजहरुको सहज भण्डारण र बजारीकरणको लागि आवश्यक नीति र पूर्वाधारहरु तयार गर्ने ।
- स्थानिय कृषकहरुलाई समयमै कृषि मल, बिउ, औषधी र उपकरणहरु सहज र सरल रुपमा उपलब्ध गराउन आवश्यक कार्ययोजना तर्जुमा गरि लागू गर्ने ।
- कृषकहरुलाई व्यवसायिक कृषि तर्फ आकर्षित गर्ने र नयाँ कृषिका संभावनाहरुलाई खोजी गरी ‘कृषि पकेट क्षेत्र’को कार्ययोजना बनाउने ।
- खाद्य सुरक्षाका लागि कृषि तथा पशुजन्य उत्पादन वृद्धिका लागि विशेष कार्यक्रम संचालन गरी आवश्यका अनुसार वैकिल्पक व्यवस्था समेत गर्ने ।
- फलफूल तथा नगदेवालीलाई प्राथमिकता दिइ गाउँपालिकालाई अत्मनिर्भर बनाउने ।
- कृषिवाली विविधिकरण र यान्त्रिकीकरणद्वारा कृषि विकासका कार्यक्रम संचालन गर्दै कृषि पेशामा लाग्नका लागि अभिमुखीकरण तालिम संचालन गर्ने ।
- विराटनगर, इटहरी, धरान, दमक र विर्तामोड जस्ता कोशी प्रदेशका ठूला शहरहरुसंग सहज सडक पहुँच भएकोले स्थानीय फलफुल र तरकारीलाई निर्यात गर्नको लागि विशेष योजना अगाडि ल्याउने।
- कृषि सडक र सामुदायिक भकारी भण्डार गृहको व्यवस्था गर्ने ।
- विद्यमान कुलो र नहरहरुको मर्मत संभार गर्ने साथै प्रदेश र संघीय सरकारसंग समन्वय र सहकार्य गरी संभाव्यता अध्ययनको आधारमा नयाँ सिंचाई आयोजनाहरुको निर्माण गर्ने ।
- स्थानीय कृषकहरुको क्षमता अभिवृद्धिको लागि गाउँपालिकामै आवश्यक कृषि तालिमको व्यवस्था गर्ने ।

- स्थानीय रैथाने वालीहरुको संरक्षण गर्दै स्थानीय माटो सुहाउदै उन्नत वालीहरुलाई प्रोत्साहन गर्ने ।
- स्थानीय दुध, मासु र माछाको व्यवसायीकरण र बजारीकरण गर्न निर्यातमूखी नीति र कार्यक्रमहरु ल्याउने ।

**ख) पर्यटन विकासद्वारा आर्थिक गतिविधिमा योगदान**

- गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी गुरुयोजनालाई प्राथमिकताको आधारमा क्रमश कार्यान्वयन गर्ने ।
- गाउँपालिकाको प्रमुख पर्यटकीय गन्तव्य स्थलहरुसम्म पुग्नको लागि सर्वयाम सडकको विस्तार गर्ने र पर्यटकिय स्थलहरुको संरक्षण, सम्वर्द्धन र प्रचारप्रसार गर्दै आवश्यक पर्यटन पूर्वाधारहरुको विकास गर्ने ।
- गाउँपालिकामा पर्यटन विकास र प्रवर्द्धनको लागि पर्यटन मैत्री वातावरणको सृजना गर्दै नयाँ पर्यटन पूर्वाधारहरुको विकास गरी पर्यटकहरु भित्र्याउने नीति तथा कार्यक्रमहरु अवलम्बन गर्ने ।
- आगन्तुक पर्यटकहरुलाई गाउँपालिकाका पर्यटकिय स्थलहरुसम्म पुग्नको लागि यातायातको व्यवस्था गर्ने ।
- कमल पर्यटन सूचना केन्द्र र पर्यटक प्रहरीको व्यवस्था गर्ने ।
- प्राकृतिक, धार्मिक तथा साँस्कृतिक पर्यटन, ग्रामीण पर्यटन, पर्या-पर्यटन जस्ता पर्यटकीय कार्यक्रमहरुद्वारा गाउँपालिकामा निजी क्षेत्रलाई पर्यटनमा लाग्न प्रोत्साहन गर्ने नीति अवलम्बन गर्ने।
- सार्वजनिक निजी साझेदारीको नीतिअनुसार पर्यटन व्यवसायको विकास तथा बिस्तार गर्ने ।
- गुणस्तरिय पर्यटकिय होटलहरु निर्माणको लागि नीजि क्षेत्रलाई प्रोत्साहन गर्ने नीति तथा कार्यक्रमहरु ल्याउने ।
- पर्यटनसंग सम्बन्धित मानव संसाधन विकासको लागि आवश्यक तालिमको व्यवस्था गर्ने ।
- गाउँपालिकाबाट पर्यटन विकासलाई उच्च प्राथमिकता दिई प्रत्येक बर्ष पर्यटन विकासको लागि आवश्यक योजना तर्जुमा गरी बजेटको व्यवस्था गर्ने ।

**ग) उद्योग, व्यापार र व्यवसायको विकासद्वारा आर्थिक गतिविधिमा योगदान**

- स्थानीय उत्पादनमा आधारित लघु, घरेलु र साना उद्योगहरुको विकासको लागि लगानी मैत्री वातावरणको सृजना गर्दै स्थानीय उद्यमी र लगानी कर्ताहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गर्ने।
- निजी क्षेत्रको प्रवर्द्धन र विकासमा टेवा पुऱ्याई आधारभूत उद्योग प्रवर्द्धन गरी सुशासनको प्रत्याभूति दिने ।
- पाडाजुँगी र केर्खा बजारलाई व्यवस्थित गर्न आवश्यक पूर्वाधारहरुको विकास गर्ने ।
- स्थानीय हाटबजारहरुलाई व्यवस्थित गर्न भण्डारण सहितको आवश्यक पूर्वाधारहरुको विकास गर्ने।
- स्थानीय नगदेवाली, अन्नवाली र फलफुलको विकासको लागि विशेष योजनाहरु तर्जुमा गरी स्थानीय कृषि उत्पादनमा आधारित उद्योगहरुको विकास गर्ने ।
- कृषिजन्य उत्पादनमा आधारित उद्योगहरूलाई विशेष प्राथमिकता दिदै निर्यात वृद्धिमा उच्च टेवा पुऱ्याइने नीति अवलम्वन गर्ने ।
- कृषि उपजमा आधारित उद्योगहरु स्थापनाको लागि पूर्वाधार निर्माण गर्ने कार्यक्रमहरुलाई प्राथमिकता र सहुलियत प्रदान गर्ने ।

- गाउँपालिकाका ग्रामीण भेगमा बैंकिङ तथा सहकारी सेवाको पहुँचमा बृद्धि गर्ने ।

**घ) पूर्वाधार विकास मार्फत समृद्धि हासिल गर्ने**

- प्रदेश र संघबाट स्थानीय स्तरमा संचालन हुने पूर्वाधार सम्वन्धी कार्यक्रमहरुमा गाउँपालिकाबाट आवश्यक समन्वय गर्ने ।
- गाउँपालिकाको पूर्वाधारहरुको मर्मतसंभार गर्नको लागि गाउँपालिका मातहत रहेनगरी कार्य टोली (Work Team) गठन गरी परिचालन गर्ने ।
- गाउँपालिका भित्र शहरी पूर्वाधारहरुको विकास र स्तरोन्नती गरी गाउँपालिकावासीलाई स्तरीय शहरी सेवा र सुविधाहरु प्रदान गर्ने ।
- जनसहभागिताको माध्यमबाट स्थानीय पूर्वाधार विकासमा स्थानीय स्रोत, साधन र सीप परिचालन गर्ने अवधारणा तथा कार्यशैली अवलम्वन गर्ने ।
- स्थानीय पूर्वाधार विकासमा संलग्न दातृ निकायबीच सामजस्यता कायम गर्दै उपलव्ध स्रोतको प्रभावकारी उपयोग गर्ने ।
- गाउँपालिकाको रणनैतिक पूर्वाधार तथा बढी भन्दा बढी जनताहरु लाभान्वित हुने योजना तर्जुमालाई प्राथमिकता दिने ।
- पूर्वाधार विकास गर्दा वातावरण मैत्री, मितव्ययी तथा आवश्यकतामूखी नीति अनुशरण गर्ने ।

**ङ) लक्षित क्षेत्र र समुदायको विकास तथा सामुदायिक सहभागिता**

- सामाजिक परिचालनको माध्यमबाट महिला, वालवालिका र पिछडिएको तथा सीमान्तकृत वर्ग आदिवासी, जनजाति, दलित समुदायको सशक्तिकरण गर्ने ।
- जनसवलीकरणको माध्यमबाट लोकतान्त्रिक अवधारण पछ्याउँदै लक्षित वर्गको संलग्नतामा विकास कार्यहरु संचालन गर्ने ।
- लक्षित समुहलाई मध्यनजर गर्दै कृषि, व्यापार व्यवसाय, लघु उद्योग र पर्यटनको विकास गरी गरिवी न्यूनीकरणमा जोड दिने ।

**च) वातावरण सन्तुलन तथा दिगो विकास**

- गाउँपालिकाको फोहोर व्यवस्थापनको लागि कुहिने र नकुहिने फोहोर छुट्याई व्यवस्थापन गर्ने नीति अनुसरण गरी संभाव्यता अध्ययनको आधारमा दीर्घकालीन फोहोरमैला प्रसोधन केन्द्रको निर्माण र संचालन गर्ने ।
- हाल गाउँपालिकाबाट भैरहेको फोहोरमैला संकलन कार्यलाई नियमित गर्दै अझ व्यवस्थित र क्षेत्र विस्तार गर्ने ।
- स्थानीय श्रोत र सम्पदाको अध्ययन, संरक्षण र व्यवस्थापन गरी दिगो विकास हासिल गर्ने ।
- प्राङगारिक खेती र पर्यावरणीय (अनुकुल) कृषिमा जोड दिने ।
- भौतिक पूर्वाधार विकास तथा संरचना निर्माण सम्बन्धी कार्यलाई वातावरणमैत्री बनाउने ।
- जलवायु परिवर्तनबाट उत्पन्न समस्या निराकरणको लागि न्यूनीकरण तथा अनुकुलनको उपायहरु अवलम्बन गरी समग्र गाउँपालिकाको विकास गर्ने ।

- प्राकृतिक श्रोतको दीगो विकासका साथै वातावरणमैत्री विकास अवधारणा अनुसार विकासका कार्यहरु संचालन गर्ने ।
- कटान, बाढी र डुबानको समस्यालाई न्यूनीकरण गर्नेको लागि खोला तटीय क्षेत्र र स्थानीय सिंचाई नहर/कुलोहरुमा वृक्षारोपण, तटबन्ध र ग्याबिन वालको निर्माण गर्ने ।
- पोखरी र सिमसार क्षेत्रहरुको संरक्षण र संवर्द्धनका कार्यक्रमहरु संचालन गर्ने ।
- स्थानीय उपभोक्ता समुहहरुलाई प्रभावकारी र उत्तरदायी बनाउने ।

**छ) संस्थागत क्षमता विकास**

- गाउँपालिकाको काम कारवाहीलाई सूचना प्रविधि मार्फत चुस्त, सहज र पारदर्शी बनाई सुशासन कायम गर्ने ।
- वडा कार्यालयहरुको भवन निर्माण गरी वडा कार्यालयको संस्थागत विकासलाई प्राथमिकता दिने ।
- गाउँपालिका र वडा कार्यालयहरुमा सहायता कक्षको निर्माण गरी जनतालाई सहज र छिटो सेवा प्रदान गर्ने ।
- गाउँपालिकाको कायम दरबन्दीमा पदपुर्ती गरी आवश्यक विज्ञ, प्राविधिक र अन्य कर्मचारीको पदपुर्ती गर्ने ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई आवश्यक तालिम, शैक्षिक भ्रमण र अभिमुखीकरण गरी आधुनिक सूचना प्रविधी/प्रणाली मैत्री बनाउने ।
- गाउँपालिका र वडा कार्यालयहरुमा क्षतिपूर्ति सहितको डिजिटल नागरिक वडापत्र राखी पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने ।
- जथाभावी वस्ती विकास तथा घरहरु निर्माणलाई नियमन र नियन्त्रण गर्नको लागी गाउँपालिकाको निर्माण मापदण्ड (विल्डिङ वाइलज) र भवन संहिता (विल्डिङ कोड) लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- गाउँपालिकाभित्र हुने घर निर्माणको नक्शापासलाई व्यवस्थित र सर्वसुलभ गर्न सूचना प्रविधिमा आधारित (EBPS) प्रणाली जडान गरी क्रमश लागू गर्ने ।
- गाउँपालिकामा हुने मानव जन्य र प्राकृतिक प्रकोप तथा विपदलाई न्यूनिकरण र व्यवस्थापन गर्न "स्थानीय विपत तथा जलवायु उत्थानशील योजना" तर्जुमा गरी प्राथमिकताको आधारमा क्रमश कार्यान्वयन गर्ने ।
- विकास आयोजना छनौट प्रकृयामा लक्षित वर्ग, दलित, जनजाति, आदिवासी समुदायको सहभागिता सुनिश्चित, अर्थपूर्ण र प्रभावकारी बनाउने ।
- उपभोक्ता समितिलाई आयोजना निर्माण तथा संचालन सम्बन्धी तालिमको व्यवस्था गर्नुका साथै आयोजना संचालनलाई प्रभावकारी तथा पारदर्शी बनाउने ।
- महिला, बालबालिका लगायत लक्षित वर्गको संस्थागत र क्षमता विकास गरी विकास व्यवस्थापन तथा निर्णय प्रक्रियामा लक्षित वर्गको संलग्नता सुनिश्चित र प्रभावकारी बनाउने ।
- गाउँपालिकाबाट हुने कार्यसम्पादन र सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन नागरिकको गुनासो सुनवाई तथा तत्काल सम्वोधन गर्नको लागि सूचना प्रविधि प्रणालीको विकास गरी "गुनासो सुनवाई तथा सम्बोधन कार्यविधि" तर्जुमा गर्ने ।

- स्थानीय सरकारको दैनिक कार्यसम्पादन र सेवा प्रवाहलाई अझ सशक्त र प्रभावकारी बनाउन आवश्यक ऐन, निर्देशिका, नियमावली र कार्यविधिहरुको क्रमश तर्जुमा गर्ने ।

**ज) सामाजिक समावेशीकरण तथा अवसरमा समानता**

- योजना तर्जुमा तथा संचालन प्रक्रियालाई अझ बढी समावेशी र सहभागितामूलक बनाई उपलब्ध श्रोत साधनको अधिकतम परिचालन गरी सन्तुलित विकासमा जोड दिने ।
- स्थानीय श्रममूलक प्रविधिमा जोड दिई विकास निर्माण कार्य अगाडी बढाई स्थानीय उत्पादन वृद्धिमा विशेष ध्यान केन्द्रित गर्ने ।
- आमा समुह, महिला समुह तथा संजाल, कृषक समुह, उपभोक्ता समुहहरुलाई सशक्त बनाई समावेशी समानताको नीति अपनाउने ।
- महिला, बालबालिका लगायत लक्षित वर्ग, दलित, जनजाति, आदिवासीको कार्यक्रम व्यवस्थित रुपमा तर्जुमा तथा प्रभावकारी रुपमा कार्यान्वयन गरी मूलप्रवाहीकरण गर्ने ।

**झ) स्थानीय सुशासन तथा जनउत्तरदायित्व**

- गाउँपालिका र स्थानीय सरोकारवालाहरुबीच समन्वयमा योजना कार्यान्वयन गर्ने परिपाटीको विकास गर्ने ।
- संस्थागत सुद्दृढीकरण, गुणस्तरियता, पारदर्शिता तथा दीगोपनालाई विकास कार्य संचालनको प्रमुख रणनीतिको रुपमा अपनाउने ।
- स्थानीय सुशासन तथा जनउत्तरदायित्व अभिवृद्धिका लागि साझेदारहरु बीच नियमित अन्तरक्रिया, छलफल र वहसका माध्यमबाट विकास निर्माण कार्यलाई अझ बढी समन्वयात्मक र सहभागितामूलक बनाउदै नागरिक समाजलाई सक्रिय रुपमा परिचालन गर्ने ।
- सूचनाको हक सम्बन्धी कानुनी व्यवस्थाको लागि आवश्यक संयन्त्रको विकास गरी सूचना उपलब्धताको सुनिश्चितता गर्ने ।
- योजना कार्यान्वयनको लागी गाउँपालिकाको अनुगमन संयन्त्र शसक्त रुपमा परिचालन गरी प्रगती समीक्षा नियमित रुपमा गर्ने ।
- आन्तरिक र अन्तिम लेखा प्रतिवेदनहरु समयमै सम्पन्न गरी यस्ता प्रतिवेदनहरु उपर सार्वजनिक सुनवाई र सामाजिक लेखा परिक्षण अनिवार्य सम्पन्न गर्ने ।
- गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत, प्राविधिक र शाखा प्रमुखहरुसंग गाउँपालिका अध्यक्षले कार्यसम्पादन करार गर्ने ।
- गाउँपालिकाको वेभसाइट नियमित अद्यावधिक गरी गाउँपालिकाबाट प्रसारित हुने सूचना, तथ्याङ्क, प्रतिवेदन, ऐन, कार्यविधि, नियमावली, निर्देशिका, करका दरहरु र सेवा प्रवाह आदिमा गाउँपालिकावासीको सहज पहुँच सुनिश्चित गर्ने ।
- गाउँपालिकाको सेवा प्रवाह र कार्यसम्पादनलाई इ-गभर्नेन्सको अवधारणामा लगि गाउँपालिकाको सेवा प्रवाह र कार्यसम्पादनलाई अझ चुस्त, सशक्त र सर्वसुलभ बनाइने ।

### ञ) सामाजिक न्याय तथा मानव अधिकार

- सरकारी, गैर सरकारी तथा निजी क्षेत्रको संस्थागत संरचनामा विपन्न एवं सीमान्तकृत वर्गको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्ने ।
- सामाजिक परिचालनलाई स्थानीय समुदायको सशक्तिकरणको प्रमुख रणनीतिको रुपमा संचालन गरी यस कार्यमा स्थानीय सहजकर्तालाई परिचालन गर्ने ।
- समाजमा पिछडिएको वर्ग, आदिवासी, दलित, जनजाति, महिलाहरुको विकास र सहभागिताका लागि विशेष कार्यक्रम संचालन गर्ने ।
- ज्येष्ठ नागरिक वृत्ति लगायत अन्य सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने वातावरण बनाई यसको प्रभावकारिताको नियमित अध्ययन र मूल्याङ्कन गर्ने ।
- गाउँपालिका भित्र रहेका उद्योगहरुमा कार्यरत मजदुरहरुको भविश्यको लागि गाउँपालिका, उद्योग र मजदुरहरुको सहकार्यमा मजदुर कल्याण कोष खडा गर्ने ।
- लक्षित वर्ग, महिला, वालवालिका, अपांग आदिलाई विकासको मूल प्रवाहमा समाहित गर्न र गाउँपालिकाबाट हुने सेवाहरुमा पहुँच वृद्धि गर्न विभिन्न सचेतनाका कार्यक्रमहरु नियमित रुपमा गर्ने।
- वालमैत्री स्थानीय शासन पद्धतीलाई पूर्ण रुपमा लागू गर्ने ।

### ट) समुदाय, निजी क्षेत्र एवं गैरसरकारी संस्थाको परिचालन

- सेवा प्रवाह तथा पूर्वाधार विकास कार्यमा सार्वजनिक, निजी, सामुदायिक तथा सार्वजनिक-निजी साझेदारी अवधारणा अवलम्वन गर्ने ।
- निजी क्षेत्रलाई विकास निर्माणमा परिचालन गर्नका लागि स्थानीय स्तरमा लगानीमैत्री वातावरण निर्माणका साथै वाह्य श्रोत तथा साधनको अधिकतम परिचालन गर्ने ।
- समुदाय, निजी क्षेत्र तथा गैर सरकारी संस्थाहरु जस्ता साझेदारहरु बीच अन्तरक्रिया छलफल र वहसका माध्यमबाट विकास निर्माण कार्यलाई अझ बढी समन्वयात्मक, सहभागितामूलक र प्रभावकारी बनाउने ।
- सरकारी, गैर सरकारी तथा सामुदायिक संस्थाको संरचनामा विपन्न एवं सीमान्तकृत वर्गको अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्ने नीति लिने ।
- सार्वजनिक सेवा तथा कार्यक्रमको पारदर्शिता, प्रभावकारिता र उत्तरदायित्वको अभिवृद्धिका लागि उपलब्ध कानुनी व्यवस्था अनुसार सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक अनुगमन तथा निगरानीको औजारहरु प्रयोग गरी सुधारका प्रतिबद्धताको पालना गर्ने ।

### ठ) नतिजामूलक अनुगमन प्रणाली

- योजना तथा बजेट तर्जुमा गर्दा स्थानीय तह पुनःसरचना अनुसार गाउँपालिका मातहत रहने विषयगत कार्यालयहरुको समन्वय र समझदारीमा अगाडि बढाउने ।
- योजना कार्यान्वयनको लागी गाउँपालिकाको अनुगमन संयन्त्रलाई सशक्त रुपमा परिचालन गर्दै प्रगती समीक्षा नियमित रुपमा गर्ने ।
- योजनाहरुको अनुगमन गर्दा नतिजामुखी खाका अनुसार गर्ने ।

- आयोजना तथा कार्यक्रमको तेश्रो पक्षद्वारा अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- गाउँपालिकाबाट हुने विकास निर्माण र अन्य कार्यहरुको बारेमा नियमित रुपमा सार्वजनिक सुनवाई र सामाजिक लेखा परिक्षण गर्ने ।
- कार्य सम्पादनको आधारमा राम्रो काम गर्ने कर्मचारी, संघ, संस्था तथा निकायलाई प्रोत्साहन गर्ने ।

## ३.६ सोच, लक्ष्य तथा उद्धेश्य

### ३.६.१ दिर्घकालिन सोच

दीर्घकालीन सोचलाई गाउँपालिकाको दीर्घकालको आदर्शको रुपमा लिन सकिन्छ । दीर्घकालिन सोच भन्नाले वर्तमानको अवस्थाबाट निश्चित भविश्यमा पुग्न सकिने एक इच्छित अवस्था हो । यसको लागि गाउँपालिकामा उपलब्ध स्रोत, साधन, सम्भाव्यतालाई सदुपयोग गर्दै गाउँपालिकाको मुख्य समस्या र चुनौतीहरुलाई सामना गर्न तयार बनाउन सक्नु पर्दछ । दीर्घकालीन सोच एक आवधिक योजनामा मात्र प्राप्त गर्न सकिने सोच नभएतापनि आवधिक योजनाले यसलाई अगाडी बढाउन मद्दत गर्दछ ।

समग्र राष्ट्र र सम्बन्धित प्रदेशको दीर्घकालीन सोच तब मात्र पूरा हुन सक्दछ जब स्थानीय तहले त्यसका योजनाका उद्देश्य र लक्ष्यमा सहयोग पुऱ्याउँदछ । त्यसैले यस कमल गाउँपालिकाको योजना तर्जुमा गर्दा केन्द्रीय सरकारले तर्जुमा गरेको राष्ट्रिय दीर्घकालीन सोच (समृद्ध नेपाल, सुखी नेपाली), त्यसमा अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीति आदिलाई पनि ध्यान दिईएको थियो भने कोशी प्रदेशको दीर्घकालीन सोच (स्वच्छ, सुखी र समुन्नत प्रदेश), अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीतिलाई समेत आधार मानि गाउँपालिकाका जनप्रतिनिधिहरु, निर्देशक समिति र बिषयगत समितिहरु, स्थानीयवासी, बुद्धिजीवि र समाजसेवी, राजनीतिकर्मी आदिहरुसंग व्यापक छलफल र परामर्श समेत गरिएको थियो । यसका साथै गाउँपालिकाको सम्भावना तथा अग्रणी क्षेत्रहरुको समेत विश्लेषण गरिएको थियो । यसरी केन्द्रिय र प्रदेश सरकारको लिएको दीर्घकालीन सोच, त्यसमा भएका लक्ष्य, उद्धेश्य र रणनीतिहरुका साथै गाउँपालिकाको संभावना तथा विकासका अग्रणी क्षेत्रहरुलाई समग्र विश्लेषण गर्दा कमल गाउँपालिकाको विद्यमान दीर्घकालीन सोच नै आगामी १५-२० बर्षको लागि योजना तर्जुमा र प्राविधिक दृष्टिकोणले उपयुक्त दीर्घकालीन सोच हुने देखिएकोले कमल गाउँपालिकाको सभाहलमा आयोजित गाउँपालिकाका जनप्रतिनिधहरु, कार्यपालिका सदस्यहरु, कर्मचारीहरु, स्थानीय बुद्धिजीविहरु, परामर्शदाता प्राविधिकहरु लगायत सरोकारवालाहरुविच मिति २०८१/०१०/२ मा सम्पन्न दिर्घकालीन सोच निर्धारण कार्यशाला गोष्ठीले (गोष्ठीको माईन्यूट अनुसूची ४ मा राखिएको छ) यस आवधिक योजनाको लागि समेत सोही दिर्घकालिन सोचलाई निरन्तरता दिएको छ, जुस यस प्रकार छः

**"समृद्ध कमल हाम्रो सरोकार"**

### ३.६.२ लक्ष्य

कमल गाउँपालिकाको समग्र विकासका लागि कृषिको आधुनिकीकरण र बजारीकरण, पर्यटन, व्यापार व्यवसाय र उद्योगहरुको विकास गर्दै स्थानीयवासीको आर्थिक एवं सामाजिक स्तरमा बृद्धि, वातावरण एवं

दिगो पूर्वाधारहरुको विकास, स्वावलम्वी एवं आत्मनिर्भर नागरिक तयार गरी सभ्य, सुसंस्कृत, सुशासनयुक्त समाजको निर्माण गर्ने मुख्य लक्ष्य निर्धारण गरिएको छ । साथै यस योजनाका निम्न लक्ष्यहरु रहेका छन् :

१) गाउँपालिकालाई कृषि, पर्यटन, व्यापार र उद्योगको लागि उपयुक्त क्षेत्रको रुपमा विकास गर्ने ।
२) गाउँपालिकामा सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको विकास गर्ने ।
३) गाउँपालिकाको विद्यमान स्रोत, साधन र सम्पदाको समुचित प्रयोग गरी आर्थिक वृद्धि गर्ने ।

### ३.६.३ उद्धेश्य

गाउँपालिकाको समष्टिगत उद्देश्यहरु यसप्रकार छन्:

१) दिगो विकास लक्ष्य र निर्धारित सूचकहरु हासिल गर्नु ।
२) शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवा तथा भौतिक पूर्वाधारहरुको विकास गरी सबैको पहुँचको सुनिश्चितता गर्नु ।
३) समावेशी विकासको प्रवर्द्धन सहित असमानता न्यूनीकरण गरी विकासमा सबैको अपनत्व सुनिश्चित गर्नु ।
४) कृषि उत्पाकदत्व वृद्धि तथा उद्यम विकास गरी द्रुत आयआर्जनका अवसरहरु सृजना गरेर उच्च आर्थिक वृद्धिदर प्राप्त गर्नु ।
५) गाउँपालिकावासीहरुलाई सामाजिक न्याय तथा सुशासनको प्रत्याभूति गर्नु ।
६) प्रविधिको विकास तथा विस्तार गर्नु ।
७) मानव अधिकार संरक्षण, दण्डहिनताको अन्त्य सहितको सामाजिक सुरक्षालाई सुनिश्चित गर्नु ।

## ३.७ परिमाणात्मक लक्ष्य

कमल गाउँपालिकाको आवधिक विकास योजनाको परिमाणात्मक लक्ष्यहरु देहाय अनुसार रहेका छनः

तालिका ६१. गाउँपालिकाको समष्टिगत परिमाणात्मक लक्ष्यहरु

| क्र.स. | सूचक/लक्ष्य | एकाई | आधार बर्ष २०८०/८१ | आर्थिक बर्ष (२०८६/८७) को लक्ष्य |
|---|---|---|---|---|
| १ | आर्थिक बृद्धिदर (औसत कोशी प्रदेश)* | प्रतिशत | ४.५ | ७.५ |
| २ | कूल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान* | प्रतिशत | ३६.७५ | ४० |
| ३ | प्रति व्यक्ति राष्ट्रिय आय (कोशी प्रदेश)* | अमेरिकी डलर | १३८१ | १५०० |
| ४ | मानव विकास सूचाङ्क* | सूचाङ्क | ०.५४ | ०.६४ |
| ५ | बाल मृत्युदर (प्रति हजार जिवित जन्ममा)* | बर्ष | ३२ | २० |
| ६ | जन्म हुँदाको अपेक्षित आयु (कोशी प्रदेश)* | बर्ष | ७०.७ | ७३ |
| ७ | कृषि क्षेत्रको बार्षिक औषत बृद्धिदर | प्रतिशत | ६ | १० |
| ८ | १०-१२ महिना खान नपुग्ने कृषक परिवार संख्या | प्रतिशत | ७.५ | ४ |
| ९ | बार्षिक नयाँ व्यवसाय दर्ता संख्या*** | सख्या | २१४ | ३५० |

| क्र.स. | सूचक/लक्ष्य | एकाई | आधार बर्ष २०८०/८१ | आर्थिक बर्ष (२०८६/८७) को लक्ष्य |
|---|---|---|---|---|
| १० | बेरोजगारको दर** | प्रतिशत | ५.७४ | ३ |
| ११ | लैगिंक विकास सूचाङ्क** | सूचाङ्क | ०.९२ | ०.९४ |
| १२ | समग्र साक्षरता दर** | प्रतिशत | ८३.५ | ८८ |
| १३ | महिला साक्षरता दर** | प्रतिशत | ७८.५ | ८२ |
| १४ | एसएलसी/एसईई/ वा सो सरह उत्तीर्ण दर** | प्रतिशत | १३.७६ | १६ |
| १५ | धारा/पाईपको पानी (घर परिसर भित्र)** | प्रतिशत | ३५ | ५० |
| १६ | फ्लस भएको शौचालय (सेप्टिक ट्यांकी) प्रयोग गर्ने धरधुरी** | प्रतिशत | ५८.३ | ६५ |
| १७ | घरजग्गा दुवै महिलाको नाममा भएको घरपरिवार** | प्रतिशत | १६.६ | २० |
| १८ | खाना पकाउन बायोग्यास प्रयोग गर्ने घरपरिवार** | प्रतिशत | ३.३७ | ५ |
| १९ | इन्टरनेट प्रयोग गर्ने घरपरिवार** | प्रतिशत | ६०.९ | ७० |
| २० | सडक लम्वाई (प्रति १००० जनसंख्या)*** | किमि | ६.३ | ८ |
| २१ | आधारभूत तहको खुद भर्ना दर (१-५)**** | प्रतिशत | ९५.४ | ९७ |
| २२ | आधारभूत तहको खुद भर्ना दर (६-८)**** | प्रतिशत | ९४ | ९६ |
| २३ | माध्यमिक तहको खुद भर्ना दर (९-१०)**** | प्रतिशत | ७७.५ | ८० |
| २४ | माध्यमिक तहको खुद भर्ना दर (११-१२)**** | प्रतिशत | २५.४ | २८ |
| २५ | गाउँपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा*** | प्रतिशत | ३% | ५% |
| २६ | सस्थागत क्षमता प्राप्ताङ्कको (LISA) समग्र स्थिति*** | अंक | ८५.१९ | ८८ |

*नोटः * प्रदेश नं १ को प्रथम आवधिक योजना (आ.व. २०७६/७-२०८०/८१), ** राष्ट्रिय जनगणना, २०७८, *** कमल गाउँपालिका, २०८१, **** शिक्षा तथा मानव विकास श्रोत केन्द्र, २०८१*

## ३.८ रणनीति तथा प्राथमिकता

यस आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्धेश्यहरु प्राप्त गर्नेको लागि निम्न वमोजिमका रणनीति र कार्यनीतिहरु प्रस्ताव गरिएको छः

१. गाउँपालिकामा कृषि, पर्यटन, व्यापार व्यवसाय र उद्योगको विकासको लागि पूर्वाधार विकास कार्यलाई तिव्रता दिने ।
२. गाउँपालिकाका सम्पूर्ण जनसंख्यालाई खानेपानी, ढल, विद्युत र टेलिफोन सेवाको सुनिश्चितता गर्ने।
३. भू-उपयोग योजना क्रमश कार्यान्वियन गर्दै जाने ।
४. कृषि, पर्यटन, उद्योग तथा व्यापार व्यवसायी मैत्री कार्यनीति अबलम्बन गर्ने ।
५. गाउँपालिकावासीको लागि आवश्यक शिक्षा र स्वास्थ्यका पूर्वाधारहरुको विकास र विस्तार गर्दै जाने ।
६. गाउँपालिकाको लागि आवश्यक दक्ष जनशक्ति पहिचान गरी सो मुताविक कार्ययोजना बनाउने ।

७. उत्पीडित, सीमान्तकृत, अल्पसंख्यक तथा अति विपन्न, दलित, जनजाति, पिछडिएका वर्ग, आदिवासी समुदायलाई लक्षित हुनेगरी रोजगारीमूलक तथा क्षमता विकासका कार्यक्रम तर्जुमा गरी लागू गर्ने ।
८. भवन र अन्य भौतिक पूर्वाधार निर्माण गर्दा भवन निर्माण मापदण्ड र भवन संहिता कडाईका साथ कार्यान्वयन गर्ने ।
९. विपद व्यवस्थापन तथा नागरिक सुरक्षा व्यवस्थापनको लागि "स्थानीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी कार्यान्यिवन गर्दै पूर्व जानकारी, पूर्व तयारी, न्यूनीकरण, व्यवस्थापन र पुनर्स्थापिना सम्बन्धी कार्यक्रमहरु संचालन गर्दै जाने ।
१०. वातावरण संरक्षण र प्राकृतिक प्रकोपको न्यूनीकरण सम्बन्धी प्रष्ट नीति ल्याउने ।
११. वातावरण सुधार र फोहोर व्यवस्थापनको लागि फोहोरको बहु-उपयोगको व्यवस्था शुरुदेखिनै अवलम्बन गर्ने ।
१२. भौतिक संरचनालाई अपांग मैत्री र वातावरण मैत्री बनाउने ।
१३. रोजगारीमूलक व्यवसायको विकास र प्रवर्द्धनको लागि पहल गर्ने ।
१४. विकास आयोजना तय गर्ने र बजेट विनियोजन गर्ने कार्यलाई पहुँचमा आधारित प्रणालीलाई निरुत्साहित गर्दै वास्तविक आवश्यकताको सिद्धान्तलाई अनुशरण गरी योजना तथा कार्यक्रम तय गर्ने।
१५. स्थानीय तहको सेवा, सुविधालाई सरल तथा गुणस्तरीय बनाउने र सेवाग्राही-मैत्री एवं विद्युतीय सुशासनद्वारा सेवा प्रदान गर्ने पद्दतिको शुरुवात गर्ने ।
१६. मानवपूँजी निर्माण र सशक्तिकरण गर्न गाउँपालिकाका शिक्षित युवाहरुलाई सामाजिक परिचालनमा संलग्न गराउने ।
१७. गरिबी न्यूनीकरण कार्यक्रममा लगानी वृद्धि गरी नियमित अनुगमन र मूल्याङ्कन गर्ने ।
१८. लक्षित समूहलाई लक्षित गरेका कार्यक्रमहरुमा गाउँपालिकाको अनुदान बढाउदै जाने ।
१९. गाउँपालिकाको भौतिक विकासमा उपभोक्ता समितिको लागत, सहभागिता र संलग्नता बढाउँदै जाने।
२०. विशेष लगानीका क्षेत्रहरुको पहिचान गर्दै गाउँपालिकाको दीर्घकालीन योजनामा समावेश गर्ने ।
२१. निजी क्षेत्रको लगानीलाई आकर्षित गरी सार्वजनिक निजी साझेदारी (PPP: Public Private Partnership) को सिद्धान्त अनुरुप विकास कार्यहरु संचालन गर्ने ।
२२. सामाजिक विकासका सूचकहरुमा सुधार गर्ने ।
२३. गाउँपालिकाको कार्यसम्पादन र सेवा प्रवाहलाई अझ सशक्त र प्रभावकारी बनाई सुशासन कायम गर्न आवश्यक पर्ने नीति, ऐन, निर्देशिका, नियमावली र कार्यविधिहरु क्रमश तर्जुमा गर्दै जाने ।

## ३.९ लगानी, स्रोत अनुमान र बाँडफाट

नेपालको संविधानको धारा ५९ मा आर्थिक अधिकारको प्रयोग सम्बन्धी व्यवस्था गरिएको छ । यसैगरी धारा ६० मा राजस्व स्रोतको बाँडफाँड सम्बन्धी व्यवस्था छ । धारा ६० को उपधारा २ बमोजिम नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने उल्लेख छ । यस व्यवस्थाको कार्यान्वयनका लागि अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ जारी गरिएको छ । त्यसैगरी संविधानको धारा २२९ मा स्थानीय संचित कोषको प्रबन्ध गरिएको छ । यस कोषमा स्थानीय तहलाई प्राप्त हुने सबै

प्रकारको राजस्व नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा स्थानीय तहले लिएको ऋण र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ । स्थानीय संचित कोषमा जम्मा हुने रकमका स्रोतहरू देहाय बमोजिम रहेका छन् ।

१) आन्तरिक राजस्व
२) राजश्व बाँडफाँडबाट प्राप्त रकम
३) संघीय सरकारबाट प्राप्त रकम तथा अनुदान
४) प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम
५) कुनै व्यक्ति, संघ, संस्थाबाट प्राप्त रकम
६) संघीय सरकारको पहलमा प्राप्त वैदेशिक सहायता रकम
७) अन्य स्थानीय तहहरूबाट प्राप्त सहयोग तथा अनुदान
८) आन्तरिक ऋणबाट प्राप्त रकम
९) अन्य कुनै स्रोतबाट प्राप्त रकम

नेपालको संविधानको मर्म अनुरुप अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम तीन तहका सरकारहरूलाई प्राप्त व्यवस्था अनुरुपका आयका स्रोतहरू देहाय बमोजिम छन् ।

**(क) राजस्वको बाँडफाँड**

यस अन्तर्गत मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट उठेको रकम बाँडफाँड गर्ने व्यवस्था रहेको छ । यी कर तथा शुल्कहरू संघीय विभाज्य कोषमा जम्मा भई कूल रकमको ७०% संघीय सरकारलाई, १५% प्रदेश सरकारलाई र १५% स्थानीय सरकारलाई प्राप्त हुन्छ ।

**(ख) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड**

प्राकृतिक स्रोत अन्तर्गत विशेषगरी पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रकम मध्ये संघीय विभाज्य कोषमा जम्मा भएको कूल रकमको ५०% संघलाई, २५% सम्बन्धित प्रदेशलाई र २५% सम्बन्धित स्थानीय तहलाई प्राप्त हुन्छ ।

**(ग) अनुदानबाट प्राप्त रकम**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ बमोजिम संघीय सरकार र प्रदेश सरकारले स्थानीय सरकारलाई देहाय बमोजिमका अनुदानहरू प्रदान गर्दछन् ।

१) वित्तिय समानिकरण अनुदान
२) सशर्त अनुदान
३) समपुरक अनुदान
४) विशेष अनुदान

**(घ) संघीय सरकारद्वारा लिइएको वैदेशिक सहायताबाट स्थानीय तहलाई प्राप्त रकम**

**(ङ) नेपाल सरकारको स्वीकृतिमा स्थानीय तहले लिएको आन्तरिक ऋण**

**(च) नेपाल सरकारले स्थानीय सरकारलाई दिएको ऋण**

संविधानले दिएको अधिकार साथै विभिन्न ऐन तथा कानुनले गरेको व्यवस्थाका आधारमा यस गाउँपालिकाको बजेटको स्रोत अनुमान, प्रक्षेपण र बाँडफाँड निम्न वमोजिम गरिएको छ (तालिका ६६ र ६३)।

तालिका 62. लगानीको स्रोत अनुमान र प्रक्षेपण

| क्र.स. | शिर्षक | रकम रु हजारमा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८१/८२ को अनुमानित | आ.व. २०८२/८३ को अनुमानित | आ.व. २०८३/८४ को अनुमानित | आ.व. २०८४/८५ को अनुमानित | आ.व. २०८५/८६ को अनुमानित | आ.व. २०८६/८७ को अनुमानित |
| **१** | **आन्तरिक श्रोत** | **२२२५०** | **२५०००** | **२८१२५** | **३१६४१** | **३५५९६** | **४००४५** | **४५०५१** |
| **२** | **राजस्व बाँडफाँड** | **११५८१९** | **१३९४६१** | **१५३४०७** | **१६८७४८** | **१८५६२३** | **२०४१८५** | **२२४६०३** |
| २.१ | घरजग्गा रजिष्ट्रेशन | १९१५७ | २०००० | २२००० | २४२०० | २६६२० | २९२८२ | ३२२१० |
| २.२ | मुल्य अभिवृद्धि र अन्तशुल्क | ८९८२६ | ११२५०० | १२३७५० | १३६१२५ | १४९७३८ | १६४७११ | १८११८२ |
| २.३ | प्रदेश सरकारबाट प्राप्त सवारी साधन कर | ६८३६ | ६९६१ | ७६५७ | ८४२३ | ९२६५ | १०१९२ | ११२११ |
| **३.** | **संघीय सरकारबाट प्राप्त** | **४१०५५८** | **४७६५७२** | **५२४२२९** | **५७६६५२** | **६३४३१७** | **६९७७४९** | **७६७५२४** |
| ३.१ | समानीकरण अनुदान | १३११३० | १४४२०० | १५८६२० | १७४४८२ | १९१९३० | २१११२३ | २३२२३६ |
| ३.२ | ससर्त अनुदान चालू | २२६२२५ | २७२८७२ | ३००१५९ | ३३०१७५ | ३६३१९३ | ३९९५१२ | ४३९४६३ |
| ३.३ | ससर्त अनुदान पूँजीगत | १७५२२ | ३८५०० | ४२३५० | ४६५८५ | ५१२४४ | ५६३६८ | ६२००५ |
| ३.४ | समपूरक अनुदान | १८५१८ | ५००० | ५५०० | ६०५० | ६६५५ | ७३२१ | ८०५३ |
| ३.५ | विशेष अनुदान पूँजीगत | १७१६३ | १६००० | १७६०० | १९३६० | २१२९६ | २३४२६ | २५७६८ |
| **४.** | **प्रदेश सरकारबाट प्राप्त** | **३१९९२** | **४३८११** | **४८१९२** | **५३०११** | **५८३१२** | **६४१४४** | **७०५५८** |
| ४.१ | समानीकरण अनुदान | ९०४५ | ९१४३ | १००५७ | ११०६३ | १२१६९ | १३३८६ | १४७२५ |
| ४.२ | ससर्त अनुदान चालु | २६२० | ३६१८ | ३९८० | ४३७८ | ४८१६ | ५२९७ | ५८२७ |
| ४.३ | ससर्त अनुदान पूँजीगत | १५०७३ | २१००० | २३१०० | २५४१० | २७९५१ | ३०७४६ | ३३८२१ |
| ४.४ | समपूरक अनुदान | ५१९९ | १०००० | ११००० | १२१०० | १३३१० | १४६४१ | १६१०५ |
| ४.५ | अन्य अनुदान चालु | ५५ | ५० | ५५ | ६१ | ६७ | ७३ | ८१ |

*नोटः आन्तरिक श्रोत १२.५% र संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम बार्षिक १०% ले बृद्धि हुने गरी आय प्रक्षेपण गरिएको छ ।*




चित्र 11. आवधिक योजना अवधिमा आन्तरिक आय, प्रदेश र संघीय सरकारको हिस्साको प्रक्षेपण

तालिका 63. विषयगत क्षेत्र अनुसारको बजेट विनियोजन

| क्र.स. | शीर्षक | आ.व. २०८०/८१ को प्रस्तावित (रु हजारमा) | प्रतिशत |
|---|---|---|---|
| १ | प्रशासनिक खर्च | ८११०० | २५.१ |
| २ | वडा नं १ | ८८०० | २.७ |
| ३ | वडा नं २ | ८५५० | २.६ |
| ४ | वडा नं ३ | ८५०० | २.६ |
| ५ | वडा नं ४ | ८६०० | २.७ |
| ६ | वडा नं ५ | ८६०० | २.७ |
| ७ | वडा नं ६ | ८५०० | २.६ |
| ८ | वडा नं ७ | ८८०० | २.७ |
| ९ | कृषि विकास | ८००० | २.५ |
| १० | पशु विकास | ७००० | २.२ |
| ११ | शिक्षा | २०००० | ६.२ |
| १२ | स्वास्थ्य | १०००० | ३.१ |
| १३ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | १०००० | ३.१ |
| १४ | सहकारी शाखा | ६०० | ०.२ |
| १५ | प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी | १५०० | ०.५ |
| १६ | मर्मत संभार कोष | ३००० | ०.९ |
| १७ | समपूरक कोष | ५०००० | १५.५ |
| १८ | प्रकोप व्यवस्थापन कोष | २००० | ०.६ |
| १९ | पालिका स्तरीय कार्यक्रम | ६९२५४ | २१.५ |
| जम्मा | | ३२२८०४ | १००.० |

*स्रोत: गाउँपालिकाको आ.व. २०८१/८२ को बजेट, नीति तथा कार्यक्रम*

## ३.१० गाउँपालिकाका समृद्धिका मुख्य संवाहकहरु (Lead Sectors)

उपलब्ध स्रोत र साधनहरुले गर्दा हरेक स्थानिय तहहरुको आ-आफ्नै महत्व, विशेषता र विशिष्ट क्षमता हुने गर्दछ । त्यसैले विभिन्न स्थानीय तहहरुमा उपलब्ध साधन र श्रोतहरुको संभावनाहरु फरक पर्ने हुनाले विकासका संभावनाहरु समेत फरक पर्न सक्दछन् । अग्रणी क्षेत्र पहिचान गर्ने आधार मुख्य गरी प्रत्यक्ष रुपमा संभावनासँग (Potentiality) सम्बन्धित रहने हुनाले यसको निर्धारणका लागि गाउँपालिकाको आर्थिक अवस्था, विकासको गति, विकासका संभावना आदि पक्षको विस्तृत विश्लेषण गरेर कुन क्षेत्रले के कस्तो भूमिका निर्वाह गरिराखेको छ र भविश्यमा यी मध्ये कुन कुन क्षेत्रले अग्रणी भूमिका निर्वाह गर्ने हो सोको निऱ्क्यौल समेत गर्नु पर्ने देखिन्छ । कमल गाउँपालिकाको विकासको लागि मुख्यतया कृषि, पशुपालन, व्यापार व्यवसाय र पूर्वाधार विकास लगायत गाउँपालिकामा विद्यमान धार्मिक, साँस्कृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धनका साथै यहाँको वातावरण सुधारतर्फ ध्यान दिनुपर्दछ । यसबाट एकातिर यस गाउँपालिकालाई कृषि उत्पादनमा आधारित व्यापारिक केन्द्रको रुपमा विकास गरी वरिपरिका क्षेत्रहरुमा सेवा र सुविधाहरु पुऱ्याउने एक महत्वपूर्ण गाउँपालिकाको रुपमा विकास गर्न सकिने देखिन्छ भने कृषिसँग सम्बन्धित र अन्य उत्पादनमूलक उद्योगहरुको विकास मार्फत नयाँ रोजगारीको सृजना हुने प्रचुर संभावना रहेको छ । कमल गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धितको समिक्षा, स्थलगत अध्ययन, निर्देशिक र बिषयगत समितिहरु लगायत स्थानीयवासीहरुसँगको अन्तरक्रिया तथा छलफल र तय भएको दीर्घकालीन सोच अनुसार गाउँपालिकाको मुख्यगरी २ किसिमका अग्रणी क्षेत्रहरुको पहिचान भएको छ । ती क्षेत्रहरु निम्न किसिमका छन्:

- कृषि तथा पशुपालन
- उद्योग तथा व्यापार

कमल गाउँपालिकाको अग्रणी क्षेत्रहरु तलको चित्रमा समेत देखाईएको छ:




चित्र 12: गाउँपालिकाको अग्रणी क्षेत्रहरु

## ३.११ बिकासका मुख्य सहयोगी क्षेत्रहरु

### ३.११.१ ठूला शहरहरुसंगको समिपता

कमल गाउँपालिकाको केन्द्र क्याम्पा बजार (गाउँपालिकाको कार्यालय रहेको स्थान) बाट पूर्वी नेपालका ठूला शहरहरु दमक र बिर्तामोड क्रमश १२ किमि र ३० किमि को दुरीरा अवस्थित छन् । यी दुवै शहरहरु गाउँपालिकाको केन्द्रबाट कालोपत्रे सडकले जोडिएकोले आवगमन अत्यन्त सहज छ भने सार्वजनिक यातायात र सहज ढुवानीले गर्द स्थानीय उत्पादनहरु यी बजारहरुसम्म पुग्न र दैनिक उपभोग लगायत अन्य सर-सामानहरु पनि गाउँपालिकासम्म सहजै निर्यात हुनसक्ने अवस्था रहेकोले गाउँपालिकाको समग्र विकासलाई थप गति दिने निश्चित छ ।

### ३.११.२ जनसांख्यिक लाभंश

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार गाउँपालिका भित्र १५-५९ वर्ष उमेर समुहका सकृय युवाको संख्या ३३६३८ अर्थात ६२.१८% रहेको छ । जनसांख्यिक चक्रमा यसप्रकारको जनसांख्यिक लाभ दुर्लभ हुने गर्दछ । यस्ता युवाहरुलाई कृषि तथा पशुपालन, स्थानीय उत्पादनमा आधारित उद्योग र व्यापार व्यवसायमा आकर्षित गर्न सकेको खण्डमा यसबाट नयाँ रोजगार र उत्पादन बृद्धि मार्फत गाउँपालिकाको आर्थिक समृद्धिको प्रशस्त संभावना रहेको छ । तसर्थ युवा र सक्रिय जनसंख्याको बाहुल्यता भएको हालको अवस्था गाउँपालिकाको विकासको लागि अति महत्वपूर्ण कालखण्ड हो र यसले गाउँपालिकाको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ ।

### ३.११.३ धार्मिक तथा सामाजिक सहिष्णुता

ब्राम्हण पहाड, क्षेत्री, याक्थुङ/लिम्बु, राई, विश्वकर्मा, सन्थाल, नेवार, तामाङ, परियार, ताजपुरिया, मगर, धिमाल, गुरुङ, राजवंशी, घर्ती, भुजेल, माझी जस्ता विभिन्न जाजजातिहरुको बसोबास रहेको कमल गाउँपालिकामा जातिय विविधता बीच आपसी सहयोग र सहकार्य गरी सौहाद्रतापूर्वक रहनु यहाँको विकासको अर्को महत्वपूर्ण सहयोगी तत्व हो । यसका साथै यहाँ रहेका आदिवासीहरु जस्तै सन्थाल, राजवंशी, ताजपुरिया, धिमाल लगायत राई र लिम्बुहरु जस्ता जनजातीहरुको साँस्कृतिक, धार्मिक र मानवशास्त्रिय विशेषताको अध्ययन, अनुसन्धान र संरक्षण मार्फत स्थानीय विकासमा टेवा पुग्न सक्ने सकिन्छ ।

# अध्याय चार: आर्थिक क्षेत्र

## ४.१ कृषि

### ४.१.१ पृष्ठभूमि

कृषि कमलवासीको जीवन यापनको प्रमुख आधार हो । गाउँपालिकाको कुल क्षेत्रफलको ७२.९४% भूमि (७६.२९ वर्ग किमि) कृषियोग्य गरेको छ । धान, मकै, गहुँ यहाँका प्रमुख खाद्यन्न वालीहरु हुन भने तोरी, भटमास, रहरदाल, मसुर, कोदो, सिमि आदि जस्ता दलहन बालीहरु समेत उत्पादन हुने गरेको छ । तरकारी र फलफूल तर्फ प्याज, खुर्सानी, बन्दा, लसुन, काँक्रो, फुलगोभी, गोलभेंडा, आँप, लिचि, मेवा, केरा, कटहर, सुपारी, नरिवल, कागती आदि प्रमुख रुपमा रहेका छन् । गाउँपालिकाका सबै वडाहरुमा कृषक समुहहरु सकृय छन । सडक तथा यातायातको राम्रो पहुँच भएकोले यहाँ कृषि यससंग सम्बन्धित उद्योगहरुको ठूलो संभावना रहेको छ ।

### ४.१.२ समस्या तथा चुनौती

**समस्याहरु**

- पर्याप्त सिंचाई सुविधा नभएको ।
- पराम्परागत, निर्वाहमुखी कृषि र न्यून उत्पादकत्व ।
- अधिकांश कृषकहरुको कम कृषि भूमि र स्वामित्त ।
- कृषकहरुमा प्राविधिक ज्ञानको कमी ।
- खाद्य सुरक्षाको कमी ।
- भण्डार गृह र चिस्यान केन्द्रहरुको अभाव ।
- उन्नत वीउ र आधुनिक प्रविधिको अभाव ।
- कृषि बजार र सूचनाको अभाव ।
- कृषि अनुदान, कृषि बिमा र सहुलियत ऋणको अभाव ।

**चुनौतीहरु**

- व्यावसायिक तथा जैविक कृषि विकास गर्नु ।
- कृषिलाई आकर्षक र सम्मानित पेशाको रुपमा विकास गर्नु ।
- वाली विविधिकरण र संघनीकरण गर्नु ।
- सम्पूर्ण कृषि योग्य जमिनमा सिंचाइको व्यवस्था गर्नु ।
- खाद्य व्यवहारमा सुधार गरी स्थानीय उत्पादनको उपभोग प्रवृत्ति वढाउनु ।
- कृषि भूमि खण्डीकरण रोक्नु ।
- परम्परागत बिउमा उत्पादकत्व बृद्धि गर्नु ।
- कृषि बालीला लाग्ने रोग तथा किराको नियन्त्रण गर्नु ।

### ४.१.३ संभावना तथा अवसर

**संभावनाहरु**

- खेतीको लागि भूमिगत अन्य सिंचाई आयोजनाहरु निर्माण गर्ने सकिने ।
- धान, मकै, गहुँ, आलु लगायतका स्थानीय उत्पादनको विस्तार गरि मूल्य श्रृङ्खालामा आवद्ध गर्न सकिने ।
- फलफुल र तरकारीको व्यवसायिक खेतिको सम्भावना ।
- उन्नत विजविजन, मल र प्रविधिको प्रयोग गरी कृषि उत्पादकत्व बढाउन सकिने ।

**अवसरहरु**

- पर्याप्त कृषि योग्य भूमि रहेको ।
- नयाँ भूमिगत सिंचाई आयोजनाहरु निर्माण गरी अधिकांश खेतीयोग्य जमीनमा सिंचाई सुविधा पुऱ्याउन सकिने ।
- खाद्यान्न वाली, फलफुल र तरकारी खेतीको लागी अनुकुल वातावरण रहेको ।
- कृषि अधिकांश नागरिक र जनप्रतिनिधिहरूको चासोको विषय रहनु ।
- खाद्यान्न, फुलफुल र तरकारीमा आत्मनिर्भर गराउन सकिने ।
- कृषि उत्पादनबाट स्थानीय स्तरमा रोजगारी सृजना र आर्थिक उन्नती गर्ने सकिने ।
- पूर्वी तराईका ठूला शहरहरुसंग कालोपत्रे सडकको पहुँच भएकोले स्थानी कृषि उत्पादनलाई सहज रुपमा निर्यात गर्न सकिने ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

- व्यावसायिक र उच्च प्रतिफलयुक्त कृषि ।

**लक्ष्य**

- व्यवसायिक कृषि र लाभप्रद रोजगारीद्वारा स्थानीय किसानको आयस्तर बृद्धि भै समृद्ध गाउँपालिका निर्माणमा योगदान पुऱ्याउने ।

**उद्धेश्य**

- कृषिको आधुनिकीकरण गरी स्थानीय कृषकको जीवन स्तरमा सुधार गर्नु ।
- व्यवसायिक र उच्च प्रतिफलयुक्त उत्पादनमा केन्द्रित हुनु ।
- कृषि उत्पादनको विविधिकरण गरी औधोगिकरण र बजारीकरण गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| व्यावसायिक सोचको अभिवृद्धि गर्न कृषक अभिमुखीकरण तथा तालिमको व्यवस्था गर्ने । | ▪ गाउँपालिकाभर कृषक परिचय पत्र वितरण गर्न कृषकहरूको वर्गीकरण गर्ने नीति निर्माण गरिनेछ ।<br>▪ अगुवा कृषकहरूको पहिचान तथा कृषि सम्बन्धी विवरण संकलनका लागि आधारभूत सर्वेक्षण गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ▪ वर्षमा कम्तीमा एकपटक कृषिको व्यावसायीकरण सन्दर्भमा अगुवा कृषकहरूलाई अभिमुखीकरण गरिनेछ ।<br>▪ वडास्तरीय कृषक पाठशाला संचालन गरिनेछ ।<br>▪ गाउँपालिका स्तरीय कृषक संजाल निर्माण गरिनेछ ।<br>▪ कृषि उपज विशेष कृषक समुह गठन गरी कृषि सहकारीसँग आबद्ध गरिनेछ । |
| उच्च प्रतिफलयुक्त संघन खेती प्रणाली अवलम्वन गर्ने । | ▪ असिंचित क्षेत्रलाई क्रमशः सिंचित तुल्याउन सिंचाई योजनाहरूको प्राथमिकिकरण गरिनेछ ।<br>▪ प्रत्येक वडामा उर्वर र कृषियोग्य क्षेत्रको पहिचान गरी संघन खेतीका लागि मिश्रित बाली पहिचान गरिनेछ ।<br>▪ प्रत्येक वडामा उच्च मूल्यका कृषि उपज पहिचान गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।<br>▪ प्रत्येक वडामा रहेका बगर तथा बाँझो क्षेत्रको पुर्नउत्थानका लागि सर्वेक्षण गरिनेछ ।<br>▪ जग्गाको वर्गीकरण गरि कृषि योग्य जग्गाको चक्लाबन्दी तथा कन्ट्रयाक्ट फार्मिङको लागि समन्वय गरिने छ । |
| कृषि पकेट क्षेत्रको विकास गर्ने। | ▪ प्रत्येक वडामा बाली विशेष पकेट क्षेत्र, सुपरजोन, जोन निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।<br>▪ फलफुल तथा नगदेबाली विशेष नर्सरी स्थापना गरिनेछ ।<br>▪ बाली विशेष पकेट क्षेत्रलाई केन्द्रित गरी गुणस्तरीय र उन्नत बिउ बिजनका लागि स्रोत केन्द्र स्थापना गरिनेछ । |
| कृषि सामाग्रीको पहुँच र उपलब्धता सुनिश्चित गर्ने । | ▪ आवश्यक रासायनिक मलको आयत आंकलन गरी समयमै आपूर्ति गर्न गाउँपालिकास्तरीय संयन्त्र निर्माण गरिनेछ ।<br>▪ प्रत्येक वडामा प्राङ्गारिक तथा हरित मल उत्पादनसम्बन्धी तालिमको आयोजना गरिनेछ ।<br>▪ व्यावसायिक प्राङ्गारिक मल उत्पादन गर्ने कृषकलाई विशेष अनुदानको प्रबन्ध गरिनेछ ।<br>▪ वडास्तरमा उत्पादन हुने बाली विशेषका आधारमा उन्नत बिउ वितरण गर्न बिज बैंक तथा सामाग्री केन्द्रको विकास गरिनेछ ।<br>▪ कृषि यान्त्रिकीकरण अन्तर्गत किसानले खरिद गर्ने औजार (जस्तैः च्यापकटर, ब्रसकटर, मिल्कएनलाइजर, स्प्रे आदि) मा मापदण्डका आधारमा निश्चित प्रतिशत अनुदान दिइने छ ।<br>▪ साना किसान तथा समग्र कृषि क्षेत्रलाई क्रमशः यान्त्रिकीकरण गर्न एक गाउँपालिकास्तरीय Custom hiring center को निर्माण गर्न प्रदेश र संघीय सरकारसँग समन्वय गरिनेछ ।<br>▪ बजारको पहुँच नभएको क्षेत्रहरुको कृषि उपजलाई बजारसम्म पुर्‍याउन ढुवानीको व्यवस्था गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ▪ कृषि उपज संकलनको लागी भण्डार गृह र चिस्यान केन्द्रहरुको पूर्वाधारहरु निर्माण गरिने छ। |
| खाद्यान्न तथा मल भण्डारण तथा विषादीको प्रयोग सम्बन्धी कृषक ज्ञान अभिवृद्धि गर्ने | ▪ मलको प्रयोग र अनुपात समय आदिका विषयमा प्रत्येक कृषकलाई सुसूचित गर्न स्थानीय संचार माध्यमको प्रयोग गरिनेछ।<br>▪ मल, बिउ बिजन तथा विषादिको प्रयोगसम्बन्धी जानकारी प्रदान गर्न गाउँपालिका स्तरीय कल सेन्टरको स्थापना गरिनेछ।<br>▪ वडास्तरीय कृषक पाठशालामा मल, बिउ बिजन र विषादी प्रयोग सम्बन्धी सामाग्रीको विकास र सम्प्रेषण गरिनेछ।<br>▪ वडास्तरमा घुम्ती माटो परीक्षण शिविर सञ्चालन गरिनेछ।<br>▪ जैविक विषादीको उत्पादन र प्रयोगसम्बन्धी वडास्तरीय तालिमको व्यवस्था गरिनेछ।<br>▪ बेमौसमी तरकारी खेती विशेष तालिम संचालन गरिनेछ। |
| सहुलियत पूर्ण कृषि कर्जाको व्यवस्था गर्ने | ▪ संघीय र प्रदेश सरकार तथा गाउँपालिकाको सहजीकरण तथा समन्वयमा व्यावसायिक योजना अनुरुप खेती गर्न चाहने कृषकलाई सहुलियतपूर्ण कृषि कर्जाको व्यवस्था गरिनेछ।<br>▪ सहकारी क्षेत्रलाई कृषि क्षेत्रमा लगानी गर्न कृषि सहकारी विशेष कार्यक्रम संचालन गरिनेछ।<br>▪ वैदेशिक रोजगारीमा कृषि पेसामा संलग्न भई स्वदेश फर्केका युवाहरूलाई कृषिमा लगानी गर्न इच्छुक भए मापदण्डका आधारमा कृषि कर्जाको ब्याजमा अनुदान दिने व्यवस्था मिलाइनेछ। |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | जैविक खेती र जैविक मल उत्पादन कार्यक्रम संचालन गर्ने। | गोटा | १५ | ४५०० | गापा/प्रस/गैसस |
| २ | कृषि उपज संकलन केन्द्रहरु निर्माण गर्ने। | संख्या | १० | १०००० | प्रस/गापा |
| ३ | कृषकहरुलाई वेमौसमी खेति गर्न प्रोत्साहन गर्ने। | पटक | १० | १५०० | गापा |
| ४ | व्यावसायिक खेतीको लागि पूर्वाधार तयार गरी कार्यक्रम संचालन गर्ने। | | २५ | १०००० | गापा/प्रस |
| ५ | कृषि वीमा कार्यक्रम संचालन गर्ने। | | एकमुष्ठ | २०००० | गापा/प्रस |
| ६ | प्रविधि हस्तान्तरण सम्बन्धी कार्यक्रम गर्ने। | | एकमुष्ठ | २००० | गापा/प्रस |
| ७ | कृषि पकेट क्षेत्रको विकास गर्ने। | | एकमुष्ठ | १०००० | गापा/प्रस |
| ८ | नमुनाका लागि जैविक कृषि पकेट क्षेत्र विकास गर्ने। | | एकमुष्ठ | २००० | गापा/प्रस |
| ९ | उच्च मूल्य श्रृङ्खला अभिमुखीकरण कार्यक्रम गर्ने। | पटक | ५ | २००० | गापा/प्रस |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १० | अनुसन्धान केन्द्र तथा शैक्षिक संस्थाहरुसंगको आवद्वता विकास गर्ने | | एकमुष्ठ | २००० | गापा/प्रस |
| ११ | चिस्यान केन्द्रको पूर्वाधार निर्माण गर्ने | सख्या | २ | २०००० | गापा/प्रस |
| १२ | कृषि समुह गठन र मिटिकिट वितरण | संख्या | १० | २००० | गापा/प्रस |
| १३ | हाइब्रिट तरकारी बिउ वितरण | | एकमुष्ठ | १००० | गापा/प्रस |
| १४ | नगदे वाली विस्तार तथा प्रवर्द्धन कार्यक्रम | | | २००० | गापा/प्रस |
| १५ | मल विउ वितरण कार्यक्रम | पटक | १० | १०००० | गापा/प्रस |
| १६ | माटो परिक्षण | पटक | ५ | ५०० | गापा/प्रस |
| १७ | कृषि यन्त्र, उपकरण र औजार खरिद | | एकमुष्ठ | १०००० | गापा/प्रस |
| १८ | उत्कृष्ठ कृषक र कृषक समुह पुरस्कार | पटक | ५ | ५०० | गापा/प्रस |
| १९ | कृषक भ्रमण | पटक | ५ | १००० | गापा/प्रस |
| २० | कृषक संरक्षण कोष | संख्या | १ | ५००० | गापा/प्रस |
| २१ | खाद्यन्न वाली प्रोत्साहन कार्यक्रम | संख्या | ५ | ५००० | गापा/प्रस |
| २२ | तेलहन वाली प्रोत्साहन कार्यक्रम | संख्या | ५ | ३००० | गापा/प्रस |
| २३ | आलुवाली पोत्साहन कार्यक्रम | संख्या | ५ | २००० | गापा/प्रस |
| २४ | तरकारी वाली प्रोत्साहन कार्यक्रम | संख्या | ५ | ३००० | गापा/प्रस |
| २५ | रैथानेवाली प्रोत्साहन कार्यक्रम | संख्या | ५ | २००० | गापा/प्रस |
| २८ | खाद्यन्न वालीको विउ उत्पादन तथा प्रशोधन र भण्डारण | | एकमुष्ठ | ५००० | गापा/प्रस |
| | दुध र दुग्ध उत्पादन संकलन केन्द्र | संख्या | ४ | १०००० | |
| जम्मा | | | | १४६००० | |

### ४.१.५ अपेक्षित उपलब्धि

- कृषि क्षेत्रको बिकास भएको हुनेछ ।
- स्थानीय उत्पादनहरुको ब्राण्डिङ भएको हुनेछ ।
- कृषि उत्पादन संकलन र चिस्यान केन्द्रहरुको निर्माण भएको हुनेछ ।
- कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनमा बृद्धि भएको हुनेछ ।
- कृषकहरुको बित्तिय र कृषि सामाग्रीमा सहज पहुँच स्थापित भएको हुनेछ ।
- कृषि भूमिको संरक्षण भएको हुनेछ ।

### ४.१.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकाको कृषि बिकास रणनीति तर्जुमा भै कार्यान्वयन हुनुपर्ने ।
- कृषि क्षेत्रको विकासको लागि गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रममा नियमित योजना र कार्यक्रमहरु समावेश गर्नुपर्ने ।
- सरकारी, गैरसरकारी र नीजि क्षेत्रको कृषि कार्यक्रम र लगानीमा बृद्धि हुनुपर्ने ।

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र अन्य रकममा बृद्धि हुनुपर्ने ।
- कृषि सेवा तथा प्रविधि प्रवाहमा वैकल्पिक प्रणालीको प्रयोग भएको हुनुपर्ने ।
- आवश्यक जनशक्ति र कृषि प्राविधिकहरुको पदपूर्ती हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र संघीय सरकारबिच कृषि विकासमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।

## ४.२ पशुपंक्षी

### ४.२.१ पृष्ठभूमि

यस गाउँपालिकाका सम्पूर्ण वडाका घरपरिवारहरूले गाई, भैसी, बाख्रा, सुंगुर, बंगुर, कुखुरा, हाँस लगायतका पशुपन्छी पाल्ने र बिक्री गर्ने गर्दछन् । उष्ण क्षेत्रमा उपयुक्त हुने जातका पशुपन्छीहरूको व्यावसायिक उत्पादनको राम्रो सम्भावना रहेको हुनाले कृषि तथा पशु फर्महरू मार्फत पशुपन्छीहरूको व्यवसायीक उत्पादन समेत हुँदै आएको छ । व्यावसायिक हिसाबले हेर्दा कृषकहरूले सबैभन्दा बढी गाई, भैसी, कुखुरा, बाख्रा, बुङ्गुर पाल्ने र बिक्री गर्ने गर्दछन् ।

### ४.२.२ समस्या तथा चुनौती

**समस्याहरु**

- पशुपन्छी तथा मत्स्यपालन व्यवसायको आधुनिकीकरण हुन नसकेको ।
- पशुपंक्षी पूर्वाधार विकासमा चुनौती रहेको ।
- युवा तथा व्यावसायिक सोचका पशुपंक्षी उद्यमीहरूलाई यस क्षेत्रमा आर्कषण गर्ने चुनौती रहेको ।
- पशुपंन्छी र मत्स्य पालन क्षेत्रमा दक्ष प्राविधिकहरूको पर्याप्त व्यवस्था र तालिम नभएको ।
- पशुपंन्छी उपचार सेवा सर्वसुलभ नभएको ।

**चुनौतीहरु**

- व्यावसायिक तथा जैविक पशुपंक्षी विकास गर्नु ।
- उन्नत पशु र प्रविधि ल्याउनु ।
- पशुपालनलाई आकर्षक र सम्मानित पेशाको रुपमा विकास गर्नु ।
- पशु पकेट क्षेत्र विकास गरी यातायात पहुँच पुऱ्याउनु ।
- पशु खाद्य व्यवहारमा सुधार गरी स्थानीय उत्पादनको उपभोग प्रवृत्ति वढाउनु ।
- पशुपंक्षी जन्य उत्पादनहरुको बजार सुनिश्चित गर्नु ।
- पशुपंक्षी सम्बन्धि दक्ष जनशक्ति र पशुपंक्षी उपचारको व्यवस्था गर्नु ।

### ४.२.३ संभावना तथा अवसर

**संभावनाहरु**

- गाउँपालिकामा विभिन्न कृषि तथा पशु फर्महरू मार्फत गाई, भैसी, कुखुरा, सुँगुर, बाख्रा लगायतका पशुपन्छीहरूको व्यावसायिक उत्पादन हुँदै आएको ।

- दुध, माछा, मासु र अण्डाको खपत बढिरहेकोले राम्रो आम्दानी गर्न सकिने ।
- गाउँपालिकाले नश्ल सुधार तथा आहार कार्यक्रम संचालन गर्ने लक्ष्य राखेको ।
- व्यावसायिक उत्पादन बढाउन सके माछाको बजारको समेत राम्रो सम्भावना रहेको ।
- पशुपंक्षीपालन र उत्पादनबाट स्थानीय कृषक र विपन्न घरपरिवारको आर्थिक अन्नती गर्न सकिने ।

**अवसरहरु**

- गाउँपालिकामा स्वच्छ र गुणस्तरिय मासु तथा मासुजन्य पदार्थ उत्पादनको लागि पशुपन्छी बधशाला निर्माण गरी व्यवस्थित गर्न सकिने ।
- दुध, माछामासु र अण्डामा आत्मनिर्भर गाउँपालिका बनाउन सकिने ।
- पशुपन्छी जन्य उत्पादनमा आधारित उद्योगहरू संचालन गर्न सकिने ।
- गाउँपालिकाको व्यापारिक पहुँच विर्तामोड, दमक, उर्लावारी, गौरादह, भद्रपुर र धुलाबारी जस्ता उपभोक्ता बजारहरूमा रहेको ।
- गाउँपालिकाको पुर्वी तराईका ठूला शहरहरुसंग कालोपत्रे सडकको पहुँच भएकोले स्थानीय दुध, माछा, मासु र अण्डा सहजै निर्यात गर्न सकिने ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

- व्यवसायिक पशुपंक्षी तथा मत्यपालन मार्फत आर्थिक समृद्धि ।

**लक्ष्य**

- आधुनिक, वैज्ञानिक र व्यावसायिक पशुपंक्षी तथा मत्यपालन मार्फत निर्यातमुखी उत्पादनलाई बढावा दिने ।

**उद्धेश्य**

- पशुपंक्षी पालनलाई व्यवसायिक बनाउनु ।
- पशुपंक्षी जन्य उत्पादनमा आत्मनिर्भ भै निर्यात प्रवर्द्धन गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| व्यवसायिक पशुपालनको प्रवर्द्धन गर्ने । | ▪ अतिविपन्न घरपरिवार निर्वाहमुखी पशुपन्छीपालन कार्यक्रम संचालन गरिनेछ ।<br>▪ हरियो घाँसमा आधारित पशुपालन कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।<br>▪ निश्चित मापदण्डका आधारमा एकल तथा सामुहिक रुपमा पशुपन्छी पालनमा व्यावसायिक रुपमा जान खोज्ने कृषक, कृषक समुह तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई ब्याजमा अनुदान दिइने छ ।<br>▪ उच्च मूल्य पर्ने पशुपन्छीजन्य उत्पादनका लागि आवश्यक उन्नत जातका नश्लको प्रर्वद्धन गर्न बोका तथा माउ आदिमा निश्चित मापदण्डका आधारमा अनुदान प्रदान गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ▪ स्थानीय सहकारी तथा समुहमा पशुपालन व्यवसाय गर्न चाहनेहरूलाई निश्चित प्रतिशत ब्याज, सहुलियत तथा लगानीमा अनुदान प्रदान गरिनेछ ।<br>▪ स्थानिय जातका लोकल कुखुरा, कालिज, बङ्गुर लगायत पशुपन्छी पाल्न चाहने बेरोजगार युवाहरूलाई निश्चित मापदण्डका आधारमा सुविधाको प्रबन्ध गरिनेछ ।<br>▪ गाउँपालिका भित्रका दुध उत्पादक किसानलाई दुधजन्य पदार्थको उत्पादन र बिक्री वितरणमा अनुदानको व्यवस्था गरिनेछ । |
| पशुपन्छी उत्पादनलाई आवश्यक कृषि सामाग्री तथा प्रविधिको उपलब्धता वृद्धि गर्ने | ▪ पशुपालनलाई आवश्यक घाँसको उत्पादन, बिउ तथा बेर्ना वितरण गरिनेछ ।<br>▪ घाँसेबाली उत्पादन क्षेत्र विस्तार कार्यक्रम संचालन गरिनेछ।<br>▪ खेर गैरहेको जमिनमा घाँस रोप्न कृषकलाई प्रोत्साहन गर्न घाँसको व्यावसायिक उत्पादनसम्बन्धी तालिम संचालन गरिनेछ ।<br>▪ प्रत्येक वडामा पशुसेवा केन्द्रद्वारा प्रदान सेवालाई घुम्ती सेवामार्फत बिस्तार गरिनेछ ।<br>▪ पशु बिमा कार्यक्रमलाई कृषकमैत्री र प्रभावकारी बनाउन बिमा कम्पनीको समन्वयमा अन्तरक्रिया गरिनेछ ।<br>▪ उन्नत पशुनश्ल श्रोत केन्द्र स्थापना गरिनेछ ।<br>▪ स्थानीय उपजमा आधारित दाना उद्योग खोल्ने उद्यमीलाई मापदण्डका आधारमा सहुलियत प्रदान गरिनेछ ।<br>▪ पशुशिक्षा प्रर्वद्धन गर्न वडास्तरमा कृषक पाठशाला संचालन गरिनेछ ।<br>▪ व्यावसायिक पशुपालक कृषकलाई लागत सहभागिता क्याउ म्याट वितरण गरिनेछ ।<br>▪ पशुपालन पकेट क्षेत्र स्तरिय घाँस बिज बैंक तथा डालेघाँस नर्सरी स्थापनाका लागी सम्भाव्यता अध्ययन गरिनेछ ।<br>▪ गाउँपालिकामा सम्भाव्यता हेरी दुग्ध चिस्यान केन्द स्थापना तथा विस्तार गरिनेछ ।<br>▪ चल्ला उत्पादन गर्ने ह्याचरी उद्योग सञ्चालनका लागि निजी क्षेत्रसँग अन्तरक्रिया गरी विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ । |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | पशुपंक्षिको खोप खरिद | | एकमुष्ठ | १००० | गापा/प्रस |
| २ | गाईमा बाझोपना र थुनेलो अनुसन्धान अनुदान | | एकमुष्ठ | १००० | गापा/प्रस |
| ३ | पशुरोग महामारी नियन्त्रण कार्यक्रम | पटक | ५ | ६१५० | गापा/प्रस |
| ४ | आन्तरिकतथा बाह्य परजिबी नियन्त्रण कार्यक्रम | पटक | ५ | १००० | गापा/प्रस |
| ५ | नश्ल सुधार कार्यक्रम | पटक | ५ | १००० | गापा/प्रस |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| ६ | च्यापकटर मोटर सहित खरिद तथा वितरण | पटक | ५ | १८०० | गापा/प्रस |
| ७ | सामुदायिक कुकुर नियन्त्रण | टपक | ५ | १००० | गापा/प्रस |
| ८ | कृषि समूह गठन तथाव्यवसायिक अभिमुखिकरण | पटक | ५ | २५० | गापा/प्रस |
| ९ | बडिजो क्यास्टेटर खरिद सानो | | एकमुष्ठ | ७५ | गापा/प्रस |
| १० | ट्रेबिज (खोर) | | एकमुष्ठ | २५० | गापा/प्रस |
| ११ | भ्याक्सिनेटर प्राविधिक पारिश्रमिक | | एकमुष्ठ | ५०० | गापा/प्रस |
| १२ | पशु औषधी खरिद | | एकमुष्ठ | ८४०० | गापा/प्रस |
| १३ | अनुगमन तथा भ्रमण खर्च | | एकमुष्ठ | १००० | गापा/प्रस |
| १४ | पशुस्वास्थ्य घुम्ती शिविर संचालन | पटक | ५ | १५०० | गापा/प्रस |
| १५ | पशु ल्यावमा सामाग्री खरिद | | एकमुष्ठ | १२५० | गापा/प्रस |
| १६ | उत्कृष्ट पशुपालक कृषक पुरस्कृत | पटक | ५ | १२५ | गापा/प्रस |
| १७ | र्‍यापिड टेष्ट किट खरिद | | एकमुष्ठ | ५०० | गापा/प्रस |
| १८ | पशुपन्छीपालन तालिम | | एकमुष्ठ | ६७०० | गापा/प्रस |
| १९ | पशुपन्छी हाट बजार व्यवस्थापन | | एकमुष्ठ | २५०० | गापा/प्रस |
| २० | बधशाला व्यवस्थापन | संख्या | २ | ३०००० | गापा/प्रस |
| २१ | पशु अस्पताल व्यवस्थापन | | एकमुष्ठ | ८००० | गापा/प्रस |
| २२ | पशु एम्बुलेन्स सेवा | संख्या | १ | २५०० | गापा/प्रस |
| २३ | बंगुर जोन स्थापना | | एकमुष्ठ | ३००० | गापा/प्रस |
| २४ | माछामासु विविधकरण कार्यक्रम | सख्या | ५ | २००० | गापा/प्रस |
| २५ | दुग्ध चिस्यान केन्द्र स्थापना | सख्या | ४ | ६००० | गापा/प्रस |
| २६ | सहकारी मार्फत पशु विमा कार्यक्रम | | एकमुष्ठ | ५००० | गापा/प्रस |
| २७ | दुध उत्पादन प्रोत्साहन कार्यक्रम | संख्या | ५ | ५००० | गापा/प्रस |
| २८ | दुग्ध पदार्थ विविधिकरण कार्यक्रम | संख्या | ५ | ३००० | गापा/प्रस |
| जम्मा | | | | १००५०० | |

### ४.२.५ अपेक्षित उपलब्धि

- माछामासु, दुध र अण्डामा गाउँपालिका आत्मनिर्भर भै निर्यात प्रवर्द्धन भएको हुनेछ ।
- पशुपंक्षीपालन क्षेत्रको बिकास भएको हुनेछ ।
- स्थानीय पशुपंक्षी जन्य उत्पादनहरुको ब्राण्डिङ भएको हुनेछ ।
- चिस्यान केन्द्र, ह्याचरी, पशुसेवा केन्द्र, पशु अस्पतालको व्यवस्था भएको हुनेछ ।

### ४.२.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकाको पशुपंक्षी बिकास रणनीति तर्जुमा भै कार्यान्वयन हुनुपर्ने ।
- पशुपंक्षी क्षेत्रको विकासको लागि गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रममम्मा नियमित योजना र कार्यक्रमहरु समावेश भएको हुनुपर्ने ।
- सरकारी, गैरसरकारी र नीजि क्षेत्रको कार्यक्रम र लगानीमा बृद्धि हुनुपर्ने ।
- संघ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र अन्य रकममा बृद्धि हुनुपर्ने ।
- आवश्यक जनशक्ति र पशु प्राविधिकहरुको पदपूर्ती हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र संघीय सरकारबिच पशुपंक्षी विकासमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने।

## ४.३ सिंचाई

### ४.३.१ पृष्ठभूमि

कृषि गाउँपालिकाको मुख्य आर्थिक र अग्रिणी क्षेत्र भएतापनि गाउँपालिका भित्रका सबै कृषि योग्य भूमिहरुमा सिंचाईको व्यवस्था हुन सकेको छैन । कन्काई सिंचाई आयोजनाले ७०० जति घरधुरीको ४६० बिघा जग्गालाई सिंचाई सुविधा पुऱ्याउने लक्ष्य लिएको भएतापनि पानी र पूर्वाधारको अभावमा आयोजनाले आफ्नो लक्ष्य पुरा गर्न सकेको छैन । स्थानीय खोलानालाहरुबाट स-साना स्तरमा कुलो र नहरहरु संचालनमा रहेको भएतापनी यी कुलो र नहरहरुको क्षमताले गाउँपालिकाका सम्पूर्ण कृषि भूमिलाई सिंचित गर्न सक्दैन । त्यसैले स्थानीय कृषकहरुले आफ्नै नीजि खर्चमा भूमिगत बोरिङ्ग मार्फत आफ्नो खेतहरुमा सिंचाई गर्ने गरेका छन् । स्थानीय खोलानाला र पोखरीहरु लगायत भूमिगत सिंचाई आयोजनाहरुको विस्तृत संभाव्यता अध्ययन गरी सिंचाईको स्थायी पूर्वाधार निर्माण गर्न सकेको खण्डमा गाउँपालिकाका कृषकहरुले कृषि उत्पादनबाट ठूलो आर्थिक लाभ लिनुका साथै रोजगारीका अवसरहरु समेत सृजना हुन सक्ने देखिन्छ ।

### ४.३.२ समस्या तथा चुनौती

**समस्याहरु**

- गाउँपालिकासंग सिंचाईको लागि न्यून बजेट हुनु ।
- स्थानीय खोलानालाहरुबाट हुने सिंचाईको संभाव्यता अध्ययन नहुनु ।
- कन्काई सिंचाई आयोजनाले लक्ष्य अनुरुप सिंचाई सुविधा दिनु नसक्नु ।
- स्थानीय कृषकहरुको लागि भूमिगत सिंचाई महंगो हुनु ।
- स्थानीय कुलो र नहरहरुको आवश्यक मर्मत संभार हुन नसक्नु ।
- नयाँ प्रविधिमा आधारित सिंचाई आयोजनाको विस्तार हुन नसक्नु ।
- बाढीजन्य प्रकोपको समस्या ।

**चुनौतीहरु**

- बाऱ्है महिना सिंचाई सुविधा उपलब्ध गराउनु ।
- ठूला सिंचाई आयोजनाहरुको लागि बजेटको व्यवस्था गर्नु ।

- स्थानीय खोलानालाहरुमा अनियन्त्रित उत्खननको कारण पानीको स्रोतहरु घटनु र पानीको भूमिगत जलसतह भासिनु ।
- विद्यमान सिंचाई आयोजनाहरु र कुलोहरुको नियमित मर्मत संभार गरेर दिगो बनाउनु ।
- भूमिगत सिंचाई विपन्न घरपरिवारको पहुँचमा हुन नसक्नु ।
- बर्षातमा हुने बाढी, कटान र डुबानलाई नियन्त्रण गर्नु

### ४.३.३ संभावना तथा अवसर

**संभावनाहरु**

- गाउँपालिका रहेका पुराना कुलो र पैनीहरुलाई मर्मत संभार गरी नहरहरुमा रुपान्तरण गर्न सकिने।
- स्थानीय खोलाहरुमा दबेको पानी उकासी सिंचाई सुविधा विस्तार गर्न सकिने ।
- स्थानीय कृषि उत्पादन र उत्पादकत्व बढाउन सकिने ।
- परम्परागत रुपमा रहेका स्थानीय कुलोहरुको आवश्यक मर्मतसंभार गरी सिंचाई सुविधा बढाउन सकिने ।
- थोपा सिंचाईको लागि पूर्वाधारहरु निर्माण गर्ने सकिने ।
- भूमिगत सिंचाई आयोजनाहरु संचालन गर्न सकिने ।
- स्थानीय खोलानालाबाट मध्यम स्तरको सिंचाई आयोजनाहरु संचालन गर्न सकिने ।

**अवसरहरु**

- विद्यमान सिंचाई आयोजना र कुलो पैनीहरुबाट सिंचाई भैरहेको ।
- नयाँ सिंचाई आयोजनाहरु विकास गर्न भूमिगत पानीको स्रोत र स्थानीय खोलानालाहरु भएको ।
- नयाँ सिंचाई आयोजनाहरुको लागि स्थानीय कृषकहरुको साथ र उत्साह रहेको ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

- दिगो सिंचाईको विस्तार, कृषि उत्पादनमा आत्मनिर्भर

**लक्ष्य**

- सम्पूर्ण कृषि योग्य जमीनमा सिंचाई सुविधाको व्यवस्था गरी कृषि उत्पादन र उत्पादकत्व बढाउनु।

**उद्धेश्य**

- कृषि योग्य जमीनमा सिंचाई सुविधा पुऱ्याउनु ।
- सिंचाईका नयाँ सम्भावनाहरुको पहिचान तथा उपयोग गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| हाल संचालित कुलो र पैनीहरुको दिगो मर्मत सम्भार गर्ने । | ▪ हाल संचालित कुलो र पैनीहरुको दिगो मर्मतसम्भार र स्तरोन्नति गरिने छ ।<br>▪ कन्काई सिंचाईको नहरुको मर्मत संभार गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| सिंचाईका नयाँ सम्भावनाहरुको पहिचान तथा उपयोग गर्ने | ▪ भूमिगत सिंचाईको संभाव्यता अध्ययन गर्ने ।<br>▪ गाउँपालिकामा रहेका सिंचाईका स्रोतहरुको पहिचान गरी नयाँ सिंचाई कुलो र नहर निर्माण गरिनेछ ।<br>▪ हाल संचालित कुलो र पैनीहरुको शाखा नहरको सम्भावना पहिचान गरी विस्तार गरिनेछ ।<br>▪ स्थानिय खोलाहरुमा दबेको पानी उकासी नयाँ सिंचाई कुलोहरुको विस्तार गरिनेछ ।<br>▪ गाउँपालिकाका खेतीयोग्य जमिनहरुमा डिप बोरिङको संभावना खोजी कार्यान्वयनमा ल्याईने छ ।<br>▪ कृषि क्षेत्रहरुमा थोपा सिंचाईको विस्तार गरिनेछ । |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | विद्यमान कुलो र पैनीहरुको मर्मत संभार | | एकमुष्ठ | ५०००० | गापा/प्रस |
| २ | भूमिगत सिंचाईको संभाव्यता अध्ययन | संख्या | १ | १५०० | गापा/प्रस |
| ३ | डिप बोरिङको पानी संकलनको लागि ट्याङ्की निर्माण गर्ने | संख्या | ५ | २०००० | प्रस/संघ |
| ४ | डिप बोरिङ निर्माण गर्ने | संख्या | ५ | २०००० | प्रस/संघ |
| ५ | थोपा सिंचाई प्रवर्द्धन कार्यक्रम | | एकमुष्ठ | १५००० | प्रस/गापा |
| ६ | खोलामा दबेको पानी उकास्ने | | एकमुष्ठ | २०००० | प्रस/गापा |
| ७ | भूमिगत सिंचाइको लागि मोटर व्यवस्थापन | | एकमुष्ठ | २५००० | संघ/प्रस/गापा |
| ८ | सिंचाई पोखरी निर्माण (जगन्नाथ होली) | | एकमुष्ठ | ५००० | प्रस/गापा |
| जम्मा | | | | १५६५०० | |

### ४.३.५ अपेक्षित उपलब्धि

- थप ७०% कृषि योग्य भूमिमा सिचाइ सुविधा पुगेको हुनेछ ।
- भूमिगत सिंचाईको लागि गाउँपालिकाबाट स्थानीय कृषकहरुलाई बोरिङ र पम्पसेट जडानमा ऋण सहुलियत र उपदान प्राप्त भएको हुनेछ ।
- २ वटा नयाँ प्रविधिमा आधारित सिंचाइ अयोजना निर्माण भएको हुनेछ ।
- परम्परागत र पुराना सिंचाई आयोजनाहरुको मर्मत संभार भएको हुनेछ ।

### ४.३.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- गाउँपालिकामा आवश्यक जनशक्तिको पदपूर्ती हुनुपर्ने ।

- सिंचाई आयोजनाको संभाव्यता अध्ययन हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृ निकायहरुको कृषि र सिंचाई पूर्वाधारमा नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- कृषि र सिंचाई आयोजना संचालन सम्बन्धी आवश्यक ऐन र कार्यविधिहरु तर्जुमा हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र संघीय सरकारबिच सिंचाई पूर्वाधार निर्माणमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।

## ४.४ उद्योग, व्यापार तथा व्यवसाय

### ४.४.१ पृष्ठभूमि

कमल गाउँपालिकामा स्थानीय स्तरका कुटानी पिसानी मिलहरु, फर्निचर उद्योग, चिउरा मिलहरु, ढुवानी सेवा, डेरी फार्म, ग्रील उद्योग, सप्लार्यस, थुक्पा र खाजा भुजिया उद्योग, एग्रो उद्योग, चप्पल उद्योगहरु संचालनमा रहेका छन् । त्यसका अलावा गाउँपालिकामा विभिन्न प्रकारका खुद्रा र थोक पसहरु, टेलर्स, सुनचाँदी व्यवसायी, होटल, रेष्टुरेन्ट, खाद्य पसल, चिया खाजा पसल, माछामासु पसल, क्लिनिक तथा औषधी व्यवसाय, इलेक्ट्रोनिक्स, तरकारी तथा फलफुल व्यवसाय, हार्डवेयर, फेन्सी पसल, कस्मेटिक पसल, जुत्ता चप्पल पसल, कपडा पसल, भाँडाकुडा पसल आदि जस्ता व्यवसायहरु संचालनमा रहेका छन् । केन्द्रिय तथ्याङ्क विभागको आर्थिक सर्वेक्षण २०१८ को तथ्याङ्कलाई आधार मानेर हेर्दा कमल गाउँपालिकामा १३५९ वटा विभिन्न प्रकारका उद्योग तथा व्यवसायहरु संचालनमा रहेको देखिन्छ । गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को तथ्याङ्क अनुसार वडा र गाउँपालिका कार्यालय गरेर कुल २१४ वटा नयाँ व्यवसायहरु दर्ता भएको देखिन्छ भने ५३७ वटा व्यवसायहरु नविकरण भएको छ

### ४.४.२ समस्या तथा चुनौती

**समस्याहरु**

- स्थानीय बजारको व्यवस्थापन नहुनु ।
- ठूला उद्योगहरु नहुनु ।
- बाहिरी लगानी आउन नसक्नु ।
- अधिकांश सरसामानहरु बाहिरबाट आपूर्ती गर्नुपर्ने ।
- गाउँपालिकामा उद्योग र उद्यमशिलताको कमी ।
- औद्योगिक पूर्वाधारको कमी ।
- औद्योगिक ग्राम स्थापना नहुनु ।
- जनशक्तिको अभाव ।
- व्यावसायिक दक्षताको अभाव ।
- वाह्य बजारसंग प्रतिस्पर्धा गर्नुपर्ने ।
- स्थानीय व्यापारीहरुको वित्तीय पहुँचको कमी ।

**चुनौतीहरु**

- उद्यमशिलता विकास गर्नु ।

- कृषि तथा पशुपालनलाई व्यावसायिकता प्रदान गर्नु ।
- बाह्य लगानी भित्र्याउने वातावरणको निर्माण गर्नु ।
- प्रतिस्पर्धात्मक क्षमताको पहिचान र विकास गर्नु ।
- विदेश पलायन भैरहेका युवा जनशक्तिलाई उद्यमशिलता तर्फ आकर्षित गराउनु ।
- व्यापार व्यवसायको आकार सानो हुनु ।
- औधोगिक उत्पादनको गुणस्तर नियन्त्रण गर्नु ।
- विचौलियाहरुबाट स्थानीय कृषक र साना उद्यमीहरुलाई मुक्त गर्नु ।

### ४.४.३ संभावना तथा अवसर

**संभावनाहरु**

- औद्योगिक नीति तर्जुमा गरी गाउँरपालिका भित्र औधोगिक ग्रामको पूर्वाधार निर्माण गरी गाउँपालिकामा बाह्य लगानी र नयाँ उद्योगहरु आकर्षित गर्न सकिने ।
- स्थानीय कृषि तथा पशुजन्य उत्पादनहरु कोशी प्रदेशका ठूला शहरहरुमा निर्यात गर्न सकिने ।
- स्थानीय युवाहरुलाई रोजगारी प्रदान गरी गरिबी न्यूनिकरण गर्न सकिने ।
- स्थानीय सहकारीहरुमा जम्मा भएको पूँजीलाई लघु तथा घरेलु उद्योगहरुमा लगानी गरी रोजगार सृजना गर्न सकिने ।

**अवसरहरु**

- महेन्द्र राजमार्ग र उत्तर दक्षिण फिडर र जिल्ला पक्की सडकको सहज पहुँच हुनु ।
- कृषि, मत्यपालन तथा पशुपंक्षीमा आधारित लघु तथा घरेलु उद्योगहरु स्थापना गर्ने सकिने ।
- वैदेशिक रोजगारीको बढदो प्रवृतिलाई कम गर्न सकिने ।
- व्यवसाय कर मार्फत गाउँपालिकाको आन्तरिक आयमा वृद्धि गर्न सकिने ।
- गाउँपालिका भित्र हुने बाह्य आपूर्तीलाई कम गर्न सकिने ।
- स्थानीय हाटबजारहरुमा व्यवस्थित पूर्वाधार निर्माण गरी स्थानीय कृषि तथा पशुजन्य उत्पादनहरुको बजारीकरण गर्न सकिने ।
- स्थानीय बैंक, वित्तिय संस्था र सहकारीहरुबाट उद्योग, व्यापार र व्यवसायमा लैगानी भैरहेको ।
- उद्योग र व्यवसायको लागि यातायात र बजारको उपलब्धता रहेको ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

- उद्योग र व्यापारमा प्रगती, कमलको समृद्धि

**लक्ष्य**

- औधोगिक क्षेत्रको विकास र विस्तार द्वारा कृषिको औधिगिकीकरण, रोजगारी सृजना र आयात प्रतिस्थापना गर्ने ।

**उद्धेश्य**

- उद्योग, व्यापार र व्यवसायको विकास गरी रोजगारी र आय वृद्धि गर्नु ।

- गाउँपालिकावासीलाई उद्यमशिलता तथा औधोगिक सिपयुक्त तुल्याउनु ।
- युवा उद्यमशिलतालाई प्रवर्द्धन र प्रोत्साहन गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| कृषि, पशुपंक्षी र अन्य स्रोतहरुमा आधारित लघु, घरेलु, साना र ठूला उद्योगहरुको विकास र प्रवर्द्धन गर्ने । | ▪ कृषि तथा पशुजन्य उत्पादनमा आधारित साना ठूला उद्योग व्यवसायहरुलाई सिप तथा संचालनमा अनुदान उपलब्ध गराईनेछ ।<br>▪ कृषि तथा पशुपन्छी प्राविधिक तयार गरी परिचालन गरिने छ ।<br>▪ लघु, घरेलु तथा साना उद्योगहरुलाई बजारीकरण तथा व्यवसाय समपुरक कोष सहयोग गरिनेछ ।<br>▪ सबै किसिमका उद्योग व्यवसायहरुलाई सवल र सुरक्षित वातावरण तयार गर्ने नीतिगत व्यवस्था गरिनेछ । |
| गाउँपालिकावासीहरुलाई उद्यमशिलता तथा औद्योगिक सिपहरु उपलब्ध गराउने । | ▪ स्थानीयवासीहरुलाई उद्यमशिलताको आधारभूत ज्ञानको लागि तालिमको व्यवस्था गरिनेछ ।<br>▪ स्थानीय रुपमा सम्भावित विभिन्न उद्योगहरुको सिप विकास गर्न तालिमको व्यवस्था गरिनेछ ।<br>▪ विभिन्न व्यवसायिक सिपको लागि दक्ष प्रशिक्षकहरुको उत्पादन र परिचालन गरिनेछ।<br>▪ उद्यमीहरुलाई उत्प्रेरित गर्न र उपयूक्त वातावरण तयार गर्नको लागि नीतिगत व्यवस्था र प्रोत्साहन कार्यक्रमहरु गरिने छ । |
| युवाहरुलाई उद्यमशिलता तथा व्यवसायिक सिप र व्यवसाय संचालन गर्न सहयोग गर्ने । | ▪ गाउँपालिकाका युवाहरुलाई व्यवसायिक सिप तालिमहरुको व्यवस्था गरिनेछ ।<br>▪ युवाहरुलाई उद्यम वा उद्योग स्थापना गर्दा समपुरक कोषमा योगदान गरिनेछ । |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | औधोगिक एवं व्यापार नीति र कानूनहरु तर्जुमा गर्ने। | १ | एकमुष्ठ | ५०० | गापा/प्रस |
| २ | परम्परागत उद्योगको आधुनिकीकरण र प्रवर्द्धन गर्ने। | | एकमुष्ठ | २०००० | गापा/प्रस |
| ३ | स्थानीय उत्पादनहरूको प्रशोधन, लेवलिङ, व्राण्डिङ तथा प्याकेजिङ गर्ने । | | एकमुष्ठ | ३००० | गापा/प्रस |
| ४ | युवा उद्यम समपुरक कोष | | एकमुष्ठ | १०००० | गापा/प्रस |
| ५ | हाट बजारको पूर्वाधार विकास गर्ने । | संख्या | ५ | १०००० | गापा/प्रस |
| ६ | महिला उद्यम विकास कार्यक्रम । | पटक | ५ | १००० | गापा/प्रस |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| ७ | औद्योगिक क्षेत्रको संभाव्यता अध्ययन | | १ | १५०० | गापा/प्रस |
| ८ | बजार प्रवर्द्धन कार्यक्रम | संख्या | ५ | १५०० | गापा/प्रस |
| ९ | बजार अनुगमन कार्यक्रम | मासिक | एकमुष्ठ | ५०० | गापा/प्रस |
| १० | बाह्य लगानी प्रवर्द्धन कार्यक्रम। | संख्या | ५ | ५००० | गापा/प्रस |
| ११ | उद्यमसिलता विकास तालिम कार्यक्रम | संख्या | ५ | १५०० | गापा/प्रस |
| १२ | उद्यमी प्रोत्साहन कार्यक्रम | संख्या | २५ | २५००० | गापा/प्रस |
| १३ | व्यवसायिक सिप विकास तालिम कार्यक्रम | पटक | ५ | १००० | गापा/प्रस |
| १४ | मंगलवारे र समयगढ वजार पूर्वाधार निर्माण | संख्या | २ | ५०००० | गापा/प्रस |
| जम्मा | | | | १३०५०० | |

### ४.४.५ अपेक्षित उपलब्धि

- थप ५०० लघु तथा घरेलु उद्योग स्थापना भएको हुनेछ।
- थप ५००० जनाले रोजगारी प्राप्त गरेका हुनेछन।
- औद्योगिक ग्राम स्थापना भएको हुनेछ।
- स्थानीय युवा र उद्यमीहरुले उद्यम विकास तालिम लिएको हुनेछन।
- करिब १५०० महिलाहरुले सीपमूलक तालिम लिएका हुनेछन।
- बाह्य तथा आन्तरिक लगानीको वातावरण सृजना भएको हुनेछ।
- स्थानीय कृषक र उद्यमीहरुको बजारसम्मको सहज पहुँच स्थापित भएको हुनेछ।
- हाटबजारको व्यवस्थित पूर्वाधार विकास भएको हुनेछ।

### ४.४.६ अनुमान तथा जोखिम पक्ष

- औधोगिक ग्रामको पूर्वाधार विकास हुनुपर्ने।
- औधोगिक एवं व्यापार नीति र कानूनहरु तर्जुमा भएको हुनुपर्ने।
- आवश्यक जनशक्ति र प्राविधिकहरुको स्थानीय स्तरमा नै व्यवस्था हुनुपर्ने।
- औधोगिक र व्यापारमैत्री कर प्रणाली हुनुपर्ने।
- उद्योगहरुको लागि कच्चा पदार्थ स्थानीय स्तरमा नै उपलब्ध हुनुपर्ने।
- स्थानीय उद्यमी व्यवसायीहरुलाई लगानीको लागी सुलभ दरमा ऋण उपलब्ध हुनुपर्ने।

## ४.५ पर्यटन तथा संस्कृति

### ४.५.१ पृष्ठभूमि

पर्यटन गाउपालिकाको अर्को सम्भावना बोकेको क्षेत्र हो। यस गाउँपालिकामा धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाहरु रहेको हुँदा आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्न सकिन्छ। गाउँपालिकाको पर्यटकीय

स्थलहरुको स्तरोन्नति र मर्मतसम्भारको कार्य गरी सामान्य बजारीकरण गर्दा पर्यटन विकासमा केही तिब्रता आउनेछ । यहाँ रहेका प्राकृतिक स्थानहरु तथा धार्मिक र सांस्कृतिक सम्पदाहरु पर्यटकीय महत्वका छन्। कमल गाउँपालिकामा ठूलो पोखरी, क्याम्पा बजार, समयगढ, प्राचिन वाल्मिकी आश्रम, हास पोखरी, अर्ना खाडी, सिताधारा, मयुरभिट्टा, भुतलुङ खोला, देवीथान र पोखरी, साधु होली, सिंहदेवी थान, महाराज थान, देवीथान जस्ता ऐतिहासिक स्थलहरु छन् । त्यसैगरी चियाबगान, पुष्पथिर घिमिरे स्मृति प्रतिष्ठान, प्राचीन वाल्मिकी आश्रम तथा सिमसार, धरधरे सिमसार क्षेत्र जस्ता पर्टयकिय संभावना बोकेका स्थहरु समेत छन् । यी संभावना बोकेका पर्यटकिय क्षेत्रहरुको विकासको लागि योजनामा बिशेष महत्व दिई पूर्वाधार विकास, व्यवस्थापन र बजारीकरण प्रवर्द्धनका कार्यहरु गर्नु पर्ने आवश्यकता देखिएको छ ।

### ४.५.२ समस्या तथा चुनौती

**समस्याहरु**

- पर्यटन पूर्वाधारको कमी रहेको ।
- पर्यटन मैत्री होटेल र होमस्टेहरुको अभाव हुनु ।
- सूचना प्रविधिमा आधारित पर्यटन प्रचारप्रसार नहुनु ।
- पर्यटन विकासको लागि जिम्मेवार निकाय स्थापना नहुनु ।
- स्थानीयवासीमा पर्यटन शिक्षाको कमी हुनु ।

**चुनौतीहरु**

- पर्यटन क्षेत्रमा सार्वजनिक तथा निजी लगानी बढाउनु ।
- पर्यटनमैत्री होटेल तथा होमस्टेहरु संचालन गराउनु ।
- पर्यटन सूरक्षाको ग्यारेन्टी गर्नु ।
- पर्यटकीय क्षेत्रसम्म सुविधासम्पन्न सडक विस्तार गर्नु ।

### ४.५.३ संभावना र अवसर

**संभावनाहरु**

- स्थानीय पर्यटकीय स्थलहरुमा पूर्वाधार विकास गरी पर्यटक भित्राउन सकिने ।
- पर्यटनको विकासबाट स्थानीय स्तरमा रोजगारी र आय आर्जन गर्न सकिने ।
- गाउँपालिकाको आन्तरिक आयमा थप बृद्धि गर्न सकिने ।
- पर्यटनको विकास मार्फत स्थानीय धार्मिक तथा साँस्कृतिक महत्वका क्षेत्रहरुको सम्वर्द्धन र प्रवर्द्धन गर्न सकिने ।
- पर्यटन क्षेत्रको विकासमा नीजि क्षेत्रलाई आकर्षित गर्न सकिने ।

**अवसरहरु**

- धार्मिक, साँस्कृतिक र प्राकृतिक महत्वका पर्यटकिय स्थलहरु गाउँपालिकामा हुनु ।
- पूर्व पश्चिम महेन्द्र राजमार्ग लगायत उत्तर दक्षिण पाडाजुंगी-गौरीगंज र केर्खा-क्याम्पा-बैगुनधुरा कालोपत्रे सडकको सहज पहुँच ।
- भद्रपुर विमानस्थल र भारतीय सीमाबाट नजिक रहेकोले विदेशी पर्टयक समेत भित्राउन सकिने ।

- पर्यटन क्षेत्रमा रोजगारी सृजना भै स्थानीयवासीको आर्थिक समृद्धि गर्न सकिने ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

- पर्यटनको दिगो विकास, कमलवासीको समृद्धिको निकास

**लक्ष्य**

- पर्यटन क्षेत्रको दिगो विकास गरी कमलवासीको आर्थिक अभिवृद्धि गर्ने ।

**उद्धेश्य**

- पर्यटकिय स्थलहरुमा पूर्वाधार विकास तथा सौन्दर्यीकरण गर्नु ।
- पर्यटकिय स्थलहरुको सम्वर्द्धन र प्रचार प्रसार गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| पर्यटकिय स्थलहरुको पूर्वाधार विकास र सौन्दर्यीकरण गर्ने | ▪ गाउँपालिकाका संभावित पर्यटकिय स्थलहरुको पूर्वाधार विकास र सौन्दर्यिकरणका कार्यहरु गरिने छ ।<br>▪ पूर्वाधार विकास र सौन्दर्यीकरणमा सार्वजनिक नीजि साझेदारी नीति अवलम्वन गरिने छ । |
| पर्यटकिय स्थलहरुको सम्वर्द्धन र प्रचारप्रसार गर्ने | ▪ स्थानिय पर्टकिय स्थलहरुको सम्वर्द्धन र प्रवर्द्धनको लागि स्थानीयवासी र सरोकारवालाहरुसंगको समन्वयमा स्थानीय पर्यटन विकास समितिहरुको गठन गरिने छ ।<br>▪ गाउँपालिका भित्र पर्यटकिय संभावना बोकेका पर्यटकिय स्थलहरुको सूचना प्रविधि र अन्य माध्यमबाट प्रचार प्रसार गरिने छ ।<br>▪ स्तरिय होटल र होमस्टेहरुको विकासको लागि स्थानीयवासी र नीजि क्षेत्रहरुसंग समन्वय गरिने छ । |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | पर्यटन डकुमेन्ट्री निर्माण | | एकमुष्ठ | ७०० | गापा/प्रस |
| २ | पर्यटन विज्ञापन (वर्ष भरी) | संख्या | ५ | १५०० | गापा/प्रस |
| ३ | पर्यटन वेभसाइट निर्माण | | एकमुष्ठ | ५०० | गापा/प्रस |
| ४ | पर्यटन सूचना डिस्ले वोर्ड | | एकमुष्ठ | १००० | गापा/प्रस |
| ५ | पर्यटन पूर्वाधार निर्माण | | एकमुष्ठ | ३०००० | गापा/प्रस |
| ६ | पर्यटकिय क्षेत्रहरुको संरक्षण कार्यक्रम | | एकमुष्ठ | ५००० | गापा/प्रस |
| ७ | होम स्टे संचालन | संख्या | १० | ५००० | गापा/प्रस |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| ८ | पर्यटकिय होटल निर्माण | संख्या | १० | ४५००० | नीजि क्षेत्र |
| ९ | धार्मिक क्षेत्रहरुको संरक्षण र मर्मत संभार | | एकमुष्ठ | १५०० | गापा/प्रस |
| १० | पर्यटन पार्कहरुको निर्माण | संख्या | ४ | २०००० | गापा/प्रस |
| ११ | साधुहोली पर्यटन पूर्वाधार स्तरोउन्नती | संख्या | १ | डिपिआर अनुसार | गापा/प्रस |
| १२ | कमल पोखरी पर्यटन पूर्वाधार | | | डिपिआर अनुसार | |
| जम्मा | | | | ११०२०० | |

### ४.५.५ अपेक्षित उपलब्धी

- स्थानीय धार्मिक, साँस्कृतिक र पर्यटकिय क्षेत्रहरुको प्रवर्द्धन र सम्वर्द्धन भएको हुनेछ ।
- आन्तरिक र अन्तराष्ट्रिय पर्यटकहरुको आगमनमा बृद्धि भएको हुनेछ ।
- पर्यटन पूर्वाधारहरुको विकास भएको हुनेछ ।
- पर्यटन क्षेत्रबाट स्थानीय स्तरमा रोजगार सृजना भएको हुनेछ ।
- गाउँपालिकाको आन्तरिक आम्दानीमा बृद्धि भएको हुनेछ ।

### ४.५.६ अनुमान तथा जोखिम पक्ष

- पर्यटन पूर्वाधारमा लगानी भएको हुनुपर्ने ।
- पर्यटनको विकासमा नीजि क्षेत्र र स्थानीयवासीको सकृय सहभागिता भएको हुनुपर्ने ।
- पर्यटन विकास सम्बन्धी गाउँपालिकाको नीति हुनुपर्ने ।
- पर्यटन विकासको लागि आवश्यक जनशक्तिको विकास भएको हुनुपर्ने ।
- स्तरिय होटल र होमस्टेहरुको विकास भएको हुनुपर्ने ।

## ४.६ भूमि व्यवस्था, सहकारी तथा वित्तिय सेवा

### ४.६.१ पृष्ठभूमि

भूमि, सहकारी तथा वित्तीय क्षेत्रले ग्रामीण अर्थतन्त्रमा वित्तीय परिचालन लगायत विविध सुविधा प्रदान गर्दै अर्थतन्त्रलाई सुदृढ गर्न महत्वपूर्ण योगदान प्रदान गरेको हुन्छ । भूमिको हकलाई नेपालको संविधानले पनि सुरक्षित गरेको छ । त्यसैले भूमिको व्यवस्थापन, सहकारी तथा वित्तिय क्षेत्रको परिचालन मार्फत गाँउपालिकाको आर्थिक र सामाजिक विकास सम्भव रहेको छ । गाउँपालिकामा ३३ वटा (बहुउद्धेश्यिय, कृषि उपभोक्ता, दुग्ध उत्पादक, साना किसान, बचत तथा ऋण सहकारी) सहकारी संस्थाहरु र करिब ४० वटा कृषक समुहहरु विधिवत रुपमा दर्ता भै संचालनमा रहेका छन् ।

### ४.६.२ समस्या तथा चुनौती

**समस्याहरु**

- सहकारी र वित्तिय संस्थाहरुमा वित्तिय अनुशासन र सुशासनको कमी हुँदै गएको ।
- भूमिको असमान वितरण भएको ।
- सकुम्वासी समस्या ।
- बैंक तथा वित्तिय संस्थामा गरिब र पिछडिएका वर्गको कमजोर पहुँच ।
- सहकारी संस्थाको पूँजी अनुत्पादक क्षेत्रमा लगानी भैरहेको ।
- सार्वजनिक र नीजि व्यवसायसंग सहकारी क्षेत्रको सहकार्य नहुनु ।
- लाभान्वित समुहहरु दोहोरिनु ।
- सहकारी तथा वित्तिय क्षेत्रमा ब्याजको दर चर्को हुनु ।

**चुनौतीहरु**

- ठूलो संख्यामा रहेका स्थानीय सहकारीहरुलाई कानुन अनुसार नियमन र नियन्त्रण गर्न गाउँपालिकामा जनशक्तिको अभाव ।
- सुकुम्वासीहरुको व्यवस्थापन गर्नु ।
- सहकारीको ब्याज चर्को भएकोले सामान्य नागरिक र साना उद्यमीहरु ऋणको पासोमा फस्न सक्ने ।
- भूमिको समानुपातिक र न्यायोचित वितरण गर्नु ।
- सार्वजनिक र नीजि व्यवसायीहरुसंग सहकारी क्षेत्रको सहकार्य बढाउनु ।
- सहकारी र वित्तिय क्षेत्रको ब्याजको दर सर्वसुलभ र सरल बनाउनु ।
- सहकारी र वित्तिय क्षेत्रको लगानी कृषि र उत्पादन क्षेत्रमा बढाउनु ।

### ४.६.३ संभावना तथा अवसर

**संभावनाहरु**

- भूमिको समानुपातिक र न्योयोचित वितरण गरी भूमिहिन र गरिब समुदायको आर्थिक उन्नती गर्न सकिने ।
- सहकारी र वित्तिय क्षेत्रको पूँजी कृषि र उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सकिने ।
- कृषिबाली, पशुपंक्षी, स्वास्थ्य, शिक्षा लगायत यातायात क्षेत्रलाई विभिन्न विमा योजनाहरुमा आवद्ध गराउन सकिने ।
- स्थानीय सहकारी मार्तफ गरिबि न्यूनिकरण गर्न सकिने ।
- गरिब र पिछडिएका वर्गहरुलाई सहज र सरल रुपमा ऋणको प्रवाह गर्न सकिने ।

**अवसरहरु**

- सहकारीहरु स्थानीय तहको क्षेत्रअधिकार भित्र रहेकोले सहकारीलाई यथोचित नियमन गरी वित्तिय अनुशासन र सुशासन कायम गर्न सकिने ।
- सहकारीको परिचालन मार्फत स्थानीय कृषक, पिछडिएका वर्ग, आदिवासी आदिको आर्थिक उन्नती गर्न सकिने ।

- सहकारी र वित्तिय क्षेत्रको परिचालन मार्फत स्थानीत स्तरमा उद्योग, व्यापार र व्यवसायको विस्तार गर्न सकिने ।
- सार्वजनिक र खेर गएको जमीनको पहिचान गरी संरक्षण र सदुपयोग गर्न सकिने ।
- सहकारी र वित्तिय संस्थाहरु मार्फत सुलभ र सरल प्रकृयाबाट ऋण प्रवाह गरी स्थानीयवासीको वितिय पहुँच बृद्धि गर्न सकिने ।

### ४.६.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

- भूमि, सहकारी र वित्तिय क्षेत्रको परिचालन मार्फत आर्थिक उपार्जन र रुपान्तरण

**लक्ष्य**

- भूमि, सहकारी र वित्तिय संस्थाहरुलाई  व्यवस्थित गरी उत्पादन र रोजगारी सृजना गर्ने ।

**उद्धेश्य**

- सहकारी र वित्तिय क्षेत्रलाई व्यवस्थित रुपमा संचालन गरी दिगो आर्थिक विकास र विकास साझेदारको रुपमा अगाढी बढाउनु ।
- भूमिको संरक्षण र सम्वर्द्धन गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| सहकारी क्षेत्रमा सुशासन कायम गर्ने । | ▪ सहकारी सचेतना कार्यक्रम संचालन गरिनेछ ।<br>▪ सहकारी सम्बन्धी स्थानीय नीति, कानुन तथा मापदण्ड तर्जुमा गरिनेछ ।<br>▪ सहकारी प्रशिक्षण, नियमन तथा अनुगमनको सूचना प्रणाली स्थापना गरी कार्यान्वियन गरिनेछ ।<br>▪ सहकारी संस्थाहरुको नियमनको लागि आवश्यक जनशक्तिको पूर्ती गरिने छ । |
| सहकारी र वित्तिय क्षेत्रलाई उत्पादनमुखी बनाउने । | ▪ एक घर एक सहकारी सदस्य नीति लागु गरिनेछ ।<br>▪ एक सहकारी एक उत्पादन नीति अवलम्बन गरिनेछ ।<br>▪ सहकारी र वित्तिय संस्थाको लगानी कृषि र उत्पादनमूलक क्षेत्रमा गर्न प्रोत्साहन गर्ने नीति अवलम्वन गरिने छ ।<br>▪ उत्पादनमा संलग्न सहकारी संस्थालाई अनुदानको व्यवस्था गरिनेछ ।<br>▪ सहकारी संस्थाद्वारा उत्पादित वस्तुको बजारीकरणमा समन्वय र सहयोग गरिनेछ ।<br>▪ स्थानीय सहकारी र वित्तिय संस्थाहरुमा स्थानीय कृषक, गरिब घरपरिवार र पिछडिएका वर्गहरुको पहुँच वृद्धि गर्न कार्यक्रम संचालन गरिने छ । |
| भूमिको संरक्षण र सम्वर्द्धन गर्ने । | ▪ सार्वजनिक र खेर गएको जमीनको पहिचान गरी गाउँपालिकामा अभिलेखीकरण गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ▪ सार्वजनिक र खेर गएको जमीनलाई उत्पादनमूलक र हरियाली कायम गर्न आवश्यक नीति र कार्यक्रमहरु संचालन गरिने छ। |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | सहकारी सचेतना कार्यक्रम | संख्या | १० | २००० | गापा/प्रस |
| २ | सहकारी सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा | संख्या | १ | ५०० | गापा/प्रस |
| ३ | सहकारी नियमन, प्रर्वद्धन र विकास सम्बन्धी कार्यक्रम | पटक | ५ | १००० | गापा/प्रस |
| ४ | उत्पादनमा संलग्न सहकारी संस्थालाई अनुदान | पटक | ५ | ५००० | गापा/प्रस |
| ५ | सहकारी संस्थाद्धारा उत्पादित वस्तुको बजारीकरण कार्यक्रम | पटक | ५ | २५०० | गापा/प्रस |
| ६ | वितिय साक्षरत सम्बन्धी कार्यक्रम | संख्या | १० | ३००० | गापा/प्रस |
| ७ | उत्कृष्ठ सहकारी पुरस्कार कार्यक्रम | पटक | ५ | १००० | गापा/प्रस |
| ८ | कृषक, गरिब र पिछडिएका वर्गको सहकारी पहुँच कार्यक्रम | संख्या | १० | २००० | गापा/प्रस |
| ९ | सहकारी खेती प्रवर्द्धन कार्यक्रम | संख्या | १० | २००० | गापा/प्रस |
| १० | सहकारीमा आधारित उद्योग तथा सेवा क्षेत्रको संभाव्यता अध्ययन | पटक | १ | ५०० | गापा/प्रस |
| ११ | सहकारी संस्थामा डिजिटल कारोवार प्रोत्साहन कार्यक्रम | पटक | ५ | ५०० | गापा/प्रस |
| १२ | सहकारी मार्फत उद्यमशिलता प्रोत्साहन कार्यक्रम | संख्या | १० | २००० | गापा/प्रस |
| १३ | सार्वजनिक र खेर गएको जमीनको पहिचान, अभिलेखीकरण र सदुपयोग सम्बन्धी कार्यक्रम | संख्या | १० | २००० | गापा/प्रस |
| जम्मा | | | | २४००० | |

### ४.६.५ अपेक्षित उपलब्धी

- सहकारी संस्थाहरुको नियमित अनुगमन र नियमन भै वित्तिय सुशासन कायम भएको हुनेछ।
- सहकारी संस्थाहरुमा स्थानीय कृषक, गरिब घरपरिवार र पिछडिएका वर्गको पहुँच स्थापित भएको हुनेछ।
- सहकारीको लगानी कृषि र उत्पादनमूलक क्षेत्रमा केन्द्रित भएको हुनेछ।
- सहकारीहरुको उत्पादनले उचित र सहज रुपमा बजार प्राप्त गरेको हुनेछ।
- सार्वजनिक र खेर गएको भूमिको पहिचान र अभिलेखीकरण भै सुरक्षित र उत्पादनमा प्रयोग भएको हुनेछ।

### ४.६.६ अनुमान तथा जोखिम

- गाउँपालिकाबाट सहकारीहरुको नियमन र अनुगमनको लागि नीति तथा कार्यक्रमले प्राथमिकता पाएको हुनुपर्ने।
- सहकारीहरुको नियमन र अनुगमनको लागि गाउँपालिकामा पर्याप्त जनशक्तिको विकास भएको हुनुपर्ने।
- सहकारीको प्रवर्द्धन र विकासमा स्थानीयवासीहरुको सकृय सहभागिता भएको हुनुपर्ने।
- सहकारीहरुको लगानी कृषि र उत्पादनमूलक क्षेत्रमा केन्द्रित भएको हुनुपर्ने।
- सहकारीको व्याजदर न्यून भै स्थानीय कृषक, गरिब घरपरिवार र पिछडिएका वर्गको वित्तिय पहुँच सहज भएको हुनुपर्ने।

## ४.७ श्रम, रोजगारी तथा गरिवी निवारण

### ४.७.१ पृष्ठभूमि

कृषि र पशुपालन गाउँपालिकाको मुख्य श्रम तथा रोजगारीको क्षेत्र हो। यहाँका अधिकांश घरधुरीहरु कृषि, पशुपालन, मत्यपालन, स-साना घरेलु उद्योगहरुमा संलग्न रहेका छन भने रोजगारी अन्य स्रोतहरुमा स्थानीय सहकारी संस्था, बैंकहरु, शैक्षिक संस्थाहरु, निर्माण क्षेत्र, होटेल, रेष्टुरेन्ट, थोक तथा खुद्रा व्यापार आदि रहेका छन्। कृषि र निर्माण क्षेत्रमा हुने ज्याला मजदुरी रोजगारी र आम्दानीको अर्को प्रमुख स्रोत हो। ठूला उद्योगहरु नगण्य मात्रामा रहेको र पर्यटन क्षेत्रको खासै विकास नभएकोले यी दुवै क्षेत्रले खासै रोजगारी सृजना गर्न सकेको छैन। स्थानीय युवाहरु ठूलो संख्यामा वैदेशिक रोजगारीमा गएकोले विप्रेषण यस गाउँपालिकाका घरधुरीहरुको आम्दानीको अर्को प्रमुख स्रोत हो। गाउँपालिकाबाट जेष्ठ नागरिक, एकल महिला, अपांगहरुको लागि नियमित रुपमा मासिक भत्ता वितरण हुने गरेको छ। शिक्षा, स्वास्थ्य लगायत अन्य सामाजिक सेवाहरुमा स्थानीयवासीको पहुँच क्रमश बढदै गैरहेको छ।

### ४.७.२ समस्या तथा चुनौती

**समस्याहरु**

- ठूला उद्योगहरु नहुनु।
- पर्यटन क्षेत्रको खासै बिकास हुन नसक्नु।
- परम्परागत र जिवन निर्वाह खेती र पशुपालन।
- युवाहरुको विदेश पलायन।
- रोजगारीको अभाव।
- बाहिरी लगानी आउन नसक्नु।
- स्थानीय घरधुरीमा विद्यमान गरिबी।

**चुनौतीहरु**

- आर्थिक रुपमा सक्रिय जनसंख्यालाई स्थानिय स्तरमा नै रोजगारीका अवसरहरु सिर्जना गर्नु।
- स्थानीय कृषि उत्पादनलाई बजारको सुनिश्चतता गरी उत्पादनको सहि मूल्यको सुनिश्चितता गरी कृषिमा रोजगारीको अवसर बढाउदै स्थानीय कृषकहरुको गरिबी न्यूनिकरण गर्नु।

- स्थानीय पर्यटकिय क्षेत्रहरुमा पूर्वाधार निर्माण गरी पर्यटक भित्र्याउनु ।
- श्रम शक्तिको माग र आपूर्ति बीचको सन्तुलन मिलाउनु ।
- श्रम बजारको पहिचान गर्नु ।
- युवाहरुको बढदो विदेश पलायन रोक्नु ।
- विप्रेषणको उत्पादनमूलक क्षेत्रमा लगानी बढाउनु ।
- तालिम प्राप्त जनशक्तिको निम्ति सहि कामको उपलव्धता गराउनु ।
- रोजगारीको अवसर सम्बन्धि सूचनामा रोजगारी चाहने मानिसको पहुँच स्थापित गर्नु ।
- योगदानमा आधारित सामजिक सुरक्षा प्रणालीमा स्थानीयको पहुँच स्थापित गराउनु ।
- गाउँपालिकावासीहरुलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्नु ।
- रोजगार उन्मुख सीपहरु पहिचान गरी बेरोजगार युवा युवतीहरुलाई तालिमको अवसर प्रदान गरी गरिबि न्यूनिकरण गर्नु ।

**४.७.३ संभावना तथा अवसर**

- स्थानीय उत्पादनमा आधारित उद्योगहरुको स्थापना गरी रोजगारी सृजना गर्न सकिने ।
- पर्यटनको विकास गरी रोजगारीका नयाँ अवसर सृजना गर्न सकिने ।
- स्थानीय बजार र हाटबजारहरुमा आर्थिक गतिविधि बढाउन सकिने ।
- वैदेशिक रोजगारीलाई कम गर्न सकिने ।
- दक्ष जनशक्तिको पलायन रोक्न सकिने ।
- दक्ष जनशक्ति उत्पादन गर्न सकिने ।
- स्थानीय उत्पादनले बजार प्राप्त गरी कृषकहरुले उत्पादनको उचित मूल्य प्राप्त गरी गरिबी निवारण गर्न सकिने ।
- स्थानीय सरकारको राजस्व वृद्धि गर्न सकिने ।
- स्थानीय उत्पादनलाई ब्राण्डिङ गरी बढी मूल्य प्राप्त गर्न सकिने ।
- स्थानीयवासीहरुलाई सामाजिक सुरक्षा उपलब्ध गराउन सकिने ।

**४.७.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना**

**सोच**

- श्रम र रोजगारीको सुरक्षा, कमलवासीको समृद्धीको अपेक्षा ।

**लक्ष्य**

- दक्ष तथा सीपयुक्त मानव संसाधनको विकास गरी रोजगारी बढाउनु ।

**उद्धेश्य**

- गरिबी न्यूनिकरण गर्न स्थानीय स्तरमा नै रोजगारीका अवसरहरु सृजना गर्नु ।
- व्यवसायिक सीपमूलक तालिमका अवसरहरु बृद्धि गरी प्रतिस्पर्धी जनशक्तिको विकास गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| गरिबी न्यूनिकरण गर्न स्थानीय स्तरमा नै रोजगारीका अवसरहरु सृजना गर्ने । | ▪ श्रमिकको हक र अधिकारको कानूनी तथा आर्थिक आधार तयार गरिने छ ।<br>▪ लगानीमैत्री वातावरण सिर्जना गरी निजी तथा सामुदायिक/सहकारीको माध्यमद्वारा रोजगारीका अवसर निर्माण गरिने छ ।<br>▪ पर्यटनलाई आर्थिक विकासको महत्वपूर्ण रणनीतिको रुपमा लिदै पर्यटन गुरुयोजना तर्जुमा गरी नयाँ रोजगारीको लागि पर्यटकिय गतिविधिहरु बढाइने छ ।<br>▪ वैदेशिक रोजगारीलाई कम खर्चिलो, सुरक्षित र मर्यादित बनाउने र विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरिने छ । |
| सीपमूलक तालिमका अवसहरु प्रदान गरी प्रतिस्पर्धी जनशक्तिको विकास गर्ने । | ▪ श्रमिकको लागि सामाजिक सुरक्षा कार्यक्रमहरु संचालन गरिने छ ।<br>▪ श्रमिकहरुको तथ्याङ्क संकलन गरि परिचय पत्रको व्यवस्था गरिने छ ।<br>▪ प्राविधिक शिक्षा, व्यवसायिक तालिम तथा सीपको माध्यमबाट दक्ष जनशक्तिको उत्पादन गरि स्थानीय उद्योगहरुमा रोजगारीको व्यवस्था गरिने छ ।<br>▪ युवा स्वरोजगार सहयोग कार्यक्रम संचालन गरिने छ । |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | स्थानीय युवाहरुलाई मोटरसाईकल, प्लम्बिङ, इलेक्ट्रीसीयन, कुक, वेटर, पर्यटक गाइड, चारपांग्रे सवारी, मोवाइल, रेडियो, टिभि, एलसीडी, कम्प्युटर मर्मत सम्बन्धी तालिम कार्यक्रम । | संख्या | १००० | ५००० | गापा/प्रस |
| २ | रोजगार सेवा केन्द्र प्रभावकारीता । | | | १५०० | गापा/प्रस |
| ३ | वैदेशिक रोजगारीलाई सुरक्षित, लाभप्रद र मर्यादित बनाउन गाउँपालिकाबाट नियमित अनुगमन सम्बन्धी कार्यक्रम । | पटक | ५ | ५०० | गापा |
| ४ | श्रमिकको कार्य क्षेत्रमा सुरक्षाको मापदण्ड लागू सम्बन्धी अनुगमन कार्यक्रम | पटक | १० | १००० | गापा |
| ५ | सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन गर्ने । | संख्या | एकमुष्ठ | १००० | गापा |
| ६ | विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न आवश्यक नीति र विश्वासिलो संयन्त्र निर्माण । | | एकमुष्ठ | २००० | गापा/प्रस |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| ७ | गाउँपालिकाबाट वैदेशिक रोजगारमा जानका निम्ति श्रम क्षेत्र निर्धारण गरी उपयुक्त पूर्व तालिमको व्यवस्था । | संख्या | १० | २००० | गापा/प्रस |
| ८ | प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सफल बनाउन समन्वय र सहकार्य गर्ने । | | एकमुष्ठ | ५०० | गापा/प्रस |
| ९ | लक्षित वर्ग आयमूलक र सिपमूलक कार्यक्रम | पटक | १० | २००० | गापा/प्रस |
| १० | अपाङ्गता भएका व्यक्तिको आय आर्जन सम्बन्धि प्रदेश सरकारसंग साझेदारी कार्यक्रम | | एकमुष्ठ | ७०० | गापा/प्रस |
| ११ | लक्षित वर्ग स्वरोजगार प्रवर्द्धन कार्यक्रम | पटक | ५ | ५०० | गापा/प्रस |
| १२ | श्रमिक हित कोष गठन | पटक | १ | १५०० | गापा/प्रस |
| १३ | श्रमिक तथ्याङ्क व्यवस्थापन | पटक | ५ | १००० | गापा |
| जम्मा | | | | १९२०० | |

### ४.७.५ अपेक्षित उपलब्धि

- ५०% आर्थिक रुपमा सकृय जनसंख्यालाइ गाउँपालिका भित्रै कृषि, पर्यटन, व्यापार व्यवसाय र औधोगिक क्षेत्रमा रोजगारीको अवसर सिर्जना हुनेछ ।
- गाउँपालिकाको रोजगार सेवा केन्द्रको सवलीकरण भै श्रम र रोजगार सम्बन्धी सेवा प्रवाहमा सुधार भएको हुनेछ ।
- लक्षित वर्गमा सीपको विकास भै स्वरोजगार मार्फत उनीहरुको गरिबी न्यूनिकरण भएको हुनेछ ।
- श्रमिकहरुको श्रम, मर्यादा, सम्मान र जिवनस्तर बढेको हुनेछ ।
- श्रम र कामदार प्रति असल सम्बन्ध स्थापना हुनेछ ।
- वैदेशिक रोजगारी व्यवस्थित, मर्यादित र सुक्षित भएको हुनेछ ।
- विप्रेषण उत्पादन क्षेत्रमा लगानी भै श्रमिकको जिवनस्तरमा स्तरोउन्नती भएको हुनेछ ।

### ४.७.६ अनुमान तथा जोखिम पक्ष

- आवश्यक दक्ष जनशक्ति र प्राविधिकहरुको सहज आपूर्ती हुनुपर्ने ।
- गाउँपालिका भित्रै रोजगारीको अवसरहरु सृजना भएको हुनुपर्ने ।
- गाउँपालिकाको रोजगार सेवा केन्द्रको सवलीकरण भएको हुनुपर्ने ।
- गाउँपालिकामा सुरक्षित र सहज लगानीको वातावरण हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र संघीय सरकारबिच श्रम, रोजगारी सृजना र गरिबि निवारणमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।

# अध्याय पाँच: सामाजिक क्षेत्र

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

कमल गाउँपालिकामा स्थानीयवासीहरुले स्वास्थ्य सेवा गाउँपालिकाको नगर अस्तापलबाट प्राप्त गर्ने गरेका छन् । नगर अस्पतालबाट स्वास्थ्य बिमा, ओपिडि, एमविविएस डाक्टर सेवा, आकस्मित सेवा, प्रयोगशाला सेवा, एक्सरे सेवा, सुरक्षित मातृत्व तथा प्रजनन सेवा, निशुल्क प्रसुती सेवा, बाल स्वास्थ्य सेवा, पोषण कार्यक्रम सेवा, गर्भवती जाँच तथा परिवार नियोजन सेवा, सुरक्षित गर्भपतन सेवा, औषधी सेवा, क्षयरोग र कुष्ठरोग जाँच सेवा, एम्बुलेन्स सेवा, मानसिक स्वास्थ्य सेवा, इसिजि र दन्त सेवा जस्ता स्वास्थ्य सेवाहरु प्रदान भैरहेको छ । त्यसका अलावा गाउँपालिकाको प्रत्येक वडाका रहेका आधारभूत स्वास्थ्य चौकीहरुबाट आधारभूत र प्राथमिक तहको स्वास्थ्य सेवा प्रवाह भैरहेकोले कमलवासीहरुको स्वास्थ्य सेवा पहुँचको अवस्था राम्रो रहेको देखिन्छ । दीर्घ र गम्भिर प्रकारका रोगहरुको लागी कमलवासीहरु कोशी प्रदेशका दमक, बिराटनगर, धरान, विर्तामोड र भद्रपुरमा रहेको मेची प्रादेशिक अस्पताल जाने गरेका छन् । गाउँपालिकाका वडाहरुमा रहेका स्वास्थ्य चौकीहरुबाट प्राथमिक स्तरको स्वास्थ्य सेवा सहज रुपमा प्राप्त भैरहेको र ठूला अस्पतालहरुसम्म पनि सडक तथा यातायातको सहज पहुँच हुनका साथै प्रशस्त कृषि भूमि, कृषिको लागि उपयुक्त मौसम र अधिकांश गाउँपालिकावासीहरुको आफ्नै केहि खेतियोग्य जमीन रहेकोले कमलवासीको पोषणको अवस्था पनि सन्तोषजनक रहेको छ ।

### ५.१.२ समस्या तथा चुनौती

**समस्याहरु**

- सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको उपकरण र विशेषज्ञ चिकित्सकको अभाव ।
- गम्भिर प्रकारको रोगको उपचार हुन नसक्नु ।
- निशुल्क तथा अत्यावश्यक औषधीको पर्याप्ति मात्रामा सर्वयाम उपलब्ध नहुनु ।
- अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूको स्वास्थ्य संस्थामा कमजोर पहुँच ।
- क्षयरोग भएका बिरामीहरुको संख्या क्रमश बढदै जानु ।
- स्वास्थ्य र पोषण सम्बन्धी चेतनाको कमी ।
- विपन्न वर्गका महिला र बालबालिकाहरुमा कुपोषणको समस्या रहेको ।
- गरिबी र अहिले पनि एक तिहाई घरपरिवारलाई बर्षैभरी खान नपुग्ने अवस्था ।

**चुनौतीहरु**

- पूर्ण खोपको कार्यान्वियन गर्नु ।
- आधारभूत स्वास्थ्य सेवालाई सबैको पहुँच भित्र ल्याउनु ।
- सबै सुत्केरी सेवालाई संस्थागत दायरामा ल्याउनु ।
- स्थानीय स्तरमै उपलब्ध हुने स्वास्थ्यकर र पोषिलो खानेकुराको उत्पादन तथा उपभोगमा ऱ्हास आएको ।
- स्वास्थ्य संस्थामा आधारभूत तथा अत्यावश्यक औषधि निशुल्क रुपमा सर्वयाम उपलब्ध गराउनु ।

- स्वास्थ्य संस्थाहरूमा आधारभूत सुविधा युक्त औजार/उपकरण, दक्ष जनशक्ति र पूर्वाधार पुऱ्याउनु।
- स्वास्थ्य वीमालाई सबै नागरिकको दायरामा पुऱ्याउनु ।
- निजीकरणको कारण स्वास्थ्य उपचार महंगो र अधिक खर्चिलो हुँदै गएको ।
- खाद्य सेचतना तथा खाद्य व्यवहार सुधारलाई स्वास्थ्य प्रणालीको अङ्गको रुपमा विकास गर्नु ।
- स्वास्थ्य सेवा बारे जनचेतना अभिवृद्धि गर्नु ।
- महिलाहरुमा पाठेघरजन्य समस्या बढनु ।
- भएका स्वास्थ्य केन्द्रलाई स्तरोउन्नती गरी स्वास्थ्य विमा कार्यक्रम संचालन गर्नका लागि मापदण्ड पुरा गर्नु ।
- बढदो क्षयरोगीको संख्यालाई नियन्त्रण गर्नु ।

### ५.१.३ संभावना तथा अवसर

**संभावनाहरु**

- पूर्वाधारहरुको विकास गरी स्वास्थ्य सेवामा स्थानीय नागरिकहरुको सहज पहुँच स्थापित गर्न सकिने ।
- गाउँपालिकाले बिराटनगर, धरान, दमक र विर्तामोडका ठूला सुविधा सम्पन्न अस्पतालहरुसंग समन्वय गरी कमल नगर अस्पताल र वरिष्ठ चिकित्सकहरुसंग सहकार्य र साझेदारी गर्न सकिने ।
- स्वास्थ्य सचेतनामा बृद्धि गर्न सकिने ।
- स्थानीय उत्पादनमा बृद्धि गरी खाद्य सुरक्षाको स्थितिमा सुधार ल्याउन सकिने ।

**अवसरहरु**

- नगर अस्पताल क्रमश स्थापित हुँदै गरेकोले कोशी प्रदेशका ठूला अस्पतालहरुसंग समन्वय र सहकार्य गरी दिर्घ रोगको उपचार गाउँपालिकामा नै सम्भव गर्न सकिने ।
- संघ र प्रदेश सरकारहरुबाट कानुन अनुसार स्वास्थ्य क्षेत्रका सशर्त कार्यक्रमहरु नियमित रुपमा आइरहेको ।
- गाउँपालिकाको अधिकांश स्थानहरु भौगोलिक रुपमा सुगम रहेकोले सबै वडाहरु महेन्द्र राजमार्ग र अन्य शाखा सडकहरुसंग जोडिएको ।
- यातायातको सुविधा भएको हुँदा अस्पताल र स्वास्थ्य संस्थाहरु संचालन र औषधी आपूर्तिमा सहजता रहेको ।
- सुगमताको कारण स्वास्थ्यकर्मीहरु लामो समयसम्म सेवामा रहने गरेको ।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति कार्यक्रम तथा आयोजना

**सोच**

- आधारभूत स्वास्थ्य र सन्तुलित पोषणमा सुधार, कमलवासीको समृद्धको आधार ।

**लक्ष्य**

- कमलवासीलाई आधारभूत स्वास्थ्य र सन्तुलित पोषणमा पहुँच बृद्धि गर्ने ।

**उद्धेश्य**

- गुणस्तरिय स्वास्थ्य सेवा तथा पोषणलाई सबैको पहुँचमा पुऱ्याउनु ।
- गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउन सार्वजनिक नीजि साझेदारी कार्यक्रमहरु लागू गर्नु ।

**रणणीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| गुणस्तरिय स्वास्थ्य सेवा तथा पोषणमा सबै वर्ग, क्षेत्र र लिङ्गको पहुँच बृद्धि गर्ने | ▪ आधारभूत स्वास्थ्यमा समतामूलक पहुँच सुनिश्चित गरिने छ ।<br>▪ स्वास्थ्य बिमा सेवा सबै गाउँपालिकावासीको पहुँचमा पुऱ्याइने छ ।<br>▪ रिफरल स्वास्थ्य सेवाको पहुँचलाई कोशी प्रदेशका ठूला अस्पतालहरुसंग समन्वय र सहकार्य गरी सहज बनाइने छ।<br>▪ वैकल्पिक स्वास्थ्य सेवाको प्रवर्द्धन गरिने छ ।<br>▪ स्वास्थ्य तथा पोषण चेतनामा अभिवृद्धि गर्न विभिन्न स्वास्थ्य सचेतनामूलक कार्यक्रमहरु गरिने छ ।<br>▪ खाद्य उत्पादनमा बृद्धि गरि कमलवासीको खाद्य सुरक्षा सुनिश्चित गरिने छ ।<br>▪ विद्यालय, क्याम्पस, पेशागत समुह, विज्ञ, कमलवासी र निजी क्षेत्रको सहकार्यमा स्वास्थ्य स्वयंसेवक कार्यक्रम संचालन गरिनेछ । |
| आधारभूत स्वास्थ्यसेवामा गुणस्तर बृद्धिगर्न पूर्वाधार तथा उपकरणको व्यवस्था गर्ने । | ▪ नगर अस्पताललाई १५ शैयामा स्तरोउन्नती गरिने छ ।<br>▪ नगर अस्पताललाई आवश्यक स्वास्थ्य उपकरणहरु उपलब्ध गराइनेछ ।<br>▪ गाउँपालिकाका स्वास्थ्य उपचार केन्द्रहरुमा ल्याव स्थापना गरिनेछ ।<br>▪ निश्चित विरामी तथा रोगहरुको औषधी निशुल्क वितरणको व्यवस्था मिलाईनेछ ।<br>▪ आवश्यक स्थानहरुमा खोप तथा गाउँघर ओ.आर.सी. स्थापना गरी संचालन गरिनेछ । |
| आधारभूत स्वास्थ्य सेवामा गुणस्तर बृद्धि गर्न दक्ष जनशक्तिको व्यवस्था गर्ने । | ▪ स्वास्थ्य क्षेत्रमा आवश्यक थप कर्मचारीहरु करार सेवामा नियुक्ति गरी परिचालन गरिनेछ ।<br>▪ महिला स्वास्थ्य स्वयंसेविकालाई उपयुक्त सेवा सुविधा दिई परिचालन गरिनेछ ।<br>▪ अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा Minimum Service Standard (MSS) कार्यान्यवन गरिने छ । |
| मातृशिशु स्वास्थ्य कार्यक्रमलाई प्राथमिकता दिने । | ▪ मातृ तथा नवजात शिशु सूरक्षा र ग्रामिण आमा सूरक्षा कार्यक्रम संचालन गरिनेछ ।<br>▪ नियमित खोप, पोषण तथा आई.एम.एन.सी.आई. कार्यक्रमलाई एकीकृत तथा व्यवस्थित तरिकाले संचालन गरिनेछ ।<br>▪ पूर्ण खोपको सुनिश्चितता र दिगोपनको लागि कार्यक्रमहरु संचालन गरिनेछ । |
| सर्ने नसर्ने र मानसिक रोगको रोकथाम र नियन्त्रण गर्ने । | ▪ संक्रामक रोगजन्य महामारी व्यवस्थापन कोष स्थापना र परिचालन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ▪ संक्रामक तथा सरुवा रोग रोकथाम तथा नियन्त्रण कार्यक्रम संचालन गरिनेछ ।<br>▪ मानसिक स्वास्थ्यका लागि विशेषज्ञ सेवा उपलब्ध गराइनेछ ।<br>▪ नागरिक आरोग्य केन्द्र व्यवस्थापनमा सहयोग र स्वस्थ जीवन सम्बन्धमा सचेतना विस्तार गरिने छ ।<br>▪ समुदायमा आधारित नसर्ने रोग व्यवस्थापन र सचेतना कार्यक्रम संचालन गरिने छ । |
| स्वास्थ्य पूर्वाधार विकास र संस्था संचालन अनुदान उपलब्ध गराउने । | ▪ आधारभुत स्वास्थ्य चौकीहरुमा डेलिभरी सेवा उपलब्ध गराइने छ ।<br>▪ अस्पताल तथा स्वास्थ्य संस्था संचालन अनुदानको व्यवस्था गरिनेछ ।<br>▪ अस्पताल र स्वास्थ्य उपचार केन्द्रहरुमा स्वास्थ्य सम्वन्धी सफ्टवेयरहरु संचालन गरिनेछ । |
| स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने। | ▪ स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको प्रभावकारी नियमन, व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन गरिनेछ । |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | कमल नगर अस्पताललाई १५ शैयामा स्तरोउन्नती गर्ने | सख्या | १ | १५०००० | प्रस/संघ |
| २ | लखनपुर स्वास्थ्य चौकीको स्तरोउन्नी (कमल-६) | संख्या | १ | ३०००० | गापा/प्रस |
| ३ | विद्यमान आधारभूत स्वास्थ्य केन्द्र/सामुदायिक स्वास्थ्य इकाइको सेवालाई स्तरोउन्नती गरी स्वास्थ्य चौकी स्तरमा पुऱ्याउने | संख्या | ३ | १५०००० | गापा/प्रस |
| ४ | पोषण मैत्री स्थानीय तह कार्यक्रम | | एकमुष्ठ | ३००० | गापा |
| ५ | विपन्न नागरिक स्वास्थ्य विमा कार्यक्रम (सम्पूर्ण वडा) | संख्या | १००० | ५००० | गापा/प्रस |
| ६ | क्षयरोग मुक्त गाउँपालिका कार्यक्रम | सख्या | ५ | २५०० | |
| ७ | गाउँपालिकाको स्वास्थ्य नीति तर्जुमा | संख्या | १ | ५०० | गापा |
| ८ | स्वास्थ्य र पोषण सम्बन्धि सचेतना कार्यक्रम गर्ने। | संख्या | ५ | ५०० | गापा/प्रस |
| ९ | आधारभूत औषधीहरु सर्वसुलभ रुपमा गाउँपालिकामा नै उपलब्ध हुने व्यवस्था गर्ने । | | एकमुष्ठ | ३००० | गापा/प्रस |
| १० | विद्यमान स्वास्थ्य चौकीहरुमा उपकरणहरुको (ल्याव) व्यवस्था गर्ने । | पटक | एकमुष्ठ | २५००० | गापा/प्रस |
| ११ | खोप कार्यक्रम र स्वास्थ्य घुम्ति सेवा नियमित रुपमा संचालन गर्ने । | संख्या | ५ | १००० | गापा |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १२ | विद्यमान स्वास्थ्य चौकीहरुमा प्रसुती सेवा संचालन गर्ने । | | एकमुष्ठ | १०००० | गापा/प्रस |
| १३ | विद्यमान स्वास्थ्य चौकीहरुमा चिस्यान भण्डारको व्यवस्था गर्ने । | | एकमुष्ठ | ३००० | गापा/प्रस |
| १४ | रेफरल अस्पतालको लागि विशेषज्ञ अस्पतालसंग समन्वय गर्ने । | | एकमुष्ठ | ५०० | गापा/प्रस |
| १५ | चिकित्सकहरुको पदपुर्ती गर्ने । | | एकमुष्ठ | २५०० | गापा/प्रस |
| १६ | खाद्यान्न वैंकहरुबाट सुफत मूल्यमा स्थानीय जनतालाई खाद्यान्न उपलब्ध गराउने । | | एकमुष्ठ | १००० | गापा/प्रस |
| १७ | खाद्यान्न, दूध, मासु, माछा, फलफूल, तरकारी तथा खाद्य तेलको गुणस्तर कायम गर्न खाद्यान्न गुणस्तर कानुन बनाएर कडाइसाथ लागु गर्ने । | १ | १ | ५०० | गापा/प्रस |
| १८ | खाद्यान्न संकटबाट मुक्ति पाउनका लागि किसानदेखि उपभोक्तासम्मको आपूर्ती शृंखला सवलीकरण कार्यक्रम | पटक | ५ | ५०० | गापा/प्रस |
| १९ | डिजिटल एक्सरे मेसिन खरिद | संख्या | २ | ५००० | गापा/प्रस |
| २० | आधारभूत सेवा विस्तार कार्यक्रम | संख्या | ५ | ५००० | गापा/प्रस |
| २१ | ग्रामीण आमा स्वास्थ्य कार्यक्रम | संख्या | ५ | २००० | गापा/प्रस |
| २२ | महिला स्वास्थ्य स्वस्वयंसेविका क्षमता विकास | संख्या | ५ | ५०० | गापा/प्रस |
| २३ | एकीकृत वाल स्वास्थ्य कार्यक्रम | संख्या | ५ | ५०० | गापा/प्रस |
| २४ | नसर्ने रोगको व्यवस्थापन | | एकमुष्ठ | १००० | गापा/प्रस |
| २५ | जनस्वास्थ्य कार्यक्रम | सख्या | ५ | ५०० | गापा/प्रस |
| २६ | स्वास्थ्यकर्मी क्षमता विकास कार्यक्रम | संख्या | ५ | १००० | गापा/प्रस |
| २७ | नियमित खोप तथा कोल्ड चेन सुदृढीकरण कार्यक्रम | संख्या | ५ | ५०० | गापा/प्रस |
| २८ | किटजन्य रोगहरु नियन्त्रण कार्यक्रम | संख्या | ५ | १००० | गापा/प्रस |
| २९ | स्वास्थ्य विकास कार्यशाला | संख्या | ५ | १००० | गापा/प्रस |
| ३० | HMIS, ELMIS, DHIS2 कार्यक्रम | संख्या | ५ | २५०० | गापा/प्रस |
| ३१ | स्वास्थ्य क्षेत्रमा करारका कर्मचारी परिचालन | | एकमुष्ठ | ५००० | गापा/प्रस |
| ३२ | नियमित खोप, पोषण तथा आई.एम.एन.सी.आई. कार्यक्रम | | एकमुष्ठ | ३००० | गापा/प्रस |
| ३३ | मातृ तथा नवाशिशु स्वास्थ्य कार्यक्रम | संख्या | ५ | ५०० | गापा/प्रस |
| ३४ | अनुगमन तथा सुपरिवेक्षण कार्यक्रम | संख्या | ५ | ५०० | गापा/प्रस |
| ३५ | स्वास्थ्य सम्वन्धी सफ्टवेयर जडान | संख्या | ५ | ५०० | गापा/प्रस |
| ३६ | स्वास्थ्य संस्था संचालन अनुदान | संख्या | ५ | ५०० | गापा/प्रस |
| ३७ | नसर्ने रोग निवारण र सचेतना कार्यक्रम | संख्या | ५ | ५०० | गापा/प्रस |
| ३८ | नागरिक आरोग्य केन्द्र व्यवस्थापन | संख्या | ५ | ५०० | गापा/प्रस |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| ३९ | मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम | संख्या | ५ | ५०० | गापा/प्रस |
| ४० | सरुवा रोग रोकथाम तथा नियन्त्रण | संख्या | ५ | ५०० | गापा/प्रस |
| ४१ | संक्रामकजन्य रोग र महामारी व्यवस्थापन कोष | संख्या | ५ | ५०० | गापा/प्रस |
| ४२ | पूर्ण खोपको सुनिश्चितता तथा दिगोपन | संख्या | ५ | ५०० | गापा/प्रस |
| जम्मा | | | | ४२२००० | |

### ५.१.५ अपेक्षित उपलब्धि

- नगर अस्पताल १५ शैयामा स्तरोउन्नती भएको हुनेछ ।
- पूर्ण खोपयुक्त गाउँपालिका घोषित भएको हुनेछ ।
- विद्यमान स्वास्थ्य चौकीहरुको स्तरोउन्नती भएको हुनेछ ।
- विद्यमान स्वास्थ्य चौकीहरुमा चिकित्सक र स्वास्थ्य उपकरणको व्यवस्था भएको हुनेछ ।
- सबै स्वास्थ्य सेवामा आधारभूत सुविधा तथा प्रसूति सेवा उपलब्ध भएको हुनेछ ।
- १ घण्टाको दुरी भित्र ९०% नागरिकको स्वास्थ्य संस्थामा पहुँच भएको हुनेछ ।
- रिफरल अस्पतालसँग सहकार्य सम्झौता भएको हुनेछ ।
- स्वास्थ्य बीमाको पहुँच ७५% जनसंख्यामा स्थापित भएको हुनेछ ।
- ९०% भन्दा बढी महिलाले संस्थागत सुत्केरी सेवा प्राप्त गरेका हुनेछन ।
- सरुवा रोग उल्लेख्य रुपमा घटेको हुनेछ ।
- सबै विद्यालयमा पोषण स्वास्थ्य कार्यक्रम पुगेको हुनेछ ।
- स्थानीय नागरिकहरुको खाद्य सुरक्षाको स्थितिमा सुधार आएको हुनेछ ।

### ५.१.६ अनुमान तथा जोखिम पक्ष

- गाउँपालिकामा स्वास्थ्य विमाको कार्यक्रम पूर्ण रुपमा लागू भएको हुनेछ ।
- स्थानीय स्वास्थ्य संस्थाहरुमा गाउँपालिकावासीको सहज पहुँच स्थापित भएको हुनेछ ।
- स्थानीय स्वास्थ्य संस्थाहरुको स्तरोउन्नती भै स्वास्थ्य उपकरण र आवश्यक चिकित्सकको व्यवस्था भएको हुनेछ ।
- गाउँपालिकाको स्वास्थ्य सम्बन्धी नीति तर्जुमा भएको हुनेछ ।
- गाउँपालिका भित्रका गरिब, अति गरिब घरधुरी र समुदायहरुलाई स्थानीय सरकारबाट खाद्य सुरक्षाको व्यवस्था भएको हुनेछ ।
- स्थानीय संघसंस्था र दातृ निकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनेछ ।
- गाउँपालिका, प्रदेश र संघीय सरकारबिच गाउँपालिकावासीको स्वास्थ्य सेवा र पोषणमा आवश्यक समन्वय र सहकार्य भएको हुनेछ ।
- योजना अवधिमा कुनै महामारी तथा प्राकृतिक प्रकोपको जोखिम हुने छैन ।

## ५.२ शिक्षा, भाषा, कला तथा साहित्य

### ५.२.१ पृष्ठभूमि

समथल भूमी, स-साना वस्तीहरुसम्म सडकको वितरणका साथै सवै वडा र प्रमुख वस्तीहरुसम्म विद्यालयको वितरण भएकोले गाउँवासीहरुको विद्यालय शिक्षामा राम्रो पहुँच रहेको देखिन्छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार कमल गाउँपालिकाको साक्षरता दर ८३.५% छ । बिगत १० बर्षमा कमल गाउँपालिकाको साक्षरता दर ७% ले बृद्धि भएको देखिन्छ भने महिला साक्षरता दर समेत ८% ले बृद्धि भएको देखिन्छ। कमल गाउँपालिकाको साक्षरता दरलाई झापा जिल्ला, कोशी प्रदेश र समग्र देशको साक्षरता दरसंग तुलना गरेर हेर्दा पनि गाउँपालिकाको साक्षरता दर राष्ट्रिय साक्षरता दरभन्दा ७%, कोशी प्रदेशको भन्दा झण्डै ४% र झापा जिल्लाको भन्दा ०.७% बढी रहेको छ। गाउँपालिकामा बाल विकास केन्द्र ७ वटा, आधारभूत विद्यालय २२ वटा र माध्यमिक विद्यालय २२ वटा छन्।

### ५.२.२ समस्या तथा चुनौती

**समस्याहरु**

- स्थानीय दलित, आदिवासी र पिछडिएको वर्गमा कम साक्षरता।
- दक्ष शैक्षिक जनशक्तिको अभाव।
- विद्यालयका भौतिक पूर्वाधार अपाङ्ग मैत्री नहुनु।
- वाल विकास केन्द्र व्यवस्थित नहुनु।
- गणित, विज्ञान तथा अंग्रेजी शिक्षकको कमी हुँदै गएको।
- लक्षित समुहका वालवालिकाको विशेष शिक्षामा पहुँचको कमी।
- छात्रा एवं अपाङ्गता मैत्री शौचालय न्यून रहेको।
- स्थानीय आदिवासी र जनजातीहरुको भाषा, कला र साहित्य विस्तारै लोप हुँदै जानु।
- नाटकघर, आदिवासी संग्राहलय र पुस्तकालयहरुको अभाव।

**चुनौतीहरु**

- समावेशी र गुणस्तरिय शिक्षाको पहुँचको सुनिश्चितता।
- कक्षा छाड्ने र दोहोऱ्याउने दर घटाउनु।
- प्राविधिक शिक्षा र विशेष शिक्षाको पहुँच बढाउनु।
- शैक्षिक पूर्वाधारको विकास गर्नु।
- शिक्षण र सिकाई दरमा सुधार गर्नु।
- विषयगत शिक्षकलाई पुर्नताजगी तालिम प्रदान गर्नु।
- गुणस्तरीय र प्रतिस्पर्धात्मक शिक्षाको उपलब्धता बढाउनु।
- दरबन्दी अनुसार शिक्षक पदपूर्ति गर्नु।
- स्थानीय स्तरमा नै गुणस्तरीय शिक्षाको अवसर बढाउनु।
- स्थानीय भाषा, कला र साहित्यको संरक्षण र सम्वर्द्धन गर्नु।

### ५.२.३ संभावना तथा अवसर

**संभावनाहरु**

- गाउँपालिकाका विद्यालयहरुमा शिक्षाको गुणस्तरमा अझ बृद्धि गर्न सकिने ।
- विद्यालयहरुमा कृषि तथा पशुपालनलाई प्राविधिक धारको रुपमा लागू गरी उक्त क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न सकिने ।
- शिक्षामा सूचना प्रविधिको अधिकतम् उपयोग गरी खोजमूलक शिक्षण सिकाई लागू गर्न सकिने ।
- शैक्षिक वातावरण, पूर्वाधार र सामाग्रीहरुको व्यवस्था गरी साक्षरता थप बृद्धि गर्न सकिने ।
- शैक्षिक जनशक्ति उत्पादन गरी स्थानीय जनशक्तिको मागलाई पूर्ति गर्न सकिने ।
- स्थानीय भाषा, कला र साहित्यको संरक्षण र सम्वर्द्धन गर्न सकिने ।

**अवसरहरु**

- गाउँपालिकावासीहरुमा शिक्षा प्रतिको बुझाई सकारात्मक भएको ।
- बालबालिकाहरुको विद्यालयमा पहुँच सहज रहेको ।
- स्थानीय भाषा, कला र साहित्यको संरक्षण र सम्वर्द्धन मार्फत सामाजिक विकासमा टेवा पुऱ्याउन सकिने ।
- प्राविधिक शिक्षा मार्फत रोजगारीको अवसरहरु बृद्धि गर्न सकिने ।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

- शिक्षा, भाषा, कला र साहित्यको विकास, कमलवासीको गरिबी निवारणको निकास ।

**लक्ष्य**

- प्रतिस्पर्धी र उद्यमशील जनशक्ति उत्पादन गरी समृद्धि हासिल गर्ने ।

**उद्धेश्यहरु**

- गुणस्तरिय शिक्षामा समतामूलक पहुँच स्थापित गर्नु ।
- प्राविधिक, व्यवसायिक, शिपयुक्त एवं व्यवहारिक शिक्षाको विकास एवं विस्तार गर्नु ।
- स्थानीय भाषा, कला र साहित्यको सम्वर्द्धन, प्रवर्द्धन र विकास गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| आधारभूत सुविधा सहितको शैक्षिक पूर्वाधारको विकास गर्ने । | ▪ गाउँपालिकाको १ विद्यालयमा नमुना विद्यालय परियोजना लागु गरिने छ ।<br>▪ सरकारी विद्यालयहरुलाई आवश्यक भवन निर्माण र फर्निचरको व्यवस्था गरिने छ ।<br>▪ विद्यालयहरुमा पुस्तकालय तथा प्रयोगशालाहरु स्थापना गरी शिक्षण सिकाईको लागि सुलभ वातावरण तयार गरिने छ । |
| शिक्षामा समतामूलक पहुँच स्थापित गर्ने । | ▪ गरिब तथा जेहन्दार छात्राहरुलाई आधारभूत तथा अन्य तहको छात्रबृत्ति र सहयोग गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ▪ गाउँपालिकाका स्थायी बासिन्दा बालबालिकालाई प्राविधिक उच्च शिक्षामा आंशिक छात्रबृत्ति उपलब्ध गराई प्राविधिक शिक्षामा पहुँचको लागि सहयोग गरिनेछ ।<br>▪ आधारभूत तहमा स्थानीय पाठ्यक्रम र भाषा पठन पाठनको व्यवस्था मिलाईने छ ।<br>▪ वार्षिक रुपमा विद्यालय भर्ना अभियान संचालन गरिनेछ । |
| शिक्षण सिकाइमा गुणस्तर तथा संस्थागत व्यवस्थापन सुधार गर्ने | ▪ विद्यालयमा सिकाई सुधार कार्यक्रम लागू गरिनेछ ।<br>▪ कक्षा ३ र ५ को आधारभूत साक्षरता मापन गरी सिकाई सक्षमता बृद्धिको लागि पहल गरिनेछ ।<br>▪ विद्यालयको व्यवस्थापन र शैक्षिक गुणस्तर सुधारको लागि अनुसन्धान र विकासका कार्यक्रम गरिने छ।<br>▪ सामुदायिक क्याम्पसलाई संचालनको लागि अनुदान सहयोग उपलब्ध गराईने छ ।<br>▪ आर्थिक रुपमा कमजोर विद्यालयहरुलाई संचालन तथा शिक्षक दरबन्दी सहयोग उपलब्ध गराईने छ ।<br>▪ बालविकास केन्द्रहरुलाई संचालन अनुदान उपलब्ध गराईने छ ।<br>▪ विद्यालयको सुपरिवेक्षण, अनुगमन र मूल्यांकन कार्यलाई निरन्तरता दिईने छ । |
| प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तार गर्ने । | ▪ गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुमा प्राविधिक धारको पठनपाठन गरिने छ ।<br>▪ प्राविधिक शिक्षाको अध्ययन अध्यापनको लागि आवश्यक जनशक्ति र पूर्वाधारहरुको व्यवस्था गरिने छ । |
| शिक्षकहरुको पेशागत क्षमता तथा बालबालिकाको शैक्षिक विकासमा अभिभावकको भूमिकामा सुधार ल्याउने । | ▪ अभिभावक शिक्षा कार्यक्रम संचालन गरिने छ ।<br>▪ शिक्षकहरुको लागि पेशागत क्षमता विकास तालिम संचालन गरिनेछ ।<br>▪ उत्कृष्ट शिक्षक तथा विद्यार्थीहरुलाई पुरस्कार उपलब्ध गराई प्रोत्साहन गरिनेछ ।<br>▪ शिक्षकहरुको विचमा अनुभव साटासाट र सफल अभ्यासहरुको आदान प्रदान कार्यक्रम संचालन गरिनेछ । |
| स्थानीय भाषा, कला र साहित्यको सम्वर्द्धन, प्रवर्द्धन र विकास गर्ने । | ▪ स्थानीय आदिवासी र जनजातिहरुको भाषा, कला र साहित्यको सम्वर्द्धन, प्रवर्द्धन र विकास गर्नको लागि नीति तर्जुमा गरी आवश्यक कार्यक्रमहरु गरिने छ । |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | छात्रवृत्तिको कार्यक्रम | | एकमुष्ठ | १५०० | गापा |
| २ | दरबन्दी अनुसार शिक्षक पदपूर्ति | | एकमुष्ठ | ५००० | गापा/प्रस |
| ३ | लक्षित वर्ग अनौपचारिक कक्षाहरु संचालन | | एकमुष्ठ | ७०० | गापा/प्रस |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| ४ | सामुदायिक विद्यालय घेरावार | संख्या | ५ | ४००० | गापा/प्रस |
| ५ | विद्यालयमा विद्युतीय सामाग्री जडान | संख्या | १० | २००० | गापा |
| ६ | विद्यालयको भवन निर्माण | | एकमुष्ठ | २०००० | गापा/प्रस |
| ७ | नमुना विद्यालय परियोजना | | एकमुष्ठ | १०००० | गापा/प्रस/संघ |
| ८ | विद्यालयमा फर्निचरको व्यवस्थापन | | एकमुष्ठ | २००० | गापा |
| ९ | विद्यालयको भवन मर्मत संभार | | एकमुष्ठ | ४००० | गापा/प्रस |
| १० | वालविकास केन्द्रको भौतिक संरचना निर्माण | संख्या | ४ | २००० | गापा/प्रस |
| ११ | विद्यालय खेल सामाग्रीको व्यवस्थापन | | एकमुष्ठ | १००० | गापा |
| १२ | सामुदायिक पुस्तकालयको व्यवस्थापन | संख्या | २ | २००० | गापा/प्रस |
| १३ | विज्ञान प्रयोगशाला निर्माण | संख्या | ३ | १५०० | गापा/प्रस |
| १४ | विद्यालय कम्प्युटर खरिद | संख्या | ५० | २५०० | गापा/प्रस |
| १५ | स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक तयारी | संख्या | ५ | १००० | गापा |
| १६ | विद्यालय सुधार योजना तर्जुमा | संख्या | १ | १००० | गापा/प्रस |
| १७ | सामुदायि विद्यालयमा इन्टरनेट पूर्वाधर जडान | | एकमुषठ | १००० | गापा/प्रस |
| १८ | अनाथ वालवालिका सहायता कार्यक्रम | | एकमुष्ठ | १००० | गापा/प्रस |
| १९ | स्थानीय भाषाको पाठ्यक्रम तयारी | सख्या | १ | १००० | गापा/प्रस |
| २० | सन्थाल र राजवंशी संग्राहलय | संख्या | २ | २००० | गापा/प्रस |
| २१ | अभिभावक शिक्षा कार्यक्रम | संख्या | ५ | १००० | गापा/प्रस |
| २२ | शिक्षा उपसमिति र विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि | संख्या | ५ | ५०० | गापा/प्रस |
| २३ | विद्यालयमा वालमैत्री, अपाङ्गता मैत्री र महिला मैत्री संरचना विकास । | | एकमुष्ठ | २००० | गापा/प्रस |
| २४ | अभिभावक शिक्षा कार्यक्रम | संख्या | ५ | १००० | गापा/प्रस |
| २५ | विद्यालय भर्ना अभियान | संख्या | ५ | ५०० | गापा/प्रस |
| २६ | उत्कृष्ट विद्यार्थी र शिक्षक पुरस्कार कार्यक्रम | | एकमुष्ठ | ५०० | गापा/प्रस |
| २७ | शिक्षक अनुभव आदान प्रदान कार्यक्रम | संख्या | ५ | १००० | गापा/प्रस |
| २८ | शिक्षक शैक्षिक भ्रमण | संख्या | ५ | १००० | गापा/प्रस |
| २९ | सामुदायिक विद्यालय छात्रा मैत्री शौचालय निर्माण | संख्या | ५ | १००० | गापा/प्रस |
| ३० | व्यवहारिक शिक्षा कार्यक्रम (हप्ताको १ दिन शुक्रवार) (सबै विद्यालयमा) | सख्या | २१ | ५००० | गापा |
| ३१ | छात्रावास सहितको एकिकृत विद्यालय निर्माण | संख्या | १ | १५००० | गापा/प्रस |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| जम्मा | | | | ९३७०० | |

### ५.२.५ अपेक्षित उपलब्धि

- साक्षरता दर ९०% प्रतिशत पुगेको हुने ।
- आधारभूत तहको खुद भर्ना दर ९७% प्रतिशत पुगेको हुनेछ ।
- माध्यमिक तहको (९-१०) खुद भर्ना दर ८०% पुगेको हुनेछ ।
- विद्यालयमा रहने औसत अवधि ८ बर्ष पुगेको हुनेछ ।
- विद्यालय छाडने दरमा उल्लेख्य कमी आएको हुनेछ ।
- स्थानीय पाठ्यक्रम निर्माण भई लागू भएको हुनेछ ।
- हरेक माध्यामिक तहको विद्यालयमा, स्मार्ट बोर्ड, कम्प्यूटर ल्याव र विज्ञान प्रयोगशाला स्थापना भएको हुनेछ ।
- एस.इ.इ. परीक्षामा सबै विद्यार्थी “वी” भन्दा माथिको श्रेणीमा उतीर्ण भएको हुनेछ ।
- सबै शिक्षकहरुले पेशागत तालिम प्राप्त गरेका हुनेछ ।
- दरबन्दी अनुसार शिक्षकहरुको पदपूर्ती भएको हुनेछ ।
- अनौपचारिक शिक्षा मार्तफ प्रौढहरुको साक्षरता दर बढेको हुनेछ ।

### ५.२.६ अनुमान तथा जोखिम पक्ष

- स्थानीय शैक्षिक संस्थाहरुमा आवश्यक जनशक्तिहरुको पदपूर्ती हुनुपर्ने ।
- स्थानीय शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधारको स्तरोउन्नती हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र संघीय सरकारबिच गाउँपालिकाको शैक्षिक विकासमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- गाउँपालिकाको शिक्षामा लगानी वृद्धि गर्नुपर्ने ।
- हरेक माध्यामिक तहको विद्यालयमा कम्प्यूटर ल्याव र विज्ञान प्रयोगशाला स्थापना गर्नुपर्ने ।
- गाउँपालिका, विद्यालय व्यवस्थापन समिति र अभिभावक बिच समन्वय र सहकार्य भएको हुनुपर्ने ।

## ५.३ खानेपानी तथा सरसफाई

### ५.३.१ पृष्ठभूमि

खानेपानी गाउँपालिकावासीको आधारभूत आवश्यक्ता हो । ट्यूववेल र भूमिगत स्रोतहरु मार्फत धारा/पाइपबाट बितरण हुने पानी गाउँपालिकावासीको खानेपानीको मुख्य स्रोतहरु हुन् । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कलाई हेर्दा कमल गाउँपालिकामा बसोबास गर्ने कुल १३१६५ घरधुरी मध्ये सबैभन्दा बढी ५१.९४% घरधुरीहरु ट्युववेल/हातेपम्पको पानी प्रयोग गर्दछन् । त्यस्तै ४७.२४% घरधुरीमा खानेपानी

आयोजनाहरु मार्फत वितरण हुने धारा/पाईपको पानी पुगेको देखिन्छ । जसमध्ये ३४.९% घरधुरीमा धार/पाइपबाट वितरण हुने पानीको पहुँच घर परिसर भित्र छ भने १२.३% घरधुरीमा भने धारा/पाईएबाट वितरण हुने पानी घर परिसर बाहिर छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार कमल गाउँपालिकामा ५८% घरधुरीले फ्लस भएको शौचालय (सेप्टिक ट्यांकी) प्रयोग गर्ने गरेको देखिन्छ भने ३९.३% ले खाल्टे चर्पी प्रयोग गर्ने गर्दछन् । त्यसैगरी २४ घरधुरीले (०.२%) सार्वजनिक शौचालय प्रयोग गर्ने गर्दछन् । समग्रमा हेर्दा ९८% भन्दा बढी घरधुरीले कुनै न कुनै प्रकारको शौचालय प्रयोग गर्ने गरेको देखिन्छ ।

### ५.३.२ समस्या तथा चुनौती

**समस्याहरु**

- प्राकृतिक एवं मानवजन्य कारणले पानीका श्रोत तथा मुहानहरूमा ह्रास आएको ।
- जनचेतनाको कमि हुनु ।
- सम्पूर्ण घरधुरीमा धाराको पानी वितरण नहुनु ।
- खानेपानी वितरण मापदण्ड अनुसार नहुनु ।
- स्वच्छ खानेपानीको व्यवस्था नहुँदा पानीजन्य रोगहरू वढ्नु ।
- व्यक्तिगत तथा सामुदायिक सरसफाइको अभ्यास कमजोर हुनु ।
- फोहोरमैलाको दीर्घकालीन व्यवस्था नभएको ।

**चुनौतीहरु**

- “एक घर एक धारा” नीतिको प्रभावकारी कार्यान्वयन गर्नु ।
- स्वच्छ पानीको वितरण गर्नु ।
- स्थानीय खानेपानीका मुहान र स्रोतहरुको संरक्षण गर्नु ।
- खानेपानी प्रणालीको दीगो व्यवस्थापन गर्नु ।
- सरसफाइको अभ्यास वढाउनु ।
- फोहोरमैला संकलनको व्यवस्था सबै वडा र घरधुरीमा पुर्‍याउनु ।
- स्थाई फोहोरमैला प्रसोधन केन्द्रको पूर्वाधार तयार गर्नु ।

### ५.३.३ संभावना तथा अवसर

**संभावनाहरु**

- भूमिगत स्रोत मार्फत खानेपानी आयोजनाहरु संचालन गर्न सकिने ।
- “एक घर एक धारा” नीतिको प्रभावकारी कार्यान्वयन भै सबै घरधुरीमा खानेपानीको पहुँच स्थापित स्थापि गर्न सकिने ।
- आधुनिक फोहोरमैला प्रसोधन केन्द्रको निर्माण गरी फोहोरमैलाको दीर्घकालीन व्यवस्थापन गर्न सकिने ।

**अवसरहरु**

- भूमिगत खानेपानी आयोजना संचालन गर्न सकिने ।

- नागरिकमा सचेतना स्तर राम्रो रहेकोले घरधुरी तथा सार्वजनिक सरसफाईको सफल अभियान संचालन गर्न सकिने ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

- गुणस्तरीय खानेपानी र स्वच्छ गाउँपालिका, हाम्रो प्रतिवद्धता ।

**लक्ष्य**

- स्वच्छ खानेपानी र सरसफाईको व्यवस्था गर्नु ।

**उद्धेश्य**

- सम्पूर्ण घरधुरीमा स्वच्छ खानेपानीको पहुँच स्थापित गरी नियमित सरसफाईको व्यवस्था गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| एक घर एक धाराको अवधारणा अनुसार स्वच्छ खानेपानी उपलब्ध गराउने । | ▪ विद्यमान खानेपानी आयोजनाहरुको मर्मत संभार र स्तरोउन्नती गरिने छ ।<br>▪ नयाँ भूमिगत खानेपानी आयोजनाको संभाव्यता अध्ययन गरि आवश्यक आयोजनाहरुको विकास गरिने छ ।<br>▪ खानेपानी वितरण नपुगेको वडा र टोलहरुमा खानेपानीको नेटवर्क विस्तार गरिने छ ।<br>▪ गरिब, पिछडिएका र स्थानीय आदिवासी समुदायहरुलाई स्वच्छ खानेपानीमा पहुँच स्थापित गर्न ट्यूववेल जडान र फिल्टर खरिदमा अनुदानको व्यवस्था गरिने छ ।<br>▪ मुख्य बजार र चौकहरुमा सार्वजनिक धाराको व्यवस्था गरिने छ ।<br>▪ खानेपानी उपभोक्ता समितिहरुलाई प्राविधिक सहयोग उपलब्ध गराई क्षमता अभिवृद्धि गरिने छ । |
| फोहोरमैलाको दीर्घकालीन व्यवस्थापनका गरी सरसफाइको अभ्यास वढाउने । | ▪ गाउँपालिकाका मुख्य बजार क्षेत्रका घरहरुबाट फोहोरमैलाको नियमित संकलन गर्ने व्यवस्था गरिने छ।<br>▪ मुख्य बजार र चोकहरुमा सार्वजनिक शौचालय र डस्टविनको व्यवस्था गरिने छ ।<br>▪ फोहोरमैलाको दीर्घकालीन समाधानको लागि आधनिक फोहोरमैला प्रसोधन केन्द्रको संभाव्यता अध्ययन गरी संभावनाको आधारमा प्रसोधन केन्द्रको पूर्वाधार विकास गरिने छ ।<br>▪ फोहोरमैलालाई स्रोतमै व्यवस्थापनको लागि सचेतना कार्यक्रम संचालन गरिने छ ।<br>▪ सरसफाई सम्बन्धि सचेतना कार्यक्रमहरु संचालन गरिने छ ।<br>▪ खानेपानीबाट उत्पन्न हुने रोगहरु निर्मूल गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिने छ । |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | खानेपानीका श्रोतहरुको संरक्षण | | एकमुष्ठ | १००० | गापा |
| २ | एक घर एक धारा कार्यक्रम | | एकमुष्ठ | १०००० | गापा/प्रस |
| ३ | खानेपानीका विद्यमान संरचनाहरु मर्मतसंभार | | एकमुष्ठ | २००० | गापा/प्रस |
| ४ | खानेपानी आयोजना संभाव्यता अध्ययन | संख्या | १ | १००० | गापा/प्रस |
| ५ | खानेपानी प्रशोधन तथा वितरण प्रणाली विस्तार (वडा नं १, ४ ,६ र ७) | संख्या | ४ | ४०००० | गापा/प्रस |
| ६ | खानेपानी अपुग भएका वडा र वस्तीहरुको लागि संभाव्यता अध्ययनको आधारमा ओभरहेड ट्याङ्की सहितको नयाँ खानेपानी आयोजना निर्माण गर्ने । | वडा नं १, ४, ६ र ७ | ४ | डिपिआर अनुसार | गापा/प्रस/संघ |
| ७ | खानेपानी फिल्टर प्लान्ट (वडा नं १, ४, ६ र ७) | सख्या | ४ | २०००० | गापा/प्रस |
| ८ | खानेपानी उपभोक्ता समितिहरुलाई प्राविधिक सहयोग उपलब्ध | | एकमुष्ठ | १००० | गापा/प्रस |
| ९ | खानेपानी आपूर्ती व्यवस्थापन कोष | | एकमुष्ठ | ५००० | गापा/प्रस |
| १० | मुख्य बजार केन्द्रहरुमा सार्वजनिक शौचालयहरुको निर्माण | संख्या | ५ | ५००० | गापा/प्रस |
| ११ | सरसफाई सम्बन्धि सचेतना कार्यक्रम | संख्या | ५ | १००० | गापा |
| १२ | लक्षित वर्ग घरधुरीमा ट्युवेल र फिल्टर अनुदान कार्यक्रम | | एकमुष्ठ | १००० | गापा/प्रस |
| १३ | एक घर एक कम्पोष्ट विन वितरण | संख्या | एकमुष्ठ | १००० | गापा |
| १४ | घुम्ती शौचालय निर्माण (वडा नं १ र ३) | संख्या | २ | ३००० | गापा/प्रस |
| १५ | संघन वस्ती ढल संजाल निर्माण | | एकमुष्ठ | ८००० | गापा/प्रस |
| १६ | सरसफाई कर्मचारी व्यवस्थापन | | एकमुष्ठ | २००० | गापा |
| १७ | प्लाष्टिक झोला निषेध गरी वैकल्पिक झोला प्रवर्द्धन कार्यक्रम | संख्या | १० | १००० | गापा |
| १८ | खानेपानी तथा सरसफाई गुरुयोजना | सख्या | १ | ८०० | गापा |
| १९ | लक्षित वर्ग शौचालय निर्माण अनुदान | संख्या | २०० | २००० | गापा/प्रस |
| जम्मा | | | | १०४८०० | |

## ५.३.५ अपेक्षित उपलब्धि

- खानेपानी तथा सरसफाइ गुरुयोजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ ।
- खानेपानीको श्रोतहरुको संरक्षण भएको हुनेछ ।

- सबै घर परिवारमा पाइपद्वारा खानेपानी वितरण भै एक घर एक धारा भएको हुनेछ ।
- खानेपानी नपुगेका वडा र वस्तीहरुमा नयाँ खानेपानी आयोजना निर्माण भएको हुनेछ ।
- सबै घरमा व्यवस्थित चर्पी हुनेछ ।
- सरसफाइको अवस्थामा उल्लेख्य सुधार भएको हुनेछ ।
- मुख्य बजार र शहरी क्षेत्रहरुमा सार्वजनिक शौचालयको निर्माण भएको हुनेछ ।
- खानेपानी र सरसफाई सम्बन्धि जनचेतनाको विकास भएको हुनेछ ।
- स्थानीय घरधुरीबाट निस्कने फोहोरहरु स्रोतमै व्यवस्थापन हुने प्रकयाको थालनी भएको हुनेछ ।
- गाउँपालिकाका मुख्य वस्ती र बजारहरुमा सम्पूर्ण घरधुरीबाट नियमित रुपमा फोहोरमैला संकलन भएको हुनेछ ।
- मुख्य बजार र शहरी क्षेत्रमा ढल निर्माण भएको हुनेछ ।
- लक्षित वर्गमा शौचालय र खानेपानीको व्यवस्था भएको हुनेछ ।

### ५.३.६ अनुमान तथा जोखिम पक्ष

- प्रत्येक घरधुरीमा धाराको पानी वितरण भएको हुनुपर्ने ।
- आवश्यक जनशक्ति र प्राविधिकहरुको व्यवस्था हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र संघीय सरकारबिच गाउँपालिकामा खानेपानी वितरण र सरसफाईमा आवश्यक समन्वय र सहकार्य भएको हुनेछ ।
- गाउँपालिकाले खानेपानी वितरण र सरसफाइमा आवश्यक बजेटको व्यवस्था गरेको हुनुपर्ने

## ५.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### ५.४.१ पृष्ठभूमि

नेपालको सन्दर्भमा सामाजिक वन्चितिकरणले सामाजिक विकास क्रमसंगै बर्षौदेखि जातजाति, लिंग, उमेर तथा धर्मका आधारमा विभेद गरिएका कारण पछाडी परेका वा पारिएका समुहहरुको अवस्थालाई चित्रण गर्दछ । यस्ता लक्षित वर्गहरुमा महिला, दलित, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, १६ बर्ष सम्मका उमेर समुहका वालिवालिकाहरु र ६० बर्ष माथिका जेष्ठ नागरिकहरु, अपांगता भएका व्यक्तिहरु तथा भौगोलिक रुपले दुर्गम क्षेत्रमा वसोबास गर्ने जनतालाई लिईएको छ । कमल गाउँपालिकामा पुरुषको संख्या २५४२६ (४७.२%) र महिलाको संख्या २८४६८ (५२.८%) छ भने समग्र लैंगिक अनुपात ८९.३ रहेको छ । तर गाउँपालिकामा ५ बर्ष मुनिका बालवालिकाहरुको लैंगिक अनुपात भने १०४.२३ छ किनकी ०-४ बर्ष उमेर समुहमा बालकको संख्या २०६१ छ भने बालिकाको संख्या १९३४ छ । गाउँपालिकाको जनसंख्याको उमेरगत समुहको वनावटलाई हेर्दा सबैभन्दा बढी जनसंख्या ०५-०९ बर्ष उमेर समुहमा ८.८९% छ भने सबैभन्दा कम ९५ बर्ष भन्दा माथिको समुहमा ०.०७% (३७ जना) जनसंख्या रहेको छ । जनसंख्याको सक्रिय उमेर समुह (१५-६४) लाई हेर्दा ६६.०२% जनसंख्या रहेको देखिन्छ भने ००-१४ बर्ष उमेर समुहमा २४.८२% जनसंख्या छ ।

गाउँपालिकामा ब्राम्हण-पहाडको जनसंख्या सबैभन्दा बढी २४.८८% र दोस्रोमा क्षेत्रीहरुको जनसंख्या २०.५६% छ । दलित जनजाती अन्तर्ग विश्वकर्मा ३.९५%, परियार २.५९% र सुनुवार ०.३१% छन् भने स्थानीय आदिवासी अन्तर्गत सन्थाल ३.६४%, ताजपुरिया २.२४%, धिमाल १.७२% र राजवंशी १.३१% छन् । गाउँपालिकाको कुल जनसंख्या मध्ये ९७.९% प्रतिशत जनसंख्यामा कुनैपनि प्रकारको अपांगता छैन । घरजग्गा दुवै महिलाको नाममा भएको घरपरिवार गाउँपालिका भित्र केवल १६.६% छ । गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था हेर्दा गाउँपालिकामा कार्यरत ५१ जना कर्मचारीहरुमा १७ जना (३३.३३%) महिला छन भने ३७ जना जनप्रतिनिधिहरु मध्ये १५ जना (४०.५४%) महिला छन् ।

### ५.४.२ समस्या तथा चुनौती

**समस्याहरु**

- शिक्षा, स्वास्थ्य लगायत सेवामा महिलाको कमजोर पहुँच ।
- महिला नेतृत्व विकासको कमी ।
- महिलाको भूमिका औपचारिक आर्थिक कृयाकलापमा भन्दा घरायसी काममा बढी केन्द्रित हुनु ।
- महिला लक्षित कार्यक्रमको कमी ।
- महिला, अपाङ्गता तथा वाल मैत्री पूर्वाधारको कमी ।
- अशक्त तथा जेष्ठ नागरिकलाई असमान व्यवहार गर्ने प्रवृत्ति बढ्दो ।

**चुनौतीहरु**

- महिला, बालबालिका तथा वंचितिमा परेका वर्ग समुदायको क्षमता विकास गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्नु ।
- गाउँपालिका भित्रका समिति, उपसमिति, उपभोक्ता समितिहरू, सामुदायिक संस्था तथा लाभग्राही संस्थाहरूमा यस वर्ग र समुदायको प्रतिनिधित्व कायम राख्नु ।
- अर्थपूर्ण सहभागिता र निर्णयमा पहुँच स्थापित गर्नु ।
- वाल मैत्री स्थानीय शासन पूर्ण रुपमा लागू गर्नु ।
- अपाङ्ग र जेष्ठ नागरिक मैत्री पूर्वाधारको विकास गर्नु ।
- आर्थिक तथा सामाजिक जिवनमा लैङ्गिक समानता कायम गर्नु ।
- पारिवारिक र सामाजिक मूल्य मान्यता तथा लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु ।
- स्थानीय पिछडिएका र ग्रामिण वस्तीहरुका महिलाको जीवन स्तरमा सुधार ल्याउनु ।
- महिला माथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु ।

### ५.४.३ संभावना तथा अवसर

**संभावनाहरु**

- स्थानीय स्रोत साधनहरुबाट महिला, बालबालिका र अन्य लक्षित वर्गहरुको आर्थिक र सामाजिक सशक्तिकरण गर्न सकिने ।
- महिला तथा बालबालिका र अन्य लक्षित वर्गहरुको उत्थानको लागि कार्यक्रमहरु गर्न प्रदेश तथा संघ र अन्य विकास साझेदारहरुसंग सहकार्य र साझेदारी गर्न सकिने ।

- शिक्षा, स्वास्थ्य लगायत सेवामा महिला, बालबालिका तथा लक्षित वर्गको पहुँच स्थापित गर्न सकिने।
- महिला तथा पिछडिएका वर्गहरुको नेतृत्व विकास हुने ।
- महिला, बालबालिका तथा लक्षित वर्गहरुलाई समेटिएका कार्यक्रमहरु संचालन गर्न सकिने ।
- महिला, अपाङ्गता तथा वालमैत्री पूर्वाधारको निर्माण गर्न सकिने ।
- अशक्त तथा जेष्ठ नागरिकहरुको सम्मान हुने ।

**अवसरहरु**

- महिला, बालबालिका तथा अन्य लक्षित वर्गका सवालहरु सम्बन्धमा विश्वव्यापी ऐक्यवद्धता रहेको र दिगो विकास लक्ष्यको प्राथमिकता प्राप्त क्षेत्रहरुको रुपमा स्थापित भएको ।
- महिला बालबालिका एवं अन्य लक्षित वर्गको हकहित र सुरक्षाका लागि संघ, प्रदेश र स्थानीय तहमा कानुनी व्यवस्था यथेष्ट रहेको ।
- यस क्षेत्रसंग सम्वन्धित सरोकारवाला निकायहरुको सचेतना स्तरको विकास र सहकार्यको अभिवृद्धि देखिएको।
- महिला बालबालिका तथा अन्य लक्षित वर्गहरुको लागि कार्यक्रम तथा बजेट विनियोजनमा सबै पक्षको सकारात्मक धारणा रहेको ।

### ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

- कमलको सभ्यता, न्यायपूर्ण समाज र सामाजिक सौहार्दता ।

**लक्ष्य**

- सामाजिक न्यायमा आधारित सभ्य समाजको निर्माण गर्ने ।

**उद्धेश्य**

- समावेशि र समतामूलक समाजको निर्माण गर्ने ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| महिला तथा लैंगिक अल्पसंख्यक हिंसामुक्त समाजको निर्माण गरी लैंगिक समानता कायम गर्ने | ▪ महिला, वालवालिका तथा लक्षित वर्गलाई सामाजिक आर्थिक विकासको मूल प्रवाहमा समाहित गरिने छ ।<br>▪ वंचितिकरण र भेदभावमा परेका वर्ग र समुदायको सशक्तीकरण गरी विकास प्रक्रियामा सहभागिता वढाइने छ ।<br>▪ बालबालिका र किशोर किशोरीको श्रृजनशीलताको विकास गरिने छ ।<br>▪ अपाङ्गता भएका व्यक्तिको संरक्षण र क्षमता विकास गरी अवसरमा पहुँच वढाइने छ ।<br>▪ जेष्ठ नागरिकको संरक्षण गर्दै सम्मानपूर्ण जीवनको अनुभूति दिलाइने छ।<br>▪ लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिको अवलम्वन गरिने छ ।<br>▪ लैंगिक हिंसा न्यूनिकरणका उपायहरु खोजी कार्यान्वयन गरिनेछ ।<br>▪ महिलाहरुको क्षमता तथा सीप विकासका कार्यक्रमहरु संचालन गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| | ▪ महिला आत्म रक्षाका तालिम तथा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । |
| बाल अधिकारको संरक्षण गर्दै विकासमा बालबालिकाको अर्थपूर्ण सहभागिता बढाउने । | ▪ बालहिंसा विरुद्धको सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।<br>▪ बाल क्लव गठन र बालबालिकाको क्षमता अभिबृद्धको लागि पहल गरिनेछ ।<br>▪ गाउँपालिका स्तरमा बाल प्रतिभा भेला संचालन गरी ग्रामिण क्षेत्रका बालबालिकाहरुको सहभागिता सुनिश्चित गरिने छ । |
| दलित, उत्पीडित र स्थानीय आदिवासी वर्गको सशक्तिकरण गरी विकासमा समानुपातिक सहभागिता अभिबृद्धि गर्ने । | ▪ दलित तथा उत्पीडित र स्थानीय आदिवासीहरुको सशक्तिकरण र क्षमता विकासको लागि पहल गरिनेछ ।<br>▪ दलित र आदिवासी समुदायको परम्परागत पेशा संरक्षण गरिनेछ ।<br>▪ दलित बालबालिकाहरुको लागि उच्च शिक्षा छात्रबृत्ति उपलब्ध गराईने छ ।<br>▪ गाउँपालिकाका मजदुरहरुलाई परिचयपत्र उपलब्ध गराईनेछ । |
| जेष्ठ नागरिकहरुलाई आधारभूत सेवामा पहुँच अभिबृद्धि गराउने । | ▪ जेष्ठ नागरिकहरुको लागि घुम्ती स्वास्थ्यकर्मी परिचालन गरिनेछ ।<br>▪ जेष्ठ नागिरकहरुलाई वार्षिक रुपमा लुगा, औषधी र आकस्मिक उपचार आदिको व्यवस्था मिलाईनेछ । |
| अपांगता भएको नागरिकहरुको सशक्तिकरण र विकासमा सहभागिता बढाउने। | ▪ अपाङ्गता भएको व्यक्तिहरुलाई आयआर्जनका उपयुक्त सीप तथा व्यवसाय संचालनमा सहयोग गरिने छ ।<br>▪ अपाङ्गता भएको व्यक्तिहरुलाई सम्मान संरक्षण र स्वास्थ्य उपचार सहयोगको व्यवस्था मिलाईने छ । |
| आदिवासी जनजातिहरुको सशक्तिकरण र विकासमा सहभागिताबढाउने । | ▪ आदिवासी जनजातिहरुको सीप तथा क्षमता विकासका तालिमहरु संचालन गरिनेछ । |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | महिला हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम | सख्या | १० | २५०० | गापा |
| २ | महिला कानुनी, सामाजिक तथा नेतृत्व विकास र सचेतना कार्यक्रम | संख्या | १० | १५०० | गापा/प्रस |
| ३ | किशोरी आत्मरक्षा कार्यक्रम | संख्या | ५ | २००० | गापा |
| ४ | महिला लोकसेवा/शिक्षक सेवा तयारी कक्षा संचालन | संख्या | १० | २००० | गापा |
| ५ | लैङ्गिक हिंसा न्यूनिकरण कार्यक्रम | संख्या | १० | २००० | गापा/प्रस |
| ६ | महिला जनप्रतिनिधि क्षमता विकास कार्यक्रम | संख्या | ५ | २००० | गापा/प्रस |
| ७ | महिला क्षमता अभिबृद्धि तथा सशक्तिकरण कार्यक्रम | संख्या | ५ | २००० | गापा/प्रस |
| ८ | बाल क्लव व्यवस्थापन सहयोग | | एकमुष्ठ | २००० | गापा |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| ९ | बाल क्लव र क्षमता विकास कार्यक्रम | संख्या | ५ | २००० | गापा/प्रस |
| १० | बालमैत्री स्थानीय शासनको लागि पूर्वाधार | | एकमुष्ठ | २००० | गापा/प्रस |
| ११ | बाल क्लव र बाल संजाल गठन तथा संचालन सहयोग | | एकमुष्ठ | २००० | गापा |
| १२ | अपांगता भएका व्यक्तिहरुको परिचय पत्रमा पहुँच कार्यक्रम | संख्या | ५ | ५०० | गापा/प्रस |
| १३ | आर्थिक रुपले विपन्न, असहाय र अपांगता भएका व्यक्ति तथा परिवारलाई आवश्यक राहतका कार्यक्रम संचालन गर्ने । | संख्या | ३ | १५०० | गापा/प्रस |
| १४ | गाँउपालिका स्तरीय बाल प्रतिभा भेला | संख्या | ५ | १००० | गापा/प्रस |
| १५ | दलित, आदिवासी, उत्पीडित वर्ग क्षमता विकास कार्यक्रम | संख्या | ५ | २००० | गापा/प्रस |
| १६ | दलित, आदिवासी, उत्पीडित वर्ग जिविकोपार्जन कार्यक्रम | संख्या | ५ | २००० | गापा/प्रस |
| १७ | मजदुर पंजीकरण र परिचय पत्र वितरण कार्यक्रम | संख्या | ५ | ५०० | गापा |
| १८ | जेष्ठ नागरिकद्वारा पुस्ता हस्तान्तरण कार्यक्रम | संख्या | ५ | ५०० | गाप |
| १९ | जेष्ठ नागरिकको लागि घुम्ती स्वास्थ्यकर्मी परिचालन | संख्या | ५ | १००० | गाप |
| २० | जेष्ठ नागरिक लुगा वितरण | संख्या | ५ | ५०० | गाप |
| २१ | जेष्ठ नागरिक औषधी तथा आकस्मिक सहयोग | संख्या | ५ | १००० | गाप |
| २२ | जेष्ठ नागरिक चौतारी निर्माण (सबै वडा) | सख्या | १० | १०००० | गापा/प्रस |
| २३ | विद्यालय बाहिर रहेका अपाङ्गता भएका व्यक्तिहरुलाई विद्यालय भर्ना गराउने कार्यक्रम | संख्या | ५ | ५०० | गाप |
| २४ | अपांगता भएको व्यक्ति सम्मान तथा संरक्षण कार्यक्रम | संख्या | ५ | ५०० | गाप |
| २५ | अपाङ्गता भएको व्यक्ति आय आर्जन तथा सिपमूलक तालिम | संख्या | ५ | ५०० | गाप |
| २६ | अपांगता भएको व्यक्ति स्वास्थ्य विमा कार्यक्रम | संख्या | ५ | १००० | गाप |
| २७ | विपन्न नागरिक स्वास्थ्य विमा तथा आर्थिक सहयोग कार्यक्रम | संख्या | ५ | २००० | गापा/प्रस |
| २८ | अपांगता भएका व्यक्तिहरुलाई कृतिम अंग र ह्विल चयेर प्रदान गर्ने । | | एकमुष्ठ | १००० | गापा/प्रस |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| २९ | अटिजम भएका वालवालिकाहरुका लागी अटिजम सेन्टर निर्माण गर्ने | संख्या | १ | १०००० | गापा/प्रस |
| ३० | महाराजथान पूर्वाधार निर्माण | सख्या | १ | १०००० | गापा |
| जम्मा | | | | ६८००० | |

### ५.४.५ अपेक्षित उपलब्धि

- महिला सचेतनामा वृद्धि भएको हुने छ ।
- सरकारी सेवा तथा उद्यम व्यवसायमा महिला विपन्न र सीमान्तकृतको उपस्थिति बढ्ने छ ।
- अपाङ्गता भएका व्यक्तिहरूका कठिनाइहरू न्यूनिकरण हुने छ ।
- सामाजिक भेदभाव तथा थिचोमिचोमा कमी आउने छ ।
- जेष्ठ नागरिकको उचित सुरक्षा र सम्मानको प्रबन्ध हुने छ ।
- लक्षत वर्गको सामाजिक समावेशीकरणको अवस्थामा सुधार भएको हुनेछ ।

### ५.४.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक सवावेशीकरण नीति तर्जुमा भएको हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृ निकायहरुको महिला, बालाबलिका तथा लक्षित वर्गलाई नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिकाको सेवा प्रवाह समावेशी र लक्षित वर्ग मैत्री हुनुपर्ने ।
- गाउँपालिकाका सार्वजनिक स्थानहरुमा अपांगमैत्री पूर्वाधार विकास भएको हुनुपर्ने ।
- सुशासन, योजना तर्जुमा र कार्यान्वयनसंग सम्बन्धित आवश्यक ऐन कानुन र कार्यविधिहरु तर्जुमा भएको हुनुपर्ने ।
- गाउँपालिकाले महिला, वालवालिका तथा लक्षित वर्गको लागि पर्याप्त बजेटको व्यवस्था गरेको हुनुपर्ने।
- गाउँपालिका, प्रदेश र संघीय सरकारबिच महिला, वालवालिका तथा लक्षित वर्गको लागी आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।

## ५.५ युवा, खेलकुद तथा नवप्रवर्तन

### ५.५.१ पृष्ठभूमि

गाउँपालिकाको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा युवा वर्गको भूमिका महत्वपूर्ण हुने गर्दछ । साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवम् उच्च आत्मविश्वासका कारण यो वर्गलाई राष्ट्र

निर्माणको प्रमुख स्रोत समेत मानिएको छ । शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील युवाशक्ति विकास गरी जनसाङ्ख्यिक लाभको प्रवृत्तिलाई पुँजीकृत गर्दै गाउँपालिकाको समग्र विकास निर्माणमा लगाउन सकिएमा युवाहरूले गाउँपालिकाको मात्र नभएर समग्र देशकै सामाजिक एवम् आर्थिक विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्दछन् । स्वस्थ तथा अनुशासित नागरिक र समाजको सृजना गर्न खेलकुदलाई प्रमुख आधारको रूपमा लिइन्छ । गाउँपालिकाको प्रतिष्ठा वृद्धि गर्ने र विभिन्न सम्प्रदाय, भाषा तथा संस्कृति एवम् समुदायबीच एकता कायम गरी राष्ट्रिय विकासको अभियानमा एकजुट बनाउन खेलकुदको योगदान महत्वपूर्ण रहेको हुन्छ । गाउँपालिकाको खेलकुद क्षेत्रलाई विश्वव्यापी मूल्य र मान्यता अनुसार विकास गर्न गाउँपालिकाको विद्यमान साङ्गठनिक ढाँचामा समय सापेक्ष सुधार गर्ने तथा गाउँपालिकाको खेल क्षेत्रमा विकास गर्न सरकारी, गैरसरकारी एवम् नीजि क्षेत्रबीच समन्वय, सहकार्य एवम् साझेदारीको वातावरण सिर्जना गरी खेलकुदको विकास र विस्तार गर्दै यसलाई स्थानीय जनजीवनको अभिन्न अङ्ग बनाउने प्रयास गरिनु पर्दछ । खेलकुदको माध्यमबाट शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र नैतिकवान् मानव संशाधनको विकास गरी अनुशासित र मर्यादित समाज निर्माण गर्दै खेलकुदलाई व्यवसायिक रूपमा समेत स्थापित गर्न स्थानीय तहदेखि नै कार्यक्रम संचालन गरी "सबैको लागि खेलकुद" भन्ने अभियानलाई साकार पार्न गाउँपालिकामा खेलकुदसँग सम्बन्धित पूर्वाधार निर्माण, प्रशिक्षण, प्रतियोगिता र प्रोत्साहनका कार्यक्रमहरू संचालन गर्नुपर्ने देखिन्छ ।

गाउँपालिकाको वडा नं ५ मा सशस्त्र प्रहरीको गण छेउमा एक आदिवासी रंगशाला रहेको छ । उक्त रंगशालामा प्यारािटक र खेलकुदका आवश्यक अन्य पूर्वाधारहरु हालसम्म निर्माण हुन सकेक छैन । तरपनि स्थानीय, जिल्ला र प्रदेश स्तरका खेलकुद प्रतियोगिताहरु यसै रंगशालामा संचालन हुँदै आइरहेको छ । वडा नं ३ स्थित केर्खा बजारमा पनि एक खेल मैदान रहेको तर यसमा पनि खेलकुदको लागि आवश्यक पूर्वाधारहरु भने छैन । गाउँपालिका भित्रका अन्य खेल गतिविधिहरु स्थानीय विद्यालय र कलेजका चौरहरुमा हुने गरेको छ ।

### ५.५.२ समस्या तथा चुनौती

**समस्याहरु**

- युवा लक्षित नीति तथा कार्यक्रमहरु नतिजामुखी बन्न नसकेको ।
- खेलकुदको विकासका लागि पूर्वाधार, स्रोत र साधनको अभाव ।
- युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्नु ।
- युवाहरुको निरन्तर पलायन ।
- व्यावसायिक खेलकुद र खेल प्रशिक्षकको कमी ।
- स्थानीय युवा क्लव तथा खेलकुदसँग सम्बन्धित संस्थाहरुको न्यून आयस्रोत ।
- युवामा दक्षता र क्षमताको कमीका साथै उनीहरूलाई उद्यमशील, रोजगारीमूलक र स्वरोजगार बनाउन नसक्नु ।

**चुनौतीहरु**

- खेलकुद पूर्वाधारको निर्माण गर्नु ।
- स्थानीय युवाहरुलाई स्थानीय स्तरमै उद्यमशील कार्यमा प्रेरित गर्नु ।
- युवा प्रतिभा पलायन रोक्नु ।

- युवामा सकारात्मक सोचको निर्माण गर्नु ।
- स्थानीय स्तरमा सृजना गर्न सकिने रोजगारीका सम्भावनाहरूमा युवाहरूको आकर्षण बढाउनु ।
- युवालाई खेलकुद प्रति प्रोत्साहित गराउनु ।
- व्यावसायिक खेलकुदको विकास गर्नु ।
- खेलकुद प्रतियोगिताहरु नियमित रुपमा आयोजना गर्नु ।
- स्थानीय युवा क्लबहरुको क्षमता अभिवृद्धि गरी संस्थागत गर्नु ।

### ५.५.३ संभावना तथा अवसर

**संभावनाहरु**

- खेलकुद पूर्वाधार विकास गर्न स्थानहरु उपलब्ध हुने ।
- स्थानीय खेल प्रतिभाहरुको माध्यमबाट गाउँपालिकाको पहिचानमा थप योगदान हुने ।
- कृषि तथा गैर कृषि क्षेत्रमा युवा उद्यमशिलता तथा रोजगारीको अवसर सृजना गर्न सकिने ।
- युवाहरुलाई प्रेरित गरि राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी तथा खेलकुदको विकास गर्न सकिने ।
- स्थानीय युवायुवतीहरुलाई स्वस्थ्य र स्फूर्त गराउन सकिने ।
- स्थानीय स्तरमा खेलकुदको नियमित कार्यक्रम गरी स्थानीय खेल प्रतिभाहरुको पहिचान र विकास गर्न सकिने ।
- खेलकुदको माध्यमबाट समाजका सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायका बिच सामाजिक एकता, भाइचारा र सदभाव बढाउन सकिने ।

**अवसरहरु**

- युवाहरुको सिप तथा क्षमता विकासलाई गाउँपालिकाले एक रणनैतिक क्षेत्रको रुपमा लिएको ।
- युवा लक्षित कार्यक्रमहरुको लागि संघ तथा प्रदेशमा पनि समन्वय गर्न सकिने ।
- युवाहरुको लागि खेलकुद विकास गर्न खेल मैदानहरुको उपलब्धता रहेको

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

- उर्जावान र कर्मठशील युवा, हाम्रो सरोकार ।

**लक्ष्य**

- खेलकुद विकासको माध्यमबाट व्यवसायिक खेलको विकास गरी प्रतिभावान खेलाडीको उत्पादन मार्फत गाउँपालिकाको पहिचान र समृद्धिमा योगदान पुर्‍याउने ।

**उद्धेश्यहरु**

- युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु ।
- खेलकुद र खेलाडीको क्षमता बिकास गर्नु ।

**रणनीति र कार्यनिति**

| रणनीति | कार्यनीति |
|---|---|
| युवाहरुको सीप तथा क्षमता विकास गरी सक्षम र सीपयूक्त बनाउने । | ▪ युवाहरुलाई उद्यमशिलता विकास तालिममा सहभागी गराइनेछ ।<br>▪ युवाहरुको लागि उपयूक्त सीप विकास तालिम उपलब्ध गराईनेछ ।<br>▪ युवाहरुको क्षमता विकास र सशक्तिकरणका रचनात्मक कार्यहरु गरिनेछ ।<br>▪ युवाहरूको क्षमता विकास गरी रोजगारीको अभिवृद्धि गरिने छ । |
| गाउँपालिकामा खेलकुद प्रवर्द्धनको लागि पूर्वाधार विकास तथा खेलाडीहरुको क्षमता अभिबृद्धि गर्ने। | ▪ स्थानीय खेल मैदानहरुमा पूर्वाधारहरुको विकास गरिने छ ।<br>▪ खेलाडीहरुको लागि खेलकुद विधागत प्रशिक्षणको व्यवस्था गरिनेछ ।<br>▪ स्थानीय खेलाडीहरुलाई प्रोत्साहनको लागि खेलकुद प्रतियोगिताहरु संचालन गरिनेछ<br>▪ युवा व्यायमशालाको स्थापना र खेलकुद सामाग्री वितरण गरिनेछ ।<br>▪ खेलकुद सम्बन्धी तथ्यांङ्कको व्यवस्थापन गरिनेछ ।<br>▪ गाउँपालिकाका उत्कृष्ट खेलाडीहरुलाई सम्मान तथा प्रोत्साहन गरिनेछ ।<br>▪ स्थानीय युवा तथा खेलकुद क्लवहरुको क्षमता अभिवृद्धि गरिने छ । |
| युवाहरुलाई लागु पदार्थ दुर्व्यसनीबाट जोगाउनको लागि सचेतनामूलक र नियन्त्रणात्मक कार्यहरु गर्ने । | ▪ लागूपदार्थ विरुद्ध सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।<br>▪ युवाहरुलाई कानुनी तथा नैतिक शिक्षा र सकारात्मक सोचविकास गर्ने कार्य गरिनेछ ।<br>▪ लागूऔषध विरुद्ध सूचना शिक्षा संचार (IEC) कार्यक्रम संचालन गरिनेछ ।<br>▪ दुर्व्यसनमा परेका युवाकाहरु लागि पुनर्स्थापना कार्यक्रम संचालन गरिनेछ । |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | युवा उद्यमशिलता विकास तालिम कार्यक्रम | सख्या | १० | १००० | गापा |
| २ | युवा सीप विकास तालिम कार्यक्रम | संख्या | १० | १००० | गापा/प्रस |
| ३ | युवा अन्तरक्रिया कार्यक्रम | संख्या | ५ | १००० | गापा |
| ४ | खेलकुद विधागत प्रशिक्षण | | एकमुष्ठ | २००० | गापा |
| ५ | खेलकुद प्रतियोगिता | संख्या | ५ | ३००० | गापा/प्रस |
| ६ | युवा व्यायामशाला सामाग्री | | एकमुष्ठ | १००० | गापा/प्रस |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| ७ | खेलकुद सामाग्री वितरण | | एकमुष्ठ | २००० | गापा/प्रस |
| ८ | खेलाडी सम्मान तथा पुरस्कार | | एकमुष्ठ | १००० | गापा |
| ९ | रंगशाला निर्माण आयोजना (लखनपुर र तोपगाछी | संख्या | २ | ४०००० | गापा/प्रस/संघ |
| १० | व्यायामशाला निर्माण | संख्या | ४ | १०००० | गापा/प्रस |
| ११ | लागु औषध विरुद्ध सचेतना कार्यक्रम | संख्या | ५ | १००० | गापा |
| १२ | दुर्व्यसनमा परेका युवाका लागि पुनर्स्थापना कार्यक्रम | संख्या | ५ | १५०० | गापा/प्रस |
| १३ | लागु औषध र मादक पदार्थ नियन्त्रण सम्बन्धी कार्यक्रम | संख्या | ५ | ५०० | गापा/प्रस |
| १४ | युवा सृजनशिलता, उद्यशिलता र नवप्रवर्तन कार्यक्रम | संख्या | ५ | २००० | गापा/प्रस |
| १५ | स्थानीय युवा तथा खेल क्लबहरुको सवलीकरण कार्यक्रम | संख्या | ५ | २५०० | गापा/प्रस |
| १६ | कभर्ड हल पूर्वाधार निर्माण | संख्या | २ | १५००० | गापा/प्रस |
| १७ | स्थानीय खेल मैदानहरुको स्तरोउन्नती (गुहेश्वरी र अन्य) | संख्या | २ | २००० | गापा |
| १८ | विद्यालयहरुमा खेलकुद सामाग्री वितरण | | एकमुष्ठ | १००० | गापा |
| १९ | खेलकुद विकास समिति संचालन | | एकमुष्ठ | २००० | गापा |
| २० | आदीवासी रंगशाला निर्माण (पाडाजुँगी) | संख्या | १ | डिपिआर अनुसार | संघ/प्रस |
| जम्मा | | | | ८९५०० | |

### ५.५.५ अपेक्षित उपलब्धि

- गाउँपालिकाका स्थानीय खेलकुद मैदानहरुको स्तरोन्नती भएको हुनेछ।
- गाउँपालिका भित्र २ वटा कभर्डहल निर्माण भएको हुनेछ।
- सबै माध्यमिक विद्यालयमा खेलकुद शिक्षक र खेलकुदका सामग्रीहरुको व्यवस्था भएको हुनेछ।
- वार्षिक रुपमा अन्तर विद्यालय खेलकुद प्रतियोगिताहरु आयोजना भएको हुनेछ।
- आदिवासी रंगशालाको निर्माण भएको हुनेछ।
- युवाहरुले उद्यमशिलता तालिम प्राप्त गरेका हुनेछन।
- स्थानीय क्लबहरुको क्षमता अभिवृद्धि भएको हुनेछ।
- खेलकुद मार्फत स्थानीय समुदायका बिच सामाजिक एकता, भाइचारा र सदभाव बढेको हुनेछ।

### ५.५.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- गाउँपालिकाको युवा तथा खेलकुद सम्बन्धी नीति तर्जुमा भएको हुनुपर्ने ।
- आवश्यक खेल पूर्वाधारहरु निर्माण भएको हुनुपर्ने ।
- गाउँपालिकाले युवा तथा खेकलुदको विकासमा नियमित बजेट विनियोजन गरेको हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृ निकायहरुको युवा तथा खेलकुदको विकासमा नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र संघीय सरकारबिच युवा तथा खेलकुद विकासमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।

## ५.६ सामाजिक सुरक्षा तथा पंजीकरण

### ५.६.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ४३ मा उल्लेखित सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । जसअनुसार आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका असहाय, एकल महिला, अपांगता भएका, वालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोउन्मुख जातिका नागरिकहरुलाई कानुन वमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी स्पष्ट व्यवस्था गरिएको छ । सो अन्तर्गत नागरिकहरुलाई नेपाल सरकारले त्रैमासिक रुपमा सामाजिक भत्ता उपलब्ध गराउदै आएको छ । साथै नेपाल सरकारद्वारा विभिन्न सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रमहरु जस्तैः स्वास्थ्य विमा, विभिन्न प्रकारका रोगहरुको उपचार तथा औषधी सेवनको लागि मासिक रुपमा रकम वितरण आदी संचालन हुँदै आइरहेको छ । मुलुकको दिगो विकास तथा समावेशी विकासका लक्ष्यको नतिजा प्राप्तिमा बल पुऱ्याउन सामाजिक सुरक्षाले महत्वपूर्ण योगदान गर्न सक्दछ । विद्यमान सामाजिक सुरक्षा प्रणालीको आधारशिलामा टेकेर आवश्यक नीतिगत र नियमनकारी प्रारुप तयार गर्दै सामाजिक सुरक्षा प्रणालीलाई अझ व्यापक, वित्तिय रुपले दिगो, सुदृढ तथा प्रभावकारी बनाउनु आजको आवश्यक्ता रहेको छ ।

### ५.६.२ समस्या तथा चुनौती

**समस्याहरु**

- गाउँपालिकाका सबै वडाहरुमा वित्तिय संस्थाहरु सामाजिक सुरक्षा भत्ता वितरणको लागि उपलब्ध नहुनु ।
- सामाजिक सुरक्षाले समेटनुपर्ने वर्गको चेतनाको स्तर न्यून हुनु ।
- सामाजिक सुरक्षाले समेटनपुर्ने वर्गलाई समेटन एकीकृत सूचना प्रणालीको व्यवस्था नभएको ।
- आर्थिक रुपले विपन्न, असक्त, असहाय र लोपोउन्मुख वर्गका सदस्यहरुलाई छात्रवृतिको व्यवस्था गरी प्राविधिक रुपमा दक्ष जनशक्तिको उत्पादन गर्न नसक्नु ।
- समाजमा महिलाको समग्र सामाजिक, आर्थिक र राजनैतिक स्तर कमजोर रहेको ।
- सिमान्तकृत समुदाय, आदिवासी र जनजातीहरुको आर्थिक, सामाजिक सवलीकरण हुन नसकेको ।

- जातीय भेदभाव पूर्ण रुपमा अन्त्य हुन नसकेको ।

**चुनौतीहरु**

- गाउँपालिकाका सबै वडा र टोलहरुमा बैंक तथा वित्तिय संस्थाहरु मार्फत सामाजिक सुरक्षा भत्ता वितरण चुनौतीपूर्ण भएको ।
- सामाजिक सुरक्षामा कार्यक्रमले समेटनुपर्ने विपन्न, अशक्त, असहाय, एकल महिला, लोपोउन्मुख जातजातिहरुमा चेतनाको स्तर न्यून रहेकोले सबैलाई कार्यक्रममा समेटन नसकिएको ।
- सामाजिक सुरक्षाले समेटनपुर्ने वर्गलाई समेटन एकीकृत सूचना प्रणालीको व्यवस्था नभएको ।
- सामाजिक सुरक्षालाई स्थानीय आर्थिक, सामाजिक विकासका अन्य क्षेत्रका नीति र कार्यक्रमहरुसंग आवद्ध गर्दै लैजानु ।

### ५.६.३ संभावना तथा अवसर

**संभावनाहरु**

- सामाजिक सुरक्षालाई स्थानीय आर्थिक, सामाजिक विकासका अन्य क्षेत्रका नीति र कार्यक्रमहरुसंग आवद्ध गर्दै लैजान सकिने ।
- सामाजिक सुरक्षाको माध्यमबाट स्थानीय विपन्न, पिछडिएका, अशक्त, लोपोउन्मुख जातजातीहरुको आर्थिक सवलीकरण र खाद्य सुरक्षामा सुधार गर्न सकिने ।
- गाउँपालिकाले लैंगिक हिंसा निवारण कोष संचालन, ज्येष्ठ नागरिक परिचयपत्र वितरण र अपांगता भएका व्यक्तिहरुको परिचयपत्र वितरण जस्ता नीतिलाई प्राथमिकतामा राखेको ।
- संचार माध्यम र शिक्षाको सकारात्मक प्रभाव परेको ।
- सबै तह र तप्काका समुदायलाई सामाजिक मूल प्रवाहिकरणमा ल्याउँदा गाउँपालिकाको समग्र विकास प्रक्रियाले गति लिन सक्ने ।

**अवसरहरु**

- स्थानीय तहलाई सामाजिक सुरक्षाको अधिकार प्राप्त हुनु ।
- वडाका जनप्रतिनीधिहरुमा महिला र दलितको प्रतिनिधित्व सुनिश्चित हुनु ।
- नेपाल सरकारले सामाजिक सुरक्षाको विषयलाई प्राथमिकता साथ लागू गर्नु ।
- योदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको शुरुवात हुनु ।
- सामाजिक सुरक्षा सम्बन्धी जनचेतनामा समेत क्रमश बृद्धि हुँदै जानु ।
- सामाजिक सुरक्षालाई स्थानीय आर्थिक, सामाजिक विकासका अन्य क्षेत्रका नीति र कार्यक्रमहरुसंग आवद्ध गर्दै लैजान सकिने ।
- शिक्षा र जनचेतनामा आएको क्रमिक सकारात्मक सुधारका कारण महिला तथा सीमान्तकृत वर्गको उत्थानमा उपयुक्त वातावरण बन्दै गएको ।
- महिलाहरू राजनीतिक गतिविधिमा संलग्न हुन थालेकाले उनीहरूका आवाजहरू सम्बन्धित निकायमा पुऱ्याउन सहज हुँदै गएको ।
- जन्म, मृत्यु तथा व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन र नियमावली, २०३४ रहेको ।
- गाउँपालिकामा पंजीकरण र व्यक्तिगत घटना दर्ता सूचना प्रविधिमा जोडिएकोले यसको दायरा फराकिलो हुँदै गएको ।

- गाउँपालिकामा धार्मिक तथा जातीय सौहार्दता रहेको ।

### ५.६.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजना

**सोच**

- कमलको सभ्यता, न्यायपूर्ण समाज र सामाजिक सौहार्दता ।

**लक्ष्य**

- सामाजिक न्यायमा आधारित सभ्य समाजको निर्माण गर्ने ।

**उद्धेश्यहरु**

- समाजका रहेका जेष्ठ नागरिक, एकल महिला, विधवा, पूर्ण अपांगता भएका, बालबालिका र लोपोउन्मुख जातिजातीहरुलाई सामाजिक सुरक्षाको शतप्रतिशत पहुँचमा ल्याउनु ।
- लिंङ्ग, जातियता, क्षेत्रियता, अल्पसंख्या, अपांगता लगायतका आधारमा हुने सबै प्रकारको विभेद अन्त्य गर्नु ।

**रणनीति र कार्यनीति**

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| सामाजिक सुरक्षा प्रणाली अन्तर्गत रहेका शतप्रतिशत नागरिकहरुलाई कार्यक्रमको पहुँचमा ल्याउने | ▪ सामाजिक सुरक्षा कार्यक्रममा समेटनु पर्ने जेष्ठ नागरिक, एकल महिला, विधवा, पूर्ण अपांगता भएका, बालबालिका र लोपोउन्मुख समुदायका परिवारहरुलाई दिने सामाजिक सुरक्षा भत्ता लक्षित वर्ग र समुदायमा सहज रुपमा उपलब्ध गराइने छ।<br>▪ एकल तथा न्यून आय भएका महिलाको जिविकोपार्जनका लागि कार्यक्रम संचालन गरिने छ ।<br>▪ गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा स्वास्थ्य विमा तथा स्वास्थ्य मन्त्रालयका अन्य कार्यक्रमहरु प्रभावकारी ढंगले संचालन गरिने छ ।<br>▪ एम्वुलेन्स तथा शववाहन सेवा गाउँपालिकाका सम्पूर्ण घरधुरीको पहुँचमा पुऱ्याइने छ ।<br>▪ गाउँपालिकामा सामाजिक सुरक्षा कोषको व्यवस्था गरिने छ ।<br>▪ स्थानीय श्रमिकहरुलाई गाउँपालिकाको सामाजिक सुरक्षा कोषमा आवद्ध गरिने छ । |
| व्यक्तिगत घटना प्रभावकारी गर्ने | ▪ व्यक्तिगत घटना दर्तालाई प्रभावकारी बनाउन सचेतना कार्यक्रमहरु संचालन गरिने छ ।<br>▪ व्यक्तिगत घटनामा सम्पूर्ण गाउँपालिकावासीहरुको पहुँचलाई सहज तुल्याउन सूचना प्रविधिको प्रयोगलाई व्यापक गरिने छ ।<br>▪ गाउँपालिका पंजीकरण शाखाका कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिने छ । |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | निशुल्क एम्बुलेन्स र शववाहन सेवा | | एकमुष्ठ | २५०० | गापा |
| २ | सामाजिक सुरक्षा कोष गठन | सख्या | १ | १०००० | गापा/प्रस |
| ३ | श्रमित हित कोष | सख्या | १ | २५०० | गापा/प्रस |
| ४ | श्रमिक तथ्याङ्क व्यवस्थापन | | एकमुष्ठ | ५०० | गापा |
| ५ | व्यक्तिगत घटना दर्ता प्रोत्साहन कार्यक्रम | संख्या | १० | २००० | गापा/प्रस |
| ६ | पंजीकरण शाखाका कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम | संख्या | ५ | ५०० | गापा/प्रस |
| ७ | स्वास्थ्य विमा समेतचा कार्यक्रम | संख्या | १० | १००० | गापा/प्रस |
| ८ | एकल तथा न्यून आय भएका महिलाको जिविकोपार्जन कार्यक्रम | सख्या | १० | २५०० | गापा/प्रस |
| ९ | लक्षित वर्ग सामाजिक सुरक्षा भत्ता सचेतना कार्यक्रम | संख्या | १० | २००० | गापा/प्रस |
| १० | सामाजिक सुरक्षा र पंजीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम (सबै वडा) | ७ | ७ | ३५०० | गापा/प्रस |
| ११ | सामाजिक सुरक्षा भत्ताका लागि बैंकको उपशाखा विस्तार (सबै वडा) | सख्या | ७ | ७००० | बैंक तथा वित्तिय संस्था |
| १२ | एम्बुलेन्स र शववाहन खरिद | संख्या | ४ | ८००० | गापा/प्रस |
| १३ | व्यक्तिगत घटना दर्तामा सूचना प्रविधिको प्रयोग | | एकमुष्ठ | १००० | गापा/प्रस |
| जम्मा | | | | ४३५०० | |

### ५.६.५ अपेक्षित उपलब्धी

- गाउँपालिकाका विपन्न वर्ग, श्रमिक, अल्पसंख्यक, आदिवासी, एकल महिलाहरु नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रम प्रति जानकार र सचेत भएका हुनेछन ।
- सामाजिक सुरक्षा कार्यक्रमले समेटनुपर्ने गाउँपालिका भित्रका सम्पूर्ण नागरिकहरु यस कार्यक्रमको दायरामा आएको हुनेछन् ।
- सामाजिक सुरक्षा कार्यक्रमले लक्षित वर्गको आर्थिक सवलीकरण र सामाजिक मूल्य मान्यतामा अभिवृद्धि भएको हुनेछ ।
- सूचना प्रविधिको प्रयोगले गाउँपालिकामा व्यक्तिगत घटना प्रभावकारी र सहज भएको हुनेछ ।

### ५.६.६ अनुमान तथा जोखिम

- गाउँपालिकाले सामाजिक सुरक्षा र पंजीकरणको लागि पर्याप्त बजेटको व्यवस्था गरेको हुनुपर्ने ।

- श्रम, रोजगारी र सामाजिक सुरक्षा प्रवर्द्धनको लागि योजनामा समावेश गरिएको कार्यक्रमहरु कार्यान्वयन भएको हुनेछ ।
- यस क्षेत्रमा विनियोजन गरेको बजेट प्राप्तिमा सामान्य अवस्था भएको हुनेछ ।
- सामाजिक सूरक्षाका लाभान्वित वर्ग तथा सरोकारवालाहरुको सक्रिय सहभागिता भएको हुनेछ ।

# अध्याय छ: पूर्वाधार क्षेत्र

## ६.१ भवन, आवास तथा वस्ती विकास

### ६.१.१ पृष्ठभूमि

कमल गाउँपालिकामा वस्तीहरु सडकको दुवैतिर रेखाकार रुपमा विकास भएका छन भने मुख्य बजार क्षेत्रका वस्तीहरु भने बाक्ला र गुजुमुज्ज परेका छन । पुराना घरहरु काठको खम्बा वा ढुंगा इटाको जग भएका र जस्तापाताले छाएका छन भने नयाँ आधुनिक घरहरु इटा, ढुंगा, सिमेन्ट, छड प्रयोग गरी बनेका छन् । सडक पूर्वाधार र शहरीकरणको विस्तारसंगै गाउँपालिकाको गाडाजुँगी, केर्खा, गेउरिया, क्याम्पा, मंगलबारे, समयगढ, बाँसबारी, रंगपुर, ठूलो बान्हघरे क्षेत्रमा यस्ता आधुनिक घरहरुको निर्माण क्रमश बढदै गैरहेको छ । काठको बढदो मूल्यले गर्दा पुराना काठेघरहरु क्रमश लोप हुँदै गएको अवस्था छ भने राजवंशी, सन्थाल र ताजपुरिया जस्ता आदिवासीहरुको परम्परागत घरहरुको संख्या समेत घटदो क्रममा छ । गाउँपालिकाबाट घर निर्माणको लागि भवन निर्माण मापदण्ड र निर्माण संहिता लागू गरेको भएतापनि यो पूर्ण रुपमा लागू हुन सकेको छैन । स्थानीयवासीमा निर्माण मापदण्डको बारेमा सचेतनाको कमी, भूकम्प प्रतिरोधक भवन निर्माण गर्ने तालिम प्राप्त मिस्त्री गाउँपालिकामा उपलब्ध नहुनु र गाउँपालिकाको विभिन्न प्रशासनिक झमेलाले गर्दा गाउँपालिकाका दूरदराज र ग्रामिण भेगहरुमा अझपनि मापदण्ड विपरितका घरहरु निर्माण हुने क्रम यथावतै छ । गाउँपालिकाको मुख्य बजार क्षेत्रहरुमा नीजि स्तरमा घडेरीहरु विकास गरी जग्गा बेचबिखन भैरहेकोले स्थानीय सरकारबाट नै संघीय र प्रदेश सरकारसंगको सहकार्य र सहयोगमा व्यवस्थित जग्गा विकास कार्यक्रम गर्न सकेको खण्डमा अहिले भैरहेको जथाभावी जग्गा प्लटिङलाई वैलेमा नियन्त्रण गरी योजनावद्ध वस्ती विकास गर्न सकिने प्रशस्त संभावना रहेको छ । शैक्षिक तथा स्वास्थ्य संस्था, सडक, पुल, कल्भर्ट, सामुदायिक भवन, ठूला सरकारी भवनहरु, पार्क, आदि निर्माण गर्दा पनि गाउँपालिकाले निर्माण मापदण्ड र भवन संहितालाई कडाईका साथ लागू गर्न सकेको खण्डमा सार्वजनिक निर्माण अझ व्यवस्थित र कम जोखिमपूर्ण हुनेछ ।

### ६.१.२ समस्या तथा चुनौती

**समस्याहरु**

- आवास तथा वस्ती विकासको लागि उच्च लागत लाग्ने ।
- सुकुम्वासी समस्या विद्यामान रहेको ।
- निर्माण सामाग्रीहरु बाहिरबाट आयात गर्नुपर्ने ।
- पुराना नीजि भवनहरु भवन संहिता र निर्माण मापदण्ड अनुसार नबनेको ।
- शहरोउन्मुख क्षेत्रहरुमा सार्वजनिक शौचालय, ढल, बसपार्क, बजारको पूर्वाधार आदि नभएको ।
- सार्वजनिक भवनहरु अपांगमैत्री नभएको ।
- माग भएका सबै भवनहरुको निर्माणमा बजेटको अभाव भएको ।

**चुनौतीहरु**

- भवन निर्माण मापदणड तथा भवन संहिता पूर्ण रुपमा लागु हुन नसकेको ।

- असुरक्षित तथा जोखिमयुक्त स्थानमा वस्तीहरु भएको ।
- व्यवस्थित वस्ती विकास नभएको ।
- नयाँ घरहरु निर्माण गर्दा मौलिकता लोप हुँदै गएको ।
- व्यवस्थित आवास र वस्ती विकासमा जग्गा प्राप्त गर्न जटिल हुँदै गैरहेको ।
- स्थानीय आदिवासी वस्तीहरुलाई एकिकृत र सुरक्षित वस्तीमा रुपान्तरण गर्नु ।
- नीजि क्षेत्रबाट भैरहेको जथाभावी प्लटिङ र घडेरी विकासलाई नियन्त्रण र नियमन गर्नु ।

### ६.१.३ संभावना तथा अवसर

**संभावनाहरु**

- एकीकृत वस्ती विकासको अवधारणा कार्यान्वयन गर्न सकिने ।
- व्यवस्थित सार्वजनिक निर्माणहरु जस्तै खेल मैदान, हाटबजार, सार्वजनिक सौचालय, बस पार्क, मनोरन्जन पार्क आदि निर्माण गर्न सकिने ।
- जग्गा विकास कार्यक्रमहरु लागू गरी व्यवस्थित र योजनाबद्ध वस्ती विकास गर्न सकिने ।

**अवसरहरु**

- समथल भू-भाग भएकोले योजनावद्ध वस्ती विकास सहज हुने ।
- व्यवस्थित र भूकम्प प्रतिरोधक वस्तीहरु निर्माण र विकास गर्न सकिने ।
- असुरक्षित र जोखिमयुक्त वस्तीहरुलाई स्थानान्तरण गर्न सकिने ।
- नयाँ घरहरु निर्माण गर्दा स्थानीय मौलिकता कायम राख्न सकिने ।
- व्यवस्थित वस्ती विकासको लागि जग्गा उपलब्ध हुन सक्ने ।
- स्थानीय अदिवासी पिछडिएका वर्गहरुको लागि एकिकृत वस्ती निर्माण गर्न सकिने
- व्यवस्थित सार्वजनिक निर्माणहरु जस्तै खेल मैदान, हाटबजार, सार्वजनिक शौचालय, बस पार्क, मनोरन्जन पार्क आदि निर्माण गरी शहरी पूर्वाधारयुक्त वस्ती तथा बजार बनाउन सकिने ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति कार्यक्रम तथा आयोजना

**सोच**

- व्यवस्थित वस्ती, आवास र भवन, कमलवासीको सुरक्षित जीवन ।

**लक्ष्य**

- व्यवस्थित, गुणस्तरिय, सन्तुलित र सुरक्षित आवास तथा वस्ती विकास गर्ने ।

**उद्धेश्यहरु**

- आवासमा सवै वर्ग, क्षेत्र र तहका मानिसहरुको पहुँच सुनिश्चित गर्नु ।
- गुणस्तरिय, व्यवस्थित, सुरक्षित र किफायति भवन निर्माण गर्नु ।
- परम्परागत र अव्यस्थित वस्तीहरुको सुधार गरी व्यवस्थित र योजनावद्ध वस्ती विकास गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| आवास र व्यवस्थित वस्ती विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने । | ▪ स्थानीय गरिब, पिछडिएका वर्ग र आदिवासीहरुलाई आवास निर्माणको लागि सहयोग उपलब्ध गराईनेछ ।<br>▪ सार्वजनिक जग्गामा बसोबास गरेका सुकुम्बासीहरुको लागि व्यवस्थित आवासको लागि पहल गरिनेछ ।<br>▪ गाउँपालिकाको प्राय सबै क्षेत्रमा परम्परागत तरिकाबाट बसेका वस्तीहरुलाई व्यवस्थित गरिनेछ ।<br>▪ एकीकृत र योजनावद्ध वस्ती विकासको लागि सम्भाव्यता अध्ययन गराई संघ र प्रदेश सरकारसंग सहकार्य र साझेदारी गरी जग्गा विकास र व्यवस्थित वस्ती विकास कार्यक्रम लागू गरिने छ । |
| स्थानीयवासीहरुको माग तथा आवश्यक्तामा आधारित रहि सार्वजनिक भवन तथा पूर्वाधारहरु निर्माण गर्ने । | ▪ सेवा प्रवाहलाई सहजताको लागि भवनको अभाव भएका वडा कार्यालय र अन्य सरकारी निकायहरुको भवन निर्माण, मर्मत, कोठा तथा कम्पाउण्ड पर्खाल र अन्य संरचनाहरु निर्माण गरिने छ ।<br>▪ सबै सार्वजनिक भवनहरुमा लैंगिक तथा अपांगता मैत्री संरचना थप र सुधार गरिने छ ।<br>▪ गाउँपालिका क्षेत्रमा आवश्यकताअनुसार अन्य संरचनाहरुको निर्माण तथा संचालन गरिने छ । |
| सुरक्षित आवास तथा भवनहरू निर्माण गर्ने । | ▪ गाउँपालिकाको भवन निर्माण संहिता र मापदण्ड पूर्ण रुपमा कार्यान्वयन गरिने छ ।<br>▪ नक्शा पास लागु हुनुभन्दा अगाडी बनेका नीजि आवास तथा सार्वजनिक भवनहरुको अभिलेखीकरण गरिने छ ।<br>▪ गाउँपालिकाको भू-उपयोग योजनाले प्रस्ताव गरे वमोजिमका क्षेत्रहरुमा मात्र नयाँ आवास निर्माण तथा वस्ती विकासको कार्यक्रमहरु लागू गर्ने नीति लिईने छ । |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | आवास, वस्ती विकास र सार्वजनिक भवन निर्माण सम्बन्धी आवश्यक नीति तथा मापदण्डहरु तर्जुमा गर्ने । | सख्या | १ | ५०० | गापा |
| २ | एकीकृत आवासको संभाव्यता अध्ययन | संख्या | १ | ५०० | गापा/प्रस |
| ३ | एकीकृत आवास निर्माण आयोजना | संख्या | ५ | ५०००० | गापा/प्रस/संघ |
| ४ | नक्शा पास लागू हुन भन्दा अगाडीका घरहरुको अभिलेखीकरण कार्यक्रम | | एकमुष्ठ | ५०० | गापा |
| ५ | विपन्न घरधुरीलाई जस्तापाता अनुदान कार्यक्रम | | एकमुष्ठ | ५००० | गापा/प्रस |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| ६ | जग्गा विकास कार्यक्रमको संभाव्यता अध्ययन | संख्या | १ | १००० | गापा/प्रस |
| ७ | जग्गा विकास आयोजना | संख्या | २ | ६०००० | संघ/प्रस/गापा |
| ८ | आवास विहिन गरिब, आदिवासी र पिछडिएका वर्गलाई आवास निर्माण सहयोग | संख्या | १५० | ३००० | गापा |
| ९ | जेष्ठ नागरिक भवन निर्माण (साझेदारी) | संख्या | १ | १०००० | गापा/प्रस/संघ |
| १० | शवदाह स्थल निर्माण (खयरवारी) | संख्या | २ | ३००० | गापा |
| ११ | सभागृह र प्रदर्शनी स्थलको संभाव्यता अध्ययन | संख्या | १ | ५०० | गापा |
| १२ | सभागृह र प्रदर्शनी स्थलको निर्माण | संख्या | २ | ५०००० | प्रस/संघ/गापा |
| १३ | सार्वजनिक भवनहरुमा अपाङ्गमैत्री संरचना निर्माण | | एकमुष्ठ | ५००० | गापा/प्रस |
| १४ | सार्वजनिक भवनहरुको मर्मत संभार | | एकमुष्ठ | ५००० | गापा/प्रस |
| १५ | सामुदायिक भवन निर्माण (साझेदारी) | संख्या | २ | १०००० | गापा/प्रस |
| जम्मा | | | | २०४००० | |

### ६.१.५ अपेक्षित उपलब्धि

- आधुनिक, सुरक्षित र सुविधा सम्पन्न शहरी पुर्वाधारयुक्त आवास र वस्तीहरु विकास हुनेछन ।
- भवन संहिता र भवन निर्माण मापदण्डको पूर्ण कार्यान्यिवयन हुनेछ ।
- सार्वजनिक विकास निर्माण गुणस्तरीय र कम जोखिमयुक्त हुनेछ ।
- सार्वजनिक भवनहरु अपांङगमैत्री भएका हुनेछन ।
- स्थानीय गरिब, पिछडिएका वर्ग र आदिवासीहरुको आवासको व्यवस्था भएको हुनेछ ।

### ६.१.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- गाउँपालिकाको आन्तरिक आयको दायरा बढेको हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृ निकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिकामा आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ती हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र संघीय सरकारबिच योजनावद्ध वस्ती विकास तथा सार्वजनिक विकास निर्माणमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- योजनावद्ध वस्ती विकास र सार्वजनिक विकास निर्माणको लागी गाउँपालिकाबाट अध्ययन अनुसन्धान र पर्याप्त बजेटको व्यवस्था हुनुपर्ने ।

- निर्माण मापदण्ड तथा भवन संहिता पूर्ण रुपमा लागू भएको हुनुपर्ने ।
- सुरक्षित आवास र व्यवस्थित वस्ती विकासमा गाउँपालिकावासीको सक्रिय सहभागिता हुनुपर्ने ।

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

कमल गाउँपालिकाको सवै वडा र अधिकाशं वस्तीहरुसम्म सडकको राम्रो पहुँच पुगेको छ । गाउँपालिकामा पूर्व पश्चिम महेन्द्र राजमार्गको ८.३२ किमि खण्ड, उत्तर दक्षिण पाडाजुँगी-गौरीगंज फिडर सडकको ४.४२ किमि खण्ड र उत्तर दक्षिण केर्खा-क्याम्पा-सरांगपाडा-वैगुनधुरा जिल्ला सडकको २६.६५ किमि खण्ड रहेकोले सडक तथा यातायातको पहुँचको हिसाबले कमल गाउँपालिका निक्कै सवल र सुगम छ । मुख्य राजमार्गहरु पक्की भएकोले नियमित बससेवाहरु संचालनमा रहेका छन भने स-साना नीजि र भाडाँका गाडीहरु समेत सहज रुपमा उपलब्ध हुने गरेको छ । तरपनि गाउँपालिकाका भित्री वस्ती र ग्रामीण भेगहरुसम्म पुग्ने अधिकांश सडकहरु ग्राभेल र कच्ची छन् भने सम्पूर्ण गाउँपालिकावासीहरुको सहज आवगमनलाई स्थायीत्व दिन यस्ता सडकहरुमा पुल, कल्भर्ट र नियमित यातायात सेवाको पनि त्यतिकै खाँचो छ । त्यसैले गाउँपालिकाले स्थानीय सडकहरुको स्तरोउन्नती र पुलपुलेसाहरु निर्माणको लागि नियमित बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ भने अधुरा निर्माण कार्यहरु समेत समयमै सम्पन्न गर्नुपर्ने छ ।

### ६.२.२ समस्या तथा चुनौती

**समस्याहरु**

- योजनावद्ध तथा दिगो विकास लक्ष्यका मापदण्ड मुताविक सडक संजाल विस्तार तथा स्तरोउन्नती गर्न ठूलो आकारको बजेट आवश्यक पर्ने ।
- वडा र भित्रि वस्तीका सडकहरु कच्ची र ग्राभेल भएकोले बर्षातको समयमा हिलो र अन्य समयमा धुलाम्मे हुने ।
- गाउँपालिकाको स्थाई बसपार्क र बस स्टेण्डहरु नहुनु ।
- साना बजार र धार्मिक/पर्यटकिय क्षेत्रहरुसम्म स्थायी सडकको पहुँच नहुनु ।
- आवश्यकता अनुसार पुलहरु नहुनु ।
- पक्की सडक संजालको अभावमा ग्रामिण भेगका बजार केन्द्रहरुमा न्यून आर्थिक गतिविधिहरु हुनु ।
- खेतियोग्य जमीनहरुसम्म कृषि सडक तथा ट्रली सडकहरु नहुनु ।
- सडकका अवस्थित चौकहरु गोलाकार नहुनु, न्यूनतम सडक, चौक र गल्लीको मापदण्ड तय नगरिनु ।
- सडक पेटी र ढल नभएको ।

**चुनौतीहरु**

- सडक निर्माणमा न्यून प्रगति र ढिलासुस्ती ।
- सडक निर्माणको लागि आवश्यक लगानी जुटाउनु ।
- गाउँपालिकाको आन्तरिक आयबाट मात्रै गाउँपालिका भित्रका सडक तथा पुल निर्माण गर्न नसक्नु ।
- सडक तथा पुलहरु निर्माण गर्न स्थानीय राजनैतिक दलहरुबिच समन्वय र साझा धारणा निर्माण गर्नु।

- ट्राफिक नियमको पूर्ण कार्यान्वयन गर्नु ।

### ६.२.३ संभावना तथा अवसर

**संभावनाहरु**

- स्थानीय बजार र वस्तीहरुलाई सडक संजालसंग जोडन सकिने ।
- गाउँपालिका भित्र सार्वजनिक वसहरु संचालन गरी स्थानीयवासीहरुको आवगमनलाई सहज बनाउन सकिने ।
- राजधानी काठमाण्डौ लगायत कोशी प्रदेशका प्रमुख शहरहरुसंग स्तरिय बस संचालन गरी गाउँपालिका र त्यस्ता शहरहरुसंग सहज अन्तरसम्बन्ध स्थापना गर्न सकिने ।
- ट्राफिक सचेतनाका कार्यक्रमहरु संचालन गरी राजमार्गहरुमा हुने दुर्घटना न्यूनिकरण गर्न सकिने ।

**अवसरहरु**

- डिजाईन अनुसार गुणस्तरिय सडकहरु निर्माण गर्न सकिने ।
- समथल भू-भाग भएकोले सडक निर्माणमा सहज हुने र कम लागत लाग्ने ।
- सडक निर्माण गर्दा वातावरणलाई न्यून क्षति गरेर काम गर्न सकिने ।
- गाउँपालिकाको यातायात गुरु योजनालाई क्रमश कार्यान्वयन गरी सडक तथा यातायात सेवालाई गुणस्तरिय, सहज र भरपर्दो बनाउन सकिने ।
- सडक तथा यातायातको सहज पहुँच र भौगोलिक रुपमा सुगम रहेकोले निर्माण सामाग्रीको सहज उपलब्धता रहेको ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

- सडक तथा यातायातको गुणस्तरिय विकास, कमलवासीको समृद्धिको निकास ।

**लक्ष्य**

- गाउँपालिकामा आवश्यक्ता अनुसार सडक तथा पुलहरुको निर्माण गरी गाउँपालिकावासीको आवगमन सहज तुल्याउने ।

**उदेश्यहरु**

- गाउँपालिकाको केन्द्र, वडा केन्द्र, मुख्य बजार र वस्तीहरुमा सडक यातायातको पहुँच पुऱ्याउनु ।
- सडकको क्षमता र गुणस्तर सुधार गर्नु ।
- आवश्यक्ता अनुसार पुल, ह्युमपाइप, कलभर्ट र बसपार्कको निर्माण गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| सडक संजालले नछोएका बस्तीहरुमा सडकको नयाँ ट्र्याक | ▪ सडक संजालले नछोएका बस्ती र टोलहरुमा सडकको नयाँ ट्र्याक खोलिनेछ । |

| | |
|---|---|
| खोल्ने तथा संचालित सडकहरुको स्तरोउन्नती गर्ने। | ▪ हाल संचालनमा रहेका सडकहरुको आवश्यकता नुसार मर्मत सम्भार तथा स्तरोउन्नती गरिनेछ ।<br>▪ कृषि क्षेत्रमा कृषि सडकको संजाल विस्तार गरिने छ । |
| सडकको स्तरोउन्नती र मर्मतसंभार गर्ने | ▪ मौजुदा सडकहरूको स्तरोउन्नती र नियमित मर्मत सम्भार गरी सर्वयाम सुचारु गरिने छ ।<br>▪ वडा जोड्ने बाटोहरुलाई कालोपत्रे गर्न प्राथमिकतामा राखी कार्यान्वियन गरिने छ । |
| गाउँपालिकका आवश्यक स्थानहरुमा पुल, ढल, ह्युमपाईप र कलभर्टहरु निर्माणगरी सडक यातायात आवगमन सहज गर्ने । | ▪ मौजुदा सडकहरुमा पर्ने खोलाहरुमा आवश्यक्ता अनुसार पक्की पुल, कलभर्ट र ह्युमपाइपहरु निर्माण गरी यातायात सुचार गरिने छ ।<br>▪ गाउँपालिकाको यातायातलाई व्यवस्थित गर्न व्यवस्थित बसपार्क र आवश्यक्ता अनुसार बस स्टेण्डहरुको निर्माण गरिने छ ।<br>▪ सडक किनारमा ढल निकासको व्यवस्था गरिनेछ । |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका समेटने रिंगरोड निर्माण | | एकमुष्ठ | ५००००० | प्रस/संघ/गापा |
| २ | बाह्रविघे – गौरीगंज जोड्ने सडक निर्माण | वडा १ | एकमुष्ठ | १०००० | गापा |
| ३ | गडुरमारी - सोलमारी जोड्ने सडक निर्माण | वडा १ | एकमुष्ठ | १०००० | गापा/प्रस |
| ४ | सरङपाडा शिवशताक्षी-४ जोड्ने सडक स्तरीकरण गर्ने | वडा १ | एकमुष्ठ | २०००० | गापा/प्रस/संघ |
| ५ | धाधरगाँउ सडक कालोपत्रे गर्ने | वडा १ | एकमुष्ठ | २०००० | गापा |
| ६ | सोलमारी-सडङपाडा खण्डमा RCC पुल निर्माण गर्ने | वडा १ | एकमुष्ठ | ४०००० | गापा/प्रस |
| ७ | वासवारी सुनारा सडक खण्डमा RCC पुल निर्माण गर्ने | वडा १ | एकमुष्ठ | ४०००० | गापा/प्रस |
| ८ | सगरमाथा कृषि मार्ग निर्माण | वडा २ | एकमुष्ठ | ५००० | गापा |
| ९ | पृथ्वी मार्ग स्तरोउन्नती | वडा २ | एकमुष्ठ | १०००० | गापा |
| १० | वडाका अन्य सडकहरुको स्तरोउन्नती | वडा २ | एकमुष्ठ | ५०००० | गापा |
| ११ | कल्भर्ट निर्माण | वडा २ | एकमुष्ठ | २५०० | गापा |
| १२ | सूर्य बहादुर राइको घरबाट पूर्व धनमाया श्रेष्ठ भट्टराइको घर जोडने सडक कालोपत्रे | वडा ३ | एकमुष्ठ | ३००० | गापा |
| १३ | राम मार्ग ग्राभेल गर्ने | वडा ३ | एकमुष्ठ | १०००० | गापा |
| १४ | शान्ता मुखियाको घर पूर्व बोहोरा टोल जोडने सडक स्तरोउन्नती | वडा ३ | एकमुष्ठ | ५००० | गापा |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १५ | अन्य सडक मर्मतसंभार र इन्टरब्लक राख्ने | वडा ३ | एकमुष्ठ | १०००० | गापा |
| १६ | सीतापुरी-जीवन चौक किस्ने दोभान रतन चौक देवीचौन हुदै प्रगती चौक सडक कालोपत्रे गर्ने | वडा ४ | एकमुष्ठ | १४०००० | संघ |
| १७ | ज्योतीमार्ग चौवाटो गैरी टोल हुदै धिमाल चौक सम्म सडक कालोपत्रे गर्ने | वडा ४ | एकमुष्ठ | ५०००० | प्रस/संघ |
| १८ | सृजना मार्ग, लावती चौक चौक खामेली डाँडा त्रिवेणी चौक हुदै मामा चौक सम्म सडक कालोपत्रे गर्ने | वडा ४ | एकमुष्ठ | ५०००० | प्रस/संघ |
| १९ | गुरुङ्ग टोल देखि त्रिवेणी चौक सम्म सडक कालोपत्रे गर्ने | वडा ४ | एकमुष्ठ | ४०००० | प्रस/संघ |
| २० | भलाया मार्ग, शिखर मार्ग सडक कालोपत्रे | वडा ४ | एकमुष्ठ | ३०००० | प्रस/संघ |
| २१ | चुलाचुली मोड माथि सडक बाह्रकोठेसम्म कालोपत्रे गर्ने | वडा ४ | एकमुष्ठ | ४०००० | प्रस/संघ |
| २२ | भुत्लुङ्ग खोला पुल निर्माण, पुलचौक | वडा ४ | एकमुष्ठ | ५०००० | प्रस/संघ |
| २३ | मगर चौक पूर्व भुत्लङ्ग खोलामा पुल निर्माण | वडा ४ | एकमुष्ठ | ४०००० | प्रस/संघ |
| २४ | सृजना मार्ग सिम्ले सडक निर्माण | वडा ५ | एकमुष्ठ | ४०००० | प्रस/संघ |
| २५ | सावित्रा चौक दक्षिण अम्विको चौक जोड्ने सडक निर्माण | वडा ५ | एकमुष्ठ | ४०००० | प्रस/संघ |
| २६ | लावरवोटे सडक निर्माण | वडा ५ | एकमुष्ठ | ३०००० | प्रस/संघ |
| २७ | चाँगु खोलामा पूल साधुहोली जोड्ने सडक निर्माण | वडा ५ | एकमुष्ठ | ३०००० | प्रस/संघ |
| २८ | टुकुरे दमक नगरपालिका जोड्ने झोलुङ्गे पुल निर्माण | वडा ५ | एकमुष्ठ | ५०००० | प्रस/संघ |
| २९ | मैनाखोला हुदै सङ्खढुबबा- भट्टाई चौक कृषि सडक कालोपत्रे गर्ने | वडा ६ | एकमुष्ठ | ६०००० | प्रस/संघ |
| ३० | तिन पैनी हुदै जीवन चौक सडक निर्माण गर्ने | वडा ६ | एकमुष्ठ | २०००० | प्रस/संघ |
| ३१ | रतुवाखोला दमक जोड्ने झोलुङ्गे पुल निर्माण | वडा ६ | एकमुष्ठ | ४०००० | प्रस/संघ |
| ३२ | मंगलवारे पूर्वा गेडरीया खोलामा पुल निर्माण गर्ने | वडा ६ | एकमुष्ठ | ४०००० | प्रस/संघ |
| ३३ | माझीगाँउ-लालध्वन्द्रा-सृजना चौक-तिनसिटे-वाह्रघरे सडक कालोपत्रे गर्ने | वडा ७ | एकमुष्ठ | ६०००० | प्रस/संघ |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| ३४ | लालध्वन्द्रा देखी पिङडाँडा, विष्णुकठा, मदन डाँडा, काठमिल सैनिक चौक सडक निर्माण गर्ने | वडा ७ | एकमुष्ठ | ५०००० | प्रस/संघ |
| ३५ | सिता चौक पश्चिम कल्भर्ट र बाह्रघरे दक्षिण सडक निर्माण गर्ने | वडा ७ | एकमुष्ठ | ४०००० | प्रस/संघ |
| ३६ | रङ्गपुर बजार पूर्व पुल निर्माण गर्ने | वडा ७ | एकमुष्ठ | ४०००० | प्रस/संघ |
| ३७ | पाडाजुँगी बसपार्क निर्माण गर्ने | सख्या | १ | ३००००० | प्रस/संघ |
| ३८ | अन्य सडक मर्मतसंभार र स्तरोउन्नती | | एकमुष्ठ | ५०००० | गापा/प्रस/संघ |
| ३९ | सडक मर्मत कोष | | एकमुष्ठ | १००००० | गापा/प्रस/संघ |
| ४० | बस स्टेन्ड निर्माण | संख्या | १० | १०००० | गापा/प्रस/संघ |
| ४१ | विद्युतीय नगर बस | | एकमुष्ठ | ५०००० | नीजि क्षेत्र |
| जम्मा | | | | २५७५५०० | |

### ६.२.५ अपेक्षित उपलब्धि

- गाउँपालिकाका वडा भित्रका स-साना बजार केन्द्रहरु र वस्तीहरुसम्म जाने सडक पक्की भै मुख्य राजमार्गसंग जोडिएको हुनेछ।
- सबै वडा केन्द्र, मुख्य बजार केन्द्र र वस्तीहरुसम्म जाने सडकका पुल र कल्भर्टहरु निर्माण भएको हुनेछ।
- सडक मर्मत संभार कोष खडा भएको हुनेछ।
- स्थायी बसपार्कको निर्माण भै लामो तथा छोटी दुरीको यातायात सेवा सहज भएको हुनेछ।
- गाउँपालिका भित्रका मुख्य बजार क्षेत्रहरुमा व्यवस्थित बस स्टेण्ड निर्माण भएको हुनेछ।
- प्राविधिक अध्ययनको आधारमा मात्र नयाँ सडकहरु निर्माण भएको हुनेछ।
- स्थानीय सडकहरुको नियमित मर्मत संभार भएको हुनेछ।
- कृषि क्षेत्रमा कृषि सडकको संजाल विस्तार भएको हुनेछ।

### ६.२.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने।
- गाउँपालिकासंग सडक, पुल तथा यातायात पूर्वाधार निर्माणको लागि पर्याप्त बजेट हुनुपर्ने।
- स्थानीय संघसंस्था र दातृ निकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने।
- गाउँपालिकामा आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ती हुनुपर्ने।
- गाउँपालिका, प्रदेश र संघीय सरकारबिच सडक तथा पुल निर्माणमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने।

- मापदण्डयुक्त सडक, पुल र बसपार्कहरु निर्माणको लागी गाउँपालिकाबाट अध्ययन अनुसन्धान र पर्याप्त बजेटको व्यवस्था हुनुपर्ने ।
- निर्माण मापदण्ड तथा भवन संहिता पूर्ण रुपमा लागू भएको हुनुपर्ने ।

## ६.३ जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा

### ६.३.१ पृष्ठभूमि

कमल गाउँपालिकामा साना ठूला गरी २१ वटा नदि/खोलाहरु छन् भने केहि पोखरी र सिमसार क्षेत्रहरु समेत छन् । ढयाङ्ग्री खोला, कृष्ण खोला, मरीयाकमल, केर्खा खोला, गेउरीया, रतुवा र चन्द्र खोला बर्षैभरी पानी रहने सदाबहार खोलाहरु छन् । यस्ता खोलानालाहरु स्थानीय जनावर, पशुपंक्षीहरुको लागि पिउने पानीको स्रोत हुन भने यीनै खोलाहरुबाट स्थानीय खेतबारीमा सिंचाई समेत हुने गरेको छ । तर यस्ता खोलाहरुबाट जलविद्युतको संभावना भने अत्यन्त न्यून रहको छ । गाउँपालिका राष्ट्रिय प्रसारण लाईनसंग जोडिएको छ । त्यहि राष्ट्रिय प्रसारणको विद्युत सेवा गाउँपालिकाको सम्पूर्ण वडाहरुमा पुगेको छ र अधिकांश घरधुरीले वत्तीको लागि विजुली वत्ती नै बाल्ने गर्दछन । तर गुणस्तरिय ट्रान्सफरमर र प्रसारण लाइनको अभावमा ग्रामीण क्षेत्रमा भोल्टेज कम हुने र विद्युत अवरुद्ध भैरहने समस्या विद्यमान छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार कमल गाउँपालिकामा वत्ती बाल्नको लागि बिजुली प्रयोग गर्ने परिवार संख्या ९८.४८% छ । वत्तीको लागि व्यायोग्यास र सोलार जस्ता वैकल्पिक र स्वच्छ उर्जा प्रयोग गर्ने घरधुरीहरु भने अत्यन्त न्यून रहेको छ ।

### ६.३.२ समस्या तथा चुनौती

**समस्याहरु**

- स्थानीय स्तरमा उत्पादन गर्न सकिने वैकल्पिक उर्जाको प्रयोग अपेक्षाकृत न्यून रहेको ।
- राष्ट्रिय प्रसारण लाइन पुगेको भएतापनि गाउँपालिकाका भित्री वस्ती र टोलहरुसम्म गुणस्तरिय प्रसारण लाइन र ट्रान्सफर्मर नभएकोले बिजुलीको भोल्टेज कम गुणस्तरको भएको ।
- कृषि विद्युतीकरण हुन नसकेको ।
- सबै टोल र वस्तीहरुमा सडक वत्ती नभएको ।

**चुनौतीहरु**

- गाउँपालिकाको सबै वडा तथा वस्तीमा एलपि ग्यासको प्रचलन बढेकोले वैकल्पिक/स्वच्छ उर्जा उपयोगमा स्थानीयवासीको न्यून चासो ।
- गुणस्तरीय ग्रामिण र कृषि विद्युतीकरण गर्नु ।
- स्थानीय घरधुरीहरुमा विद्युत खपत बढाउनु ।
- विद्युतीकरणको लागि बजेटको व्यवस्था गर्नु ।
- वैकल्पिक उर्जाको प्रयोग बढाउनु

### ६.३.३ संभावना तथा अवसर

**संभावनाहरु**

- वैकल्पिक उर्जाको रुपमा सोलार उर्जाको प्रयोग गरी वैकल्पिक उर्जालाई प्रवर्द्धन गर्न सकिने ।
- कृषिमा विद्युतीकरण गरी कृषि उत्पादन र उत्पादकत्व बढाउन सकिने ।
- गाउँपालिका भित्रका सम्पूर्ण वडा, टोल र वस्तीहरुमा विद्युतीय चुल्होको प्रयोग गरी आयतीत एलपी ग्यास खपतमा कमी ल्याउन सकिने ।
- वैकल्पिक उर्जा जडानको लागि आवश्यक पर्ने सामानहरु स्थानीय बजार र नजिकै रहेको दमक बजारमा उपलब्ध हुन सक्ने ।

**अवसरहरु**

- गाउँपालिकाका वडा तथा वस्तीहरुमा वायोग्यास प्लान्ट संचालन गर्न सकिने ।
- गाउँपालिकाको सबै टोल, वस्ती र घरधुरीमा राष्ट्रिय प्रसारको बिद्युत सेवा विस्तार गर्ने सकिने ।
- स्थानीय घरधुरीमा विद्युतीय चुल्हो लगायत साना तथा घरेलु उद्योगहरुमा विद्युतको प्रयोग बढाएर राष्ट्रिय प्रसारणको विद्युत खपत बढाउन सकिने ।
- गाउँपालिकाका सबै वडा, वस्ती र टोलहरुमा सौर्य उर्जा जडान गर्न सकिने ।

### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**सोच**

- विद्युत तथा वैकल्पिक उर्जाको विस्तार, गाउँपालिकावासीको सृद्धिको आधार ।

**लक्ष्य**

- गाउँपालिकाका सबै घरधुरीमा गुणस्तरीय र भरपर्दो उर्जाको विस्तार गरी कमलवासीको समृद्धि ल्याउने ।

**उदेश्यहरु**

- गाउँपालिकाका सबै घरधुरी लगायत लघु/घरेलु उद्योगहरुमा उर्जाको पहुँच स्थापित गराउने ।
- कृषि विद्युतीकरण गरी कृषि उत्पादन र उत्पादकत्व बढाउने ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| गाउँपालिकाका सबै घरधुरी र क्षेत्रहरुमा गुणस्तरिय विद्युत उर्जामा पहुँच पुऱ्याउने । | ▪ विद्युत विस्तार नभएको वस्ती, टोल र घरधुरीमा विद्युत लाइन विस्तार गरिने छ।<br>▪ संवेदनशील क्षेत्रहरुमा सडक वत्तिको व्यवस्था गरिने छ ।<br>▪ कृषि योग्य जमीन र खेतहरुमा सिंचाईको लागि विद्युतीकरण गरिने छ ।<br>▪ गुणस्तरीय विद्युत सेवाको लागि विद्यमान ट्रान्सफर्मर र प्रसारण लाइनको स्तरोउन्नती गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| वैकल्पिक उर्जाको उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्ने। | ▪ विपन्न वर्गलाई वायोग्यासमा अनुदान उपलब्ध गराइने छ।<br>▪ नवीकरणीय तथा वैकल्पिक उर्जा उत्पादनलाई प्रोत्साहन र सहयोग गरिने छ।<br>▪ वैकल्पिक उर्जाको प्रयोगमा गाउँपालिकावासीहरुलाई सचेत तुल्याइने छ।<br>▪ वैकल्पिक उर्जाको उत्पादन र प्रयोग सम्बन्धि नीतिहरु तर्जुमा गरिने छ। |
| राष्ट्रिय प्रसारणको विद्युत खपत बढाउने। | ▪ सिंचाई, घरेलु उद्योग लगायतको क्षेत्रमा हुने बिजुलीमा सहुलियत प्रदान गरिने छ।<br>▪ विद्युतीय चुल्होको प्रयोगलाई प्रोत्साहन गर्नको लागि अनुदान र अन्य कार्यक्रमहरु लागु गरिने छ। |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | विद्युत विस्तार तथा मर्मत (पोल र तार खरिदमा साझेदारी) | | एकमुष्ठ | १०००० | गापा/विप्रा |
| २ | ट्रान्सफर्मर जडान र मर्मत | | एकमुष्ठ | ८००० | गापा/विप्रा |
| ३ | सडक वत्ती जडान र मर्मत | | एकमुष्ठ | ३००० | गापा/विप्रा/निक्ष |
| ४ | विपन्न घरधुरी वायोग्यास, सौर्या उर्जा र सुधारिएको चुल्हो अनुदान र साझेदारी कार्यक्रम | संख्या | १००० | १०००० | गापा/गैसस |
| ५ | विद्युतीय चुल्हो वितरण कार्यक्रम (साझेदारी) | संख्या | ३००० | ७००० | प्रस/संघ/गापा/गैसस |
| ६ | वैकल्पिक उर्जा सचेतना कार्यक्रम | संख्या | ५ | १००० | गापा/प्रस |
| ७ | कृषि विद्युतीकरण आयोजना | | एकमुष्ठ | ५००० | गापा/प्रस |
| ८ | सिंचाई र घरेलु उद्योगमा विद्युत छुट | | एकमुष्ठ | २५०० | नेविप्रा/गापा |
| ९ | विद्युतीय चार्जिङ स्टेशन | २ | एकमुष्ठ | ५०००० | सप्र/गापा/निक्षे/नेविप्रा |
| जम्मा | | | | ९६५०० | |

### ६.३.५ अपेक्षित उपलब्धि

- गाउँपालिका भित्रका टोल, वस्ती र बजार केन्द्रहरुसम्म स्तरीय विद्युत प्रसारण लाईन जडान भै प्रत्येक घरधुरी, उद्योग र कलकारखानाहरुसम्म गुणस्तरीय भोल्टेज पुगेको हुनेछ।
- कृषियोग्य खेतहरुमा विद्युतीकरण भै कृषि उत्पादन र उत्पादकत्व बढेको हुनेछ।

- खाना पकाउन विद्युतीय चुल्होको प्रयोग बढेर गाउँपालिका भित्र आयातीय खाना पकाउने ग्यासको प्रयोगमा कमी आएको हुनेछ।
- विद्युतको नियमित आपूर्तीसंगै गाउँपालिका भित्र उद्योगहरुको संख्या बृद्धि भइ नयाँ रोजगारी सृजना भएको हुनेछ ।
- वैकल्पिक उर्जाको प्रयोगमा बृद्धि भएको हुनेछ।
- इन्धनको रुपमा विद्युतको प्रयोगको गर्ने घरपरिवारको संख्या बढेको हुनेछ।

### ६.३.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने।
- आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ती हुनुपर्ने।
- स्थानीय संघ संस्था र दातृ निकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने।
- गाउँपालिका, प्रदेश र संघीय सरकारबिच वैकल्पिक उर्जाको विकासमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने।
- स्तरिय विद्युत प्रसारण लाईनको व्यवस्था भएको हुनुपर्ने।
- कृषि विद्युतीकरणको पूर्वाधार निर्माण भएको हुनुपर्ने।
- गाउँपालिकाले वैकल्पिज उर्जाको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने।
- गाउँपालिकामा विद्युत र वैकल्पिक उर्जाको प्रयोग सम्बन्धि नीतिहरु तर्जुमा भएको हुनुपर्ने।

## ६.४ सूचना तथा संचार प्रविधि

### ६.४.१ पृष्ठभूमि

गाउँपालिका विकासको समग्र क्षेत्रमा सूचना, संचार र प्रविधि क्षेत्रको महत्वपूर्ण भूमिका हुने गर्दछ । गाउँपालिकाबाट प्रवाह हुने विभिन्न खालका सेवा सुविधाहरुलाई अझ प्रभावकारी, पारदर्शी, सक्षम, सहज र सुलभ बनाउन पनि सूचना, संचार तथा प्रविधि क्षेत्रको त्यतिकै महत्वपूर्ण भूमिका हुने गर्दछ । गाउँपालिकामा इन्टरनेट, मोवाइल फोन, पत्रपत्रिका, रेडियो, टेलिभिजन जस्ता सूचना तथा संचार क्षेत्रको विकास भएको भएतापनि महंगो पर्ने भएकोले इन्टरनेट र सूचना प्रविधिमा स्थानीय आदिवासी, दलित, गरिब र पिछडिएका वर्गहरुको पहुँच भने निक्कै न्यून रहेको छ। मुख्य बजार क्षेत्रहरुसम्म नीजि क्षेत्रबाट इन्टरनेटको पूर्वाधार भने विकास भएको छ। इन्टरनेट जडित घरहरुमा पनि कम्प्युटरबाट भन्दा मोवाइलबाटै इन्टरनेट चलाउने घरधुरीको संख्या बढी रहेको छ । गाउँपालिकाबाट प्रवाह हुने सेवा सुविधाहरु सूचना प्रविधि मैत्री हुन सकेको छैन। गाउँपालिकाको आफ्नै वेभसाइट भएतापनि नियमित अद्यावधिक नगरिएकोले गाउँपालिकावासीहरुले वेभसाइटबाट अद्यावधिक सूचना र तथ्याङ्कहरु समेत पाउन सकेको देखिदैन । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार कमल गाउँपालिकामा साधरण स्मार्ट मोवाइल फोन संचारको सबैभन्दा बढी (८५.८%) प्रयोग हुने साधन रहेको छ। त्यसैगरी साधारण मोवाइल फोन प्रयोग गर्ने घरधुरीहरु ६८.९% छ। घरका प्रत्येक जसो वयस्क सदस्यहरुसंग मोवाइल फोन रहेको छ भने स्मार्ट फोन प्रयोगकर्ताहरुको इन्टरनेट पहुँच समेत उल्लेख्य मात्रामा बढेको छ । गाउँपालिकामा रेडियो प्रयोग गर्ने घरधुरीहरु ३४.३% र इन्टरनेट भएका घरधुरीहरु ६०.९% छ

### ६.४.२ समस्या तथा चुनौती

**समस्याहरु**

- गाउँपालिकाका प्रत्येक घरधुरी र टोलहरुसम्म इन्टरनेट सेवा प्रदायक संस्थाहरु नपुगेको ।
- इन्टरनेट महंगो पर्ने भएकोले विपन्न परिवारको न्यून पहुँच भएको ।
- गाउँपालिकाको वेभसाईट नियमित अद्यावधिक नहुने ।
- आवश्यक जनशक्ति र प्राविधिक ज्ञानको अभाव ।
- सूचना र संचारको विकासको लागि आवश्यक बजेट नहुनु ।
- गाउँपालिकामा सूचना, संचार र प्रविधि क्षेत्र प्राथमिकतामा नपर्नु ।

**चुनौतीहरु**

- गाउँपालिकाबाट प्रवाह हुने सेवा र सुविधाहरुलाई सूचना प्रविधि मैत्री बनाउनु ।
- गाउँपालिकामा प्रत्येक घरधुरीमा इन्टरनेट सेवाको पहुँच स्थापित गर्नु ।
- मोवाईल सेवाको नेटवर्क भरपर्दो र गुणस्तरीय बनाउनु ।
- इन्टरनेट र वाईफाईको गुणस्तर र पहुँच बढाउनु ।
- आवश्यक जनशक्ति र प्राविधिक ज्ञान बढाउनु ।
- इन्टरनेटको व्यापक प्रयोगसंगै साईबर सुरक्षाको चुनौती ।
- बौद्धिक सम्पतिको संरक्षण तथा सुरक्षा संवेदनशिलता ।
- आवश्यक कानुन र नीतिगत व्यवस्था गर्नु ।
- सामाजिक संजालको बढदो प्रयोगबाट आउने चुनौती र विकृतिहरुलाई नियन्त्रण गर्नु ।
- सूचना, संचार र प्रविधिका सेवा प्रदायकहरुले मुख्य बजार क्षेत्रलाई प्राथमिकतामा राखेको ।
- बालबालिका र युवाहरु सूचना प्रविधिको अधिक प्रयोगको कुलतमा फसेको ।

### ६.४.३ संभावना तथा अवसर

**संभावनाहरु**

- समय र पैसाको बचत हुने ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवाहरु सरल, सहज र पारदर्शी हुने ।
- स्थानीय सरकार र संघसंस्थाहरुमा सुशासन कायम हुने ।
- गाउँपालिकाका काम कारवाही र भुक्तानी प्रणाली पारदर्शी, चुस्त र प्रभावकारी हुने ।
- छिटो र सहज रुपमा सूचना प्राप्त हुने ।
- गाउँपालिकाका सबै वडा, टोल र वस्तीहरुसम्म गुणस्तरीय मोवाइल र इन्टरनेट सेवाको पहुँच स्थापित हुने ।
- डिजिटल गाउँपालिकाको अवधारणा कार्यान्वयन गर्न सकिने ।

**अवसरहरु**

- सूचना, संचार र प्रविधिको लागि आवश्यक यन्त्र उपकरण, सामाग्री र सेवा प्रदायकहरुको सहज उपलब्धता रहेको ।
- गाउँपालिकाको अधिकांश क्षेत्रमा मोवाइल फोन र इन्टरनेटको पहुँच रहेको ।

- युवा र नयाँ पुस्ता सूचना, संचार र प्रविधिमा जानकार र अभ्यस्त हुँदै गरेको ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति कार्यक्रम तथा आयोजना

**सोच**

- सूचना, संचार र प्रविधिको विकास, गाउँपालिकाको समृद्धिको निकास ।

**लक्ष्य**

- गाउँपालिकामा भरपर्दो सूचना तथा संचारको पूर्वाधार विस्तार गरी गाउँपालिकाबाट प्रवाह हुने सेवा र सुविधामा नागरिकको पहुँच बढाउने ।

**उद्धेश्यहरु**

- विद्युतीय स्थानीय सरकार सूचाङ्कमा सन २०२८ सम्ममा गाउँपालिकालाई नेपालका उत्कृष्ट स्थानीय सरकारहरुको तहमा पुऱ्याउनु ।
- सूचना र संचार प्रविधिमा नागरिकको पहुँच विस्तार गर्नु ।
- डिजिटल गाउँपालिकाको अवधारणा साकार पार्नु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| सूचना तथा संचारको क्षेत्रमा आम नागरिकको पहुँच बृद्धि गर्ने । | ▪ स्थानीय संचारकर्मीलाई पेशागत तालिम उपलब्ध गराइने छ ।<br>▪ स्थानीय युवाहरुलाई सूचना प्रविधि सम्बन्धी तालिम उपलब्ध गराई सूचना प्रविधिको उपयोग गर्न सक्षम बनाइने छ ।<br>▪ सबै प्रकारका संचार सुविधाहरु सम्पूर्ण वडा, बजार केन्द्र, वस्ती र घरधुरीहरुसम्म विस्तार गरिने छ ।<br>▪ सामुदायिक सूचना केन्द्रको स्थापना गरिने छ ।<br>▪ स्थानीय पत्रिपत्रिकाहरु प्रकाशन गर्न प्रोत्साहन गरिने छ ।<br>▪ गाउँपालिका भित्र वसोबास गर्ने आदिवासी, गरिब र पिछडिएका घरधुरीहरुमा इन्टरनेट सेवाको सहज र सरल पहुँच स्थापित गरिने छ ।<br>▪ गाउँपालिकाको वेभसाइट नियमित अद्यावधिक गरि तथ्याङ्क तथा सूचनाहरु सहज रुपमा प्रवाह हुने व्यवस्था गरिने छ । |
| डिजिटल गाउँपालिकाको अवधारणा लागू गर्ने । | ▪ गाउँपालिका र वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्र जडान गरिने छ ।<br>▪ गाउँपालिका र वडा कार्यालयहरुबाट प्रवाह हुने सेवाहरुलाई सूचना प्रविधि मैत्री बनाउन आवश्यक पूर्वाधारहरु जडान गरिने छ ।<br>▪ गाउँपालिकाका कर्मचारीहरुलाई सूचना प्रविधि सम्बन्धी तालिम दिइ उनीहरुको क्षमता अभिवृद्धि गरिने छ । |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | संचारकर्मी पेशाग तालिम कार्यक्रम | संख्या | ५ | १००० | गापा |
| २ | सूचना शाखा सवलीकरण र संचालन | | एकमुष्ठ | १५०० | गापा |
| ३ | युवाहरुलाई सूचना प्रविधि तालिम कार्यक्रम | संख्या | ५ | २००० | गापा |
| ४ | युवाहरुलाई संचारकर्मी तालिम कार्यक्रम | संख्या | ५ | १००० | गापा |
| ५ | गाउँपालिकाका सार्वजनिक स्थान र मुख्य चौकहरुमा वाइफाई जडान | | एकमुष्ठ | २००० | गापा/नीजि क्षेत्र |
| ६ | लक्षित घरपरिवार इन्टरनेट पहुँच कार्यक्रम | | एकमुष्ठ | १००० | गापा/प्रस |
| ७ | गाउँपालिकाको वेभसाइट नियमित अद्यावधिक | | एकमुष्ठ | ५०० | गापा/संघ |
| ८ | टोल, वस्ती र वडाहरुमा इन्टरनेट र वाइफाइको पूर्वाधार विस्तार कार्यक्रम | | एकमुष्ठ | ३००० | नीजि क्षेत्र/गापा |
| ९ | इ-पुस्तकालय स्थापना | | एकमुष्ठ | १५०० | गापा/प्रस |
| १० | सामुदायिक सूचना केन्द्रको स्थापना | | एकमुष्ठ | २५०० | गापा/प्रस |
| ११ | गाउँपालिकाको टलिभिजन कार्यक्रम | | एकमुष्ठ | १५०० | गापा/गैसस |
| १२ | स्थानीय पत्रपत्रिका प्रोत्साहन कार्यक्रम | | एकमुष्ठ | १००० | गापा |
| जम्मा | | | | १८५०० | |

### ६.४.५ अपेक्षित उपलब्धि

- गाउँपालिकाको इ-गभर्नेन्सको क्षमता अभिवृद्धि भै नागरिकहरुले सरल, सहज र प्रभावकारी रुपमा सेवा र सुविधाहरु प्राप्त गरेका हुनेछन ।
- गाउँपालिकाका सबै कार्यालयहरुका वेभसाइट, इमेल, फेसबुक, ट्वीटर, भाइबर जस्ता सामाजिक संजालका माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनवाई हुने व्यवस्था भएको हुनेछ ।
- गाउँपालिकाको ९०% घरधुरीमा इन्टरनेट सेवाको पहुँच स्थापित हुनेछ ।
- गाउँपालिकाको सम्पूर्ण क्षेत्रमा सूचना प्रविधि पूर्वाधारहरुको निर्माण तथा विकास भएको हुनेछ ।
- सामुदायिक सूचना केन्द्रको स्थापना भएको हुनेछ ।
- आम संचार माध्यम व्यवासायिक, मर्यादित र जिम्मेवार भएको हुनेछ ।
- अनलाईन सेवाहरु व्यवस्थित र विश्वासिलो भएको हुनेछ ।
- गाउँपालिकाका मुख्य बजार, चौक र सार्वजनिक स्थानहरुमा निशुल्क वाइफाइको पूर्वाधार जडान भएको हुनेछ ।

### ६.४.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- गाउँपालिकामा सूचना प्रविधि सम्बन्धी जनशक्ति र प्राविधिकहरुको पदपूर्ती हुनुपर्ने ।

- गाउँपालिकामा सूचना तथा संचारको लागि आवश्यक पूर्वाधारको व्यवस्था हुनुपर्ने ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवा र दैनिक कार्यसम्पादन इ-गभर्नेन्स अवधारणामा आधारित भएको हुनुपर्ने ।
- सूचना तथा संचार र प्रविधि क्षेत्रमा स्थानीय संघसंस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिकाको सूचना तथा संचार नीति तर्जुमा भएको हुनुपर्ने ।
- सूचना र संचारको बिकासको लागि गाउँपालिकाले आवश्यक सहजिकरण र सहुलियत प्रदान गरी गाउँपालिका र नीजि सेवा प्रदायक बिच आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र संघीय सरकारबिच सूचना, संचार र प्रविधिको क्षेत्रमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।

# अध्याय सात: वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

## ७.१ वन, भू-संरक्षण तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

जैविक विविधता भन्नाले पृथ्वीमा रहेका सबै प्रकारका जीवजन्तु तथा वनस्पतिका आणुवंशिक, प्रजातिगत र पारिस्थितिक प्रणाली विविधता भनेर बुझिन्छ। जैविक विविधताबाट मानिसले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा अनेकौ वस्तु तथा सेवाहरू जस्तै खाना, उर्जा, औषधि, अक्सिजन आदि निरन्तर पाइरहेका छन्। जैविक विविधताको अत्यधिक उपयोग हुँदै जाँदा, जैविक विविधतामा ह्रास आउनुका साथै प्राकृतिक प्रक्रिया असन्तुलित भई मानव जीवनको अस्तित्व नै खतरामा पर्न जान्छ। कमल गाउँपालिकामा कुल क्षेत्रफलको १२.०५% (१२.६ वर्ग किमि) भू-भाग वनले ढाकेको छ भने झाँडी क्षेत्र ५.३७% (५.६२ वर्ग किमि) र घाँसे मैदान ०.०९ वर्ग किमि छ। कमलवासीहरुले आफ्नो नीजि जमीनमा सिसौ, टिक, कदम, मसला जस्ता रुख विरुवाहरु रोपेका छन भने बाँसका स-साना झ्याङहरु पनि यत्रतत्र पाईन्छ। आँप, लिचि, कटहर, अम्वा, मेवा, नरिवल, सुपाडी आदि फलफुलका बोटविरुवाहरु बगैचाको रुपमा बिकास भएको पाईन्छ। इपिल, बकाईनो, बडहर आदि डाँले घाँसको रुपमा प्रयोग हुने प्रजातीका बोटविरुवाहरु समेत स्थानीयवासीहरुले आफ्नो खेतमा रोपेका छन्। स्याल, खरायो, खिरखिरे, ढाँडे विरालो, गोहोरो यहाँ पाइने जंगली जनावरहरु हुने भने बकुल्ला, काग, भंगेरा, रुप्पी, ढुकुर, परेवा, हाँस, कुखुरा आदि जस्ता पंक्षीहरु यस गाउँपालिकामा पाईन्छ। समथल भू-भाग भएको र मुनसुनको अत्यधिक प्रभाव क्षेत्रमा पर्ने भएकोले बर्षातको समयमा गाउँपालिकामा रहेका खोलाको स्तर अत्यधिक बढन गै बर्षेनी बाढी, डुबान, भू-क्षय र कटानको समस्या हुने गरेको छ।

### ७.१.२ समस्या तथा चुनौती

**समस्याहरु**

- स्थानीय हरियाली क्षेत्र र वनको दिगो व्यवस्थापन हुन नसकेको।
- वन पैदावर, वन्यजन्तु र जैविक विविधताको संरक्षणको कार्ययोजना नभएको।
- बर्षातको समयमा कटान, बाढी, डुबानको समस्या भएको।
- पानीका स्रोतहरुको संरक्षण नभएको।
- जलस्रोतको उपयोग र व्यवस्थापन सम्बन्धी स्थानीय ऐन कानुन र नीतिको अभाव।
- स्थानीय खोलानाबाट वालुवा, ढुंगा, गिटि आदिको जथाभावी उत्खनन।
- स्थानीय पोखरी, सिमसार र खोलानालाहरु सुक्दै जानु।
- जलस्रोत क्षेत्रसँग सम्बन्धित निकायहरूको बीचमा आपसी समन्वय तथा सहकार्यको अभाव।
- जलस्रोतको चरम दोहन।
- वन अतिक्रमण र चोरी निकासी।

**चुनौतीहरु**

- बिकास र वातावरण बिच सन्तुलन कायम गर्नु।
- बाढी, डुबान र कटानको नियन्त्रण।

- स्थानीय खोलानाबाट वालुवा, ढुंगा, गिटी आदिको जथाभावी उत्खनन रोक्नु ।
- स्थानीय खोलानाला, ताल र सिमसार क्षेत्रहरुको संरक्षण र सम्वर्द्धन गर्नु ।
- खाली एवं बाझो जमीनमा बृक्षारोपण गर्नु ।
- वन तथा वातावरण संरक्षणलाइ आर्थिक क्रियाकपालसंग आवद्ध गर्नु ।
- दाउरा, घर निर्माण र फर्निचरको लागि स्थानीय वनहरुको फडानी रोक्नु ।
- वन पैदावर र वन्यजन्तुहरुको संरक्षण ।
- वन, वातावरण तथा जैविक विविधता सम्बन्धी जनचेतनामा बृद्धि गर्नु ।

### ७.१.३ संभावना तथा अवसर

**संभावनाहरु**

- स्थानीय वन तथा वातावरणको दिगो व्यवस्थापन भै स्थानीयवासीहरुको जिवनस्तरमा सकारात्मक प्रभाव पर्न सक्ने ।
- पानीका स्रोत र मुहानहरुको संरक्षण गर्न सकिने ।
- जथाभावी बोटविरुवा र रुखहरुको फडानी नियन्त्रण गर्न सकिने ।
- जलस्रोतको सदुपयोगबाट स्थानीयवासीहरुको जिवनस्तरमा सुधार ल्याउन सकिने ।

**अवसरहरु**

- जैविक विविधताको संरक्षण गर्न सकिने ।
- बाढी, कटान र डुबान आदिको प्रकोप न्यूनिकरण भै नागरिकको जनधनको क्षति न्यूनिकरण गर्न सकिने ।
- व्यक्तिगत रुपमा रोपिएका र हुर्काइएका काठजन्य बोटविरुवालाई व्यवसायिक कच्चा पदार्थको स्रोत बनाउन सकिने ।
- वालुवा, ढुंगा, गिट्टी आदिको उत्खननबाट गाउँपालिकाको राजस्व अभिवृद्धि गर्न सकिने ।
- खोला, पोखरी र सिमसारको संरक्षणबाट स्थानिय पर्यावरण र पारस्थितिक प्रणालीमा सकारात्मक प्रभाव हुने ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

- वन, जमीन तथा जैविक विविधताको संरक्षण, सबै जिवजन्तुको कल्याण ।

**लक्ष्य**

- वन, जमीन तथा जैविक विविधताको दिगो संरक्षण गरी सवै जिवजन्तुको लागि वातावरण स्वच्छ राख्ने ।

**उद्धेश्य**

- वन, जमीन र जैविक विविधताको दिगो संरक्षण गर्नु ।

### रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| वन, जमीन र जैविक विविधताको संरक्षण र विकास गर्नु । | ▪ वन तथा जैविक विविधता सम्बन्धि गुरुयोजनाको आधारमा जलस्रोत तथा वन क्षेत्रको उपयोग तथा व्यवस्थापन गरिनेछ ।<br>▪ वन तथा जैविक विविधता क्षेत्रको संरक्षण, विकास, व्यवस्थापन तथा नियमनका लागि संस्थागत व्यवस्था गरी सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरिनेछ ।<br>▪ वन तथा जैविक विविधताको संरक्षण र विकासमा निजी क्षेत्र तथा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा अभिवृद्धि गरिनेछ ।<br>▪ वन तथा जैविक विविधता संरक्षणको लागि घेराबार र वनमा अग्नीरेखाको निर्माण गरिने छ ।<br>▪ खाली र पर्ती जमिनमा वृक्षारोपण कार्य गरिने छ ।<br>▪ खोला कटानबाट हुने भू-क्षय रोक्नको लागि कटान क्षेत्रहरु पहिचान गरी आवश्यक पूर्वाधारहरुको निर्माण गरिने छ ।<br>▪ संभावित कटान क्षेत्रहरुमा वायोइन्जिनियरिङ प्रविधि अपनाई खोला किनारमा हुने भू-क्षय न्यूनीकरण गरिने छ ।<br>▪ वन, भू-संरक्षण र जैविक विविधताको संरक्षण सम्बन्धी स्थानीयवासीहरुमा सचेतनामूलक कार्यक्रमहरु गरिने छ । |

### कार्यक्रम तथा आयोजना

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | खोला किनार/बगर क्षेत्र वृक्षारोपण कार्यक्रम | संख्या | १० | २००० | गापा |
| २ | वनमा अग्नीरेखा निर्माण | | एकमुष्ठ | १५०० | गापा |
| ३ | वन संरक्षण सचेतामूलक कार्यक्रम | संख्या | ५ | १००० | गापा |
| ४ | जैविक विविधता संरक्षण कार्यक्रम | संख्या | ५ | २००० | गापा |
| ५ | सिमसार क्षेत्र संरक्षण कार्यक्रम (वाल्मिकि, धरधरे) | संख्या | २ | ५००० | गापा/प्रस |
| ६ | वन तथा जैविक विविधता गुरुयोजना तर्जुमा | सख्या | १ | १००० | गापा/प्रस |
| ७ | खोला कटान क्षेत्रमा ग्याविन पर्खाल र तटबन्ध निर्माण (रतुवा खोला, चाँदु, गेउरिया) | किमि | १० | २५०००० | गापा/प्रस/संघ |
| ८ | वन उपभोक्ता समितिको क्षमता अभीवृद्धि कार्यक्रम | संख्या | ५ | १००० | गापा/प्रस |
| ९ | भू-संरक्षण सचेतना कार्यक्रम | सख्या | ५ | १५०० | गापा/संघ |
| १० | कटान संवेदनशिल क्षेत्रको नक्शाङ्कन तथा विवरण संकलन | | एकमुष्ठ | १००० | नीजि क्षेत्र/गापा |
| ११ | वन्यजन्तु, स्थलचर र जलचर संरक्षण कार्यक्रम | सख्या | ५ | १००० | गापा/प्रस |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १२ | खुला र पर्ती जग्गामा वृक्षारोपण कार्यक्रम | सख्या | ५ | १००० | गापा/नीजि क्षेत्र |
| १३ | कटान क्षेत्र विशेष हरित क्षेत्र प्रवर्द्धन कार्यक्रम | सख्या | ५ | १००० | गापा |
| १४ | भू-संरक्षण तथा कटान नियन्त्रण तालिम | सख्या | १० | १००० | गापा/गैसस |
| १५ | कमल पोखरी स्तरोउन्नती | सख्या | ५ | २००० | गापा/प्रस |
| १६ | गुरुङ्ग मिल डाँडा दक्षिण भुत्लुङ्ग खोलासम्म धाधर नियन्त्रण | | एकमुष्ठ | ५०००० | प्रस/संघ |
| जम्मा | | | | ३२२००० | |

### ७.१.५ अपेक्षित उपलब्धि

- अध्ययन, अनुसन्धान तथ्य एवं प्रमाणका आधारमा स्थानीय वन, जैविक विविधताको संरक्षण कार्य हुनेछ ।
- स्थानीय खोलाना, ताल, पोखरी र सिमसार क्षेत्रको संरक्षण र सदुपयोग भएको हुनेछ ।
- वन, भू-संरक्षण तथा जैविक विविधताको विकासमा संघ र प्रदेश सरकारसंग समन्वय हुनेछ ।
- स्थानीय खोलानालाबाट हुने कटान र भू-क्षय न्यूनिकरण भएको हुनेछ ।
- जैविक विविधताको संरक्षण भएको हुनेछ ।

### ७.१.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- स्थानीय संघसंस्था र दातृ निकायहरुको गाउँपालिकाको वन, भू-संरक्षण तथा जैविक विविधताको क्षेत्रमा नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- स्थानीय खोलानालाहरुमा तटबन्धको निर्माण भएको हुनुपर्ने ।
- गाउँपालिकाको वन, भू-संरक्षण र जैविक विविधता सम्बन्धी नीति तर्जुमा भएको हुनुपर्ने ।
- स्थानीय खोलानालाहरुको चरम दोहन बन्द हुनुपर्ने ।
- रासायनिक मल, किटनाषक औषधी र विषादीहरुको जथाभावी प्रयोग बन्द भएको हुनुपर्ने ।
- ठूलो प्राकृतिक प्रकोप र महामारी नभएको हुनुपर्ने ।
- वन, भू-संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीयवासीको सचेतना स्तरमा बृद्धि भएको हुनुपर्ने ।

## ७.२ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

बढदो विकास निर्माण कार्य, जनघनत्व र शहरीकरणसंगै गाउँपालिकाको वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापन निक्कै चुनौतीपूर्ण हुँदै गैरहेको छ । गाउँपालिको पाडाजुँगी, केर्खा र क्याम्पा बजार क्षेत्रहरुमा बढदो घरनिर्माण र शहरीकरणसंगै बजार आसपासका क्षेत्रहरुमा ठोस फोहोर बढदै गएको छ भने ढलको उचित व्यवस्थापन हुन नसक्दा स्थानीय वातावरण समेत दुर्गन्धित हुने स्थिति छ । त्यसैगरी गाउँपालिका भित्रका अन्य बजार, चौक र हाटबजार लाग्ने क्षेत्रमा समेत फोहोर बढेर यसको व्यवस्थापन अझ चुनौतीपूर्ण हुँदै गैरहेको छ । गाउँपालिकाले मुख्य बजार क्षेत्रबाट फोहोरमैला संकलन गरी विसर्जन गर्ने कार्यको थालनी गरेको छ तर स्थायी फोहोरमैला प्रसोधन केन्द्रको अभाव, सिमित पूर्वाधार र जनशक्तिबाट स्थानीय बजार र हाटबजार क्षेत्रको फोहोर व्यवस्थापन हुन कठिन छ ।

### ७.२.२ समस्या तथा चुनौती

**समस्याहरु**

- शहरीकरणको विस्तारसंगै फोहोरमैला बढदै गैरहेको ।
- इटाभट्टाहरुले वायु प्रदुषण बढाएको ।
- सार्वजनिक शौचालय तथा फोहोरमैला व्यवस्थापन गर्ने स्थानको अभाव
- पानीका स्रोतहरु सुक्दै गैरहेको ।
- बर्षायाममा डुबान, बाढी र कटानको जोखिम ।
- स्थाई फोहोरमैला प्रसोधन केन्द्र नभएको ।
- मुख्य बजार क्षेत्रहरुबाट नियमित फोहोरमैला संकलन हुन नसकेको ।
- प्लाष्टिक झोलाहरुको जथाभावी प्रयोग ।
- गाउँपालिकाका बजार क्षेत्रमा ढलको व्यवस्था नभएको ।
- वातावरण संक्षणमा अत्यन्त न्यून बजेटको व्यवस्था ।
- आवश्यक ऐन र कार्यविधिहरु नभएको
- ढल निकास तथा फोहोरमैला व्यवस्थापन सम्बन्धि न्यून सचेतना ।
- ढल निकास र फोहोरमैला व्यवस्थापनको लागि पूर्वाधार निर्माण गर्न आर्थिक स्रोतको अभाव ।

**चुनौतीहरु**

- प्लाष्टिकजन्य वस्तुको अत्यधिक प्रयोग, व्यवस्थापन र जथाभावी फाल्नु, डढाउनु र बाल्नु ।
- वातावरणीय प्रदुषणको समाधानको व्यवस्थापन जटिल र प्राविधिक रुपमा अत्यन्तै चुनौतीपूर्ण रहेको ।
- बढदो सवारी साधनबाट निस्कने धुँवा धुलोबाट वायु प्रदुषण रोक्नु ।
- ढल निकास तथा फोहोरमैला व्यवस्थापन सम्बन्धि सचेतना बढाउनु ।
- फोहोरमैला व्यवस्थापनको लागि संकलन गर्ने कन्टेनर र ढुवानी गर्ने सवारी साधनको व्यवस्था गर्नु।
- स्थाई फोहोरमैला प्रसोधन केन्द्रको पूर्वाधार निर्माण गर्नु ।
- आवश्यक बजेट र कार्ययोजना अभाव ।

- फोहोरमैला व्यवस्थापनमा स्थानीयवासीको भूमिका र सचेतना बढाउनु ।

### ७.२.३ संभावना तथा अवसर

**संभावनाहरु**

- फोहोरमैला र ढल निकास समस्याको दिर्घकालिन समाधानको लागि फोहोरमैला प्रसोधन केन्द्रको निर्माण गर्न सकिने ।
- मुख्य बजार र वस्ती क्षेत्रमा ढल संजालको निर्माण गर्न सकिने ।
- फोहोरमैला व्यवस्थापन र ढलको निकासबाट सफा, सुन्दर र स्वच्छ गाउँपालिका निर्माण गर्न सकिने।
- गाउँपालिकावासीमा फोहोरमैला व्यवस्थापन र ढल निकास सम्बन्धि जनचेतना अभिबृद्धि भइ फोहोरलाई स्रोतमै व्यवस्थापन गर्ने सकिने ।
- सड्ने फोहोरहरु घरमै उपयोग गर्न प्रेरित गर्न सकिने ।
- वातावरण संरक्षणको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन हुन सक्ने ।
- वातावरण संरक्षण सम्बन्धि सचेतना कार्यक्रम संचालन गरी वातावरण संरक्षणमा स्थानीयवासीहरुलाई परिचालन गर्न सकिने ।

**अवसरहरु**

- सार्वजनिक नीजि साझेदारी अवधारणा मार्फत फोहोरमैला व्यवस्थापन गर्न सकिने ।
- फोहोरलाई उर्जाको रुपमा प्रयोग गर्न सक्ने प्रविधिको विकास हुनु ।
- वातावरण तथा प्रदुषण नियन्त्रणको क्षेत्रमा स्थानीय सरकार, विकास साझेदार तथा अन्य सरकारी/गैर सरकारी संस्थाहरु, उपभोक्ता समितिहरु र नागरिकको सहभागिता बढदै जानु ।
- फोहोरमैला व्यवस्थापन र वातावरण संरक्षणमा स्थानीयवासीहरु सचेत भएको ।
- गाउँपालिकाका विभिन्न स्थानहरुमा व्यापक वृक्षारोपण गर्दै बगैचा र पार्कहरु निर्माण मार्फत सुन्दर र हरियाली प्रवर्द्धन गर्न सकिने ।
- फोहोरलाई उर्जाको रुपमा प्रयोग गर्न सक्ने प्रविधिको विकास हुनु ।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

- वातावरण संरक्षण र फोहोरको दिगो व्यवस्थापन, सुन्दर र स्वस्थ्य जनजीवन ।

**लक्ष्य**

- फोहोरमैलाको दिगो व्यवस्थापन तथा प्रदुषण न्यूनीकरण गरी वातावरणीय स्वच्छता कायम गर्ने ।

**उदेश्य**

- फोहोरमैलाको दिगो व्यवस्थापन गर्नु ।
- स्थानीय खोला, ताल, पोखरी र सिमसार क्षेत्रहरुमा हुने प्रदुषण न्यूनीकरण गरी त्यहाँको पारस्थितिकीय प्रणालीमा सुधार गर्नु ।

**रणनीति र कार्यनिति**

| रणनीति | कार्यनीति |
|---|---|
| फोहोरमैलाको दिगो व्यवस्थापन गर्ने | ▪ फोहोरमैलाको दिगो व्यवस्थापनको लागि आधुनिक फोहोरमैला प्रसोधन केन्द्रको पूर्वाधार, यन्त्र उपकरण र सवारी साधनहरुको व्यवस्था गरिने छ ।<br>▪ स्थानीय घरधुरी र बजार क्षेत्रबाट हाल संकलन हुँदै आएको फोहोरमैला संकलनको व्यवस्थालाई अन्य वस्ती र टोलहरुमा क्रमश विस्तार गरिने छ ।<br>▪ सबै घरधुरीमा सडने, प्लाष्टिकजन्य र धातुजन्य फोहोर अलग अलग राख्नको लागि डस्टविन र फोहोरको कन्टेनरको व्यवस्था गरिने छ ।<br>▪ फोहोरमैला व्यवस्थापन सम्बन्धी शैक्षिक तथा जनचेतनाका कार्यक्रमहरु संचालन गरिने छ<br>▪ फोहोरमैला व्यवस्थापनको लागि जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई आवश्यक तालिम प्रदान गरिने छ ।<br>▪ हरियाली कायम गर्न खाली रहेका स्थानहरुमा वृक्षारोपण गरिने छ ।<br>▪ इटाभट्टा जस्ता प्रदुषण जन्य उद्योगहरुलाई भू-उपयोग योजनाले प्रस्ताव गरे वमोजिम वस्तीहरुबाट टाढा स्थानान्तरण गर्ने अथवा निरुत्साहित गर्ने नीति अवलम्वन गरिने छ ।<br>▪ उद्योगहरुलाई मुख्य बजार र मानव वस्तीभन्दा टाढा लैजान प्रोत्साहन गरिने छ । |
| स्थानीय वातावरणमा सुधार ल्याउने | ▪ स्थानीय खोला र पोखरीहरुमा हुने प्रदुषण न्यूनीकरणको लागि सचेतनामूलक कार्यक्रमहरु गरिने छ ।<br>▪ गाउँपालिकामा प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गरिने छ ।<br>▪ मुख्य बजार र चौकहरुमा सार्वजनिक शौचालयको व्यवस्था गरिने छ ।<br>▪ मुख्य बजार र वस्ती क्षेत्रमा ढलसंजालको विकास गरिने छ।<br>▪ खोला, ताल, पोखरी तथा अन्य पानीका स्रोतहरुको संरक्षण गरिने छ ।<br>▪ वैकल्पिक उर्जाबाट चल्ने सवारी साधन र लघु उद्योगहरुलाई प्रवर्द्धन गरिने छ ।<br>▪ बायो ग्यास, सुधारिएको चुल्हो, ग्यासीफायर, बायोब्रिकेट जस्ता किफायती जैविक उर्जाहरुको प्रवर्द्धन एवं विस्तार गरिने छ । |

**कार्यक्रम तथा आयोजना**

| क.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | फोहोरमैला प्रसोधन केन्द्रको संभाव्यता अध्ययन | संख्या | १ | १५०० | गापा/प्रस/संघ |
| २ | घरघरबाट फोहोरमैला संकलनको क्षेत्र विस्तार (शुल्क लिने गरी) | | एकमुष्ठ | २००० | गापा |
| ३ | फोहोरमैला ढुवानी ट्रक खरिद | संख्या | २ | ५००० | गापा/प्रस/गैसस |
| ४ | डक्टविन खरिद | संख्या | १५० | १५०० | गापा |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| ५ | फोहोर राख्ने कन्टेनर खरिद (साझेदारी) | संख्या | १० | १००० | |
| ६ | फोहोरमैलालाई स्रोतमै व्यवस्थापनको लागि सचेतना कार्यक्रम | सख्या | ५ | १००० | गापा |
| ७ | कुहिने नकुहिने फोहोर छुट्याउने कार्यक्रम | संख्या | १० | १५०० | गापा |
| ८ | ढल संजाल निर्माणको संभाव्यता अध्ययन (केर्खा बजार र पाडाजुँगी बजार क्षेत्र) | संख्या | २ | १५०० | गापा/प्रस |
| ९ | सार्वजनिक शौचालय निर्माण | सख्या | १० | २००० | गापा/प्रस/गैसस |
| १० | फोहोरमैला व्यवस्थापन सचेतना कार्यक्रम | सख्या | ५ | १००० | गापा/प्रस |
| ११ | स्थानीय खोला र पोखरीहरुमा हुने प्रदुषण न्यूनीकरणको लागि सचेतनामूलक कार्यक्रम | संख्या | ५ | १००० | गापा/प्रस |
| १२ | वैकल्पिक उर्जाबाट चल्ने सवारी साधन र लघु उद्योग प्रवर्द्धन कार्यक्रम | सख्या | ५ | ५००० | गापा/प्रस/संघ |
| १३ | बायो ग्यास, सुधारिएको चुल्हो, ग्यासीफायर, बायोब्रिकेट जस्ता किफायती जैविक उर्जाहरुको प्रवर्द्धन एवं विस्तार कार्यक्रम | | एकमुष्ठ | २००० | गापा/प्रस/गैसस |
| १४ | प्रदुषणजन्य उद्योग स्थानान्तरणको लागि समन्वय र नीति तर्जुमा | | एकमुष्ठ | १००० | गापा |
| १५ | फोहोरमैला व्यवस्थापनको लागि जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई तालिम कार्यक्रम | सख्या | ५ | १००० | गापा |
| १६ | खाली स्थानमा वृक्षारोपण कार्यक्रम | संख्या | ५ | १००० | गापा |
| १७ | फोहोरमैला प्रसोधन केन्द्रको डिपिआर तयारी र पूर्वाधार निर्माण | सख्या | १ | ५०००० | गापा/प्रस |
| १८ | वाल उद्यान स्तरोउन्नती | | एकमुष्ठ | ५००० | गापा/प्रस |
| जम्मा | | | | ८४००० | |

### ७.२.५ अपेक्षित उपलब्धि

- मुख्य बजार र वस्ती क्षेत्रमा ढल संजालको निर्माण भएको हुनेछ ।
- मुख्य बजार र वस्तीहरुबाट नियमित फोहोर संकलन भएको हुनेछ ।
- फोहोरमैला व्यवस्थापन र ढलको निकासबाट सफा, सुन्दर र स्वच्छ गाउँपालिका निर्माण भएको हुनेछ।
- स्थानीयवासीमा फोहोरमैला व्यवस्थापन र ढल निकास सम्बन्धि जनचेतना अभिबृद्धि भई फोहोरको स्रोतमै व्यवस्थापन भएको हुनेछ ।
- फोहोरजन्य झाडापखाला र हैजाहरुको प्रकोप कम भएको हुनेछ ।

- स्थानीय खोला र पोखरीहरुमा प्रदुषण न्यूनिकरण भएको हुनेछ ।
- फोहोरको दीर्घकालीन व्यवस्थापनको लागि आधुनिक फोहोरमैला प्रसोधन केन्द्रको डिपिआर तयार भै निर्माणको शुरुवात भएको हुने छ ।
- प्लाष्टिक झोला निषेध भएको हुनेछ ।

### ७.२.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- वातावरण तथा फोहोरमैला व्यवस्थापनमा आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ती हुनुपर्ने ।
- फोहोरमैला व्यवस्थापनको लागि आवश्यक पर्ने यन्त्र उपकरणहरुको व्यवस्था भएको हुनुपर्ने ।
- स्थाई फोहोरमैला प्रसोधन केन्द्रको पूर्वाधार निर्माणको कार्य प्रारम्भ भएको हुनेछ ।
- वातावरण तथा फोहोरमैला व्यवस्थापनमा स्थानीय संघसंस्था र दातृनिकायहरुको नियमित आर्थिक र प्राविधिक सहयोग हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र संघीय सरकारबिच वातावरण तथा फोहोरमैला व्यवस्थापनमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।
- फोहोरमैला व्यवस्थापन सम्बन्धी ऐन र कार्यविधि तर्जुमा भएको हुनुपर्ने ।
- वैकल्पिक उर्जाबाट चल्ने सवारी साधन र लघु उद्योगहरुको प्रवर्द्गन हुनुपर्ने ।
- फोहोरमैला व्यवस्थापनमा गाउँपालिकावासीको सक्रिय सहभागिता र सहकार्य हुनुपर्ने ।

## ७.३ विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

### ७.३.१ पृष्ठभूमि

कमल गाउँपालिकामा गर्मी र बर्षातको समयमा झाडापखाला र हैजा जस्ता प्रकोपहरु बेला बेला हुने गरेको छ भने जाडोको समयमा शितलहरले समेत सताउने गरेको छ । तर यस्ता प्रकोपहरुबाट मानवीय क्षति भने न्यून हुने गरेको छ । त्यसैगरी कोभिड-१९ को महामारीले समेत गाउँपालिकालाई निक्कै सताएको थियो । बाढी, कटान र डुबान कमल गाउँपालिकामा बर्षेनी आईपुर्ने मुख्य विपदहरु हुन । यस्ता विपद व्यवस्थापनको लागि गाउँपालिकाले केहि स्थानमा बाध बाध्ने, वृक्षारोपण गर्ने, सचेतना कार्यक्रमहरु संचालन गर्ने जस्ता कार्यक्रमहरु संचालन गर्नुको साथै विपद तथा महामारी व्यवस्थापनको लागि “स्वास्थ्य, सरसफाई तथा विपद व्यवस्थापन ऐन, २०७९” र “विपद व्यवस्थापन कोष संचालन कार्यविधि, २०७५” समेत तर्जुमा गरेको छ । तर हालसम्म गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्रका विपद क्षेत्रहरुको पहिचान गरी यस्ता विपद व्यवस्थापनको लागि कार्ययोजना र कार्यविधि भने तर्जुमा गरेको छैन । गाउँपालिका भएर बग्ने रतुवा, गेउरिया, किस्ने, चाँजु, याङ्ग्री, भुतुङ, कमल र केर्खा खोलाबाट हुने कटान, डुबान र बाढीले बर्षैनी सैयौ घरहरु डुबान हुने गरेको छ भने खेतीयोग्य जमीनहरु समेत कटान भैहरेको छ । कमल गाउँपालिकामा जलवायु परिवर्तनका ठूला कारक तत्वहरु नभएको भएतापनि विश्वव्यापी कारणहरुले गर्दा अनियमित बर्षा, कृषि बालिमा विभिन्न प्रकारका नयाँ नयाँ रोगहरु आउने, लामो समय सुख्खा खडेरी हुने, बाढी, कटान/भूक्षय, पोखरी र सिमसार क्षेत्रहरु सुक्ने जस्ता घटनाहरु देखा पर्न थालिसकेका छन् ।

### ७.३.२ समस्या तथा चुनौती

**समस्याहरु**

- पानीका स्रोतहरु सुक्दै गैरहेको ।
- जंगली हात्तिको आक्रमण ।
- खडेरी र सुख्खाले कृषि उत्पादनमा कमी ।
- विभिन्न प्रकारका महामारी तथा स्वास्थ्य प्रकोपहरु ।
- बर्षायाममा डुबान, बाढी, कटानको प्रकोप ।
- कृषि क्षेत्रमा विषादीको बढदो प्रयोग सम्बन्धमा कृषकहरु सचेत नहुनु ।
- विपद जोखिम न्यूनिकरण र व्यवस्थापनका लागि उद्धार टोली र सामाग्री नहनु ।
- संभावित जोखिम र सोको प्रतिकार्यको लागि पूर्व ज्ञान नहुनु ।
- विपद जोखिम क्षेत्रको नक्साङ्कन र न्यूनीकरण तथा व्यवस्थापन योजना नहुनु ।
- वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी सचेतनाको कमी ।
- बाढी र डुबान जस्ता विपदजन्य प्रकोपहरुको लागि पूर्व सूचना प्रणालीको अभाव ।

**चुनौतीहरु**

- विपद जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन जटिल र प्राविधिक रुपमा अत्यन्तै चुनौतीपूर्ण हुने ।
- विपद पूर्व सूचना प्रणालीको व्यवस्थापन गर्नु ।
- जंगली हात्तीको आक्रमण रोक्नु ।
- स्थानीय खोलानाला, पोखरी, सिमसार क्षेत्र सुक्दै जानु ।
- समुदायमा आधारित खोज तथा उद्धार सामाग्री र यन्त्र उपकरणको व्यवस्था गर्नु ।
- बिपद्मा परेका घरपरिवार तथा समुहहरुलाई तत्काल राहतको व्यवस्था गर्नुपर्ने ।
- विपद जोखिम प्रतिकार्य र जलवायु परिवर्तन अनुकूलनको लागि स्थानीय समुदायको सचेतना स्तर र क्षमता अभिवृद्धि गर्नु ।
- हावापानीको परिवर्तनको कारण जलवायु परिवर्तन अनुकुलन र विपद् व्यवस्थापनलाई समय अनुकुल परिमार्जित तथा व्यवस्थित गर्न नसक्नु ।

### ७.३.३ संभावना तथा अवसर

**संभावनाहरु**

- विपद व्यवस्थापन कोष स्थापना र संचालन गर्न सकिने ।
- जलवायु उत्थानशिल कार्यक्रमहरुको लागि सामुदायिक वनहरुसंग सहकार्य गर्न सकिने ।
- विपद जोखिम व्यवस्थापन र जलवायु उथ्थानशिल कार्यक्रमको लागि स्थानीय समुदाय, सार्वजनिक र नीजि क्षेत्रहरुबिच समन्वय र सहकार्य गर्न सकिने ।
- स्थानीय खोलानाला, पोखरी र सिमसार क्षेत्रहरुको संरक्षण र व्यवस्थापनबाट पानीका श्रोतहरुको संरक्षण गर्ने सकिने ।
- वातावरण संरक्षणको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन हुन सक्ने ।

- सबै प्रकारका विपद्को सामना गर्न आधुनिक प्रविधि, संरचना, मापदण्ड र आवश्यक दक्ष जनशक्तिको बिकास हुन सक्ने ।
- गाउँपालिकाले विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सम्बन्धमा स्थानीय ऐन तर्जुमा गरी लागू गर्न सक्ने ।
- गाउँपालिकाको सबै वडाहरु सडक संजालसंग जोडिएकोले राहत तथा उद्धार कार्य तत्काल गर्न सकिने।

**अवसरहरु**

- विपद जोखिम र जलवायु परिवर्तन अनुकूलन नियन्त्रणको क्षेत्रमा स्थानीय सरकार, विकास साझेदार तथा अन्य सरकारी/गैर सरकारी संस्थाहरु, उपभोक्ता समितिहरु र नागरिकको सहभागिता बढदै जानु ।
- वातावरण संरक्षण सम्बन्धि सचेतना कार्यक्रम संचालन गरी वातावरण संरक्षणमा स्थानीयवासीहरुलाई परिचालन गर्न सकिने ।
- विपदमा परेका घरपरिवार तथा समुहहरुलाई तत्काल राहतको व्यवस्था गर्न सकिने ।
- तटबन्ध र वृक्षारोपण आदिबाट बाढी, डुबान र कटानको प्रकोप न्यूनीकरण गर्ने सकिने ।

### ७.३.४ उपक्षेत्रगत लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

- विपद व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन अभियान, कमलवासीको सुरक्षित जीवन ।

**लक्ष्य**

- विपद व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रम तथा योजनाहरु तर्जुमा गरी गाउँपालिकावासीको सुरक्षित जीवन सुनिश्चित गर्ने ।

**उद्देश्यहरु**

- गाउँपालिका र स्थानीयवासीलाई विपद जोखिम न्यूनीकरण र जलवायु अनुकूलनमा सक्षमता अभिवृद्धि गर्नु ।
- स्थानीयवासीलाई विपद जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन सम्बन्धमा सचेत र क्रियाशील बनाउनु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| गाउँपालिकावासीहरुलाई विपद तथा महामारी न्यूनीकरण क्षेत्रमा सचेत र सक्षम बनाई विपद जोखिम न्यूनीकरण गर्ने । | ▪ विपद व्यवस्थापन कोष स्थापना र संचालन गरिने छ ।<br>▪ गाउँपालिकावासीहरुलाई विपद प्रतिकार्य सम्बन्धी सीप र तालिमको व्यवस्था गरिने छ ।<br>▪ विपद् व्यवस्थापनको क्षेत्रमा स्थानीय स्वयमसेवकहरु तयार गरी परिचालन गरिनेछ ।<br>▪ बाढी, डुबान र कटानका संभावित क्षेत्रमा पूर्व सूचना प्रणालीहरुको जडान गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ▪ विपदमा परेका घरपरिवार तथा समुहलाई तत्काल राहतको व्यवस्था गरिने छ ।<br>▪ विपद्को समयमा जिउधनको रक्षा गर्न उपयुक्त स्थानहरुमा आपतकालिन आश्रय स्थलहरु/खुला जमिनहरु पहिचान, निर्माण र संरक्षण गरिनेछ ।<br>▪ वडास्तरीय विपद् वस्थापन समिति गठन र परिचालन गरिनेछ।<br>▪ आगालागी नियन्त्रणको लागि टोल र बस्तीहरुमा पोखरी निर्माण र संरक्षण गरिनेछ ।<br>▪ तटबन्ध निर्माण र वृक्षारोपण गरी बाढी, डुबान र कटानको प्रकोप न्यूनीकरण गरिने छ ।<br>▪ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनको लागी संघ, प्रदेश सरकार र विभिन्न गैर सरकारी संस्थाहरु लगायत दातृ निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।<br>▪ जलवायु उत्थानशिल कार्यक्रमहरुको लागि सामुदायिक वनहरुसंग सहकार्य गरिने छ ।<br>▪ विपद जोखिम व्यवस्थापन र जलवायु उथ्थानशिल कार्यक्रमको लागि स्थानीय समुदाय, सार्वजनिक र नीजि क्षेत्रहरुबिच समन्वय र सहकार्य गरिने छ ।<br>▪ सबै प्रकारका विपद्को सामना गर्न आधुनिक प्रविधि, उपकरण, मापदण्ड र आवश्यक दक्ष जनशक्ति तयार गरिने छ।<br>▪ गाउँपालिकाले विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनको लागि "स्थानीय विपद जोखिम न्यूनीकरण र जलवायु उत्थानशील योजना" तर्जुमा गरिने छ ।<br>▪ खडेरी तथा अधिक बर्षा सहन सक्ने खालका वालीहरुको संभाव्यता अध्ययन गरी स्थानीय कृषकहरुलाई उक्त वालीहरु लगाउन प्रोत्साहन गरिने छ ।<br>▪ भूकम्प प्रतिरोधक भवन निर्माण सम्बन्धी सचेतनामूलक कार्यक्रम र भवन निर्माण सम्बन्धी तालिमहरु प्रदान गरिने छ ।<br>▪ गाउँपालिकाको निर्माण मापदण्ड र भवन संहिता पूर्ण रुपमा कार्यान्वयन गरिने छ । |
| गाउँपालिकावासीहरुलाई जलवायु परिवर्तन अनुकूलन सम्बन्धमा सचेत र क्रियाशील बनाउने | ▪ वातावरण प्रदुषण नियन्त्रण र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यहरु गर्न स्थानीय कार्यविधि लागू गरिनेछ ।<br>▪ वातावरण प्रदुषण र जलवायु परिवर्तनका कारणहरु र न्यूनिकरणका उपायहरु सम्बन्धमा गाउँपालिवासीहरुलाई सचेत बनाईने छ ।<br>▪ कृषकहरुलाई खेतीबालीमा विषादि न्युनिकरण सचेतनामूलक तालिम उपलब्ध गराईनेछ ।<br>▪ उपयुक्त स्थानहरुमा पानी पूनर्जिविकरण पोखरी निर्माण गरिनेछ ।<br>▪ गाउँपालिकावासीहरुलाई सूरक्षित आवास सम्बन्धमा अभिमुखिकरण गरिनेछ ।<br>▪ वातावरण संरक्षण र जलवायु उत्थानशिलता सम्बन्धी सूचना शिक्षा र संचार कार्यक्रम संचालन गरिनेछ । |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | दमकल व्यवस्थापन खर्च | संख्या | एकमुष्ठ | ५००० | गापा/प्रस |
| २ | व्याक हो लोडर खरिद | संख्या | १ | ४५०० | गापा/प्रस/गैसस |
| ३ | विपदका लागि युवा स्वयंसेवक परिचालन | | एकमुष्ठ | १००० | गापा |
| ४ | विपद व्यवस्थाप कोष गठन र परिचालन | संख्या | १ | २०००० | गापा/प्रस/संघ |
| ५ | विपद प्रतिकार्य तालिम कार्यक्रम | संख्या | ५ | १५०० | गापा/प्रस |
| ६ | आपतकालिन आश्रय स्थलको पूर्वाधार निर्माण र खुला स्थल पहिचान | संख्या | ४ | ६००० | गापा/प्रस/गैसस |
| ७ | वडा तहमा विपद व्यवस्थापन समिति परिचालन | | एकमुष्ठ | १००० | गापा/प्रस |
| ८ | विषादी न्यूनीकरण सचेतनामूलक तालिम कार्यक्रम | संख्या | ५ | १००० | गापा/प्रस |
| ९ | जलवायु अनुकूलन र उत्थानशीलता सम्बन्धी सचेतना कार्यक्रम | सख्या | ५ | १००० | गापा/प्रस/गैसस |
| १० | सुरक्षित आवास सम्बन्धमा अभिमुखीकरण कार्यक्रम | संख्या | ५ | १००० | गापा/प्रस/गैसस |
| ११ | वातावरण संरक्षण र जलवायु उत्थानशीलत सूचना शिक्षा कार्यक्रम | सख्या | ५ | १००० | गापा/प्रस |
| १२ | बाढी, डुबान र कटान सम्भावित क्षेत्रमा पूर्व सूचना प्रणाली जडान | | एकमुष्ठ | २००० | गापा/प्रस/गैसस |
| १३ | पूनर्जिविकरण पोखरी निर्माण | सख्या | ५ | १५०० | गापा/प्रस |
| १४ | गाउँपालिकाको विपद जोखिम न्यूनीकरण र जलवायु उत्थानशील योजना तर्जुमा | संख्या | १ | १५०० | |
| १५ | उद्धार सामाग्री खरिद | | एकमुष्ठ | ४००० | गापा/प्रस |
| १६ | पानी पुनर्जिवीकरण र पोखरी निर्माण | | एकमुष्ठ | २००० | गापा/प्रस |
| १७ | स्थानीय समिति, संघसंस्था लगायत प्रदेश र संघीय सरकारसंग समन्वय | | एकमुष्ठ | १००० | गापा |
| १८ | खडेरी तथा अधिक बर्षा सहन सक्ने खालका वालीहरुको संभाव्यता अध्ययन र वालीहरु लगाउन प्रोत्साहन कार्यक्रम | | एकमुष्ठ | १५०० | गापा/प्रस |
| १९ | प्रकोप पात्रो तयारी | संख्या | १ | ५०० | गापा |
| २० | उच्च जोखिम क्षेत्रको नक्शाङ्कन | संख्या | १ | ५०० | गापा |
| २१ | भूकम्प प्रतिरोधक भवन निर्माण सम्बन्धी सचेतनामूलक कार्यक्रम | संख्या | ५ | १००० | गापा/प्रस/गैसस |
| २२ | मिश्त्रिहरुलाई भूकम्प प्रतिरोधक भवन निर्माण सम्बन्धी तालिम | संख्या | १०० | १००० | गापा/प्रस/गैसस |
| २३ | विपद सूचना केन्द्र निर्माण | संख्या | १ | २५०० | गापा/प्रस |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| २४ | हात्ति आक्रमण नियन्त्रणका लागि विद्युतीय तारजाली निर्माण (वडा नं ३, ४ र ५) | | एकमुष्ठ | २०००० | प्रस/संघ/गापा |
| २५ | दमकल घर निर्माण | संख्या | १ | १५०० | गापा |
| २६ | दमकलको पानी भर्न वोरिङ निर्माण | संख्या | १ | १००० | गापा |
| जम्मा | | | | ८४५०० | |

### ७.३.५ अपेक्षित उपलब्धि

- विपद जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन भएको हुनेछ ।
- जलवायु परिवर्तन सम्बन्धी दक्ष जनशक्ति सहित संस्थागत व्यवस्था भै स्थानीय अनुकूलन योजना कार्यान्वयन भएको हुनेछ ।
- पानीका मौजुदा स्रोतहरुको संरक्षण भएको हुनेछ ।
- जोखीम युक्त क्षेत्रहरुमा पूर्व सूचना प्रणालीहरुको जडान भएको हुनेछ ।
- स्थानीय वातावरण र कृषि उत्पादनमा जलवायु परिवर्तनको असर न्यूनिकरण भएको हुनेछ ।
- जलवायु परिवर्तनले स्वास्थ्यमा ल्याउने समस्याहरुको पहिचान भएको हुनेछ ।
- जलवायु परिवर्तनले कृषि तथा खाद्यन्न सुरक्षामा पारेको प्रभाव न्युनिकरण भएको हुनेछ ।
- भूकम्प प्रतिरोधक भवनहरुको निर्माण शुरुवात भएको हुनेछ ।

### ७.३.६ अनुमान तथा जोखिम पक्ष

- संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण लगायत अन्य बजेटहरु नियमित रुपमा प्राप्त हुनुपर्ने ।
- गाउँपालिकामा विपद जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको लागि आवश्यक जनशक्ति र प्राविधिकहरुको पदपूर्ती हुनुपर्ने ।
- विपद कोषको गठन भएको हुनुपर्ने ।
- स्थानीय हरियाली क्षेत्र, खोलानाला, पोखरी, सिमसार र तालहरुको संरक्षण भएको हुनुपर्ने ।
- स्थानीय खोलानालाहरुमा तटबन्ध र पूर्व सूचना प्रणालीको पूर्वाधार जडान भएको हुनुपर्ने ।
- विपद व्यवस्थापनको लागि आवश्यक यन्त्र उपकरणको व्यवस्था भएको हुनुपर्ने ।
- गाउँपालिका, प्रदेश र संघीय सरकारबिच विपद जोखिम न्यूनिकरण, व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलनमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने ।

# अध्याय आठ: सुशासन तथा संस्थागत विकास क्षेत्र

## ८.१ नीति, कानुन, न्याय तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) मा व्यवस्था भएको स्थानीय तहको एकल अधिकारहरुको सूची उक्त संविधानको अनुसूची ८ मा उल्लेख भएको छ । त्यस्तै संविधानको धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) ले व्यवस्था गरेको संघ, प्रदेश र स्थानिय तहको साझा अधिकार सूची सोही संविधानको अनुसूची ९ मा उल्लेख भएको छ । यी अधिकार सूचीमा भएका अधिकार तथा जिम्मेवारीहरुलाई विधिवतरुपमा कार्यान्वयन गर्नको लागि स्थानीय तहमा स्थानीय ऐन, कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा गरी लागू गर्नुपर्ने हुन्छ । संविधानको अनुसूची८ र ९ मा उल्लेख भएका अधिकारहरुलाई कार्यान्वयन गर्नको लागि यस गाउँपालिकाले आर्थिक बर्ष २०८०/८१ सम्ममा ७१ वटा विभिन्न ऐन, नियमावली, कार्यविधि र निर्देशिकाहरु तर्जुमा गरिसकेको छ । समग्रमा हेर्दा कमल गाउँपालिकामा हालसम्म ३९ वटा कार्यविधिहरु, २१ वटा ऐनहरु, ६ वटा निर्देशिका, ३ वटा नियमावली र बाँकी एक/एक वटा मार्गदर्शन र आचार संहिता तर्जुमा भएका छन् । गाउँपालिकाले आफ्नो अधिकारको सूचीमा उल्लेखित अधिकारहरुको कार्यान्वयन गर्न अझ धेरै संख्यामा स्थानीय ऐन तथा कार्यविधिहरु तर्जुमा गर्नुपर्ने आवश्यकता रहेको छ । लागू भएका ऐन तथा कार्यविधिहरुको प्रभावकारिता अध्ययन गर्ने पाटोमा कार्य गर्न बाँकी नै रहेको छ ।

### ८.१.२ समस्या तथा चुनौती

**समस्याहरु**

- संविधानले दिएको अधिकार सूचीका सबै अधिकार उपयोगको लागि कानुनहरु लागू भैनसकेको ।
- हाल कार्यान्वयनमा रहेका कानुनहरुको प्रभावकारिता मूल्यांकन तथा सुधार कार्य नभएको ।
- सामाजिक उत्तरदायित्व प्रवर्द्धन सम्बन्धी स्थानीय कार्यविधि लागू नभएको ।
- गाउँपालिकाको लागि आवश्यक ऐन, निर्देशिका, नियमावली र कार्यविधिहरु तर्जुमा गर्न आवश्यक जनशक्तिको खाँचो ।

**चुनौतीहरु**

- सिमित कर्मचारीहरुबाट गाउँपालिकामा कार्य सम्पादन गर्नु परेकोले गुणस्तर कायम गर्न चुनौती भएको ।
- तर्जुमा भएका ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरुको समयाअनुकूल संसोधन र अद्यावधिक गर्नु ।

### ८.१.३ संभावना तथा अवसर

**संभावनाहरु**

- नयाँ गाउँपालिका भएकोले केही गरेर उदाहरणीय कामहरु गर्न सकिने ।
- सूचना प्रविधिमा आधारित प्रभावकारी, सक्षम सुशासन र सेवा प्रवाह प्रणाली विकास गर्न सकिने ।
- आन्तरिक आयमा वृद्धि गर्न सकिने ।
- स्थानीय ऐन तथा कार्यविधिहरु लागू गरी गाउँपालिकामा विधिको शासन स्थापना गर्न सकिने ।
- सुशासन प्रवर्द्धनका गतिविधि संचालन गर्दा प्रविधिको प्रयोग गर्न सकिने ।
- गाउँपालिकाको सेवामा स्थानीयवासीहरुको पहुँच र सहभागिता सूनिश्चित गर्न सहज हुन सक्ने ।
- गाउँपालिकाको सेवा प्रवाह, कार्यसम्पादन र सूचना प्रणालीलाई अझ आधुनिक र प्रभावकारी बनाउन सकिने ।
- जवाफदेहिता तथा पारदर्शिता अभिबृद्धि गर्ने विविध उपायहरु उपयोग गर्न सकिने ।

**अवसरहरु**

- “स्थानीय सरकार संचालन ऐन २०७४" को व्यवस्था हुनु ।
- आवधिक निर्वाचन मार्फत स्थायी जनप्रनिधिहरु हुनु ।
- आवश्यक ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरु तर्जुमा भएको ।
- गउँपालिकाले आफ्नो आवश्यकता तथा प्राथमिकताका आधारमा कानून बनाउन सक्ने ।
- पदाधिकारी तथा कर्मचारीहरु क्रमशःस्थानीय कानुनहरु कार्यान्वयनमा अनुभवी बन्दै जानु ।
- आवधिक योजनाबाट योजना तर्जुमाको आधार प्राप्त हुनु ।
- जनप्रतिनिधिमा योजनावद्ध विकास प्रति उत्साह हुनु ।
- विकासका सम्भावनालाई प्राथमिकीकरण गर्ने अवस्था प्राप्त हुनु ।
- संघीय योजना र दिगो विकासका लक्ष्यहरू तथा अन्य राष्ट्रिय अन्तराष्ट्रिय प्रतिवद्धतालाई योजना प्रणालीमा बार्षिक बजेट, नीति र कार्यक्रमहरु सहि रुपले कार्यान्वयन भै स्थानीय सरकारप्रति स्थानीयवासीहरुको विश्वास र सामिप्यता बढाउन सकिने ।
- नागरिक बडापत्रको यथार्थ कार्यान्वयन भइ नागरिकले बिना झन्झट सेवा प्राप्त गर्ने अवस्था बनाउने सकिने ।
- खराब कर्मचारीहरु दण्डित भइ मेहनती र इमान्दार कर्मचारीहरु प्रोत्साहित हुने ।
- स्थानीय सरकार आफ्नो कार्य संचालनार्थ थप जिम्वेवार र पारदर्शी हुँदै गएको ।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

- स्थानीय नीति तथा ऐनमा पूर्णता, सुशासन सहितको गाउँपालिका ।

**लक्ष्य**

- स्थानीय नीति तथा ऐन कानुन तर्जुमा गरी विधिको शासन स्थापना गर्ने ।

**उद्धेश्य**

- स्थानीय ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरु तर्जुमा गरी प्रभावकारी कार्यान्वयन मार्फत सुशासन कायम गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| गाउँपालिकाको अधिकार भित्र रहेका ऐन कानुनहरु तर्जुमा गरी कार्यान्वयन गर्ने । | ▪ स्थानीय तहको अधिकार क्षेत्र भित्रका ऐन तथा कार्यविधिहरु तर्जुमा तथा कार्यान्वयन गरिने छ ।<br>▪ हाल कार्यान्वयनमा रहेका ऐन, निर्देशिका, नियमावली र कार्यविधिहरुको प्रभावकारिता मूल्याङ्कन गरी आवश्यक सुधार र अद्यावधिक गरिने छ । |
| प्रशासनिक सेवा प्रवाहमा विधिको शासन, निस्पक्षता, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्ने । | ▪ जवाफदेहिता प्रवर्द्धनका विधिहरु सार्वजनिक सुनवाई, सामाजिक लेखापरीक्षण र सार्वजनिक परीक्षणलाई कार्यान्वयन गरिने छ ।<br>▪ लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण तथा सुझावहरुको कार्यान्वयन गरिनेछ ।<br>▪ स्थानीय नागरिकहरुको गाउँपालिका प्रतिको सन्तुष्टिको स्तर थाह पाउन र सुधारका लागि सुझावहरु संकलन गर्न नागरिक सन्तुष्टि सर्वेक्षण गरिनेछ ।<br>▪ समग्र संस्थागत क्षमता मापन गर्नको लागि संस्थागत स्वमूल्यांङ्कन वार्षिक रुपमा गरी सोको सुधार गर्नुपर्ने पक्षहरु योजनाबद्ध रुपमा सुधार गरिने छ ।<br>▪ नागरिकहरुलाई गाउँपालिकाको गतिविधिहरु सम्बन्धमा सूसुचित गर्न र पृष्ठपोषण पाउन संचार माध्यमसंग गाउँपालिका कार्यक्रम संचालन गरिनेछ ।<br>▪ गाउँपालिकाका आयव्यय विवरण, लेखा परिक्षण प्रतिवेदन, सार्वजनिक सुनवाई प्रतिवेदन, गुनासो सम्वोधन प्रतिवेद, बार्षिक योजना तथा बजेट, प्रगति प्रतिवेदन, योजना तर्जुमाका प्रतिवेदनहरु लगायत अन्य प्रकाशनहरु गाउँपालिकाको वेभसाइट मार्फत नियमित रुपमा सार्वजनिक गरिनेछ ।<br>▪ गाउँपालिकामा सुशासन कायम गर्न सूचना प्रविधिको अधिकतम उपयोग गरिने छ ।<br>▪ जनसहभागितामा आधारित योजना तर्जुमा प्रणालीलाई सुदृढ गरिने छ ।<br>▪ बिकास आयोजना तथा कार्यक्रमहरुलाई आवश्यक्ता र प्राथमिकताको आधारमा प्रभावकारी तरवले कार्यान्वयन गरिने छ ।<br>▪ उपयुक्त कानुनी र नीतिगत संरचनामार्फत गाउँपालिकाका शाखा र वडा कार्यालयहरुमा प्रभावकारी सुशासन मार्फत सक्षम र प्रभावकारी कार्य सम्पादन र सेवा प्रवाह गरिने छ ।<br>▪ नतिजामुखी योजना प्रक्रिया अवलम्वन गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ▪ नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्वन गरिने छ।<br>▪ निर्माण मापदण्ड र भवन संहिता कडाइका साथ कार्यान्वयन गरिने छ। |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | ऐन कानुन तर्जुमा/संसोधन | | एकमुष्ठ | २५०० | गापा |
| २ | नीति तथा ऐन कानुन अभिमुखीकरण कार्यक्रम | संख्या | ५ | १००० | गापा |
| ३ | स्थानीय ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरुको प्रभावकारिता मूल्याङ्कन | सख्या | ५ | १५०० | गापा |
| ४ | इजलास संचालन तथा व्यवस्थापन | | एकमुष्ठ | १५०० | गापा |
| ५ | वडा मेलमिलाप केन्द्र संचालन | संख्या | ७ | ३५०० | गापा |
| ६ | न्यायिक समिति सम्बन्धित अन्य कार्यक्रम | | एकमुष्ठ | २००० | गापा |
| ७ | सार्वजनिक सुनवाई | सख्या | ३५ | १७५० | गापा |
| ८ | सामाजिक लेखा परीक्षण | संख्या | ३५ | ३५०० | गापा |
| ९ | संस्थागत स्व-मूल्याङ्कन | सख्या | ५ | ५०० | गापा |
| १० | लैससास परीक्षण (GESI Audit) | संख्या | ५ | २५०० | गापा |
| ११ | नागरिक सन्तुष्टि सर्वेक्षण | सख्या | ५ | ५०० | गापा |
| १२ | संचार माध्यमसंग गाउँपालिका | | एकमुष्ठ | १००० | गापा |
| १३ | विद्युतीय सुशासन कायम गर्न अफिस अटोमेशन प्रणाली जडान। | सख्या | १ | १५०० | गापा/प्रस/गैसस |
| १४ | क्षतिपुर्तीमा आधारित डिजिटल नागरिक वडापत्र तयार र जडान। | संख्या | ८ | १००० | गापा |
| १५ | सार्वजनिक सेवा प्रवाहको लागि कमल गाउँपालिकाको मोवाइल एप निर्माण। | सख्या | १ | १५०० | गापा/प्रस |
| १६ | डिजिटल जस्टिस सिस्टम तयार | सख्या | १ | २५०० | गापा/प्रस |
| १७ | नगर प्रहरी व्यवस्थापन | संख्या | ६ | ९००० | गापा/प्रस |
| जम्मा | | | | ३७२५० | |

### ८.१.५ अपेक्षित उपलब्धि

▪ मापदण्डमा आधारित आन्तरिक र अन्तिम लेखापरीक्षण प्रणालीको अवलम्वनले वित्तीय सुशासन कायम भएको हुनेछ।

- उपयुक्त योजना तर्जुमा, कानुन तथा नीति निर्माण र नीतिगत संरचना मार्फत गाउँपालिकाका शाखा र वडा कार्यालयहरुमा प्रभावकारी सुशासनले सेवा प्रवाह र कार्य सम्पादन प्रभावकारी र चुस्त भएको हुनेछ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवा र कार्यसम्पादन इ-गभर्नेन्समा आधारति हुनेछन ।
- बार्षिक योजना तथा बजेट अनुसार कार्यक्रमहरु कार्यान्वियन भै गाउँपालिकाको समग्र बिकासमा सुशासन कायम हुनेछ ।
- बार्षिक बजेट र नीति तथा कार्यक्रम बमोजिम गाउँपालिकाको कार्यसम्पादन हुनेछ ।
- सहभागितामूलक योजना प्रणाली स्थापित भएको हुनेछ ।
- सूचकमा आधारित योजना अनुगमन र मूल्याङ्कन प्रणाली विकास भएको हुनेछ ।
- नगर प्रहरीको व्यवस्था भएको हुनेछ ।

### ८.१.६ अनुमान तथा जोखिम पक्ष

- स्थानीय नीति, ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरु तर्जुमा गर्न उपयुक्त वातावरण रहने र सुशासन प्रवर्द्धनका कार्यक्रमहरु सूचारु भएको हुनेछ ।
- स्थानीय नीति, ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरु तर्जुमा र कार्यान्वियनमा गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको उच्च प्रतिवद्धता र प्रयत्न रहनेछ ।
- स्थानीय नीति, ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरु तर्जुमा तथा कार्यान्वियन गर्ने क्रममा सम्बन्धित सरोकारवालाहरुको सक्रिय र अर्थपूर्ण सहभागिता रहने छ ।
- गाउँपालिकाको सेवा प्रवाह, सुशासन, योजना तर्जुमा र कार्यान्वियनसंग सम्बन्धित आवश्यक ऐन कानुन, नीति, नियमावली, मापदण्ड, निर्देशिका र कार्यविधिहरु तर्जुमा भएको हुने छ ।
- गाउँपालिका, प्रदेश र संघीय सरकार बिच आवश्यक समन्वय र सुमधुर सम्बन्ध स्थापित भएको हुनेछ।
- गाउँपालिकाको सुशासनसंग सम्बन्धित सार्वजनिक सुनवाई, आन्तरिक र अन्तिम लेखा परीक्षण, गुनासो सुनवाई र सम्बोधन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, नागरिक सन्तुष्टि सर्भे आदि नियमित र मापदण्डमा भित्र रही सम्पन्न भएको हुनेछ ।

## ८.२ संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

### ८.२.१ पृष्ठभूमि

संस्थाको संगठनात्मक संरचना र क्षमतालाई समय सापेक्ष तुल्याई लक्ष्यतर्फ निर्देशित गर्न सकिन्छ । कमल गाउँपालिकाको हकमा पनि यसको संगठनात्मक विकासमा अपेक्षाकृत सुधार गरी स्थानीयवासीहरुलाई गरिने सेवा प्रवाहमा प्रभावकारिता ल्याउने र नतिजामूखि बनाउनु पर्ने आवश्यकता रहेको छ । साथै गाउँपालिका भित्रका नागरिक/सामुदायिक संगठनहरुलाई पनि स्थानीय सरकारको सहयोगी बनाउन जरुरी छ । संघीय संविधानले पनि विकासमा सक्षम स्थानीय सरकार र नागरिकहरुको सहभागिता तथा पहुँचमा अभिबृद्धि गरी समतामूलक समाजको परिकल्पना गरेको छ । यसको लागि गाउँपालिकाको आन्तरिक संगठनात्मक संरचना र क्षमता सक्षम र समय सापेक्ष तुल्याउन योजनाबद्ध गतिविधिहरु गर्नु पर्ने आवश्यकता रहेको छ भने

नागरिकहरुको संस्था, समुह र सरोकारवालाहरुको संस्थागत क्षमता र संगठनात्मक विकासका कार्यहरु गर्न पनि त्यतिकै जरुरी छ ।

### ८.२.२ समस्या तथा चुनौती

**समस्याहरु**

- जनशक्ति व्यवस्थापन र सेवा प्रवाहमा आधुनिक सूचना प्रविधिको प्रयोगको लागि दक्ष जनशक्ति, बजेट र पूर्वाधारको अभाव रहेको ।
- स्थानीय सरकार संचालनका लागि गाउँपालिकाको अनुभवमा कमी रहेको ।
- संगठन विकासका लागि प्राविधिक र सीपयुक्त दक्ष्य कर्मचारीहरु सिमित संख्यामा रहेको ।
- जनप्रतिनिधि र कर्मचारीहरुमा संगठनात्मक विकासको अवधारणा विकास भै नसकेको ।
- नागरिक, सामुदायिक संस्था र समुहहरुको स्थानीय शासन प्रक्रियामा अर्थपूर्ण सहभागिताको लागि क्षमता विकास भई नसकेको ।
- सेवा प्रवाहमा प्रविधि प्रयोगको वृद्धि अपेक्षा गरिएको स्तरमा नभएको ।

**चुनौतीहरु**

- योजना, आयोजना र सेवा प्रवाहमा गुणस्तर कायम गर्नु ।
- गाउँपालिकाको आवधिक र अन्य योजनाहरुको अधिकतम् कार्यान्वयन गर्नु ।
- स्थानीय नागरिक, सामुदायिक संस्था र समुहहरुको अर्थपूर्ण सहभागिता र जिम्मेवार बनाउनु ।
- गाउँपालिकामा विभिन्न खालका कर्मचारी (स्थाई, अस्थाई, करार आदि) भएकोले उनीहरुको कार्यसम्पादन र सेवा प्रवाह लगायत उनीहरुबिच सामाज्यस्यतामा कायम गर्न चुनौतीपूर्ण रहेको ।
- संघीय मामिल तथा सामान्य प्रशासन मन्त्रालयले प्रस्ताव गरेको गाउँपालिकाको संगठानात्मक संरचना र दरबन्दी तेरिज अनुसार गाउँपालिकाको शाखा र कर्मचारीहरुको व्यवस्थापन गर्न चुनौतीपूर्ण रहेको ।

### ८.२.३ संभावना तथा अवसर

**संभावनाहरु**

- गाउँपालिकाको संगठनात्मक विकासको लागि अनुसन्धान तथा विकासको अवधारणा लागू गर्न सकिने ।
- नागरिक तथा सरोकारवालाहरुको संस्था/समुहहरुको संगठनात्मक क्षमता सुधार गरी गाउँपालिकाको विकास निर्माण कार्यमा साझेदार बनाउन सकिने ।
- गाउँपालिकाको संगठनात्मक विकासमा गैर सरकारी तथा निजी संस्थाहरुसंग सहकार्य र साझेदारी गर्न सकिने ।
- संगठनात्मक विकासमा सूचना प्रविधिको अधिकतम् उपयोग गर्न सकिने ।

**अवसरहरु**

- संघीय मामिल तथा सामान्य प्रशासन मन्त्रालयले प्रस्ताव गरेको गाउँपालिकाको संगठानात्मक संरचना र दरबन्दी तेरिज अनुसार गाउँपालिकाको शाखा र कर्मचारीहरुको व्यवस्थापन गरी गाउँपालिकाको सेवा प्रवाह चुस्त र प्रभाकारी बनाउन सकिने ।
- संगठनात्मक विकासलाई आवश्यक पर्ने नीति, ऐन, निर्देशिका, नियमावली, कार्यविधि आदि स्थानीय सरकारले तर्जुमा गरी लागू गर्न सक्ने ।
- युवा पुस्ताका जनशक्तिहरु प्रविधिमैत्री भएको र सबै वडामा सूचना प्रविधिको पहुँच पुगेको ।
- नागरिक र सरोकारवालाहरुको संगठन/समुहहरु स्थानीय विकास प्रक्रियामा सहभागी हुँदै आएको ।
- निर्वाचित पदाधिकारी र कर्मचारीहरु संगठनात्मक विकासको लागि प्रयत्नरत रहेको ।
- गाउँपालिकाले आफ्नो आन्तरिक आयबाट खर्च गर्नेगरी गाउँपालिकाको कर्मचारी नियुक्ती सम्बन्धी ऐनहरुलाई टेकेर आवश्यक कर्मचारीहरु भर्ना र नियुक्त गर्न सक्ने ।

### ८.२.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

- उत्कृष्ठ संगठनात्मक विकास; सुशासन र उत्कृष्ठ सेवा प्रवाहको निकास ।

**लक्ष्य**

- गाउँपालिकाको संगठनात्मक व्यवस्थामा सुधार गरी सुशासन कायम गर्दै र उत्कृष्ठ सेवा प्रवाह सुनिश्चित गर्ने ।

**उद्धेश्यहरु**

- गाउँपालिकाको आन्तरिक व्यवस्थापन प्रणालीलाई समय सापेक्ष सुधार गर्नु ।
- गाउँपालिकाको संगठन तथा क्षमता विकास गर्नु ।
- गाउँपालिकाको सेवा प्रवाहलाई समक्ष, प्रभावकारी र सेवाग्राही मैत्री बनाउनु ।
- सरोकारवाला संस्थाहरुको क्षमता विकास र साझेदारी गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| गाउँपालिकाको आन्तरिक व्यवस्थापन प्रणालीलाई सुधार र स्तरोउन्नती गर्ने । | ▪ गाउँपालिकाको अधिकार क्षेत्रभित्र गर्नुपर्ने विकास निर्माणका कार्यहरुलाई आवधिक विकास योजना तर्जुमा मार्फत क्रमश कार्यान्वियन गरिनेछ ।<br>▪ आवधिक विकास योजनाको प्रभावकारी कार्यान्वयनको लागि मध्यमकालिन खर्च संरचना तर्जुमा तथा कार्यान्वयन गरिने छ ।<br>▪ गाउँपालिकाको कार्यसम्पादनलाई प्रभावकारी बनाउन शाखागत कार्यसम्पादन परीक्षण गरी आवश्यक सुधार गरिनेछ ।<br>▪ गाउँपालिकाको संगठन र व्यवस्थापनलाई समय सापेक्ष र सक्षम बनाउन सो सम्बन्धि अध्ययन अनुसन्धान गरिने छ ।<br>▪ गाउँपालिकाको कार्यसम्पादन अझ प्रभावकारी तुल्याउन अन्तर स्थानीय तह अनुभव आदानप्रदान कार्यक्रम संचालन गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ▪ बिकास आयोजना तथा कार्यक्रमहरुलाई आवश्यक्ता र प्राथमिकताको आधारमा प्रभावकारी तरवले कार्यान्वयन गरिने छ। |
| गाउँपालिकाको सेवा प्रवाहलाई समक्ष, प्रभावकारी र सेवाग्राही मैत्री बनाउने । | ▪ सेवाग्राही मैत्री विद्युतीय सुशासनद्वारा सेवा प्रदान गरिने छ ।<br>▪ गाउँपालिकाबाट प्रवाह हुने सेवाहरुलाई छिटो, सरल र किफायती तवरबाट सम्पन्न गर्नको लागि सूचना प्रविधिको प्रयोगको लागि आवश्यक पूर्वाधारहरु जडान गरिने छ ।<br>▪ गाउँपालिका तथा वडाबाट प्रवाह हुने सेवाहरु सम्बन्धि मापदण्ड (Standard Operating Procedure-SOP) लागु गरिने छ । |
| गाउँपालिकाको संगठन तथा क्षमता विकास गर्ने । | ▪ गाउँपालिकाको संस्थागत क्षमता विकासको लागि क्षमता विकास योजना तर्जुमा र कार्यान्वियन गरिनेछ ।<br>▪ संगठन तथा प्रशासनलाई जनमुखि र नतिजामुखि तुल्याउनको लागि सूचना प्रविधिको अधिकतम् उपयोग गरिनेछ ।<br>▪ गाउँपालिकाको सांगठनिक संरचना र कर्मचारीको आपूर्ति अवस्थालाई लेखाजोखा गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) गरिनेछ।<br>▪ संघीय मामिल तथा सामान्य प्रशासन मन्त्रालयले प्रस्ताव गरेको गाउँपालिकाको संगठानात्मक संरचना र दरबन्दी तेरिज अनुसार गाउँपालिकाको शाखा र आवश्यक कर्मचारीहरुको व्यवस्थापन गरिने छ ।<br>▪ गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई पेशागत तालिम मार्फत क्षमता अभिवृद्धि गरिने छ। |
| नागरिक/सामुदायिक संस्था/समुह र सरोकारवाला संस्थाहरुको संगठनात्मक क्षमता अभिवृद्धि गराई स्थानीय शासन प्रक्रियामा साझेदारी गर्ने । | ▪ वडाहरुको योजना तर्जुमा र कार्यान्यिवनमा सहयोगी भूमिका खेल्ने टोल विकास संस्था र आमा समुहहरुको संगठनात्मक क्षमता विकासका तालिमहरु संचालन गरिनेछ ।<br>▪ गाउँपालिकाको संगठनात्मक विकास र विकासमा सहकार्यको लागि आवश्यक समन्वय र साझेदारी गरिने छ।<br>▪ जनसहभागितामा आधारित योजनाको तर्जुमा प्रणालीलाई सुदृढ गरिने छ । |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | आयोजन बैंक निर्माण | संख्या | १ | १५०० | गापा |
| २ | गाउँपालिकाको क्षमता विकास योजना | संख्या | १ | १००० | गापा |
| ३ | गाउँपालिकाको मध्यकालिन खर्च संरचना | सख्या | १ | १००० | गापा |
| ४ | गाउँपालिका कार्यालय अटोमेशन प्रणाली जडान | सख्या | १ | ५००० | गापा |
| ५ | संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण | संख्या | १ | १००० | गापा |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| ६ | शाखागत कार्यसम्पादन करार | | एकमुष्ठ | ५०० | गापा |
| ७ | संगठन तथा व्यवस्थापन अनुसन्धान र विकास | सख्या | १ | १००० | गापा |
| ८ | गाउँपालिका र वडा कार्यालयहरुमा डिजिटल वडापत्र जडान र अद्यावधिक | संख्या | ८ | ३००० | गापा/प्रस |
| ९ | डिजिटल गाउँपालिका कार्यान्वयको लागि यन्त्र उपकरण जडान (सूचना प्रविधि सामाग्री खरिद र स्तरोउन्नती) | | एकमुष्ठ | १०००० | गापा/प्रस |
| १० | संस्थागत क्षमता विकास कार्यक्रम | सख्या | ५ | १००० | गापा |
| ११ | कर्मचारीहरुको क्षमता विकास कार्यक्रम | संख्या | ५ | १००० | गापा |
| १२ | अन्तर स्थानीय तह अनुभव आदानप्रदान कार्यक्रम | सख्या | ५ | १५०० | गापा |
| १३ | उपभोक्ता समितिहरुलाई अभिमुखिकरण कार्यक्रम | सख्या | ५ | १००० | गापा |
| १४ | टोल विकास संस्थाहरुलाई अभिमुखिकरण कार्यक्रम | सख्या | ५ | १००० | गापा/प्रस/गैसस |
| १५ | आमा समुहको क्षमता विकास कार्यक्रम | संख्या | ५ | १००० | गापा |
| १६ | सरोकारवाला संस्था/निकायसंग संगठनात्मक विकासको लागि समन्वय र साझेदारी कार्यक्रम | सख्या | ५ | १००० | गापा/प्रस |
| १७ | गाउँपालिकाको संगठनात्मक संरचना र दरबन्दी तेरिज अनुसार शाखा विस्तार र नयाँ कर्मचारीरहरुको पदपुर्ती | | एकमुष्ठ | १०००० | गापा/प्रस/संघ |
| १८ | गाउँपालिका डिजिटल प्रोफाइल अद्यावधिक | सख्या | १ | २००० | गापा |
| १९ | सेवा प्रवाह मापदण्ड तर्जुमा | सख्या | १ | ५०० | गापा |
| २० | कर्मचारी कार्यसम्पादन प्रोत्साहन | | एकमुष्ठ | २५०० | गापा |
| २१ | गुनासो व्यवस्थापन प्रणाली (गाउँपालिका र वडा कार्यालयहरु) | संख्या | ८ | ८०० | गापा |
| २२ | गाउँपालिकाको मोवाइल एप्स निर्माण | संख्या | १ | १००० | |
| जम्मा | | | | ४८३०० | |

### ८.२.५ अपेक्षित उपलब्धि

- गाउँपालिकाको आयोजना बैंक तयार भएको हुनेछ ।
- गाउँपालिकाको क्षमता विकास योजना, मध्यकालिन खर्च संरचना, संगठन तथा व्यवस्थापन सर्वेक्षण तर्जुमा भएको हुनेछ ।
- गाउँपालिकाको सेवा प्रवाह सूचना प्रविधि मैत्री भएको हुनेछ ।

- स्थानीय टोल विकास संस्थाहरु, उपभोक्ता समितिहरु र आमा समुहहरुको क्षमता अभिवृद्धि भएको हुनेछ ।
- शाखाहरुसंग भएको कार्यसम्पादन करारले गाउँपालिकाको समग्र कार्यसम्पादन र सेवा प्रवाहमा उल्लेखनिय सुधार भएको हुनेछ ।
- गाउँपालिकाका कर्मचारीहरु सूचना प्रविधिमैत्री भएका हुनेछन ।
- गाउँपालिका कार्यालयको शाखाहरु विस्तार र आवश्यक कर्मचारीहरु पदपूर्ती भएको हुनेछ

### ८.२.६ अनुमान तथा जोखिम

- गाउँपालिकाको संगठनात्मक विकासको लागि समावेश गरिएका रणनीति, कार्यनीत र कार्यक्रमहरु यस योजना अवधिभित्र सूचारु भएको हुनुपर्ने ।
- संगठनात्मक विकासको कार्यक्रमहरुलाई नतिजामूखि तुल्याउन निर्वाचित पदाधिकारी तथा कर्मचारीहरु प्रतिवद्ध र समयसिमामा कार्यक्रमहरु सम्पादन गर्न सक्षम भएको हुनुपर्ने ।
- गाउँपालिकाको संगठनात्मक विकासको लागि सरोकारवाला र विकास साझेदारहरुले सहकार्य र साझेदारी गरेको हुनुपर्ने ।
- सेवा प्रवाहलाई सक्षम, प्रभावकारी र चुस्त बनाउन आवश्यक सूचना प्रविधि, पूर्वाधार र कर्मचारीहरुको व्यवस्था भएको हुनुपर्ने ।

## ८.३ राजस्व तथा स्रोत परिचालन

### ८.३.१ पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था भएको राजस्व संकलन र उपयोगको एकल अधिकार र अनुसूची ९ मा व्यवस्था गरिएको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारहरु मध्ये राजस्व उपयोगको साझा अधिकारको दायराभित्र रही स्थानीय तहहरुमा राजस्व आय प्राप्त हुने गर्दछ । साथै संघ र प्रदेश सरकारहरुले उपलब्ध गराउने समानीकरण अनुदान, सशर्त/निशर्त, विशेष तथा अन्य अनुदानहरु पनि आयका स्रोतहरु हुन । यी मध्ये एकल अधिकार क्षेत्रमा रहेका राजस्वका स्रोतहरुको पहिचान र समुचित उपयोग गर्ने जिम्मेवारी गाउँपालिकाको हो । कमल गाउँपालिकाको हकमा एकल अधिकार क्षेत्रमा रहेका कर तथा गैरकर आयका स्रोतहरुको सम्भाव्यता अध्ययन गरी उक्त स्रोतहरुको उपयोगको लागि योजनाबद्ध कार्यक्रम तथा गतिविधिहरु संचालन गर्न जरुरी छ । अर्कोतिर गाउँपालिकामा प्राप्त हुने सबै किसिमका आयको विनियोजन तथा खर्च विकासका सबै विषय क्षेत्रमा आवश्यकता अनुसार वितरण गरी कार्यान्वयन गर्ने जिम्मेवारी महत्वपूर्ण रहेको छ । प्रशासनिक बजेटको खर्चको तुलनामा विकास बजेटको खर्च प्रगति न्यून हुने समस्या यस गाउँपालिकामा पनि रहेको छ । राजस्वका नयाँ क्षेत्रहरु पहिचान गरी गाउँपालिकाको आन्तरिक आय अभिवृद्धिको लागि गाउँपालिकाले हालसम्म राजस्व सुधार कार्ययोजना तर्जुमा गरेको छैन भने योजना/आयोजना कार्यान्वयनको क्षेत्रमा पनि गाउँपालिकाले महत्वपूर्ण कार्यहरु गर्नुपर्ने देखिन्छ ।

### ८.३.२ समस्या तथा चुनौती

**समस्याहरु**

- राजस्व सुधार कार्ययोजना तर्जुमा हुन नसक्नु ।
- सम्पति कर सबै घरधुरीहरुमा लागू नहुनु ।
- गाउँपालिकामा उत्पादनशिल उद्योगहरु न्यून संख्यामा हुनु ।
- गाउँपालिकावासीहरुमा राजस्व सम्वन्धी सूचना तथा ज्ञानमा कमि हुनु ।
- राजस्व शाखाको क्षमता अपेक्षाकृत कमजोर हुनु ।
- योजना/आयोजनाहरुको मूल्यांकन प्रभावकारी नहुनु ।
- खेतियोग्य जमीनको यकिन तथ्याङ्क नभएको ।
- साविकको वर्गीकरणका आधारमा बढी मूल्य पर्ने जग्गाको यथार्थ लगत तयार नभएको ।
- उत्पादन र उपयोगिता (मूल्याङ्कन) दुवैलाई आधार बनाएर आर्थिक ऐनमा मालपोतको दर अद्यावधिक नभएको ।
- सबै व्यवसायीलाई व्यवसाय दर्ताको आह्वान गर्ने तथा व्यवसाय दर्ताका लागि घुम्ती शिविरहरु हुन नसकेको ।
- ब्यवसायीहरुमा कर तिर्न प्रोत्साहित गर्ने खालका कार्यक्रमहरु संचालन नगरिएको ।
- कर शिक्षा कार्यक्रम संचालन नभएको ।
- स्थानीय व्यवसाय र उद्योगहरुमा गाउँपालिकाको राजस्व शाखाबाट नियमित अनुगमन नभएको ।

**चुनौतीहरु**

- सम्पत्तिकर सबै घरधुरीमा लागू गर्नु ।
- मालपोतको परम्परागत दर समयसापेक्ष अद्यावधिक गर्नु ।
- धरायासी प्रयोजनमा दिएको घर बहालको बहालकर संकलन गर्नु ।
- नदीजन्य पदार्थको निकासीलाई नियमन गर्नु ।
- योजना/आयोजनाहरु समयमै सम्पन्न गर्नु र गुणस्तर नियन्त्रण गर्नु ।
- राजस्व शाखाका सिमित कर्मचारीहरुबाट स्थानीय व्यापारी र उद्योगहरुमा नियमित अनुगमन सम्पन्न गर्नु।
- खेतीयोग्य प्लटहरुको यकिन तथ्याङ्क निकाल्नु ।

### ८.३.३ संभावना तथा अवसर

**संभावनाहरु**

- गाउँपालिका क्षेत्रमा रहेका खोलाहरुमा हरेक वर्ष वर्षातको समयमा नदिजन्य पदार्थको आपूर्ति अधिक रुपमा हुने भएकोले यस क्षेत्रको आयमा निरन्तरता रहन सक्ने ।
- पाडाजुँगी र केर्खा जस्ता ठूला बजार क्षेत्रमा सम्पति कर, व्यवसाय कर, घरजग्गा वहाल कर र घरनक्शा पास एवं रजिष्ट्रेशन दस्तुर र व्यवसाय रजिष्ट्रेसन दस्तुरको प्रशस्त संभावना रहेको ।
- गाउँपालिकामा साना ठूला बजारहरु धेरै भएकोले व्यापार व्यवसाय र उद्योगहरुको प्रशस्त संभावनाहरु भएको ।
- राजस्व शाखाको सवलीकरण गरी कर तथा दस्तुर असुली प्रभावकारी बनाउन सकिने ।

- कर शिक्षा कार्यक्रम र स्थानीय व्यापार व्यवसायहरुमा अनुगमन गरी आन्तरिक आयको दायरा बढाउन सकिने ।

**अवसरहरु**

- युवा जनशक्तिहरु प्रविधि मैत्री रहेको ।
- गाउँपालिका भित्र पाडाजुंगी र केर्खा क्षेत्रमा बजारीकरण र शहरीकरण तीव्र भैरहेकोले व्यवसाय कर, घरजग्गा वहाल कर, सम्पति कर, घरनक्शा रजिष्ट्रेशन दस्तुर र व्यवसाय रजिष्ट्रेशन दस्तुर प्रशस्त असुल गर्न सकिने भएकोले आन्तरिक आय बृद्धि भै गाउँपालिकाको सेवा प्रवाह अझ चुस्त र प्रभावकारी हुन सक्ने ।
- नदिजन्य पदार्थको (ढुंगा, बालुवा, गिट्टी, भरुवा माटो आदि) उपलब्धता रहेको ।
- आयोजना कार्यान्वयनको लागि निर्माण सामाग्रीको सहज रुपमा उपलब्धता रहेको ।

### ८.३.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

- राजस्व तथा स्रोतहरुको समुचित परिचालन, गाउँपालिकाको उत्थान ।

**लक्ष्य**

- आर्थिक स्रोतहरुको समुचित उपयोग गरी गाउँपालिकालाई समृद्ध तुल्याउने ।

**उद्धेश्यहरु**

- आन्तरिक राजस्व प्रणालीको सवलीकरण गरी आय वृद्धि गर्नु ।
- योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| गाउँपालिकाको आन्तरिक राजस्व प्रणालीको सवलीकरण गरी आन्तरिक आयको दिगो व्यवस्थापन गरी स्रोतको उचित परिचालन गर्ने । | ▪ राजस्व सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>▪ राजस्व शाखालाई सुदृढीकरण गरी राजस्व व्यवस्थापनमा थप सहज वातावरण तयार गरिनेछ ।<br>▪ राजस्व शाखाका कर्मचारीहरुको क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।<br>▪ स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने करदाता शिक्षा तथा सचेतना कार्यक्रम समुदाय/टोल एवं वडास्तरमा नियमित संचालन गरिनेछ ।<br>▪ स्थानीय व्यवसायी र उद्योगहरुलाई अनुगमन गरी गाउँपालिकामा व्यवसाय रजिष्ट्रेसन गर्न लगाई करको दायरामा ल्याइने छ ।<br>▪ व्यवसायीहरुमा कर तिर्न प्रोत्साहित गर्ने खालका कार्यक्रमहरु संचालन गरिने छ ।<br>▪ सम्पत्ति मूल्यांकन सम्वन्धी सिफारिसलाई निश्चित आधार र मापदण्डमा आवद्ध गरी एकरुपता कायम गरिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ▪ राजस्वका सफ्टवेयरलाई आर्थिक ऐनमा भएका व्यवस्था अनुसार अद्यावधिक र स्तरोउन्नती गरिनेछ ।<br>▪ उत्पादन र उपयोगिता (मूल्याङ्कन) दुवैलाई आधार बनाएर आर्थिक ऐनमा मालपोतको दर अद्यावधिक गरिने छ ।<br>▪ कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरुसँग परामर्श गर्ने पद्धतिको संस्थागत विकास गरिनेछ ।<br>▪ नियमित एवं बढी कर तिर्ने करदातालाई सम्मान र पुरस्कृत गरिनेछ ।<br>▪ समयमा कर तिर्ने करदातालाई प्रोत्साहन तथा बक्यौता राख्ने करदातालाई जरिवाना लगाइने छ ।<br>▪ गाउँपालिकाबाट दिने सिफारिश तथा प्रमाणित सम्बन्धि कागजात लगायत अन्य सेवा सुविधा र अनुदानहरु लिनु पूर्व सम्पूर्ण वक्यौता कर र दस्तुरहरु चुक्ता गर्नुपर्ने नीति अवलम्वन गरिने छ । |
| गाउँपालिकाबाट संचालन हुने योजना/ आयोजनाहरुको प्रभावकारी कार्यान्वयन तथा गुणस्तर अभिबृद्धि गर्ने। | ▪ योजना तथा कार्यक्रमहरुमा लगानी गर्दा मध्यमकालीन खर्च संरचना र योजनाको प्राथमिकतालाई आधार बनाइने छ ।<br>▪ गाउँपालिकाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तर्जुमा गरी लागू गरिने छ ।<br>▪ आन्तरिक अनुगमन समिति तथा वाह्य विशेषज्ञहरुबाट योजना/आयोजनाहरुको अनुगमन तथा मूल्यांकन गराई योजनाहरुको प्रभावकारिता र गुणस्तर बृद्धिको पहल गरिने छ।<br>▪ योजनाहरुको समुचित व्यवस्थापनको लागि योजना सफ्टवेयर निर्माण, लागू र अद्यावधिक गराइने छ।<br>▪ योजना व्यवस्थापनको लागि उपभोक्ता समिति तालिम कार्यक्रम, योजना अनुगमन, सूचना शिक्षा संचार कार्यक्रम आदि संचालन गरिने छ । |
| राजस्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने । | ▪ गाउँपालिकाको समग्र राजस्व परिचालन सम्बन्धी नीतिहरुलाई कार्यान्वयन गर्न राजस्व शाखाको सुदृढीकरण गरी क्षमता बृद्धि गरिने छ ।<br>▪ गाउँपालिकाको राजस्व शाखामा स्वीकृत संगठन संरचना अनुसारको दरबन्दी क्रमश पूर्ती गरिने छ ।<br>▪ स्थानीय राजस्व परामर्श समिति तथा राजस्व शाखा र वडा कार्यालयका कर्मचारीहरुको क्षमता अभिबृद्धि गरिने छ ।<br>▪ राजस्व शाखाका लागि आवश्यक उपकरणको प्रवन्ध गरिने छ ।<br>▪ प्रादेशिक तथा जिल्लाका अन्य स्थानीय तहसँग राजस्व परिचालन बारे ज्ञान-सीप, अनुभव आदान-प्रदान र अन्तरक्रिया गरिने छ ।<br>▪ राजस्व लेखापालनलाई कम्प्यूटरकृत गरी विद्युतीय माध्यमबाट नै राजस्वको प्रतिवेदन र फाँटबारी बनाइने छ । |
| राजस्व कर प्रणालीलाई सरल, सहज करदाता मैत्री, पारदर्शी र समावेशी बनाउने । | ▪ कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थाहरुसँग सहकार्य गरिनेछ ।<br>▪ कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरुमा नागरिकहरुको पहुँच पुऱ्याइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ▪ कर/राजस्व सूचना सम्बन्धी प्रतिवेदनहरु अर्धवार्षिक एवं वार्षिक रुपमा गाउँपालिकाको वेभसाइटमा राखिने छ । साथै यस्तो सूचनाहरु गाउँपालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाइने छ ।<br>▪ करदाता शिक्षा र कर सम्वन्धी जनचेतनामूलक कार्यक्रमहरु नियमित संचालन गरिने छ ।<br>▪ महिला, अपाङ्गता भएका व्यक्ति तथा गरिब तथा कमजोर आर्थिक अवस्थाका स्थानीय व्यवसायी तथा घरमूलीहरुलाई करमा विशेष छुटको व्यवस्था मिलाईने छ ।<br>▪ कर संकलन प्रक्रियालाई सहज बनाउन बैंक तथा विद्युतीय माध्यमबाट कर भुक्तानी गर्ने प्रणालीलाई अझ प्रभावकारी बनाईने छ । |
| समन्वय र सहकार्यलाई प्रोत्साहन गर्ने | ▪ पर्यटन शुल्क तथा ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक स्रोतको उत्खनन्, विक्री तथा बजार व्यवस्थाका सम्बन्धमा छिमेकका अन्य स्थानीयतहरुसँग समेत समन्वय तथा सहकार्य गरिनेछ ।<br>▪ बाझिएका नीतिगत व्यवस्था संशोधनका लागि आवश्यक समन्वय गरिनेछ ।<br>▪ राजस्वसंग सम्बन्धित विषयमा प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँग नियमित अन्तरक्रिया गरिनेछ । यसैगरी अन्य छिमेकी स्थानीय तहहरुसंग समन्वय वैठक आयोजना गरी राजस्व संकलनका सवालहरुबारे छलफल तथा समन्वय गरिनेछ ।<br>▪ राजस्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको सहकार्य तथा समन्वयमा जोड दिइनेछ । |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | राजस्व सुधार कार्ययोजना तर्जुमा | संख्या | १ | ५०० | गापा |
| २ | बजार अनुगमन कार्यक्रम | संख्या | २० | १००० | गापा |
| ३ | व्यवसाय तथ्याङ्क संकलन र बार्षिक अद्यावधिक | सख्या | ५ | १००० | गापा |
| ४ | राजस्व शाखा सवलीकरण | | एकमुष्ठ | ५००० | गापा/प्रस/संघ |
| ५ | कर राजस्व सम्बन्धी सूचना शिक्षा र संचार कार्यक्रम | संख्या | ५ | २५०० | गापा |
| ६ | राजस्व सफ्टवेयर स्तरोउन्नती/अद्यावधिक | | एकमुष्ठ | ५००० | गापा/प्रस/संघ |
| ७ | आयोजना प्रगति समिक्षा गोष्ठी | सख्या | ५ | १००० | गापा/प्रस |
| ८ | योजना अनुगमन तथा मूल्याङ्कन (आन्तरिक र बाह्य पक्षबाट) | सख्या | ५ | १५०० | गापा/प्रस |
| ९ | खरिद गुरुयोजना र बार्षिक खरिद योजना तर्जुमा | सख्या | १ | ५०० | गापा/प्रस |

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १० | सार्वजनिक सम्पतिको तथ्याङ्क संकलन तथा अद्यावधिक | संख्या | ५ | १००० | गापा |
| ११ | आयोजना व्यवस्थापन | सख्या | ५ | १०००० | गापा/प्रस |
| १२ | योजना सफ्टवेयर तयारी र अद्याविधिक | सख्या | ५ | २००० | गापा/प्रस |
| १३ | कर सम्बन्धी सूचना प्रसारण (स्थानीय संचार माध्यम) | बार्षिक | १० | १००० | गापा |
| १४ | कर प्रोत्साहन कार्यक्रम | संख्या | ५ | १००० | गापा |
| १५ | विद्युतीय माध्यमबाट करको भुक्तानी | | एकमुष्ठ | १००० | गापा/प्रस |
| १६ | राजस्व प्रतिवेदन अटोमेसन प्रणाली जडान | | एकमुष्ठ | २००० | गापा/प्रस/संघ |
| १७ | राजस्व शाखामा जनशक्ति थप | | एकमुष्ठ | २५०० | गापा/प्रस |
| १८ | नीजि क्षेत्र, छिमेकी स्थानीय तहहरु, जिल्ला समन्वय समिति र प्रदेश सरकारसमंग समन्वय | संख्या | ५ | १००० | गापा/प्रस/जिसस |
| १९ | कर संकलनको लागि स्थानीय सहकारी, उपभोक्ता समिति र नीजि क्षेत्र परिचालन | पटक | ५ | २००० | गापा |
| जम्मा | | | | ४१५०० | |

### ८.३.५ अपेक्षित उपलब्धि

- राजस्व सुधार कार्ययोजना तर्जुमा भै करको नयाँ दायराहरु पहिचान भएको हुनेछ ।
- स्थानीय व्यवसायको तथ्याङक यकिन भै बार्षिक रुपमा अद्यावधिक भएको हुनेछ ।
- कर शिक्षा कार्यक्रम संचालन र बजार अनुगमन भै स्थानीय करदाताहरु कर तिर्न उत्प्रेरित भएका हुनेछन् ।
- गाउँपालिकाको राजस्व शाखाको सवलीकरण भएको हुनेछ ।
- विद्युतीय माध्यमबाट राजस्व संकलन भै कर भुक्तानी सहज भएको हुनेछ ।
- योजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यन्वयन भै गाउँपालिकाको स्रोतको उचित परिचालन भएको हुनेछ ।

### ८.३.६ अनुमान तथा जोखिम

- गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा भै उक्त योजनाले पहिचान गरेका रणनीति र कार्यनीतिहरु पूर्ण रुपमा लागू भएको हुनुपर्ने ।
- गाउँपालिकाको आर्थिक स्रोतहरुको समुचित परिचालन कार्यमा निर्वाचित पदाधिकारी तथा कर्मचारीहरु प्रतिवद्ध र उत्साहित हुनुपर्ने ।

- आर्थिक स्रोत परिचालनको लागि तयार गरिएको वार्षिक कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भएको हुनुपर्ने ।
- विभिन्न सशर्त कार्यक्रमहरुको लागि आर्थिक स्रोत जुटाउन र उपलब्ध गराउन विकास साझेदारहरु सहकार्य र साझेदारीमा संलग्न भएको हुनुपर्ने ।

## ८.४ तथ्याङ्क प्रणाली, योजना र विकास व्यवस्थापन

### ८.४.१ पृष्ठभूमि

कुनै पनि विकास योजनालाई सफल रुपमा कार्यान्वयन गर्न वस्तुनिष्ठ तथ्याङ्क र सूचनाको अनिवार्यता हुन्छ । गाउँपालिकाले राजस्व प्रणालीमा कर नतिर्ने, कर वक्यौता राख्ने तथा पटक पटक सूचना प्रवाह गर्दा समेत अटेर गर्ने करदाताको एकीकृत विवरण राजस्व प्रणालीमा आवद्ध गरी त्यस्ता करदाताको लागि गाउँपालिका र मातहतका कार्यालयबाट सेवा सुविधा दिनु पूर्व अनिवार्य रुपमा बाँकी कर वक्यौता भुक्तानी गर्न लगाउने कार्यगत व्यवस्था कडाइका साथ लागू गर्नुपर्ने हुन्छ । गाउँपालिकामा गरिने हरेक विकासका क्रियाकलापहरू र समग्र वस्तुस्थितिलाई कतिपय अवस्थामा परिमाणमा प्रतिबिम्बित गर्न मिल्दछ । तसर्थ हरेक क्रियाकलापलाई परिमाणमा देखाउँदा विकास र समृद्धिको मापन गर्न सहज हुनुका साथै यथार्थमा गाउँपालिकाको स्थितिबारे थाहा पाउन सकिन्छ । यसका लागि हरेक सूचना तथा तथ्याङ्कहरुलाई अद्यावधिक गर्ने सूचना तथा तथ्यांक प्रणालीको आवश्यकता रहन्छ । अर्कोतर्फ राजस्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थापन नियमित र वैज्ञानिक नहुँदा राज्यको स्रोत र साधनको व्यापक दुरुपयोग हुन सक्ने जोखिम समेत रहन्छ । यी पक्षहरूलाई ध्यानमा राखी तथ्याङ्क व्यवस्थापन, राजस्व परिचालन, वित्तीय अनुशासन र लेखा व्यवस्थालाई सुदृढ गर्नुपर्ने हुन्छ । नेपालको आधिकारिक तथ्याङ्क प्रणालीमा विद्यमान तत्कालीन अवस्थामा सुधार गर्न एवं संघीय शासन प्रणालीको आवश्यकतालाई समेत सम्बोधन गर्ने उद्देश्यले तथ्याङ्क ऐन, २०७९ जारी भई कार्यान्वयनमा आइसकेको छ । सोही ऐन मुताविक गाउँपालिकाले सालबसाली रूपमा आफ्नो लेखा तथ्याङ्क र समष्टी आर्थिक तथा वित्तीय सूचकहरू अद्यावधिक गर्नुपर्ने हुन्छ । त्यसैगरी गाउँपालिकाको पंजीकरण शाखा मार्फत जन्म, मृत्यु, विवाह, सम्बन्धबिच्छेद, बसाइँसराई आदि व्यक्तिगत घटना दर्ताका प्रशासनिक अभिलेखमार्फत जनसङ्ख्या तथा सामाजिक तथ्याङ्क पनि बार्षिक रुपमा अद्यावधिक गर्नुपर्नेछ ।

### ८.४.२ समस्या तथा चुनौती

**समस्याहरु**

- राजस्व, योजना र पूर्वाधार शाखाको क्षमता अपेक्षाकृत कमजोर हुनु ।
- स्थानीयवासीले घटना दर्ता समयमै नगर्नु ।
- गाउँपालिकामा गाभिएका साविकका गाविसहरुको तथ्याङ्क र लेखा प्रणालीको दस्तावेजहरु व्यवस्थित नभएको ।
- गाउँपालिकाको सामाजिक, आर्थिक र भौतिक विकास सम्बन्धी कार्यक्रम तथा आयोजनाहरु योजना तर्जुमा विना नै कार्यान्वयन हुँदै आईरहेको ।
- गाउँपालिकाबाट हुने आयात र निर्यातको यकिन तथ्याङ्क नहुनु ।
- केहि खुद्रा व्यवसायहरु गाउँपालिकामा दर्ता विना नै संचालनमा रहेको ।
- विकास आयोजनाहरु प्राथमिकता र आवश्यक्ता अनुसार संचालन नभएको ।

- ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरु पर्याप्त भएतापनि कार्यान्वयन पक्ष कमजोर भएको ।

**चुनौतीहरु**

- योजना/आयोजनाहरु समयमै सम्पन्न गर्नु र गुणस्तर सुनिश्चित गर्नु ।
- गाउँपालिकामा हुने आयात निर्यात र कृषि तथा पशुपंक्षी सम्बन्धी उत्पादनको तथ्याङ्क यकिन गर्नु।
- राजस्व, योजना र पूर्वाधार शाखालाई प्रविधि मैत्री बनाई समयसापेक्ष बनाउनु ।
- गाउँपालिकामा गाभिएका साविकका गाविसहरुको तथ्याङ्क र लेखा प्रणालीको दस्तावेजहरु व्यवस्थित गर्नु ।
- गाउँपालिकाका संभावित करदाताहरुलाई करको दायरामा ल्याउनु ।
- गाउँपालिकाको एकिकृत तथ्याङ्क प्रणालीको विकास गर्नु ।

### ८.४.३ संभावना तथा अवसर

**संभावनाहरु**

- गाउँपालिकाको विकास आयोजनाहरुको कार्यान्वयनको लागि बिषयगत समिति र उप-समितिहरुलाई परिचालन गर्न सकिने ।
- राजस्व सुधार कार्ययोजना कार्यान्वयन गरी आन्तरिक आयमा उल्लेख्य बृद्धि गर्न सकिने ।
- योजना र विकास व्यवस्थापनलाई प्रविधि मैत्री बनाई छिटो, छरितो र नतिजामूखि बनाउन सकिने।
- निर्वाचित पदाधिकारी, कर्मचारीहरु र सरोकारवालाहरुलाई योजना र विकास व्यवस्थापनमा उत्प्रेरित र उत्तरदायी बनाउन सकिने ।
- तथ्याङ्क प्रणालीको अद्यावधिक लगायत योजना र विकास व्यवस्थापनको लागि संघ, प्रदेश र अन्य निकायहरुसंग समन्वय र सहकार्य गर्न सकिने ।

**अवसरहरु**

- युवा जनशक्तिहरु प्रविधि मैत्री रहेको ।
- व्यापक जनसहभागितामा योजना तथा कार्यक्रमहरुको पहिचान र छनौट गरी आयोजनाहरुमा स्थानीयवासीको अपनत्व विकास गर्न सकिने ।
- तथ्याङ्क प्रणाली, योजना पहिचान र कार्यान्वयन र विकास व्यवस्थापन सम्बन्धी कार्यविधि तथा निर्देशिकाहरु गाउँपालिका आफैले तर्जुमा गरी लागू गर्न सक्ने ।
- लेखा शाखाका कर्मचारीहरुलाई सार्वजनिक खरिद सम्बन्धी अभिमुखिकरण कार्यक्रमहरु गरी गाउँपालिकाबाट हुने योजना तथा आयोजनाहरुको ठेक्का प्रणाली छोटो र सरल बनाउने सकिने ।
- सूचना प्रविधिको प्रयोग गरी योजना र विकास व्यवस्थापनलाई छिटो, सरल, प्रभावकारी र नतिजामुखी बनाउन सकिने ।
- गाउँपालिकाको आन्तरिक आयको स्रोत बृद्धि गरी स्थानीय योजना तथा आयोजनाहरुमा लगानी गर्न सकिने ।

### ८.४.४ उपक्षेत्रगत लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा आयोजना

**सोच**

- चुस्त दुरुस्त तथ्याङ्क प्रणाली, नतिजामुखी योजना र विकास व्यवस्थापन ।

**लक्ष्य**

- तथ्याङ्कहरुको समयानुकूल अद्यावधिक गरी छिटो, छरितो र नतिजामुखी योजना र विकास व्यवस्थापन गर्ने ।

**उद्धेश्यहरु**

- गाउँपालिकाको सबै क्षेत्रका तथ्याङ्कहरु संकलन र अद्यावधिक गर्नु ।
- योजना र विकासलाई छिटो, छरितो, किफायती र नतिजामूखि बनाउनु ।

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| सुदृढ अभिलेख प्रणालीको विकास गर्ने । | ▪ शाखागत आधारभूत तथ्याङ्क व्यवस्थापनलाई अनलाइन एप्लिकेसन मार्फत व्यवस्थित गरिने छ ।<br>▪ सूचना प्रविधिको प्रयोग गरी स्थानीय सरकारसँग सम्बद्ध सबै सूचना र तथ्याङ्कको व्यवस्थापन गर्न एक साधन सम्पन्न तथ्याङ्क तथा सूचना इकाई निर्माण गरिनेछ ।<br>▪ सबै प्रकारका सूचना र तथ्याङ्कहरू अध्यावधिक हुने स्वचालित अभिलेखाङ्कन प्रणाली तयार पार्न अध्ययन गरी आवश्यक सफ्टवेयरहरू खरिद गरि तथ्याङ्कहरुको व्यवस्थापन गरिने छ ।<br>▪ अभिलेख इकाइमा आवश्यक दरबन्दीको प्रबन्ध गरिनेछ ।<br>▪ सबै वडाहरुमा अनलाईन मार्फत राजश्व संकलनको दायरा विस्तार गरिनेछ ।<br>▪ साविक गाविसहरु अन्तर्गत रहेका दस्तावेज र तथ्याङ्कहरुलाई प्रविष्टी र अभिलेखिकरण गरिने छ । |
| योजना तथा विकासलाई व्यवस्थापन गर्ने | ▪ आवधिक योजनाले तर्जुमा गरेको लक्ष्य र उद्धेश्यहरु प्राप्त गर्नको लागि योजनाको रणनीति तथा कार्यनीतिहरु र कार्यक्रम तथा आयोजनाहरुलाई क्रमश कार्यान्वयनमा लगिने छ ।<br>▪ गाउँपालिका अन्तर्गत संचालित योजना तथा आयोजनाहरुलाई गुणस्तरिय रुपमा समयमै सम्पन्न गर्नको लागि विद्यमान अनुगमन समितिको क्षमता अभिवृद्धि र सवलीकरण गरिने छ ।<br>▪ विकास निर्माण कार्यको पारदर्शिता, प्रभावकारिता, दिगोपना र गुणस्तरीय बनाउन अनुगमन तथा मूल्याङ्कनलाई कडाई गरिने छ ।<br>▪ समय सिमाभित्र सम्पन्न भएका आयोजनाहरुलाई आवश्यक प्रोत्साहन गरिने छ ।<br>▪ भौतिक पूर्वाधारहरु गुणस्तरिय बनुन भन्ने अभिप्रायले आयोजना सम्पन्न भएको ३ बर्षसम्म आयोजनाहरुको मर्मतसंभार सम्बन्धित ठेकादारबाटै गराउने नीति अवलम्वन गरिने छ ।<br>▪ गाउँपालिकाका आयोजनाहरुलाई योजना बैंकमा समावेश गरी प्राथमिकताका आधारमा क्रमश कार्यान्वयन गर्दै लगिने छ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ▪ समयमै सम्पन्न नभएका र रुग्ण आयोजनाहरुलाई पहिचान गरी व्यवस्थापन गरिने छ।<br>▪ सार्वजनिक खरिद प्रकृया सरल र छिटो गर्नको लागि कर्मचारीहरुलाई खरिद प्रकृया सम्बन्धी तालिमको व्यवस्था गरिने छ। |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रम तथा आयोजनाहरु | एकाई | जम्मा लक्ष्य | अनुमानित लागत (रु हजारमा) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | तथ्याङ्क तथा सूचना इकाई गठन | संख्या | १ | १५०० | गापा/गैसस |
| २ | सूचना तथा अभिलेख व्यवस्थापनको लागि सफ्टवेयर खरिद र निरन्तर अद्यावधिक | संख्या | १ | २५०० | गाप/गैसस |
| ३ | तथ्याङ्क तथा सूचना इकाइमा दरबन्दी व्यवस्थापन | बार्षिक | १० | ४००० | गापा/प्रस |
| ४ | सार्वजनिक खर्चको मापदण्ड निर्माण | सख्या | १ | ५०० | गापा/प्रस/संघ |
| ५ | साविक गाविसहरु अन्तर्गत रहेका दस्तावेज र तथ्याङ्कहरुको प्रविष्टी र अभिलेखिकरण | | एकमुष्ठ | २००० | गापा |
| ६ | अनुगमन समितिको क्षमता अभिवृद्धि र सवलीकरण | | एकमुष्ठ | २००० | गापा |
| ७ | रुग्ण आयोजना व्यवस्थापन | | एकमुष्ठ | १०००० | गापा/प्रस/संघ |
| ८ | आयोजना प्रोत्साहन | | एकमुष्ठ | २००० | गापा/प्रस |
| जम्मा | | | | २४५०० | |

### ८.४.५ अपेक्षित उपलब्धि

- गाउँपालिकामा तथ्याङ्क तथा सूचना इकाको गठन भै सफ्टवेयर मार्फत तथ्याङ्क तथा सूचनाहरु व्यवस्थापन भएको हुनेछ।
- सार्वजनिक खर्चको मापदण्ड निर्धारण भएको हुनेछ।
- अनुगमन समितको क्षमता अभिवृद्धि भएको हुनेछ।
- रुग्ण आयोजनाहरुको व्यवस्थापन भएको हुनेछ।

### ८.४.६ अनुमान तथा जोखिम

- आवधिक योजना तर्जुमा भै कार्यान्वयनमा गएको हुनुपर्ने।
- गाउँपालिकामा तथ्याङ्क तथा सूचना व्यवस्थापन प्रणालीको विकास भै दक्ष जनशक्तिको व्यवस्थापन भएको हुनुपर्ने।
- सार्वजनिक खर्चको मापदण्ड निर्धारण भएको हुनुपर्ने।

- अनुगमन समितिको क्षमता अभिवृद्धि भएको हुनुपर्ने ।
- रुग्ण आयोजनाहरुको व्यवस्थापन भएको हुनुपर्ने ।
- सार्वजनिक खरिद प्रकृया सरल र छरितो हुनुपर्ने ।

# अध्याय नौ: कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

कमल गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरुको दोस्रो कार्यकालको पनि दुई बर्ष वितिसकेको छ । यहाँसम्म आईपुग्दा गाउँपालिकाले आफ्नो दैनिक कार्यसम्पादन, सेवा प्रवाह, योजना तर्जुमा र कार्यान्वयन, कर्मचारी भर्ना तथा नियुक्ती, संघसस्था दर्ता तथा संचालन, गुनासो सुनवाई तथा सम्बोधन, आन्तरिक र अन्तिम लेखापरिक्षण, कार्यक्रम अनुगमन तथा मूल्याङ्कनका साथै स्थानीय सरकारमा सुशासन कायम गर्न र नागरिक वडापत्रको पूर्ण कार्यान्वयनको लागि विभिन्न नीति, ऐन, निर्देशिका, मापदण्ड, आचार संहिता र कार्यविधि आदि गरी ७१ वटा ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरु तर्जुमा गरेको छ । गाउँपालिकाको भू-उपयोग योजना (२०७८), यातायात गुरुयोजना (२०७७) र पार्श्वचित्र (२०७५) तयार भैसकेको छ । गाउँपालिकाको दोस्रो आवधिक योजना तर्जुमा भैरहेको छ तर आवधिक योजनासंगै गर्नुपर्ने मध्यकालिन खर्च संरचना हालसम्म तर्जुमा भएको छैन । त्यसैगरी “राजस्व सुधार कार्ययोजना”, “गाउँपालिकाको क्षमता विकास योजना”, “विपद जोखिम तथा जलवायु उत्थानशील योजना”, “आन्तरिक नियन्त्रण प्रणाली”, “संगठन तथा व्यवस्थापन सर्वेक्षण”, “एकीकृत शहरी विकास योजना” जस्ता गाउँपालिकाको लागि महत्वपूर्ण योजना र अध्ययनहरु हालसम्म पनि तर्जुमा भएको छैन । यसले गाउँपालिकाको कतिपय विकास निर्माणमा कामहरु योजनाबिनै कार्यान्वयन भैरहेको देखिन्छ । पहिलो आवधिक योजना तर्जुमा भएपनि त्यस्को दस्तावेज गाउँपालिकामा उपलब्ध हुन सकेन भने तर्जुमा भएको भू-उपयोग योजना र यातायात गरुयोजनाको कार्यान्वय पक्ष फितलो देखिन्छ

गाउँपालिकामा हालसम्म अध्ययन अनुसन्धान तथा तथ्याङ्क र योजना प्रणालीमा आधारित भएर बिकास आयोजनाहरु कार्यान्वयन हुने परिपाटिको शुरुवात भएको छैन । गाउँपालिकाका विभिन्न शाखाहरुको आफ्नो शाखागत सूचना तथा तथ्याङ्कहरुको संकलन र सुरक्षित अभिलेखिकरण हुन सकेको छैन । साविक गाविसका सूचना, रेकर्ड, दस्तावेज र तथ्याङ्कहरुको डाटावेस व्यवस्थित ढंगले डिजिटाईजेसन गरिएको छैन । पंजीकरण शाखा भने कम्प्युटराईज्ड प्रणालीमा आवद्ध भएको छ । गाउँपालिकाको प्रशासकिय भवन निर्माण निर्माणधीन छ भने अझ दुईवटा वडा कार्यालयहरुको भवन बनाउनु पर्ने छ । गाउँपालिकामा इ-गभर्नसेन्सको अवधारणा अन्तरगत कर, विभिन्न शुल्क र दस्तुरहरुको डिजिटल भुक्तानी हालसम्म शुरु भएको छैन भने गाउँपालिकाबाट सम्पादन र प्रवाह हुने सेवाहरु अनलाईन प्रणालीमा नगएको अवस्था छ ।

यस आवधिक योजनाले बिषयगत समितिहरु लगायत वडास्तरिय छलफल, स्थानीयवासीको माग, प्राविधिक अध्ययन र संभ्याव्यताका आधारमा गाउँपालिका स्तरिय र वडा स्तरिय योजना तथा कार्यक्रमहरुको पहिचान गरेकोले गाउँपालिकाले पहिचान भएका आयोजनाहरुलाई प्राथमिकताको आधारमा क्रमैसंग कार्यान्वयन गर्दै लानु पर्नेछ । साथै आवधिक योजनाले तयार गरेको गाउँपालिकाको सामाजिक, आर्थिक, भौतिक, वातावरणिय आदि विषयसंग सम्बन्धित तथ्याङ्कहरुलाई समेत आगामी विकास निर्माणको लागि उपयोग गर्न सकिन्छ । गाउँपालिकामा बिकास निर्माण र अन्य सामाजिक कार्यहरुमा जनसहभागिता भने उत्साहप्रद हुने गरेको छ ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना

हाल गाउँपालिकामा ५१ जना कर्मचारीहरु कार्यरह रहेको देखिन्छ। आर्थिक प्रशासन शाखा, प्रशासन शाखा, शिक्षा शाखा, योजना शाखा, पशु सेवा शाखा, कृषि सेवा शाखा, स्वास्थ्य शाखा, पूर्वाधार विकास शाखा, महिला बालबालिका शाखा गरी ९ वटा शाखाहरु लगायत ७ वटा वडा कार्यालयहरु मार्फत कार्य संचालन र सेवा प्रवाह भैरहेको देखिन्छ । त्यसैगरी गाउँपालिका कार्यालयमा रोजगार सवा केन्द्र, सूचना प्रविधि, पंजीकरण, न्यायिक समिति, समुदायमा आधारित पुनःस्थापना र लघु उद्यम विकास कार्यक्रम अन्तर्गत रोजगार संयोजक, एमआइएस अपरेटर, अपांगता सहायता सहजकर्ता, सूचना प्रविधि अधिकृत, उद्यम विकास सहजकर्ताको रुपमा कर्मचारीहरु कार्यरत छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तहको संगठन ढाँचा र दरवन्दी तेरिजको अनुसूची २.१ मा उल्लेख भएको २५ हजार भन्दा बढि जनसंख्या भएको गाउँपालिकाको संगठन संरचनालाई गाउँपालिकाले अनुसरण गरेको देखिएता पनि हालका शाखाहरुलाई १) प्रशास, योजना तथा अनुगमन शाखा; २) पूर्वाधार, विकास र वातावरण व्यवस्थापन शाखा; ३) स्वास्थ्य तथा सामाजिक विकास शाखा; ४) शिक्षा, युवा तथा खेलकुद शाखा; ५) आर्थिक विकास शाखा र ६) आर्थिक प्रशासन शाखामा समायोजना गर्नुपर्ने देखिन्छ। त्यसैगरी शाखा अनुसार इकाईहरु समेत थप गर्नुपर्ने देखिन्छ। जस अन्तर्गत “प्रशासन, योजना तथा अनुगमन” शाखामा “कानुन मामिला इकाई”, “पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन” शाखामा “भवन तथा मापदण्ड कार्यान्वय इकाई”, “सामाजिक तथा आर्थिक विकास” शाखा अन्तर्ग “पर्यटन इकाई” र प्रमुख प्रशासकिय अधिकृत अन्तर्गत रहने गरि आन्तरिक लेखा परिक्षण एकाई थप गर्नुपर्ने छ। त्यसैगरी “वातावरण र सरसफाई” इकाइमा विपद व्यवस्थापन इकाई समेत थप गरी विद्यमान इकाईहरुलाई व्यवस्थापन गर्नुपर्ने देखिन्छ। त्यसैले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रस्ताव गरेको दरवन्दी तेरिज अनुसार गाउँपालिकाको आवश्यक्ता पहिचान गरी सो अनुसार क्रमश कर्मचारीको व्यवस्था गर्दै लैजानु पर्ने देखिन्छ। यसरी कर्चमारी भर्ना र नियुक्ती गर्दा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको कर्मचारी नियुक्ती सम्बन्धी ऐन र कार्यविधिलाई आधार मानेर गर्नुपर्ने छ।

## ९.३ बिषयक्षेत्र अनुसार अनुमानित बजेट

यस आवधिक योजनाको बिषयगत क्षेत्र अनुसार प्रस्तावित अनुमानित बजेटको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ६४. बिषय क्षेत्र अनुसार आवधिक योजनाको लागि आगामी ५ बर्षको प्रस्तावित अनुमानित बजेट*

*(रु हजारमा)*

| क्र.स. | बिषय क्षेत्र | आर्थिक बर्ष | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ०८२/०८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | |
| १ | आर्थिक क्षेत्र | | | | | | |
| १.१ | कृषि | २१९०० | २९२०० | २९२०० | २९२०० | ३६५०० | १४६००० |
| १.२ | पशुपंक्षी | १५०७५ | २०१०० | २०१०० | २०१०० | २५१२५ | १००५०० |
| १.३ | सिंचाई | २३४७५ | ३१३०० | ३१३०० | ३१३०० | ३९१२५ | १५६५०० |
| १.४ | उद्योग, व्यापार तथा व्यवसाय | १९५७५ | २६१०० | २६१०० | २६१०० | ३२६२५ | १३०५०० |
| १.५ | पर्यटन तथा संस्कृति | १६५३० | २२०४० | २२०४० | २२०४० | २७५५० | ११०२०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.६ | भूमि व्यवस्था, सहकारी तथा वित्तिय सेवा | ३६०० | ४८०० | ४८०० | ४८०० | ६००० | २४००० |
| १.७ | श्रम, रोजगारी तथा गरिवी निवारण | २८८० | ३८४० | ३८४० | ३८४० | ४८०० | १९२०० |
| **जम्मा** | | **१०३०३५** | **१३७३८०** | **१३७३८०** | **१३७३८०** | **१७१७२५** | **६८६९००** |
| **२** | **सामाजिक क्षेत्र** | | | | | | |
| २.१ | स्वास्थ्य तथा पोषण | ६३३०० | ८४४०० | ८४४०० | ८४४०० | १०५५०० | ४२२००० |
| २.२ | शिक्षा, भाषा, कला तथा साहित्य | १४०५५ | १८७४० | १८७४० | १८७४० | २३४२५ | ९३७०० |
| २.३ | खानेपानी तथा सरसफाई | १५७२० | २०९६० | २०९६० | २०९६० | २६२०० | १०४८०० |
| २.४ | महिला, बालबालिका तथा सामाजिक समावेशीकरण | १०२०० | १३६०० | १३६०० | १३६०० | १७००० | ६८००० |
| २.५ | युवा, खेलकुद तथा नवप्रवर्तन | १३४२५ | १७९०० | १७९०० | १७९०० | २२३७५ | ८९५०० |
| २.६ | सामाजिक सुरक्षा तथा पंजीकरण | ६५२५ | ८७०० | ८७०० | ८७०० | १०८७५ | ४३५०० |
| **जम्मा** | | **१२३२२५** | **१६४३००** | **१६४३००** | **१६४३००** | **२०५३७५** | **८२१५००** |
| **३** | **पूर्वाधार क्षेत्र** | | | | | | |
| ३.१ | भवन, आवास तथा वस्ती विकास | ३०६०० | ४०८०० | ४०८०० | ४०८०० | ५१००० | २०४००० |
| ३.२ | सडक, पुल तथा यातायात | ३८६३२५ | ५१५१०० | ५१५१०० | ५१५१०० | ६४३८७५ | २५७५५०० |
| ३.३ | जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा | १४४७५ | १९३०० | १९३०० | १९३०० | २४१२५ | ९६५०० |
| ३.४ | सूचना तथा संचार प्रविधि | २७७५ | ३७०० | ३७०० | ३७०० | ४६२५ | १८५०० |
| **जम्मा** | | **४३४१७५** | **५७८९००** | **५७८९००** | **५७८९००** | **७२३६२५** | **२८९४५००** |
| **४** | **वातावरण तथा विपद व्यवस्थापन क्षेत्र** | | | | | | |
| ४.१ | वन, भू-संरक्षण तथा जैविक विविधता | ४८३०० | ६४४०० | ६४४०० | ६४४०० | ८०५०० | ३२२००० |
| ४.२ | वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन | १२६०० | १६८०० | १६८०० | १६८०० | २१००० | ८४००० |
| ४.३ | विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन | १२६७५ | १६९०० | १६९०० | १६९०० | २११२५ | ८४५०० |
| **जम्मा** | | **७३५७५** | **९८१००** | **९८१००** | **९८१००** | **१२२६२५** | **४९०५००** |
| **५** | **सुशासन तथा संस्थागत विकास क्षेत्र** | | | | | | |
| ५.१ | नीत, कानुन, न्याय तथा सुशासन | ५५८८ | ७४५० | ७४५० | ७४५० | ९३१३ | ३७२५० |
| ५.२ | संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह | ७२४५ | ९६६० | ९६६० | ९६६० | १२०७५ | ४८३०० |
| ५.३ | राजस्व तथा स्रोत परिचालन | ६२२५ | ८३०० | ८३०० | ८३०० | १०३७५ | ४१५०० |
| ५.४ | तथ्याङ्क प्रणाली, योजना र विकास व्यवस्थापन | ३६७५ | ४९०० | ४९०० | ४९०० | ६१२५ | २४५०० |
| **जम्मा** | | **२२७३३** | **३०३१०** | **३०३१०** | **३०३१०** | **३७८८८** | **१५१५५०** |
| **कुल बजेट (१+२+३+४+५)** | | **७५६७४३** | **१००८९९०** | **१००८९९०** | **१००८९९०** | **१२६१२३८** | **५०४४९५०** |

** गाउँपालिका स्तरिय योजनाहरुको बजेट समेत यसै तालिकामा समेटिएको छ ।*
*डिपिआर बनेका आयोजनाहरुको बजेट सोही अनुसार हुनेछ र यहाँ उक्त बजेट गणना गरिएको छैन ।*

तालिका 65. बियष क्षेत्र अनुसार अनुमानित बजेटको सारांश (क)

*(रु हजारमा)*

| क्र.स. | बिषय क्षेत्र | आर्थिक बर्ष | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ०८२/०८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | |
| १ | आर्थिक क्षेत्र | १०३०३५ | १३७३८० | १३७३८० | १३७३८० | १७१७२५ | ६८६९०० |
| २ | सामाजिक क्षेत्र | १२३२२५ | १६४३०० | १६४३०० | १६४३०० | २०५३७५ | ८२१५०० |
| ३ | पूर्वाधार क्षेत्र | ४३४१७५ | ५७८९०० | ५७८९०० | ५७८९०० | ७२३६२५ | २८९४५०० |
| ४ | वातावरण तथा विपद व्यवस्थापन क्षेत्र | ७३५७५ | ९८१०० | ९८१०० | ९८१०० | १२२६२५ | ४९०५०० |
| ५ | सुशासन तथा संस्थागत विकास क्षेत्र | २२७३३ | ३०३१० | ३०३१० | ३०३१० | ३७८८८ | १५१५५० |
| **कुल बजेट (१+२+३+४+५)** | | **७५६७४३** | **१००८९९०** | **१००८९९०** | **१००८९९०** | **१२६१२३८** | **५०४४९५०** |

तालिका 66. बियष क्षेत्र अनुसार अनुमानित बजेटको सारांश (ख)

| बिषयगत क्षेत्र | बजेट (रु हजारमा) | प्रतिशत |
|---|---|---|
| आर्थिक क्षेत्र | ६८६९०० | १३.६ |
| सामाजिक क्षेत्र | ८२१५०० | १६.३ |
| पूर्वाधार क्षेत्र | २८९४५०० | ५७.४ |
| वातावरण तथा विपद व्यवस्थापन क्षेत्र | ४९०५०० | ९.७ |
| सुशासन तथा संस्थागत विकास क्षेत्र | १५१५५० | ३.० |
| जम्मा | ५०४४९५० | १००.० |




चित्र 13. बिषय क्षेत्र अनुसार आवधिक योजनाको लागि आगामी ५ बर्षको प्रस्तावित अनुमानित बजेटको हिस्सा

## ९.४ स्रोत अनुमान तथा प्रक्षेपण

यस आवधिक योजनालाई कार्यान्वयन गर्न पहिचान र निर्धारित गरिएका योजना तथा कार्यक्रमहरु गाउँपालिकाको आन्तरिक श्रोत, संघ र प्रदेशबाट प्राप्त हुने सबैखाले अनुदान तथा विकास साझेदार र गैर सरकारी संस्था तथा समुदायमा आधारित संस्था र समुदाय एवं नीजि क्षेत्रको लगानी समेत प्रक्षेपण गरी योजनाको लागी उपलब्ध अनुमानित स्रोत निर्धारण र योजना कार्यान्वयन लागी देहाय अनुसार स्रोत प्रक्षेपण गरिएको छ ।

तालिका 67. स्रोत अनुमान र प्रक्षेपण

| क्र.स. | शिर्षक | रकम रु हजारमा | | | | |
|---|---|---|---|---|---|---|
| | | आ.व. २०८२/८३ को अनुमानित | आ.व. २०८३/८४ को अनुमानित | आ.व. २०८४/८५ को अनुमानित | आ.व. २०८५/८६ को अनुमानित | आ.व. २०८६/८७ को अनुमानित |
| **१** | **आन्तरिक श्रोत** | **२८१२५** | **३१६४१** | **३५५९६** | **४००४५** | **४५०५१** |
| **२** | **राजस्व बाँडफाँड** | **१५३४०७** | **१६८७४८** | **१८५६२३** | **२०४१८५** | **२२४६०३** |
| २.१ | घरजग्गा रजिष्ट्रेशन | २२००० | २४२०० | २६६२० | २९२८२ | ३२२१० |
| २.२ | मुल्य अभिवृद्धि र अन्तशुल्क | १२३७५० | १३६१२५ | १४९७३८ | १६४७११ | १८११८२ |
| २.३ | प्रदेश सरकारबाट प्राप्त सवारी साधन कर | ७६५७ | ८४२३ | ९२६५ | १०१९२ | ११२११ |
| **३.** | **संघीय सरकारबाट प्राप्त** | **५२४२२९** | **५७६६५२** | **६३४३१७** | **६९७७४९** | **७६७५२४** |
| ३.१ | समानीकरण अनुदान | १५८६२० | १७४४८२ | १९१९३० | २१११२३ | २३२२३६ |
| ३.२ | ससर्त अनुदान चालू | ३००१५९ | ३३०१७५ | ३६३१९३ | ३९९५१२ | ४३९४६३ |
| ३.३ | ससर्त अनुदान पूँजीगत | ४२३५० | ४६५८५ | ५१२४४ | ५६३६८ | ६२००५ |
| ३.४ | समपूरक अनुदान | ५५०० | ६०५० | ६६५५ | ७३२१ | ८०५३ |
| ३.५ | विशेष अनुदान पूँजीगत | १७६०० | १९३६० | २१२९६ | २३४२६ | २५७६८ |
| **४.** | **प्रदेश सरकारबाट प्राप्त** | **४८१९२** | **५३०११** | **५८३१२** | **६४१४४** | **७०५५८** |
| ४.१ | समानीकरण अनुदान | १००५७ | ११०६३ | १२१६९ | १३३८६ | १४७२५ |
| ४.२ | ससर्त अनुदान चालु | ३९८० | ४३७८ | ४८१६ | ५२९७ | ५८२७ |
| ४.३ | ससर्त अनुदान पूँजीगत | २३१०० | २५४१० | २७९५१ | ३०७४६ | ३३८२१ |
| ४.४ | समपूरक अनुदान | ११००० | १२१०० | १३३१० | १४६४१ | १६१०५ |
| ४.५ | अन्य अनुदान चालु | ५५ | ६१ | ६७ | ७३ | ८१ |
| | जम्मा (१+२+३+४) | **७५३९५३** | **८३००५२** | **९१३८४८** | **१००६१२३** | **११०७७३६** |

*नोटः आन्तरिक श्रोत १२.५% र संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम बार्षिक १०% ले बृद्धि हुने गरी आय प्रक्षेपण गरिएको छ ।*




चित्र 14. बियष क्षेत्र अनुसारको बजेट र प्रक्षेपित स्रोतको तुलनात्मक अवस्था (रु हजारमा)

## ९.५ स्रोत परिचाल रणनीति

### नीजि क्षेत्रको स्रोत परिचालन नीति

निजी क्षेत्रले गाउँपालिकाको समग्र विकास प्रकृयामा अहम् भूमिका निर्वाह गर्दछन् । नेपालको संविधानले अंगिकार गरेका नीति तथा कानुनी व्यवस्थाले निर्दिष्ट गरे बमोजिम निजी क्षेत्रले गाउँपालिकामा आफ्नो भूमिका निर्वाह गर्नेछन् । गाउँपालिकाको विकास सम्बन्धी सोच, नीति र योजना बमोजिम लक्ष्य तथा उद्देश्य हासिल गर्न गाउँपालिकामा लगानीमैत्री वातावरण अभिवृद्धि गरी स्थानीय तहको आर्थिक-सामाजिक विकासमा सहयोग र सहकार्य गर्ने निजी क्षेत्रको भूमिका हुनेछ । निजी क्षेत्रले प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्दै सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप जोखिमको न्यायोचित बाँडफाँट गरी विकास निर्माण कार्य सञ्चालन गर्नेछ । कृषि, पर्यटन, व्यापार व्यवसाय, उद्योग, निर्माण र सेवा क्षेत्रमा निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न आवश्यक प्रोत्साहनको व्यवस्था गरी दिगो विकासका लक्ष्य हासिल गरिने छ ।

निजी क्षेत्रले गाउँपालिकामा गुणस्तरीय वस्तु उत्पादन, सहज र सुलभ आपूर्ति व्यवस्थापन, गुणस्तरीय पूर्वाधार निर्माण, आयात व्यवस्थापन, पर्यटन प्रवर्द्धन, पर्यटन आगमन र अथिति सत्कार, निर्यात प्रवर्द्धन तथा उत्पादनशिल र मर्यादित रोजगारी सिर्जना गर्नमा सहयोग गर्नेछ । यस क्षेत्रले संस्थागत सुशासन, सुमधुर औधोगिक सम्बन्ध, पर्यटन विकास, बालश्रम निवारण, सामाजिक सुरक्षा तथा संरक्षणमा सहभागिता एवम् संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्दै यस क्षेत्रको प्रतिष्ठा अभिवृद्धि गर्नेछ । यस क्षेत्रले वित्तिय क्षेत्रमा स्थायित्व र सुशासन कायम गर्न सहयोग पुऱ्याउनेछ । स्वदेशी तथा वैदेशिक लगानी अभिवृद्धि गर्दै द्विपक्षीय तथा बहुपक्षीय प्रतिबद्धता तथा सम्झौता बमोजिम स्थानीय अवसरको प्राप्ति तथा चुनौती सामना गर्न सहयोग गर्नेछ ।

**सहकारी क्षेत्रको स्रोत परिचालन नीति**

नेपालको संविधानले अंगिकार गरेका नीति तथा कानूनी व्यवस्थाले निर्दिष्ट गरे बमोजिम सहकारी क्षेत्रले सहकारी मूल्य-मान्यता र सिद्धान्तको अनुसरण तथा पारस्परिकता र स्वावलम्वनको संस्कार विकास गर्दै गाउँपालिकाको समग्र विकास प्रकृयामा सहयोगी भूमिका निर्वाह गर्नेछ । विकास सम्बन्धी सोच, नीति र योजना बमोजिम लक्ष्य तथा उद्देश्य हासिल गर्न गाउँपालिकाको आर्थिक-सामाजिक विकासमा सहयोग र सहकार्य गर्न यस क्षेत्रको महत्वपूर्ण भूमिका हुनेछ । यस क्षेत्रले सहकारी संस्थामा सुशासन कायम गर्दै स्थानीय स्रोत-साधन, श्रम, सीप र पूँजीलाई व्यापक रुपमा परिचालन गरी स्थानीय स्तरमा रोजगारी तथा आय वृद्धि र गरिबी निवारण गर्न सहयोग पु¥याउनेछ । साथै यस क्षेत्रले गाउँपालिकामा मानवीय आवश्यकताका वस्तु तथा सेवाको उत्पादन, प्रशोधन र बजारीकरण गर्दै सामाजिक-आर्थिक र सांस्कृतिक रुपान्तरण तथा समावेशी आर्थिक वृद्धि हासिल गर्न सहयोग गर्नेछ ।

**जनसहभागिता परिचालन नीति**

विकास निर्माण कार्यलाई समानुपातिक र समावेशी रुपमा वितरण गरी आम मानिसमा विकास प्रति अपनत्व प्रदान गर्न समेत हरेक विकास निर्माण कार्यहरुमा जनताको लागत सहभागिता अपरिहार्य र अनिवार्य विषय भएको छ । विकास निर्माण कार्यमा जनसहभागिताले विकासको प्रतिफलमा जनताहरुलाई उत्तरदायी वहन गर्न सिकाउँछ । यसले गर्दा जनतालाई विकास योजनाहरु हाम्रो हो भन्ने भावनाको विकास भै विकास आयोजनाहरु दिगो र टिकाउ हुन सक्दछ । गाउँपालिकामा विशेषगरी सडक निर्माण तथा मर्मत सुधार, बजार क्षेत्रको ढल प्रणालीको निर्माण तथा मर्मत सुधार, खानेपानी प्रणालीको निर्माण र सुधार, फोहोरमैला व्यवस्थापन जस्ता विषयहरुमा जनताको तर्फबाट उपभोक्ता समिति गठन गरी लागत सहभागितालाई आत्मसाथ गर्ने वर्तमान पद्धतिलाई समेत दृष्टिगत गरी भविश्यमा निर्माण/ संचालन गर्न यी आयोजनाहरुमा जतनाको आर्थिक स्थिति र आय आर्यन क्षमतालाई विचार गरी लागत सहभागितालाई कार्यान्वियन गर्न सकिने देखिन्छ ।

यसका साथै आर्थिक विकासमा स्थानीय जनसमुदायको लागत सहभागितालाई बढावा दिने, स्वरोजगारका कार्यक्रमहरुलाई विस्तार र विकास गरी रोजगारीको अवसर सृजना गर्ने, पर्यटकिय क्षेत्रहरुलाई समुदायमा हस्तान्तरण गरी व्यवस्थापन समिति मार्फत संचालन गर्ने, लघु उद्योग तथा बचत कार्यक्रमहरुमा जनताको रुचीलाई ध्यान दिई कार्यक्रमहरु संचालन गर्ने, तरकारी र फुलफुल खेती तथा नगद्बेवालीको लागि कृषकहरुलाई प्रोत्साहित गर्दै उनिहरुको आम्दानीको अवसर वृद्धि गर्ने जस्ता सहभागितामूलक कार्यक्रमहरु संचालन गरी स्थानीयवासीको सहभागितालाई बढाउन सकिने देखिन्छ । यस्तो किसिमको लागत सहभागिता कार्यक्रमहरुमा निजी क्षेत्र तथा अन्य संस्थाहरुलाई समेत सहभागि गराउँदै जानु पर्ने देखिन्छ ।

**संघ संस्थाको स्रोत परिचालन नीति**

गाउँपालिकामा रहेका विभिन्न संघ संस्था, गैरसरकारी संस्था, नागरिक समाज र सामुदायिक संस्थाले गाउँपालिकाको समग्र विकास प्रयासमा सहयोगी भूमिका निर्वाह गर्नेछ । यस क्षेत्रले सामाजिक शक्ति परिचालन गरी गाउँपालिकाको विकास लक्ष्य तथा प्राथमिकता अनुरुपका क्षेत्रमा कार्यक्रम सञ्चालन गरी गरिबी निवारण, क्षमता अभिवृद्धि, नागरिक सचेतना तथा कर्तव्यबोध र सशक्तिकरण जस्ता कार्यहरुमा

सहयोग पुऱ्याउनेछ । साथै, गाउँपालिकाको पछाडी परेको क्षेत्रको विकास, उत्पादन वृद्धि र सेवा प्रवाहमा सहयोग गर्नेछ । यस क्षेत्रले पारदर्शिता, जवाफदेहिता र मितव्ययिता कायम गर्दै संस्थागत सुशासन कायम गरी आफ्नो भूमिका निर्वाह गर्नेछ।

**आन्तरिक श्रोत परिचालन नीति**

कमल गाउँपालिकाको संस्थागत आर्थिक विकासलाई समेत ध्यान दिनु आवश्यक छ। खासगरी गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गरी सो आम्दानीलाई विकासमा लगानी गर्न सकेमा विकासले गति लिने निश्चित छ । यसको लागि गाउँपालिकाले राजस्व सुधारका कार्यक्रमहरु संचालन गर्दै जानुपर्ने देखिन्छ । राजस्व सुधारको लागि गाउँपालिकाले गर्न सक्ने कार्यहरु निम्न बमोजिम रहेका छन् :

- राजस्व सुधार कार्ययोजना यथाशिघ्र तर्जुमा गरी यसले पहिचान गरेका राजस्वका नयाँ क्षेत्र, दायरा र कार्यक्रमहरुलाई क्रमश कार्यान्वयनमा लैजाने ।
- सम्पति, व्यवसाय र घरजग्गा वहाल करलाई व्यवस्थित गरी लागु गर्ने ।
- सामुदायिक वन र स्थानीय प्राकृतिको स्रोतको उत्खनन जस्ता क्षेत्रहरुबाट प्राप्त हुने रोयल्टीको लेखाजोखा गरी गाउँपालिकाको प्राथमिकता क्षेत्रमा लगानी गर्ने ।
- नक्शापासलाई व्यवस्थित गरी कडाईका साथ पूर्ण रुपमा लागु गर्ने ।
- स्थानिय पर्यटकिय क्षेत्र तथा मठमन्दिरको आवश्यक सुधार गरी व्यवस्थापनमा निजि क्षेत्रको सहभागिता गराउने ।
- जनसहभागितामा आधारित योजनाहरु संचालन गर्ने ।
- सरसफाईको कार्यलाई व्यवस्थित गर्ने ।
- कार्यालयका प्रशासनिक कामहरुलाई कम्प्युटरकृत गरी थप दरबन्दी सृजना गर्न नपर्ने अवस्थामा लैजाने ।
- जगेडा कोषबाट अधिकतम परिचालन हुन सक्ने योजनाहरु संचालन गर्ने ।
- नगर विकास कोष, शहरी विकास तथा भवन निर्माण विभाग, सडक बोर्ड लगायतका लाईन एजेन्सीहरुबाट थप स्रोत परिचालन गरी क्षेत्रगत कार्यक्रमहरुमा लगानी गर्ने ।
- दातृ निकाय तथा संघ संस्थाहरुबाट थप स्रोत परिचालन गरी क्षेत्रगत कार्यक्रमहरुमा लगानी गर्ने ।

## ९.६ आवधिक योजना कार्यान्वयन

कमल गाउँपालिकामा यस आवधिक योजनामा आधारित भै बार्षिक योजना तथा बजेट तर्जुमा गरी आवधिक योजनाले पहिचान गरेका प्राथमिकताका क्षेत्र तथा योजनाहरुलाई क्रमश कार्यान्वयनमा लैजानु पर्दछ। यसरी बार्षिक योजना तथा बजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, नीति तथा कार्यक्रम एवं कार्यनीतिलाई आधार लिनु पर्ने छ। प्रत्येक २ बर्षमा यस आवधिक योजनाको समिक्षा र अद्यावधिक गर्नुपर्ने छ । हरेक बिषयगत क्षेत्रले आ-आफ्नो क्षेत्रको विस्तृत समिक्षा गरी प्रत्येक बर्ष प्रगति प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने छ । यसका अतिरिक्त समिक्षा र अद्यावधिकको प्रक्रियामा संघ र प्रदेश सरकारबाट प्राप्त गरिने निर्देशन र मार्गदर्शनलाई पनि समावेश गर्नुपर्ने छ ।

### क) कार्यान्वयन विधि निर्धारण

योजना कार्यान्वयनका लागि आवश्यक पूर्वाधार सृजना गर्नुपर्ने तथा सरोकारवालाहरुबिच समन्वय एवं साझेदारी गर्नुपर्ने भएकोले गाउँपालिकाले आवधिक योजनामा उल्लेखित योजनाको सार्वजनिक निर्माण एवं सेवा खरिद सम्बन्धमा स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ र गाउँपालिकाले संविधान तथा अन्य प्रचिलत कानूनको अधिकार क्षेत्रभित्र रहि तर्जुमा गरेका ऐन, नियमावली, मापदण्ड, कार्यविधि अनुसार कार्यान्वयन गर्नुपर्ने छ । यसरी कार्यान्वयन विधि निर्धारण गर्दा ठेक्कापट्टा, उपभोक्ता समिति, आमानत, सेवा करार, संयुक्त व्यवस्थापन वा साझेदारी, गैरसरकारी संस्थामार्फत गर्ने सम्बन्धमा सार्वजनिक खरिद ऐनको परिधिभित्र रहि योजना वा कार्यक्रम संचालन हुनुपूर्व निश्चित हुनुपर्ने छ । गाउँपालिकाले आर्थिक बर्ष शुरु भएको एक महिनाभित्र आफ्नो बार्षिक खरिद योजना स्वीकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नुपर्ने छ ।

### ख) योजना कार्यान्वयन तालिका

गाउँपालिकाको योजना कार्यान्वयन गर्ने निकायले कुन काम कहिले शुरु गर्ने, कहिले सम्पन्न गर्ने समय किटान गरिएको कार्यतालिका बनाई कार्यान्वयनको व्यवस्था गर्नुपर्ने छ । योजना कार्यान्वयन गर्दा सम्बद्ध निकाय र व्यक्तिलाई तोकिएका कार्य जिम्मेवारी र क्रियाकलाप्रति उत्तरदायी बनाउन उपलब्धि परिणाम सूचक सहित कार्यसम्पादन करार प्रणाली अपनाउनुपर्ने छ । गाउँपालिकाले तपसिल बमोजिमको योजना कार्यान्वयन तालिका लागू गर्ने सक्नेछ ।

तालिका 68: योजना कार्यान्वयन तालिका

| क.स. | आयोजना | उपलब्धि सूचक परिणाम तहको | बजेट | जिम्मेवार निकाय | प्रारम्भ मिति | सम्पन्न गर्नुपर्ने अवधि |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |

## ९.७ अनुगमन तथा मूल्याङ्कन योजना

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यक्ता

गाउँपालिका क्षेत्रभित्र संचालन भएका, भैरहेका तथा हुने सवै विषयगत तथा क्षेत्रगत योजनाहरूको निर्धारित गुणस्तर र समय सिमाको सुनिश्चितता गर्न, सम्भावित जोखिम र त्यसले भविश्यमा पार्न सक्ने असरका बारेमा लेखाजोखा गरी समयमानै क्षती न्यूनिकरणमा पूर्वतयारी गर्न, विकास निर्माणसंग सम्बन्धित सवै सरोकारवालालाई अनुशासित, मर्यादित, जिम्मेवार र कर्तब्यनिष्ठ बनाउने कार्यको लागि आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्न गर्नुपर्ने हुन्छ । संगसंगै यस आवधिक योजनाले पहिचान र प्राथिमिकीकरण गरेका आयोजनाहरुको कार्यान्वयनबाट लक्षित उद्धेश्य प्रात भयो भएन यकिन गर्न र आयोजनाको

कार्यान्वयनबाट अपेक्षित वर्गले फाईदा पायो पाएन भनेर नियमित रुपमा अध्ययन तथा विश्लेषण गर्नुपर्ने हुन्छ ।

गाउँपालिकाले आयोजनाको मूल्याङ्कन देहाय वमोजिम तीन प्रकारबाट गर्न सक्नेछ ।

१) आयोजनाको कार्यान्वयन चरणमा गरिने आयोजनाको लेखाजोखा ।

२) आयोजनाको कार्यान्वनको समाप्ति पछी आयोजनाको लक्ष्य, उद्धेश्य अनुरुप काम भए नभएको लेखाजोखा गरिने आयोजनाको मूल्याङ्कन ।

३) आयोजना समाप्त पछी वा त्यसको संचालनको ५-६ बर्ष पछी गरिने प्रभाव मूल्याङ्कन ।

कार्यान्वयन गरिएका योजना, नीति, कार्यक्रम तथा आयोजनाहरु के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलब्धि एवं प्रभावहरु हासिल भएका छन् भन्ने कुराको आन्तरिक वा बाह्य मूल्याङ्कनकर्ताबाट उद्धेश्यपूर्ण र व्यवस्थित तरिकाले लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । योजनाका उपलब्धि र प्रभाव तहका सूचकमा के कति परिणाममा परिवर्तन आयो भन्ने जानकारी मूल्याङ्कनबाट हुन्छ । त्यसैले गाउँपालिकाले आवश्यक्ता र आयोजना वा कार्यक्रमको प्रकृति अनुसार उल्लेखित दुवै तहमा तेस्रो पक्षबाट पनि मूल्याङ्कन गर्नु/गराउनुपर्ने छ । त्यसको लागि योजना तर्जुमासंग सम्बन्धित समितिहरू लगायत गाउँ कार्यपालिकालाई आवश्यक पृष्ठपोषण दिनका लागि गाउँपालिकाले आवश्यक्ता अनुसार गाउँपालिका तथा वडा स्तरीय अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्न सक्ने छ ।

### ९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रक्रियाबाट यस आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा आदि मापन गरिने छ । यसैगरी प्रमुख कार्यक्रम तथा आयोजनाहरुको प्रक्रियाको अनुगमन गरिने छ । नतिजा मापन आवश्यक्ता अनुसार बाह्य विज्ञ तथा तेस्रो पक्षबाट गर्नुपर्ने छ जसले गर्दा योजनाहरुको प्रतिफल विश्वसनीय र भरपर्दो हुनेछ । कार्यक्रम तथा आयोजना कार्यान्वयन प्रकृया अनुगमन गर्ने जिम्मेवारी गाउँ कार्यपालिका र सुपरिवेक्षण तथा अनुगमन समितिको हुनेछ । आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विस्तृत प्रकृया र जिम्मेवारीहरु देहाय अनुसार हुने छ ।

- गाउँ कार्यपालिका तथा बिषयगत समिति ।
- गाउँपालिका स्तरिय अनुगमन तथा सुपरिवेक्षण समिति ।
- वडा स्तरिय अनुगमन समिति ।
- जिल्ला समन्वय समिति ।
- विषयगत शाखा, उपशाखा, परियोजना, संघ, सस्था ।
- नागरिक समाज, संघसंस्था तथा तेस्रो पक्ष ।

### ९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

गाउँपालिकाको आवधिक तथा बार्षिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि देहाय अनुसार हुनेछ ।

क) गाउँपालिकाको आवधिक तथा बार्षिक योजनाहरुको अनुगमन तथा मूल्याङ्कनको लागि “योजना अनुगमन तथा मूल्याङ्कन कार्यविधि तर्जुमा गर्ने” ।

ख) गाउँपालिकाको सम्बन्धित प्राविधिक तथा विज्ञहरुबाट आयोजनाहरुको स्थलगत अनुगमन गर्ने ।

ग) अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन समितिले अनुगमन तथा सुपरिवेक्षण गरेपछि उक्त योजना तथा आयोजनाको निर्धारित गुणस्तर र समय सिमाको मूल्याङ्कन गर्ने ।

घ) १० करोड भन्दा माथिका योजना तथा आयोजनाहरू सम्पन्न भएको २ बर्ष भित्र तेश्रो पक्ष बाट प्रभाव मूल्याङ्कन गर्ने ।

ङ) अनुगमन तथा मूल्याङ्कन समितिले अनुगमन तथा मूल्याङ्कन गरेको दिन तथा समय सम्बन्धित योजनाको साईट पुस्तिकामा उल्लेख गर्नु पर्नेछ साथै उक्त अनुगमन तथा मूल्याङ्कन सम्पन्न भएको मितिले बढीमा ७ दिन भित्र खण्ड “क” र “ख” बमोजिम गरिएको मूल्याङ्कनको प्रतिवेदन तयार गरि तयार भएको मितिले ३ दिन भित्र गाउँ कार्यपालिकामा पेश गर्ने ।

च) कार्ययोजना (लक्ष्य) र प्रगति बीच तुलना तथा मापन गर्ने ।

छ) योजनाहरुको विधिपूर्वक सार्वजनिक सुनवाई र सामाजिक लेखापरिक्षण (कार्यविधिले तोके वमोजिम) गरी प्रतिवेदनहरु पेश गर्ने ।

ज) नतिजामा आधारित ढाँचा अनुसार योजना तथा कार्यक्रमहरुको नियमित रुपमा सहगाभातिमूलक मासिक, चौमासिक र मध्यावधि समिक्षा गर्ने ।

झ) नतिजामूलक ढाँचा अनुसार योजना तथा कार्यक्रमहरुको तेस्रो पक्षबाट सहभागितामूलक अन्तिम समिक्षा गर्ने ।

आवधिक तथा बार्षिक योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया र ढाँचा देहाय वमोजिम प्रस्ताव गरिएको छः

तालिका 69: अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया र ढाँचा

| कुन तहमा अनुगमन गर्ने | के अनुगमन गर्ने | कहिले र कस्ले अनुगमन गर्ने | कुन तहको सूचक राख्ने | मापन गर्ने आधार |
|---|---|---|---|---|
| लक्ष्य | परेको प्रभाव | ▪ कार्यपालिकाद्वारा नियुक्त स्वतन्त्र संस्था वा विज्ञले आवधिक योजनाको अन्त्यमा<br>▪ कार्यपालिकाद्वारा आवधिक योजनाको मध्यकालमा | ▪ प्रभाव तहको<br>▪ असर तहको<br>▪ जनभावनामा परिवर्तन | ▪ संघ, प्रदेश र गाउँपालिकाको बार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरु<br>▪ स्थलगत अनुगमन<br>▪ बार्षिक कार्य योजनाहरुको प्रगति |
| परिणाम | देखिने असर<br>▪ उत्पादकत्वमा परिवर्तन<br>▪ सडक पहुँच आदि | ▪ कार्यपालिका तथा गाउँपालिकाद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति<br>▪ बार्षिक | ▪ परिणाम तहको<br>▪ प्रतिशत बृद्धि | ▪ सहभागितामूलक<br>▪ नतिजामूलक अनुगमन खाका अनुसार<br>▪ नमूना सर्वेक्षण गर्ने |

| | | | | |
|---|---|---|---|---|
| योजना | <u>निर्मित परिणामहरु</u><br>▪ कक्षा संचालन<br>▪ उत्पादन परिमाण<br>▪ सडक विस्तार<br>▪ स्वास्थ्य केन्द्र भवन निर्माण | ▪ गाउँपालिकाद्वारा गठित अनुगमन तथा सुपरिवेक्षण समिति, शाखा कार्यालयहरु र प्रमुख प्रशासकिय अधिकृत<br>▪ चौमासिक/बार्षिक | ▪ परिणाम तहको<br>▪ संख्यात्मक बृद्धि | ▪ नतिजामूलक अनुगमन खाका अनुसार<br>▪ स्थलगत अनुगमन<br>▪ सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनवाई |

# अध्याय दश: नतिजा खाका

## १०.१ पृष्ठभूमि

योजना, कार्यक्रम वा आयोजना बिच नतिजाहरुको तहगत अन्तरसम्बन्ध स्थापना गरी योजना प्रकियालाई नतिजामुखी बनाउन नतिजा खाकाका विभिन्न स्वरुप मध्ये तर्कबद्ध खाका (log frame) एक महत्वपूर्ण विधि हो । यसका कारण र असरहरुको विश्लेषण गर्दै लगानीदेखि प्रतिफल हुँदै लक्ष्य वा प्रभावसम्म पुग्ने गरी नतिजाहरुको श्रृखलाबद्ध सम्बन्ध स्थापित गरिएको हुन्छ । आवधिक योजनाले परिकल्पना गरेको सोच, लक्ष्य र उद्धेश्यहरु कसरी प्राप्त गर्न सकिन्छ भन्ने तथ्यलाई तर्कसंगत ढंगबाट नतिजा खाकामा प्रस्तुत गरिएको छ । संघीय र प्रदेश सरकारले प्रयोग गर्ने र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा उल्लेख भएको तर्कबद्ध खाकालाई नै गाउँपालिकाको आवधिक योजनामा अनुसरण गरिएको छ । गाउँपालिकालाई बार्षिक र क्षेत्रगत योजनाहरु तर्जुमा गर्न, संचालित परियोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्न र स्वयं आवधिक योजनाको मध्यावधि समिक्षा र मध्यकालिन खर्च संरचना तयार गर्न समेत यसले मद्दत गर्दछ ।

## १०.२ नतिजा खाकामा समावेश गरिएका बिषयहरु

गाउँपालिकाको विकास योजना, कार्यक्रम र आयोजनाहरुको कार्यान्वय गर्नको लागि यस नतिजा खाकाले देहायका विषय क्षेत्रहरु र सो अन्तर्गतका उपक्षेत्रहरु समेटेको छः

क) प्रस्तुत नतिजा खाकामा गाउँपालिकाको समग्र आर्थिक; सामाजिक; पूर्वाधार, वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास गरी ५ वटा विषयगत क्षेत्र निर्धारण गरी त्यस अन्तर्गतका विभिन्न उपक्षेत्रगत रुपमा तीन तहका नतिजा (प्रतिफल, असर र प्रभाव) परिभाषित गरी तिनीहरुको अन्तरसम्बन्ध यकिन गरिएको छ ।

ख) उल्लेखित प्रतिफल, असर र प्रभावलाई सूचकका आधारमा सम्भव भएसम्म मापन र अनुगमन योग्य बनाउने प्रयास गरिएको छ ।

ग) सूकचहरुको आवधिक अनुगमन तथा मूल्याङकनलाई सजिलो बनाउन उपलब्ध भएसम्म आधार तथ्याङ्क र योजना अवधिभरमा प्राप्त गरिने बार्षिक लक्ष्यलाई समेटी कार्यान्वयनको जिम्मेवार निकाय समेत प्रष्ट गरिएको छ ।

घ) बिषय क्षेत्रगत रुपमा राखिएका प्रतिफल, असर र प्रभाव सूचकहरु हासिल गर्नका लागि आवश्यक पर्ने न्यूनतम बाह्य वातावरणीय पक्ष तथा सम्भाविक जोखिम अनुमान गरिएको छ ।

ङ) विषयगत र उपक्षेत्रहरुको नतिजा खाकामा दिगो विकास लक्ष्य प्राप्तिको लागि त्यस क्षेत्रले पुर्‍याउने योगदानलाई संकेतीकरण गरी दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरिएको छ ।

## १०.३ नतिजा खाकाको प्रयोग

क) बार्षिक विकास कार्यक्रम तयार गर्दा नतिजा खाकाका सूचकहरु (प्रतिफल, असर र प्रभाव तहका सूचनाहरु) प्राप्त हुने गरी तर्जुमा गरिएको छ ।

ख) मध्यकालिन खर्च संरचनालाई नतिजामुखी बनाउन पनि यस खाकामा रहेका सूचकहरुको प्रयोग गर्न सकिने छ । साथै तर्कबद्ध खाकालाई मध्यकालीन कार्यसम्पादन खाका (Medium Term Performance Framework) को रुपमा समेत प्रयोग गर्न सकिने छ ।

ग) आवधिक योजनाका विषय क्षेत्रगत लक्ष्यहरुको प्रगति समिक्षा गरी बार्षिक प्रतिवेदन तयार गर्न यसको उपयोग गर्न सकिने छ ।

## १०.४ नतिजा खाका

बिषयगत नतिजा खाका निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छः

**१. आर्थिक क्षेत्र** (२०८०/८१ को स्थिर मूल्यमा आधारित)

| नतिजा स्तर | नतिजा सूचक | एकाई | आधार वर्ष (२०८०/८१) | लक्ष्य | | | | | पुष्याईको आधार | दि.बि.ल. संकेत | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | |
| प्रभाव | कुल गार्हस्थ उत्पादन | रु करोड | | | | | | | बजेट बक्तव्य, राष्ट्रिय जनगणना, २०८१ | १ र २ | ▪ नीजि क्षेत्रको सहयोग भएको हुनेछ<br>▪ बजार मूल्य स्थिर रहने छ।<br>▪ विपद तथा जलवायु परिवर्तनको असर न्यून हुनेछ।<br>▪ अन्तर सरकार समन्वय भएको हुनेछ<br>▪ सरकारी, गैर सरकारी र समुदायको संलग्नता बृद्धि भएको हुनेछ।<br>▪ जनचेतना अभिवृद्धि भएको हुनेछ। |
| | आर्थिक बृद्धिदर | प्रतिशत | ६.५ | ६.५ | ६.७ | ६.८ | ७.१ | ७.२ | | १ र २ | |
| | प्रति व्यक्ति आय | अ. डलर | ११६० | ११६५ | ११७० | ११८० | १२०० | १२५० | | १ र २ | |
| असर १ | कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | ३.७ | ५.१ | ५.४ | ५.५ | ५.७ | ५.९ | प्रदेश आवधिक योजना | १ र २ | |
| | गैर कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | ५.२ | ५.८ | ६.२ | ६.८ | ७.३ | ८.५ | | १ र २ | |
| असर २ | सम्पतिमा आधारित सहमानत जनाउने | ०-१ | ०.३५ | ०.३४ | ०.३४ | ०.३३ | ०.३३ | ०.३२ | | १० | |
| | माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको आम्दानीको अनुपात | अनुपात | १.०१ | ०.९९ | ०.९७ | ०.९४ | ०.९२ | ०.९२ | | १० | |
| असार १ | कृषि तथा गैन्ह कृषि क्षेत्रको वृद्धिदर सम्बन्धि प्रतिफल | - | ५.२ | ५.८ | ६.२ | ६.८ | ७.३ | ८.५ | | १० | |
| प्र. १ | मुद्रा स्फिति | प्रतिशत | ५.३ | ५.४ | ५.५ | ५.७ | ६.९ | ६.२ | | ८ | |
| प्र. २ | वैंक खाता भएका घरपरिवार | संख्या | - | ६० | ६५ | ७० | ७५ | ८० | | १० | |
| प्र. ३ | औधोगिक लगानी बार्षिक बृद्धि | प्रतिशत | - | १० | १२ | १५ | १७ | २० | | ९ | |
| प्र. ४ | औधोगिक उत्पादन | करोडमा | - | २० | २५ | ३० | ४० | ४५ | | ९ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्र. ४ | कृषि भूमिको उत्पादकत्व | मे.टन.प्रति हे | - | ४.२ | ४.३ | ४.३ | ४.४ | ४.५ | | १ र २ | |
| प्र. ५ | बजेटमा आन्तरिक आयको हिस्सा | प्रतिशत | ३ | ३.२ | ३.३ | ३.५ | ४ | ४.२ | | १६ | |
| प्र. ६ | सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रममा आवद्ध जनसंख्या | प्रतिशत | - | ३५ | ३६ | ३८ | ४० | ४५ | | १० र ११ | |
| प्र. ७ | गरिवीको रेखामुनीको परिवार | प्रतिशत | - | २८ | २६ | २२ | २० | १८ | | १ र २ | |
| प्र. ८ | मानव विकास सूचाङ्क | सूचाङ्क | ०.४६ | ०.४७ | ०.४९ | ०.५० | ०.५१ | ०.५२ | रा.यो.आ. | ३ | |
| प्र. ९ | सेवा क्षेत्रको वृद्धिदर | प्रतिशत | ४.५ | ४.७ | ५.१ | ५.३ | ५.६ | ६.१ | | ३ र १६ | |

**१.१ कृषि क्षेत्र**

| नतिजा स्तर | नतिजा सूचक | एकाई | आधार वर्ष (२०८०/८१) | लक्ष्य | | | | | पुष्ट्याईको आधार | दि.वि.ल. संकेत | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | |
| प्रभाव | कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादन | रु करोड | | | | | | | गापाको कृषि शाखाको प्रतिवेदन<br>▪ गाउपालिका पार्शवचित्र | १,२,३ | ▪ कृषि सामाग्री समयमा आपूर्ति हुनेछ।<br>▪ स्थानीय कृषि उपजको भण्डार र बजारीकरण भएको हुनेछ ।<br>▪ कृषि पूर्वाधार विकासमा अन्तर सरकारी समन्वय भएको हुनेछ ।<br>▪ गाउँपालिकाको कृषि बजेट बढेको हुनेछ ।<br>▪ प्रकोप र जलवायु परिवर्तनको असर न्यून हुनेछ । |
| प्र. १ | अन्नवाली | मे.ट. | १५४१२४१ | १५४५२४१ | १५५०२४१ | १५५५२४१ | १५६०२४१ | १५६५२४१ | | १,२,३ | |
| प्र. २ | दलहनवाली | मे.ट. | १२५ | १३० | १३५ | १४० | १४५ | १५० | | १,२,३ | |
| प्र. ३ | तेलहन वाली | मे.ट. | १६३१ | १६४० | १६५० | १६५५ | १६६० | १६६५ | | १,२,३ | |
| प्र. ४ | तरकारी वाली | मे. ट. | ११८७२ | ११९७२ | १२००० | १२१०० | १२२०० | १२३०० | | १,२,३ | |
| प्र. ५ | फलफुल वाली | मे.ट. | ४४ | ४५ | ५० | ५५ | ६० | ६५ | | १,२,३ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्र. ६ | नगदे वाली | मे.ट. | २३०० | २३२५ | २३५० | २३७५ | २४०० | २४२५ | | १,२, ३ | ▪ सरकारी, गैर सरकारी र समुदायको संलग्नता बृद्धि भएको हुनेछ । |
| प्र. ७ | व्यवसायिक तरकारी उत्पादनमा संलग्न कृषक | प्रतिशत | - | ५ | ८ | १० | १२ | १५ | | १,२, ३ | |
| प्र. ८ | सक्रिय व्यवसायिक कृषक समुह | संख्या | -- | ५० | ५५ | ६० | ६५ | ७० | | ८ | |
| प्र. ९ | कृषक तालिम | संख्या | - | १५० | २०० | २५० | ३०० | ३५० | | ९ | |
| प्र. १० | पकेट क्षेत्र विकास | संख्या | - | १५ | १७ | १९ | २० | २० | | १,२, ३ | |
| प्र. ११ | कृषि सहकारी संस्था | संख्या | ३५ | ३५ | ३७ | ३८ | ४० | ४५ | | ८ | |
| प्र. १२ | चिस्यान केन्द्र | सख्या | - | - | १ | - | - | १ | | ९ | |
| प्र.१३ | कृषि उपज संकलन केन्द्र | सख्या | - | १ | १ | १ | १ | १ | | ९ | |

**१.२ पशुपंक्षी**

| नतिजा स्तर | नतिजा सूचक | एकाई | आधार वर्ष (२०८०/८१) | लक्ष्य | | | | | पुष्ट्याईको आधार | दि.वि.ल. संकेत | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | |
| प्रभाव | पशुपंक्षी क्षेत्रको कुल गार्हस्थ उत्पादन | रु करोड | | | | | | | ▪ गापाको पशुपंक्षी बुलेटिन<br>▪ गापाको पार्श्वचित्र | | ▪ दुग्ध चिस्यान भण्डारको व्यवस्था भएको हुनेछ ।<br>▪ दातृ निकाय र गैसरकारी |
| प्र. १ | गाईको दुध घ्यू उत्पादन | मे.ट. | ११५३ | १२०० | १२५० | १३०० | १३५० | १४०० | | १, २, १२ | |
| प्र. २ | भैसीको दुध घ्यू उत्पादन | मे.ट. | १०५ | ११० | ११५ | १२० | १२५ | १३० | | १, २, १२ | |
| प्र. ३ | रांगाको मासु उत्पादन | मे.ट. | ६० | ६५ | ७० | ८० | ८५ | ९० | | १, २, १२ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्र. ४ | सुगुर/बंगुर मासु उत्पादन | मे.ट. | ५७७० | ६००० | ६५०० | ७००० | ७५०० | ८००० | | १, २, १२ | संस्थाहरुको निरन्तर सहयोग हुनेछ ।<br>▪ गाउँपालिकाको पशुपक्षी बजेट बढेको हुनेछ ।<br>▪ प्रकोप र जलवायु परिवर्तनको असर न्यून हुनेछ । |
| प्र. ५ | भेडाबाख्रा मासु उत्पादन | मे.ट. | १२१४५ | १२५०० | १३००० | १३५०० | १४००० | १४५०० | | १, २, १२ | |
| प्र. ११ | कुखुरा हाँस अण्डा उत्पादन | गोटा | ८०२३८८ | ९००००० | ९५०००० | १००००० | ११०००० | १२०००० | | १, २, १२ | |
| प्र. १२ | कुखुरा/हास मासु उत्पादन | मे.ट. | १४३०० | १४५०० | १४६०० | १४८०० | १५००० | १५५०० | | १, २, १२ | |
| प्र. १३ | दुग्ध चिस्यान केन्द्र | संख्या | - | १ | १ | १ | १ | १ | | ९ | |
| प्र. १४ | व्यवसायिक पशु फार्म | संख्या | - | ५ | १० | १४ | १५ | १७ | | ९ | |
| प्र. १५ | बंगुर जोन | सख्या | - | १ | | १ | - | १ | | ९ | |
| प्र. १६ | पशु बधशाला | सख्या | - | - | १ | - | - | १ | | ९ | |

| १.३ सिंचाई | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा स्तर | नतिजा सूचक | एकाई | आधार वर्ष (२०८०/८१) | लक्ष्य | | | | | पुष्ट्याईको आधार | दि.वि.ल. संकेत | अनुमान तथा जोखिम |
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | |
| प्रभाव | बाऱ्है महिना सिंचाई सुविधा पुगेको भूमि | | | | | | | | ▪ गाउँपालिकाको बार्षिक प्रगति प्रतिवेदन<br>▪ गाउँपालिकाको पार्श्वचित्र | ९ | ▪ प्राविधिक र आर्थिक सहयोग निरन्तर हुनेछ।<br>▪ गाउँपालिकाले सिंचाई पूर्वाधार विकासमा यथेष्ट बजेट विनियोजन गरेको हुनेछ । |
| प्रतिफल १ | मर्मत संभार भएका कुलो तथा पैनीहरु | प्रतिशत | - | २० | ४० | ६० | ८० | १०० | | ९ | |
| प्र. २ | भूमिगत सिंचाई पुगेको क्षेत्र | प्रतिशत | - | - | २० | ३० | ४० | ५० | | ९ | |
| प्र. ३ | थोपा सिंचाई हुने क्षेत्रको बृद्धि | प्रतिशत | - | - | १ | २ | २.५ | ४ | | ९ | |
| प्र. ४ | भूमिगत सिंचाईको लागि मोटर भएका घरधुरी | प्रतिशत | - | २० | ४० | ६० | ८० | १०० | | ९ | |

| १.४ उद्योग, व्यापार तथा व्यवसाय | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नतिजा स्तर | नतिजा सूचक | एकाई | आधार वर्ष (२०८०/८१) | लक्ष्य | | | | | पुष्ट्याईको आधार | दि.वि.ल. संकेत | अनुमान तथा जोखिम |
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | |
